नेपाल राष्ट्र बैंक

असतोमा सद्गमय

काठमाडौं नेपाल

# मिर्मिरे

## साहित्यिक अङ्क



३६४

# मिर्मिरे अर्धवार्षिक

वर्ष ५४ अङ्क २ २०८२ माघ - २०८३ असार पूर्णाङ्क ३६४



**सम्पादन सल्लाहकार**

गुरुप्रसाद पौडेल

**प्रधान सम्पादक**

सुधा श्रेष्ठ

**सम्पादक**

डा. संजयप्रसाद मिश्र

**सह-सम्पादक**

रोशन सेढाईं

महेशदत्त भट्ट

**सम्पादन सहयोगी**

लालकुमार सुवेदी

नीरज पाण्डेय

नवीना ताम्राकार

**आवरण/ले-आउट**

संजीव दाहाल



**प्रकाशक**

**नेपाल राष्ट्र बैंक**

गभर्नरको कार्यालय

बालुवाटार, काठमाडौं



टेलिफोनः ९७७-१-५७१९६४१, एक्सटेन्सन २१३९, २१४०

इमेलः mirmire@nrb.org.np

## मिर्मिरे : केही जानकारी

१. 'मिर्मिरे' अर्धवार्षिक प्रकाशन हो । नेपाली साहित्य तथा आर्थिक पत्रकारिताको क्षेत्रमा सक्दो योगदान पुऱ्याउनु यसको मुख्य उद्देश्य हो । यसका लागि हामी सम्पूर्ण स्रष्टाहरूबाट लेख/रचनाको अपेक्षा गर्दछौं ।

२. मिर्मिरेको आर्थिक अङ्कमा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, वाणिज्य कानुन, व्यवस्थापन लगायतका विषयलाई समेट्ने गरिएको छ भने साहित्यिक अङ्कमा कविता, गीत, गजल, बटुलबाटुल, खोजखाज, समाचार, लघु कथालगायत छोटा सिर्जनाहरू, मुक्तक, तथा हाइकु, कथा, लेख, निबन्ध, एकाङ्की, भाषा, संस्कृति, संस्मरण, यात्रा संस्मरण, दर्शन, समीक्षा, समालोचना, साहित्यिक अन्तर्वार्ता, कृति परिक्रमा तथा अन्य लेखहरू जस्ता विधाहरूको केन्द्रमा रहेर रचनाहरू प्रकाशित गर्दै आइरहेको छ । साथै, उपरोक्त विधामा प्राप्त अधिकांश रचनाहरूलाई स्थान दिने प्रयत्न गरिएको छ ।

३. स्तरीय, मौलिक र अन्यत्र अप्रकाशित विशुद्ध साहित्यिक एवम् सिर्जनशील र खोजपरक साहित्यिक लेख रचनाको 'मिर्मिरे' सदैव स्वागत गर्दछ ।

४. लेख/रचना **mirmire@nrb.org.np** मा पठाउन सकिन्छ ।

५. मिर्मिरेको लागि पठाइएका रचनाहरू अन्य पत्रिकामा नदिनुहुन विनम्र अनुरोध छ । कुनै कारणवश सो रचना प्रकाशनका लागि अन्य पत्रिकामा दिनु परेमा कृपया 'मिर्मिरे'लाई जानकारी दिनुहोला । मिर्मिरेमा प्रकाशित रचना अन्य पत्रिकामा वा अन्यत्र प्रकाशित रचना मिर्मिरेमा छापिन गएको पाइएमा सोको पारिश्रमिक रोकिनुका साथै भविष्यमा रचना प्रकाशनबाट समेत वञ्चित गर्न सकिनेछ ।

६. रचना स्वीकृत/अस्वीकृत गर्ने, काँटछाँट गर्ने सम्पूर्ण अधिकार सम्पादन मण्डलमा निहित रहनेछ ।

७. प्रकाशित रचनामा व्यक्त विचारहरूको लेखक स्वयम् जिम्मेवार हुनुपर्ने भएकोले आफ्नो रचनाप्रति लेखक/साहित्यकार सजग हुन आवश्यक छ ।

८. प्रकाशित रचनाको पारिश्रमिकको निम्ति नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय, सूचना तथा सञ्चार महाशाखा, बालुवाटारमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध छ ।

## सम्पादकीय

नेपाल राष्ट्र बैंकको नियमित प्रकाशन **'मिर्मिरे'** ले आफ्नो गौरवमय ५४ वर्षको यात्रा पूरा गरेको छ। 'मिर्मिरे' वर्षमा दुई पटक पाठकमाझ प्रस्तुत हुँदै आएको छः एउटा अर्थ-चिन्तनमा आधारित **'आर्थिक अङ्क'** र अर्को नेपाली भाषा र वाङ्मयप्रति समर्पित **'साहित्यिक अङ्क'।** यसैको निरन्तरतास्वरूप साहित्यिक रचना समेटिएको 'अङ्क ३६४' लिएर यहाँहरूसमक्ष उपस्थित हुन पाउँदा हामी हर्षित भएका छौं।

दैनिक जीवनको दौडधुप, प्रविधिसँगको अधिक सामीप्यता र सूचनाको अनवरत प्रवाहबीच साहित्य नै त्यस्तो शान्त चौतारी हो, जहाँ मानिसले आफ्नो अस्तित्व, संवेदना र मौलिकतालाई पुनः स्पर्श गर्न पाउँछ। नयाँ पुस्ताका कतिपय पाठकवर्गलाई लाग्दो हो, देशको मौद्रिक तथा वित्तीय क्षेत्रको नियामक संस्था कसरी साहित्य र वाङ्मयको सेवामा जोडिन पुग्यो ? वस्तुतः 'मिर्मिरे' प्रकाशनको प्रारम्भिक कालमा राष्ट्रिय भाषा, कला, साहित्य र समग्र वाङ्मयको प्रवर्धनमा राज्यका हरेक निकायले आ-आफ्नो स्थानबाट उत्तरदायी भूमिका निर्वाह गर्नुपर्छ भन्ने मान्यता राखिएको थियो। सोही उत्तरदायित्वलाई आत्मसात् गर्दै नेपाल राष्ट्र बैंक 'मिर्मिरे' मार्फत निरन्तर साहित्यिक कर्ममा समर्पित रहँदै आएको छ। तथापि, पाँच दशकभन्दा बढी समयको यो ऐतिहासिक अभिभारालाई राष्ट्र बैंकले कत्तिको सार्थक र प्रभावकारी ढङ्गले वहन गर्न सक्यो भन्ने वस्तुनिष्ठ मूल्याङ्कनको अभिभारा हामी प्रबुद्ध पाठकवर्गकै विवेकमा सुम्पन चाहन्छौं।

सदाझैं प्रस्तुत अङ्कमा पनि हामीले साहित्यको आवरणमा समाजका विविध आयाम, भावना र समसामयिक चेतनालाई समेट्ने अधिकतम प्रयास गरेका छौं। कविता, गजल, कथा, नियात्रा, विश्लेषणात्मक लेख, निबन्ध, पुस्तक समीक्षा तथा गहन समालोचनाजस्ता साहित्यका बहुविधालाई यस अङ्कमा समावेश गरिएको छ। यी रचनाहरू केवल शब्दहरूको सङ्ग्रह मात्र होइनन्; हाम्रा सामाजिक यथार्थ, मानवीय मूल्य र बदलिँदो समयका साक्षी पनि हुन्। यी सिर्जनात्मक रचनाले पाठकवर्गलाई नवीन दृष्टिकोण, चिन्तन र ऊर्जा प्रदान गर्नेछन् भन्ने अपेक्षा राखेका छौं। यस अङ्कलाई पठनीय र वैचारिक रूपमा समृद्ध बनाउन आफ्ना अमूल्य रचनाहरू उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने सम्पूर्ण आदरणीय सर्जक तथा साहित्यकर्मीहरूप्रति हामी आभारी छौं।

# सम्पादकीय

'मिर्मिरे'को यो साढे पाँच दशक लामो निरन्तर यात्रा सिर्जनशील सर्जक, चेतनशील पाठक र शुभेच्छुकहरूको अगाध स्नेह, विश्वास र सहकार्यविना सम्भव थिएन। यस अर्थमा 'मिर्मिरे' परिवार यहाँहरू सम्पूर्णप्रति सधैं कृतज्ञ र ऋणी छ। 'मिर्मिरे'को आगामी यात्रालाई अझ गुणस्तरीय, परिष्कृत र ज्ञानबर्धक बनाउन यहाँहरूको रचनात्मक मार्गदर्शन, अमूल्य सुझाव र सहृदयी सल्लाह हाम्रा निम्ति सदा प्रेरणादायी रहनेछन्।

## मिर्मिरे प्रतिनिधिहरू

### मिर्मिरे प्रतिनिधिहरू

१. विराटनगर - सुजन रसाईली (९८५२०२९९९०)

२. जनकपुर - सियाराम यादव (९८४४४२३७५४)

३. वीरगञ्ज - हरिप्रसाद खरेल (९८११८५३५२३)

४. पोखरा - राजेन्द्र लम्साल (९८५६०२८५००)

५. सिद्धार्थनगर - कमलप्रसाद आचार्य (९८६१८८१६३०)

६. नेपालगञ्ज - सागर अधिकारी (९८६०१०९४६३)

७. धनगढी - ललित कार्की (९८५८४२२१५८)

८. सुर्खेत - पंखप्रसाद आचार्य (९८४८१५८८६६)

नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय र प्रदेशस्थित कार्यालयका प्रतिनिधिमार्फत 'मिर्मिरे'को ग्राहक बन्न सकिने व्यवस्था मिलाइएको छ । आ.व. २०७५/७६ देखि यसको ग्राहक शुल्क देहायबमोजिम निर्धारण गरिएको छः

वार्षिक रु.२००।- (ने.रा. बैंकका बहालवाला तथा पूर्व कर्मचारीहरूलाई रु.१८०।- मात्र)

साहित्यिक अङ्क रु. ७५।-

आर्थिक अङ्क रु. १५०।-

### विस्तृत जानकारीको लागि सम्पर्क

नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय,

फोन नं.:- ०१-५७१९६४१ एक्सटेन्सनः २१३९, २१४०

# रचना सूची

## कथा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | उत्खनन | डा. गणेशप्रसाद भट्टराई | १ |
| २. | सत्य | रत्न प्रजापति | ६ |
| ३. | गुन | रामप्रसाद धिताल | १३ |
| ४. | रुक्मिणीको विजय | विष्णुप्रसाद सुवेदी (विवेक बाबु) | १८ |
| ५. | विमलाको चिसो बिस्तरा | अशोक सुवेदी | २३ |
| ६. | भेपको क्युट बट्टा | एलिसा ढुंगाना | ३० |
| ७. | चन्द्रमान खसेको दिन | डा. देवी क्षेत्री दुलाल | ४० |
| ८. | वित्तीय ज्ञान नहुँदा........... | गोपी अर्याल (अर्याल_G) | ४७ |


## लेख


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | नेपाली कथा परम्परा र विकासक्रम | राजेन्द्र सुवेदी | ५८ |
| २. | तिजका गीत : हिजो र आज | सीताकुमारी न्यौपाने (धिताल) | ७२ |


## कविता


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | चिसो आगो | भावना खड्का | ७७ |
| २. | ज्ञानगुणका कुरा | सन्तकवि रामचन्द्र न्यौपाने | ७९ |
| ३. | सपनाहरू | पवन आलोक | ८० |

| | | | |
|---|---|---|---|
| ४. | दुई कविता | अमित शाक्य | ८१ |
| ५. | प्रेमको उत्सर्ग | शशीश्री आचार्य | ८३ |
| ६. | कहालीलाग्दो खबर | चूडामणि काफ्ले | ८६ |
| ७. | यौटा जल्लाद समयको विपक्षमा | विवेक दुलाल क्षेत्री ‘दमक’ | ८८ |
| ८. | तिम्रो ढोका अघिल्तिर | अनमोलमणि | ८९ |
| ९. | विचारका लहर या जिन्दगीका रहर ? | शुभेच्छा मरासिनी | ९२ |
| १०. | जति फुर्सद उति याद | सुभाष अर्याल | ९४ |
| ११. | ए ! जिन्दगी | देवराज खरेल | ९६ |
| १२. | आमाको छुट्टी | गोपालकुमार मैनाली | ९७ |
| १३. | एक विधुर वृद्धको कथा | केशवराज खनाल | ९९ |
| १४. | जीत मृत्युको | स्वस्तिका गैरे | १०२ |
| १५. | छटपटी | इन्द्रकुमार श्रेष्ठ सरित् | १०३ |
| १६. | दुई कविता | कुन्दनकुमार पन्त | १०५ |
| १७. | एल्गोरिदमको मान्छे | सुधन सुवेदी | १०६ |
| १८. | अब बाटो बिरालो होइन, मानिस काट्छ | मिथिलेश आदित्य | १०८ |
| १९. | ज्ञान सन्मार्ग पाऊँ | मोहन मरासिनी | १११ |


## गजल


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | गजल | राजनविक्रम थापा | ११२ |
| २. | गजल | छविलाल भण्डारी | ११३ |

## नियात्रा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | ग्रेनाइट पहाडमा मौन संवाद गरिरहेका चार पूर्वराष्ट्रपति | मुरारीराज मिश्र | ११४ |
| २. | सौन्दर्यले भरिएको शैलुङमा साहित्य सम्मेलन | मणि लोहनी | ११९ |
| ३. | चैते हिउँमा भैरवकुण्ड यात्रा | लक्ष्मण कार्की | १२४ |
| ४. | तिलिचो ताल पुग्दा ........ | पूर्ण मौराती | १२९ |
| ५. | अकल्याण्डको सेरोफेरो | युवराज नयाँघरे | १३३ |
| ६. | राराका झझल्काहरू | उमाकान्त थपलिया | १४० |


## समालोचना


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | सङघर्ष, नारीशिक्षा र प्रेरणाको पुञ्जः अङ्गुरबाबा जोशी महाकाव्य | ज्ञाननिष्ठ ज्ञवाली | १४५ |
| २. | वक्रपुराणः पाठकीय अध्ययन | सूर्य चापागाईं | १५५ |
| ३. | नेपाली महाकाव्यको इतिहास र विश्लेषणः एक विहङ्गम दृष्टि | डिल्लीराम मिश्र ‘कलमजीवी’ | १६२ |


## संस्मरण


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | अनुहारहरू जो झझल्कोमा आइरहन्छन् | बिमल भौकाजी | १७१ |


## गीत


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | मायालु तिमी | रामकाजी खाइजू | १७६ |

## पुस्तक समीक्षा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | मृत्युको अघिल्तिर उभिएको मान्छे ! | अनिता कोइराला | १७७ |
| २. | शल्यक्रियाः माटो, पीडा र चेतनाको दस्तावेज | तोमनाथ उप्रेती | १८२ |
| ३. | 'नेपाल राष्ट्र बैंकमा तीन दशकः अनुभव तथा अनुभूति' को समयसान्दर्भिक विश्लेषण | ठाकुर शर्मा भण्डारी | १९६ |


## निबन्ध


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | श्रुतिः कोमलताको उत्सव ! | रितु गुप्ता | २०५ |
| २. | नुन कि सुन ? | सुमनकुमार नेपाल | २१९ |

# उत्खनन

✍ डा. गणेशप्रसाद भट्टराई

हैन अचम्मै भयो । यत्रि नानी, त्यो पनि बिरामी, कसरी थाहा हुन्छ यस्तो कुरा ? यस्तो विज्ञानको जमाना छ, मानिस भने अन्तैतिर लागेका छन् । देवीदेउता पनि कमजोर मानिसकता भएकासँग मात्र बोल्छन् कि क्या हो ? अनि देवीदेउताको डर पनि कमजोरलाई मात्र हुने हो कि ? हे विज्ञान ! किन मानिसको दिमाग फेर्ने यन्त्र बनाइनस् तैंले ? सिमलघरे बा बम्किँदै थिए । उनको हातमा एउटा छाता थियो । छालाका जुत्ता लगाएका उनी खोला छेउको एउटा ढुङ्गामा खुट्टा टेकेर कुरा गरिरहेका थिए । ढुङ्गामा रातो रङ लाएर चामलका अक्षता छरिएको थियो । केही मानिस सिमलघरे बासँग गलफत्ती गर्दै थिए ।

कुराकानी गर्दै गर्दा १२-१३ वर्षकी एक युवती रुँदैरुँदै त्यही ठाउँमा आइन् । उनी भुइँमा बसिन् र झाँक्रो फिंजाएर धामी बकेझैं बक्न थालिन् । उनको भनाइमा सिमलघरे बा बसेको ढुङ्गा नयाँ उत्पत्ति भएकी देवीको शिला थियो । त्यसलाई उनले सपनामा देखेकी थिइन् । केही समयदेखि बिरामी भएर उनी घरमै थलिएकी थिइन् । सपनामा देवीले उनको शिला उत्खनन गरेर धुपधुवार गरेमा रोग निको हुने र आफू माता बन्ने भनेपछि उनी सपनामा देखेको खोला किनारमा आएकी थिइन् । उनका साथमा केही सहयोगी पनि आएका थिए । बक्दा बक्दै उनले एक मुठी बालुवा उठाएर सिमलघरे बालाई हिर्काइन् र अब पनि त्यसै गरे अनिष्ट हुने भन्दै एक पल्टलाई बालक ठानेर माफ दिएको कुरा गरिन् । उनी काम्दै के के भन्दै थिइन्, सिमलघरे बालाई रिस उठेछ क्यारे, उठेर छालाको जुत्ता लाएका खुट्टाले शिलामा तीन पटक हिर्काए । उनी फेरि कड्किए, "मेरी नातिनीकी उमेरकी मानसिक कमजोरी भएकी नानीले मलाई बालक भनेर माफी दिने ? माटो हानेर भष्म पार्ने ? सक्छ्यौ भने मलाई ठहरै पार त ! यस ढुङ्गामा त म टेक्ने मात्र होइन, दिसापिसाब नै गरिदिन्छु । बालुवामा पुरिने सबै ढुङगा देउता हुने भए संसारमा देउताबाहेक केही हुँदैनथ्यो ! मानिसले चन्द्रमा टेकिसके, तिमीहरू ढुङ्गा पुजेर बस्छौ ? त्यो फोटो खिच्ने मोबाइल पनि यिनै देवीले बनाइदिएको होला हैन ?"

यसो भिड हेर्दा सिमलघरे बाका समर्थकभन्दा देवी उत्पत्ति गर्ने माताका समर्थक बढी देखिन्थे । राती माता देखेपछि एक्कासि रोगव्यथा कम भएको भन्दै उनका बाबु सबैलाई सुनाउँदै थिए । कोही अब खोलाले किनार नकाट्ने विश्वासमा

थिए । कोही सधैं वर्षामा पहिरो गएर बिग्रने यस ठाउँको बाटो अब नबिग्रेला भन्ने आशामा थिए । एक जना गाउँका झारफुके धामी चाहिँ तीन दिनअघि मैले यसै ठाउँमा नाग देखेको थिएँ, देवी प्रकट भइहालिन् भनेर स्थानीयलाई आफ्नो विश्वास दिलाउँदै थिए । उनी पनि आफ्नो प्रशंसा खोज्दै थिए ।

यतिकैमा एक जना नवयुवक सिमलघरे बाका छेउमा समर्थक बनेर आए । उनका विचारमा माता मानसिक रोगी हुन् । हिस्टेरिया भएको छ भन्दै थिए रे केही मान्छे । यिनलाई डाक्टरकहाँ जँचाउन लानुपर्छ । ढुङ्गामा माता हुने भए यही ठाउँमा बर्सेनि बाटो लडेर किन बाटो बिग्रन्छ ? दुःख दिने देउता हुन्छ ? देउता हो भने त सुख पो दिनुपर्छ । यो ढुङ्गा नै ह्यामरले हानेर फुटाइदिऊँ न, के हुँदो रहेछ । यही छेउछाउका ढुङ्गा फोरेर मानिसले घर बनाएका होइनन् ?

"खै ! अनिष्ट हुन्छ भन्दै थिइन् माता । म यही ढुङ्गामा बसेको घन्टौं भइसक्यो, ठाँगेले पनि छोएको छैन !" सिमलघरे बाले कुरा थपे ।

अघिदेखि नै माता र देवीका पक्षमा कुरा गरिरहेको बैकुन्ठसिरीले यो सुनेर भन्यो, "बाजे देवीले त बिगार गर्नेलाई राती सजाय दिन्छिन्, आजको रात नकटौला नि ! होस् गर है ! बरु देवीसँग माफ माग । तिम्रो विज्ञानले केही गर्नेवाला छैन देवीका अघि । देवीले नै बनाएको हो विज्ञानसिज्ञान !"

यति बेरसम्म धुपबात्ती र अक्षता लिएर आउने मानिसको भिड लागिसकेको थियो । माता स्थानीयले नबुझ्ने खालको भाषामा बक्दै हाँहाँहुँहुँ गर्दै थिइन् । उनले दियो कलश पाइनसकेकाले शक्ति नदेखाएको नत्र यति बेलासम्म शत्रु भष्म भइसक्ने बताउँदै थिइन् । केही युवा प्रहरीलाई खबर गरेर पक्राउ गर्नुपर्ने कुरा गर्दै थिए ।

उता एक पण्डित सुनाउँदै थिए भविष्य पुराणअनुसार यहाँ द्वापर युगमा एक विशाल मन्दिर थियो । सागरकी जललक्ष्मी आफ्ना बहिनीसहित हिमालतिर जाँदा एक दिन यहाँ बास बसेकी थिइन् । क्षीर नाम गरेका राजाले त्यही ठाउँमा मन्दिर बनाए । यहाँ धेरै ऋषिमुनिले तपस्या गरे । पछि अधर्म वृद्धि भयो र मन्दिर आफैं पाताल प्रवास भयो । यो त्यही ठाउँ हो, अहिले उत्खनन भयो, अब संवर्धन गर्नुपर्छ । माताले देवी उत्पत्ति गराएर सारै राम्रो गर्नुभयो । एक जना धामी चाहिँ यसलाई सतिहाङ्बा माङखिम भएको बताउँदै थिए ।

अहिले शिला उत्खनन गरिएका आसपासमा धान खेत थियो । यसपालिको बाढीले  घान खेत बगायो र जमिन पनि गहिरियो । वरपर थुप्रै ढुङ्गा थिए । यो शिला चाहिँ लगभग डेढ मिटर खनेर निकालिएको थियो । ढुङ्गो ठूलो भएकाले यसको माथिल्लो भाग मात्र देखिएको थियो । खैरो रङको ढुङ्गामा बिचबिचमा सेता धर्का थिए । मानिसहरू यसलाई नाग भन्दै अक्षता र दुध चढाइरहेका थिए । केही मानिस त्रिपाल ल्याएर माथि ओताउने तरखरमा थिए । माताका आफन्त चाहिँ यस शिलाको

यहाँ संरक्षण नहुने र यसलाई निकालेर आफ्नै घरको छेउमा मन्दिर बनाएर राख्ने कुरा गर्दै थिए । नजिकै बसेर स्थानीय क्याम्पसमा भूगोल पढाउने प्राध्यापक कुरा गर्दै थिए, " मानिससँग यसबारेमा कुरा गरेर बुझाउन सकिँदैन । यहाँ भिड लागिसक्यो । राजनीति, संस्कार, धर्ममा भिडकै बोलवाला हुन्छ । वास्तवमा यो बाढीले निकालेको आग्नेय चट्टान हो । खोलाको किनारभरि नै छन् नि विभिन्न आकृतिका ढुङ्गा ! ती सबैले देखिरहेका थिए, कसैले देउता ठानेनन् । यहाँ यी मातानानीले देउता भनेर खन्न लगाइन्, सबैको विश्वास भयो । सिमलघरे बा पनि यहाँ गलत छैनन् । भन्दै छन् त पानीमै कति राम्रो कुँदिएको ढुङ्गो छ, त्यसलाई नै पुज न, के खन्न बल गर्छौ ? अझ जेसिबी लगाएर लिएर जाने रे । नदेखिने देवीलाई देखिने जेसिबीले उचाल्न सक्छ ?" प्राध्यापक भन्दै थिए, "भूगोलमा यो प्राकृतिक निरन्तरता मात्र हो । विज्ञानले त पानी, हावा आदिबाट क्षयीकरण हुँदा यस्ता विभिन्न बन्ने कुरामा मात्र विश्वास गर्छ ।"

सिमलघरे बा फेरि बोले, "यो कसैको चाल हो । अब यहाँ देवीका नाममा पुराण लाउनुपर्छ भन्ने कुरा आउँछ अनि प्रवचन र नाचगानका नाममा गाउँलेको पैसा खर्च हुन्छ । कसैले यसैबाट कमाउँछन् । मन्दिर पस्न हुने र नहुने वर्गीय कुरा आउँछन् । कसैले चुनाव जित्न हार्न सक्छ । राजनीति घुस्छ । समाज विखण्डन हुन्छ । विकास रोकिन्छ । यस्ता माता र देउताका कुरा ल्याएर समाज भाँड्न पाइँदैन ।" कुरा हुँदै थियो, एउटा गाडीमा प्रहरी आइपुगे । प्रहरी आउनासाथ कोही शिलालाई लात्तले हान्ने सिमलघरे बालाई पक्राउ गरेर सजाय गर्नुपर्ने भन्न लागे । कोही यस ढुङ्गामा विशेष तत्त्व भएकाले माताका नाममा विचौलियाले खेल खेलेको हुन सक्ने भएकाले सम्पदा संरक्षण गर्नुपर्ने जिकिर गर्न थाले । माता पक्षकाले जेसिबीले शिला निकालेर लगी माताकै घरमा प्रतिस्थापन गर्नुपर्ने कुरा राखे । ढुङ्गा देखिएको जग्गाधनीले यो आफ्नो व्यक्तिगत सम्पत्ति भएकाले यसमा आफ्नै अधिकार हुने तर्क गरे । केही युवाले समाजको शान्ति भड्काउकामा माता र उनका परिवारलाई कारबाही गरी मानसिक सन्तुलन गुमाएकी मातालाई उपचार गराउनुपर्ने कुरा राखे । प्रहरीले सबै सुने र शान्त रहन अनुरोध गरे । मानिसहरू आफ्ना आफ्ना मोबाइलबाट यो घटनाको लाइभ गरिरहेका थिए । केही सञ्चार माध्यम विज्ञानलाई चुनौती भन्दै प्रत्यक्ष प्रसारण गरिरहेका थिए । केही समाचार तयार पार्ने तरखरमा थिए । नजिकका खाजा पसलमा चिया खाजा खानेको पनि घुइँचो नै थियो । खोलाको छेवैमा शिला उत्खनन गरिएका ठाउँमा पानी निस्केको र माता त्यहीँ गएर काम्दै फलाकिरहेकीले उनका लुगा भिजेका थिए । उनी कोही बेला शिला ढोग्थिन्, कोही बेला मुड्कीले भित्तामा हिर्काउँथिन्, कोही बेला चुल्ठो नबाटिएको कपाल फनफनी घुमाउँथिन् । उनी थरथर काम्दै थिइन् र सायद थाकिसकेकी थिइन् । यति बेलासम्ममा यहाँ माता र धामी भनाउँदाहरूको पनि बाक्लै उपस्थिति थियो । नाग माता, चस्मे माता, रुद्राक्ष माता, दुधकेशरी माता, काली माता, जटेश्वरी माता, रिट्ठे

झाँक्री, प्वाँले झाँक्री, वनझाँक्री, मसाने झाँक्री चाहिँ आफ्नै सुरमा काम्दै देवी उत्पत्ति कसरी भयो, कुन देवी हुन् भन्ने बखान्दै थिए । केही धुपौरे लौ परमेश्वर, दुधको दुध पानीको पानी बताइदेऊ भन्दै थप बोल्न लगाउँदै थिए । कोही उत्खनन भएकै ठाउँमा देवीको मन्दिर बनाउनुपर्ने भन्थे । कोही चाहिँ शिला उखेलेर पत्ता लगाउने माताका घरमा लानुपर्ने र यो ठाउँ खाली राख्नुपर्ने भन्थे । माताका पक्षमा जनमत देखिँदै गएको थियो । यी सबै कुराको विरोध गरिरहेका सिमलघरे बा कुनै एउटा दलका सदस्य रहेछन् । उनी भौतिकवादी समाजका पनि सदस्य रहेछन् । स्थानीयले उनको पनि विरोध गरेकाले दलले उनलाई निलम्बन गरेको पनि सुनियो ।

एकै छिनमा नगरप्रमुख आइपुगे । यसबारेमा केही युवाले नगरपालिकामा भिन्नै प्रकारको निवेदन दर्ता गराएका रहेछन् । नगर प्रमुखले केहीबेर सबैका कुरा सुने र भने, " मैले यहाँको बारेमा सबै कुरा थाहा पाइसकेको छु । जहाँ शिला निकालिएको छ, यो कसैको व्यक्तिगत जग्गा हो । व्यक्तिको अनुमतिबिना कसैले जग्गाजमिनमा अनपेक्षित काम गर्न मिल्दैन । शिला उत्खनन भयो, पूजापाठ भयो, केही बिग्रेको छैन । अब १५ दिन यहाँ कसैले केही गर्न मिल्दैन । नगरपालिकामा परेको निवेदनमा हामी आवश्यक छानबिन गर्छौं। माता, माताका परिवार, जग्गाधनी, आफन्त सबैसँग कुरा हुन्छ । त्यसपछि शिलाका बारेमा कुरा हुन्छ । अहिलेलाई के गर्नुपर्ने हो, आआफ्नै तरिकाले गरेर यो ठाउँ यत्तिकै सुरक्षित राखौं । वडाध्यक्षले यसमा अगुवाई गर्नुहुनेछ । प्रहरी प्रशासन र नगरपालिकाले यथास्थितिमा सुरक्षा गर्छ ।"

एकछिन सबैले कानेखुसी गरे, आखिरमा नगरप्रमुखका कुरामा सहमति भयो । प्रहरीले यही बेहोराको मुचुल्का उठायो । नगरप्रमुख हिँडेपछि पनि मानिसहरू नानाथरी कुरा गर्दै बसिरहे । दश दिनपछि चिया खाँदै गर्दा सिमलघरे बाले भने, "हैन, बैकुन्ठसिरी त पक्राउ पर्‍यो रे नि । मलाई त पहिले नै शङ्का थियो ।" उनले एक घुट्की चिया पिए र कुन्नि के सोच्दै मौन रहे ।

वास्तवमा शिला उत्खनन भएको जग्गामा राम्रो धान फल्ने भएकाले माताका बा यो खेत किन्न चाहन्थे । जग्गाधनी पनि बेच्न चाहन्थ्यो र केही पैसा लिइसकेको थियो । यता बैकुन्ठसिरी छिमेकी भएकाले जग्गा आफूले हत्याउन चाहन्थ्यो अथवा बिचमा पसेर पैसा लिन चाहन्थ्यो । उसले माताका बाबुलाई आफूलाई केही पैसा दिए कम दाममा मिलाइदिन्छु भनेको पनि थियो तर उनले कुरा छिनिसकेकाले बेइमान नगर्ने कुरा गरे । बैकुन्ठसिरीलाई यो मन परेन । उसले एकजोर कुर्ता र केही पैसा दिएर मानसिक असन्तुलन भएकी युवतीलाई प्रभाव पारेर गोप्य योजना बनायो । टिभीमा प्रवचन गर्ने, भविष्यवाणी गर्ने र मालामाल सम्पत्ति कमाउने माताको उहाहरण दिएर उनी पनि त्यस्तै बन्न सक्ने भनी युवतीलाई पनि उसले मोहनी लाएको थियो । माता उतार्ने, शिला उत्खनन गर्ने, मानिसको भिड देखाउने सबै उसकै योजना

थियो तर माताका सोझा बाबुआमा यसबारे बेखबर थिए । जगाधनीलाई त यसको अत्तोपत्तो थिएन । शिला उत्खननपछि धार्मिक विश्वासले जग्गाधनीले जग्गा छाड्ने र आफूले त्यहाँ खनजोत गर्ने उसको सुर थियो । जग्गाको ढुङ्गा, माटो, पानी आदिका बारेमा उसलाई सबै थाहा भएकाले युवतीलाई बकाउन पनि गारो थिएन । यसको विरोध गर्ने सिमलघरे बाबाहेक अरुमा सामर्थ्य पनि थिएन ।

"हैन के भो ए सिमलघरे बा ? मौन बस्नुभयो त ।" एक जना बोले ।

"एउटा ढुङ्गो खन्न लाएर, अक्षतापाती छर्कन लाएर मोज गरौंला भन्ने लाग्याथ्यो होला । त्यो बिचरा नातिनीलाई पनि दुःख दियो मोराले । तिनले पनि कुरा बुझिनन् । अब पैसाको त कुरै हराउने भो । खनेर खेत त्यस्तो पारे । अलिकति त पहिराले पुऱ्यो पनि । तिनका देवी, नाग, माता, हैन कति आउँछ हो कुबुद्धि ? " सिमलघरे बाले फेरि चियाको घुट्की लिए ।

"आफू मात्र बोल्छन् त बा त ! अस्ति शिलामा दिसापिसाब गरिदिन्छु भन्थे । देवीले दुःख पो दिइसकिन् कि क्या हो ? बाको व्यवहार नै परिवर्तन भयो ।" अर्को जना बोले ।

"जग्गाधनीले जमिन छाड्ने भए रे । बैकुन्ठसिरीले मन्दिर बनाउने र जग्गा पनि आफैंले हेर्ने रे भन्ने कुरा सुनिन्थ्यो । बैकुन्ठसिरीलाई त पुलिसले लग्यो भन्छन् ।" तेस्रो बोल्यो ।

"अब पनि यस्तै कुरा गऱ्यौ भने तिमीहरूलाई पनि लान्छ पुलिसले । एउटा ढुङ्गामा देवीदेउता हुने भए संसारभर देवीदेउता मात्र हुन्थे । तिमीहरूको घरको गारामा कति देवी छन् ? अनि यी सबै देवी युवतीमा प्रवेश गरे र यो नानी जस्तै बक्न थाले भने यहाँ मान्छे रहन्छन् ? सबै देवी मात्र हुन्छन् । अलिक फरक खालको ढुङ्गा, रुख, ओडार आदि पुज्ने त आदिम अन्धविश्वास हो । कुनै जमानामा कमजोर मानसिकता भएकालाई हेप्न चलाएको अन्धविश्वास अहिलेको वैज्ञानिक युगमा पनि जन्माउने ? कसैले देवी आएर बोलेको सुनेको छ ? मन्दिरमा हाम्रा आँखाले हेर्दा ईश्वर देखिन्छन् ? ईश्वरले चढाएको पैसा टिपेको देखेका छौ तिमीहरूले ? दुई दिन पर्ख, अब सब थाहा पाउँछौ ।" चियाको गिलास भुइँमा राख्दै बा बम्किए ।

पाँच दिनपछि सञ्चार माध्यममा माताका बाआमालाई मनोपरामर्श केन्द्रमा पठाइएको र माता भनिएकी युवतीको सहरको अस्पतालमा उपचार भइरहेको खबर आयो । बैकुन्ठसिरी पनि कतै देखिएन ।

*गट्टाघर, भक्तपुर*

❖ ❖ ❖

# सत्य

रत्न प्रजापति

"गरिबलाई त जसले पनि लखेट्नै मात्र खोज्छन् । यो सहर सम्भ्रान्त र नवसम्भ्रान्तको मात्रै हो र ?" तेजबहादुरको मनमा प्रश्न उठ्छ ।

"कति भाग्नु । कति लुक्नु । कति लड्नु । कति बिन्तिभाउ गर्नु यी निर्दयीहरूसँग ।" तेजबहादुर ठेला ठेल्दाठेल्दै आफैसँग एकालाप गर्छ । संवाद गर्न उसँग कोही साथी छैनन् ।

मनमा केके सोच्दै, एक्लै फतफताउँदै ठेला ठेल्दै थियो तेजबहादुर । हिजो नगरप्रहरीले ठेला नै पल्टाइदिँदा उसको दुई हजार रूपैयाँको तरकारी नोक्सान भएको थियो । त्यतिखेर उसलाई यो देशको सरकारप्रति असाध्यै रिस उठेको थियो । तर उसलाई जति रिस उठेपनि के गर्नु र ! उसले केही गर्न सक्ने होइन सरकारलाई । बरु जे गर्छ त्यो सरकारले नै गर्छ गरिब र निमुखामाथि । सरकारको अन्याय, अत्याचार र दमन सहनुपर्छ गरिब र निमुखा जनताले ।

तेजबहादुर कहिलेकाहीँ आफ्ना ग्राहकसँग आफ्नो मनको बह पोख्छ, "गरिबलाई बाँच्न नदिने सरकार के काम ?" ग्राहकहरूलाई उसका यस्ता कुरा सुनिरहने फुर्सद हुँदैन । उसका यस्ता प्रसङ्गहीन र अर्थहीन कुरासँग उनीहरूलाई कुनै सरोकार पनि हुँदैन । त्यसैले उनीहरू सामान लिएर पैसा दिएर आफ्नो बाटो लागिहाल्छन् । कोहीकोही तेजबहादुरको कुरा सुनेर फिस्स हाँसिदिन्छन् । त्यो हाँसोको अर्थ बुझ्दैन तेजबहादुर । बुझ्ने चेष्टा पनि गर्दैन । बुझिरहनुपर्ने आवश्यकता पनि ठान्दैन । त्यसबारेमा घोत्लिरहने फुर्सद पनि छैन उसलाई । छिटो तरकारी बेचेर कोठामा पुग्नुछ उसलाई, जहाँ उसकी बिरामी श्रीमती र केटाकेटी उसलाई नै कुरिरहेका हुन्छन् । कोठामा पुगेर भातभान्साको काम पनि गर्नुछ उसले । कोहीकोही राजनीतिमा चासो लिने ग्राहक परे भनेचाहिँ यत्तिसम्म भन्छन्, "हो नि । गरिबलाई पनि त बाँच्ने अधिकार छ नि । यसैका लागि त लोकतन्त्र चाहिएको हो नि ।"

आफ्नो कुरामा ग्राहकको समर्थन सुनेर तेजबहादुर दङ्ग पर्छ । गरिबको पक्षमा बोल्ने जोकोही मान्छे तेजबहादुरलाई आफ्नै मान्छेजस्तो लाग्छ । तर गरिबको बोल्दिने सितिमिति कोही भेटिन्नन् । तेजबहादुरलाई यो पनि थाहा छ । उसले त्यो 'गरिबको चेमली बोल्दिने कोही छैन' भन्ने गीत धेरैचोटि सुनेको छ ।

उसलाई त्यो गीत आफैंलाई सम्झेर लेखेजस्तो लाग्छ । त्यसैले त्यो गीत तेजबहादुरलाई असाध्यै मन पर्छ ।

सहर ठूला मान्छेको मात्रै त होइन । सहर धनी मान्छेको मात्रै पनि होइन । साना मान्छे र गरिब मान्छेको पनि हो सहर । तर सहरमा गरिबलाई ठाउँ कहाँ छ र ! जताबाट पनि लखेटिनुपर्छ । जताबाट पनि लघारिनुपर्छ । भाडा तिर्न दुई दिन ढिला हुँदा घरबेटीले पनि लघार्नै खोज्छ । सहर क्रुर छ । सहर संवेदनहीन छ । सहरमा दया, माया र संवेदनाको कुनै मूल्य छैन । दिनहुँ यसैको परिणाम भोग्नुपर्छ तेजबहादुर जस्ता गरिब र निमुखाले सहरमा । टाइसुटवाला चोरफटाहालाई इज्जत गर्छ, तर तेजबहादुर जस्ता पसिना बगाएर खाने इमानदार र स्वाभिमानीलाई सधैं अपमान र अवमूल्यन गर्छ सहरले । हजारौं तेजबहादुरहरू अभावसँगसँगै अपमान पनि सहेर बाँचिरहेका छन् सहरमा ।

नगरप्रहरी पो आउने हो कि भनेर तेजबहादुर डराइडराइ ठेला ठेलिरहेको थियो । भर्खर कारखानामा काम सकेर निस्केको एक जना ऊजस्तै दुःखी ग्राहक ऊसामु प्रकट भयो र भन्यो, "एक किलो काउली, एक किलो आलु र आधा किलो प्याज दिनुस् न ।" उसले वाक्यको सुरु अथवा अन्त्यमा 'साहुजी' को प्रयोग गरेन । किनभने त्यो ठेलामा तरकारी बेच्ने साहुजी आफूजस्तै दुःखी र गरिब लाग्यो त्यसलाई ।

तेजबहादुरले त्यसले भनेका सामान जोखेर दिँदै भन्यो, "जम्मा एक सय पाँच रूपैयाँ भयो । एक सय दिनुस् न ।" अलिकति मनको उदारता देखायो तेजबहादुरले ।

ग्राहकले कमिजको खल्तीबाट पैसा झिकेर गन्यो । जम्माजम्मी पन्चानब्बे रूपैयाँ रहेछ । उसले दोहोऱ्याएर गन्यो । उत्ति नै निस्क्यो । फेरि खल्तीमा हात घुसारेर छ्यामछ्युम गऱ्यो । खल्ती रित्तै पायो ।

"मसँग पन्चानब्बे रूपैयाँ मात्रै छ ।" ग्राहकले अलि अप्ठेरो र असजिलो मानेर भन्यो । यसो भनिरहँदा उसको अनुहारमा लज्जा र हीनताबोध झल्किरहेको थियो । गरिबले यस्तो लज्जा र हीनताबोध पटकपटक सहनुपर्छ ।

तेजबहादुरले ग्राहकको हुलिया नियाल्दै भन्यो, "ठिकै छ । पाँच रूपैयाँ त हो । भइहाल्यो, लानुस् न। पछि मिलाउँला ।" यसो त पछि मिलाउने कुरामा ऊ स्वयम् ढुक्क थिएन । किनभने त्यो ग्राहक फेरि आउने कुनै निश्चित थिएन । ऊ आफैं पनि सधैं यही बाटोमा र यही ठाउँमा हुँदैन । नगर प्रहरीले लखेटेर कहाँ पुऱ्याउँछ कहाँ । यतिखेर तेजबहादुरले 'पछि दिउँला' भनेर पाँच-दश रूपैयाँ कम दिएर जाने र कहिल्यै फर्केर नआउने ग्राहकलाई बिर्सेको थियो । गुनी र बेगुनी दुवै खाले मान्छे हुन्छन् सहरमा, समाजमा । तेजबहादुरलाई भने गुनी मान्छेको मात्रै सम्झना भइरहेको थियो ।

"त्यसो भनेर कहाँ हुन्छ । तपाइँ पनि त मजस्तै दुई पैसा होला कि भनेर घामपानी नभनी यस्तो दुःख गरिरहनु भा'को छ । घरमा बाआमा, श्रीमती, केटाकेटी होलान् । परिवार पाल्न कत्ति गाह्रो छ यो सहरमा । हामी गरिब मान्छेलाई बाँच्न निकै गाह्रो पो छ त ! भैगो, बरु पाँच रूपैयाँको आलु घटाइदिनुस् ।" ग्राहकले अत्यन्तै समझदार भएर भन्यो ।

ग्राहकको कुराले तेजबहादुरको अन्तस्करणमा छोयो । उसलाई झलक्क बिरामी श्रीमती र केटाकेटीको याद आयो । त्यो ग्राहकसँग ऊ निकै प्रभावित भयो । ग्राहकले भनेअनुसार उसले झोलाबाट दुई दाना आलु झिकेजस्तो गऱ्यो । ग्राहकको आँखा छलेर उसले त्यो आलु फेरि त्यही झोलामै हाल्दियो ।

पैसा तिरेर ग्राहक झोला बोकेर आफ्नो बाटो लाग्यो । तेजबहादुरले ग्राहकलाई हेर्दै लामो सास फेऱ्यो । उसलाई ठूलै पूण्यको काम गरेजस्तो सन्तोष महसुस भयो ।

एकै ठाउँमा बसिरहे ग्राहक आउँदैनन् । नयाँ ग्राहक भेट्ने आसमा तेजबहादुर ठेला ठेल्दै अलि अगाडि गयो । जाँदाजाँदै ऊ एउटा रेष्टुरेन्टको अगाडि पुग्यो । रेष्टुरेन्टको साहुले त्यहाँ नबस् भन्ला भन्ने डर थियो उसलाई । तर आज रेष्टुरेन्टको साहुले त्यसो भनेन । तेजबहादुर रेष्टुरेन्टको साहुप्रति कृतज्ञ भयो ।

ठेला रोकेर तेजबहादुरले यताउता हेर्दै ग्राहकको प्रतीक्षा गऱ्यो । त्यो एकैछिनको खाली समयमा उसले आफ्नो अत्यासलाग्दो विगत सम्झ्यो ।

गरिबलाई त मान्छेले मात्रै होइन, भगवानले पनि लखेट्ने रहेछ । भूकम्पमा परेर उसको घर भत्कियो । जसोतसो ऋणपान गरेर साविक ठाउँमा घरजस्तो अर्को एउटा घर बनायो । श्रीमती, छोराछोरीसँग सुखदुःखमा हाँसेरै जिन्दगी बिताइरहेको थियो ।

साउनमासको बेला । दुई दिन लगातार झरी पऱ्यो । अचानक माथिबाट सोहोरिएर आएको पहिरोले उसको घरखेत सबै सोहोरेरै लग्यो । अनि ऊ रित्तियो । सम्पत्तिका नाउँमा केही बाँकी रहेन । बल्लबल्ल भागेर ज्यानसम्म बचाउन सफल भयो तेजबहादुर र उसको परिवारले । ऊसँगै अरू धेरैका घरखेत पहिरोले सोहोरेर लग्यो ।

एकातिर घरखेत गुम्नुको चिन्ता । अर्कोतिर भोकको पीडा । निकै कठिनसँग बित्न थाले तेजबहादुरको परिवार र अरू धेरैका परिवारका पनि दिनहरू । केही दिन सहयोगी संघसंस्थाको सहयोगमा गाउँमै त्रिपाल लगाएर बस्यो तेजबहादुरको परिवार । सहयोगी हातहरूले दिएको खाएर केही दिन बित्यो ।

यसरी कति दिन चल्छ ? कति दिन यसरी पराश्रित भएर बस्ने ? एकदिन

तेजबहादुरले मनमनै सोच्यो । सधैं अरूको भरमा बस्नुभन्दा आफैं केही गरिखानु बेस भनेर एकदिन तेजबहादुर श्रीमती र छोराछोरीलाई साथमा लिएर सहरतिर हिंड्यो । उसले सहरमा केही गरी खाउँला र बसुँला भन्ने सपना देखेको थियो ।

सीप नहुनेलाई सहरमा बाँच्न गाह्रो छ । तर तेजबहादुरसँग सहरमा बिक्ने खासै कुनै सीप थिएन । न त उसकी श्रीमतीसँग नै त्यस्तो सीप थियो । त्यसैले सुरुमा उसले निकै हण्डर खायो । पछि एउटा घर बनाउने ठाउँमा बालुवा चाल्ने, सिमेन्ट बोक्ने, इँट्टा बोक्ने काम पायो । अलि दिनपछि श्रीमतीलाई पनि त्यही काममा लगायो । छोराछोरीलाई आफू बसेकै टोलको सरकारी स्कुलमा भर्ना गरिदियो । सरकारी स्कुलमा सबै कुरा निःशुल्क हुँदा उसलाई थप चिन्ता भएन । बरु ढुक्क भयो छोराछोरी तह लागेकोमा । त्यसपछि बल्ल उसलाई अलिकति राहतको महसुस भयो । तर आर्थिक मन्दीले घर बनाउने काम घटेपछि तेजबहादुरको चिन्ता फेरि सुरु भयो । चिन्तैचिन्ताले उसकी श्रीमती बिरामी परी । के गर्ने होला भन्ने सोच्दासोच्दै तेजबहादुरले एउटा ठेला किनेर तरकारी बेच्ने निर्णय गर्‍यो । सरसापटी गरेर उसले एउटा ठेला किनेर तरकारी बेच्न सुरु गर्‍यो ।

गाडीको चर्को हर्नले तेजबहादुरको स्मृति भङ्ग भयो । ऊ चनाखो भएर यताउता हेर्न थाल्यो । ग्राहक आउने आशासँगसँगै नगरप्रहरी आउला भन्ने डर पनि उसलाई लागिरह्यो । नगरप्रहरी आए भने उसलाई त्यहाँबाट लखेट्छन् । उस्तै हरामी प्रहरी परे ठेला नै पल्टाइदिन्छन् । नगरप्रहरीले धेरैचोटि यस्तो गरिसकेको हुँदा नगरप्रहरीसँग धेरै डर लाग्छ उसलाई ।

रेष्टुरेन्टबाट निस्केका एकजोडी अर्थात् एक लोग्नेमान्छे र एक स्वास्नीमान्छे तेजबहादुरको ठेला नजिक आए । आफ्नो सामुन्ने ग्राहकलाई देखेर तेजबहादुर निकै उत्साहित भयो ।

"के दिऊँ हजुर ?" तेजबहादुर मुस्कानसहित सेवाका लागि तयार भयो ।

स्वास्नीमान्छेले गोलभेडा छान्दै भनी, "कसरी छ तरकारीको भाउ ?"

तेजबहादुरले फटाफट भन्दै गयो, "आलु किलोको ... रूपैयाँ । काउली किलोको ... रूपैयाँ । गोलभेडा किलोको ... रूपैयाँ । प्याज पाउको ... रूपैयाँ । मटरकोसा किलोको ... रूपैयाँ । ...............।"

"प्याज चाहिँ किन यति धेरै महँगो ?" स्वास्नीमान्छेले प्याजको मूल्य सुनेर छक्क पर्दै भनी ।

"खै हजुर, मलाई पनि थाहा छैन । मैले पनि कालिमाटीबाट ल्याएको हो । इण्डियाबाट आउँछ प्याज । उतै महँगो भएर होला, कालिमाटी बजारमै महँगो थियो ।" तेजबहादुरले ग्राहकको चित्त बुझाउने प्रयास गर्‍यो । तर उसले थाहा

पाएन, ग्राहकको चित्त बुझ्यो कि बुझेन ।

तेजबहादुरको कुरा सुनेर स्वास्नीमान्छे फिसिक्क हाँसी । उसले टिकटकमा निकै भाइरल भएको एउटा भिडियो सम्झेको हुनुपर्छ । त्यो भिडियोमा एउटा मान्छेले भात खाँदै प्याज सुँघ्दै गरेको दृश्य थियो । प्याजको भाउ बढेको विषयलाई त्यो भिडियोले कटाक्ष गरेको थियो । प्याज किनेर खानै नसक्ने भएपछि सुँघेर चित्त बुझाऔँ भन्ने सन्देश दिन खोजेको थियो त्यो भिडियोले । त्यति गम्भीर विषयलाई पनि कति हलुका तरिकाले व्यङ्ग्य गरेर दर्शकलाई मनोरञ्जन दिएको थियो त्यो भिडियोले ।

त्यो स्वास्नीमान्छे थप प्रश्न नगरी गोलभेडा छान्नमा तल्लीन भई । तेजबहादुर गोलभेडा तौलनका लागि तयार भएर बस्यो ।

त्यो स्वास्नीमान्छेले गोलभेडाले भरिएको झोला तेजबहादुरको हातमा दिई । तेजबहादुरले त्यसलाई तराजुमा जोख्यो ।

"अलि मिलाएर दिनुस् न ।" अघिदेखि नबोली बसेको भलाद्मी देखिने लोग्नेमान्छेले भन्यो ।

"मिलाएरै भनेको हो हजुर ।" तेजबहादुरले ढक मिलाउँदै भन्यो ।

तेजबहादुरले ग्राहक स्वास्नीमान्छेले छानेको र रोजेको आलु, गोलभेडा, प्याज, काउली, खुर्सानी, गाजर आदि सामान जोखेर झोलामा हालेर दियो । क्यालकुटेरमा हिसाब गरेर तेजबहादुरले भन्यो, "जम्मा तीन सय बयालीस भयो । तीन सय चालीस दिनुस् न ।"

"तीन सय चालीस होइन, तीन सय गर्नुस् ।" लोग्नेमान्छेले नम्रतापूर्वक, तर अनुरोध होइन आदेश गऱ्यो ।

"हुँदैन हजुर । मलाई घाटा लाग्छ ।" तेजबहादुरले कन्चटमा कन्याउँदै भन्यो ।

"नाफै मात्र खोजेर हुन्छ त ।" यसो भन्दै त्यो लोग्नेमान्छेले सयको तीन वटा नोट तेजबहादुरतिर बढायो ।

तेजबहादुरले पैसा नलिई भन्यो, "हुँदैन हजुर । यतिले त मलाई मर्कै पर्छ । मैले पनि दुई पैसा होला कि भनेर दुःख गरेर ल्याएको छु । बिग्रिएको माल ग्राहकले लाँदैनन् । त्यसले पनि घाटा लाग्छ ।" तेजबहादुरले आफ्नो दुःख पोख्यो ।

त्यो लोग्नेमान्छेले तेजबहादुरले पोखेको दुःख सुन्ने प्रयासै गरेन । तेजबहादुरका दुःखका कुराले त्यो लोग्नेमान्छेलाई छुँदै छोएन । उल्टै "सबै व्यापारीले यस्तै

भन्छन्" भन्दै उसले पुनः सयको तीन वटा नोट तेजबहादुरतिर बढायो ।

"हुँदैन हजुर तीस रूपैयाँ थप्नुस्न । हुने भए म दिइहाल्थें नि ।" तेजबहादुरले स्पष्टीकरण दियो ।

"लल धेरै नकराऊ ।" त्यो लोग्नेमान्छेले अलि कड्केर भन्यो, "कत्ति न सुनै बेचेजस्तो ।" यस्तो भन्दै त्यसले सयका तीन वटा नोट ठेलामाथि नै फाल्यो र एउटा झोला बोकेर फटाफट हिंड्यो । स्वास्नीमान्छे पनि अर्को झोला बोकेर त्यसको पछिपछि हिंडी ।

तेजबहादुर निकै मर्माहत भयो । त्यो लोग्नेमान्छेले बोलेको शब्दले उसको मुटुमै बिझायो । उसलाई साह्रै दुःख लाग्यो । हुने भए त दिइहाल्थें नि । त्यति साह्रो बचन लाउनुपर्छ र ! सुन बेच्ने हैसियत भएको भए किन सडकमा ठेला ठेल्दै तरकारी बेच्दै हिंड्नुपर्थ्यो र ! तेजबहादुरले मनमनै सोच्यो ।

"यतिले त हुँदैन हजुर..." भन्दै तेजबहादुर उनीहरूको पछि लाग्यो । उनीहरू पछाडि नफर्की फटाफट अघि बढे । त्यहाँ रोकिराखेको कारमा चढे र हुइँकिएर गए ।

कारले उडाएको धुलोले तेजबहादुरको मुखै ढाकियो । ऊ वाल्ल परेर कहिले तिनीहरू गएतिर र कहिले आफ्नो ठेलातिर हेर्न थाल्यो ।

हिंड्दै गरेका मान्छेले फर्कीफर्की तेजबहादुरलाई हेर्दै गए । तेजबहादुरलाई आफू सानो हुँदै गएजस्तो लाग्यो । तेजबहादुरलाई संसार त ठूला मान्छेहरूको मात्रै हो जस्तो लाग्न थाल्यो । उसलाई आफूचाहिँ सबैभन्दा सानो मान्छे जस्तो लाग्यो ।

तेजबहादुरले सयको तीन वटा नोटलाई निकै गहिरिएर हेर्‍यो । एकछिन के-के सोच्यो । अनि बिस्तारै निकै जतनले खल्तीमा हाल्यो ।

तेजबहादुर फर्केर ठेला नजिक आयो । ठेलामा फिजाइएका तरकारी नियाल्यो । अनि मनमनै सोच्यो, "यी सबै सुन भइदिएको भए ? यी सबै सुन भइदिएको भए त्यो मान्छेले मलाई त्यसरी होच्याएर बोल्न सक्दैनथ्यो । गरिबलाई जसले पनि हेप्ने रहेछ । हामी गरिब भएको पनि यस्तै धनी मान्छेले गर्दा त हो नि !"

फेरि मनमनै के-के सोच्यो तेजबहादुरले । अनि त्यही आलु, काउली, गोलभेडा, मटरकोसा, खुर्सानी, गाजरलाई सुमसुम्याउँदै स्वागत भन्यो, "यही नै त हो मेरो सुन । मेरो सम्पत्ति । मेरो लगानी । साँच्चिकै सुन बेच्न सकेको भए म पनि ठूलो मान्छे हुँदो हुँ । के सबै सुन बेच्नेहरू र सुन बोक्नेहरू ठूला मान्छे हुन् ?"

तेजबहादुरलाई तीस रूपैयाँ कम दिएर जाने ग्राहकले भर्खरै त्यो रेष्टुरेन्टमा एक सय रूपैयाँ टिप्स छोडेर आएको थियो । त्यसले रेष्टुरेन्टमा किन टिप्स छोडेर

आयो र तेजबहादुरलाई चाहिँ किन तीस रूपैयाँ कम दिएर गयो ? यो कुरा तेजबहादुरलाई थाहा छैन ।

तेजबहादुरले ठेल्दै गरेको त्यो ठेला यो देश जस्तै छ । ऊ त्यसलाई ठेलेर अगाडि लान खोज्छ, तर त्यसलाई पछाडि धकेल्न र लडाउन उद्यतहरू धेरै छन् । गरिब र निमुखालाई बाँच्न गाह्रो छ ।

"सडकपेटीमा बसेर चार मुठा साग बेच्नेलाई लखेट्नेहरू धेरै छन् । सिंहदरबारको गोप्य कोठामा बसेर देश बेच्नका लागि मोलमोलाइ गर्नेहरूलाई कसैले केही गर्दैनन् । अचम्मको छ मेरो देश ।"

कपाल जिङरिङ्ग पालेको । मैलो र फाटेको लुगा लाएको । दायाँ जुत्ता बायाँ खुट्टामा र बायाँ जुत्ता दायाँ खुट्टामा लाएको र पिठ्युँमा बोरा बोकेको एउटा पागलजस्तो देखिने मान्छे तेजबहादुरको नजिकैबाट कराउँदै गयो । अरूले जस्तै तेजबहादुरले पनि मनमनै भन्यो, पागल ।

आफ्नै सुरमा कराउँदै हिँडेको त्यो पागलजस्तो मान्छेलाई तेजबहादुरले एक पटक नियालेर हेर्‍यो। एक्लै फिस्स हाँस्यो र स्वागत भन्यो, "यहाँ सत्य बोल्नेलाई सबैले पागल भन्छन् ।"

❖ ❖ ❖

# गुन

✍ रामप्रसाद घिताल

'यसको पारा हेर्नुस् न ! यति राति पोका-पन्तुरा बोकेर हिँडेकी छ', हाजिर मेसिनमा बुढी औँलाले थिच्दै (थम्ब) सहकर्मी भन्दै थिए, 'यति ठूलो पोको !, के-के मात्रै बोकेकी होली ?' उसले भनेजस्तै ड्युटी सकेर नीता दुवै हातमा ठूला-ठूला दुईवटा प्लाष्टिकका झोला झुण्ड्याएर उभिएकी थिई । मुहार निचोरिएको कागतीको दानाजस्तै देखिन्थ्यो ।

घडीमा सवा १० बजेको थियो । हामी पत्रकार, त्यसमाथि टेलिभिजनकर्मीको जागिर नै यस्तै । अरूको मध्यरात हुँदा हामी बल्ल कार्यालयबाट निस्किँदै थियौँ । आफ्नो सवारीसाधन हुनेहरू धमाधम थम्ब लगाउँदै बाहिरिँदै थिए । कार्यालयको गाडी अरु स्टाफलाई पुर्याउनुपर्ने आइपुग्यो । दृश्य सम्पादक सहकर्मी अगाडि बसे । म समाचार सम्पादक, ऊ वाचक-कार्यक्रम प्रस्तोता । जेठको अन्तिमतिरको समय । चाबहिलस्थित कार्यालयबाट निस्कँदै गर्दा पानी दर्किन थाल्यो । अगाडि बसेका मित्रलाई बालाजु पुऱ्याउनुपर्ने थियो ।

खै किन हो आज मौन थिई ऊ । अरु गाडीको प्रकाश पर्दा देखिन्थ्यो, ऊ बढी गम्भीर थिई । 'सर म भोलिदेखि आउँदिन होला', गोंगबु कटेपछि मुख खोली, 'त्यसैले आफ्नो कपडा-जुत्ता र मेकअपका सामान पोको पारेर ल्याएकी ।' मेरा लागि यो अनपेक्षित थियो । 'स्क्रिन' भनेपछि मरिहत्ते गर्ने उसले टेलिभिजन छाड्छु भनेको स्वाभाविक लाग्दै लागेन । अघि उसको हाउभाउ देखेर चकित परेका सहकर्मी गाडीचालकसँग गफमा मस्त थियो । हाम्रो वार्तालापप्रति उनीहरूको चासो थिएन ।

'ओहो किन के भयो ?', आश्चर्यचकित भावमा सोधेँ । कोरोनाको दोस्रो लहर चलिरहेको थियो । कतिपय सञ्चारमाध्यमले धमाधम कर्मचारी निकालिरहेका थिए । कतिपयले एक महिना घरै बस्नु भनेर बेतलबी विदामा राखेका थिए । यस्तो वेलामा जागिर छाड्छु भन्नु अनौठो थियो ।

'आज नेतासँग अन्तरवार्ता लिँदालिँदै तिरीमिरी देखेँ । कसरी सकाएँ होला भन्ने मलाई नै थाहा छैन', गम्भीर हुँदै उसले भनी, 'अन्तरवार्ता सकेर हतार-हतार तपाईंले दिएको समाचार पढेपछि यो निष्कर्षमा पुगेकी ।'

यसअघि नै उसले आफ्नो घाँटीमा समस्या भएको बताउने गर्थी । घाँटी सुख्खा हुँदै गएको र समाचार पढ्न, कार्यक्रम चलाउन गाह्रो हुन थालेको बताउँथी ।

काम गर्ने टेबुलमा थरीथरीका औषधि हुन्थे ।

एकनास १० वर्ष टेलिभिजनमा कार्यक्रम गरेको उसको इतिहास थियो । त्यो वेला टेलिभिजनको 'चार्म' पनि थियो । रहर पनि थियो । घण्टौं उभिएर प्रस्तुति दिनु उसको दैनन्दिन थियो ।

'बाई है सर ! बाइ है म्याम !' बालाजुमा पुगेर गाडी रोकिँदै गर्दा सहकर्मीको आवाजले झसङ्ग भएँ । उनी ओर्लिए । गाडी छाउनी हुँदै अघि बढ्यो । 'कोरोनाको यस्तो महामारी छ । यस्तो बेला भइराखेको जागिर छाडेर बस्नु त राम्रो हुँदैन । स्क्रिनमा काम गर्न नसक्ने भए डेस्कमा काम गर्नु नि त', मैलै भने, 'यत्रो वर्ष पत्रकारिता गरेको मान्छे ।' मेरो बोलीले ऊ उत्साहित देखिई ।

'ए हो त है', अब उसको स्वरमा उत्साह सुनिन्थ्यो, 'बिहानै फोन गरेर सम्पादकलाई भन्छु । तपाईंले भनिदिनुस् न त है ।' मैले सहमति जनाएँ । कुरैकुरामा कोटेश्वर महादेवस्थान आइपुगिएछ । ऊ ओर्ली । साथमा रहेको छाता उघारी । उसका पोकापन्तुरो ओह्राल्न सघाएँ । गाडी लाग्यो मेरो निवास मूलपानीतर्फ ।

मान्छेको खाँचो नै थियो । एउटा कामबाट अर्कोमा सिफ्ट हुँदा समस्या त थिएन तर उसले गरिरहेको कामका लागि अर्को मान्छे खोज्नुपर्ने अवस्था थियो । त्यसैले सम्पादन सहायकको कार्यभार पाई उसले । पर्सिपल्ट टेलिभिजनकी मालिक्नी भन्दै थिई, 'उहाँलाई जे कामका लागि भनेर ल्याएको त्यो गर्न सक्नुभएन । अब के गराउने ?' मसहित सम्पादकको प्रयासले जागिर जोगियो । 'सर त्यति अनुभव छैन सिकाउनुस् है', ऊ भन्ने गर्थी । कोरोनाको कहरबीच कार्यालयकै गाडीबाट ओहोरदोहोर गर्ने भएकाले एउटै सिफ्ट थियो । पहिले मलाई मूलपानी लिन पुग्थ्यो । त्यसपछि कोटेश्वरबाट उसलाई लिएर कार्यालय पुग्थ्यो ।

यस क्रममा सहकर्मी कम बहिनी बढी भएकी थिई । कोरोना कम हुन थालेपछि उसको ड्युटी सेड्यूल बदलियो । मेरो नियमित थियो । तर उसलाई दिउँसोको सिफ्टमा लगियो । म बेलुकीको ड्यूटी गर्न दुई बजे पुग्थैं । करिब चार घण्टा साथै रहन्थी, सहयोगीको रूपमा । समय क्रमसँगै दाइबाट गुरुमा परिणत भएको थिएँ । कसैले मेरो परिचय दिनुपर्दा भन्थी, 'उहाँ त मेरो दाइ मात्र होइन गुरु पनि हो । उहाँकै सहयोगले मैले धेरै कुरा सिकेकी छु । अडेकी छु ।' तर म त्यो जस लिन चाहँदैनथें । मान्छेमा आफ्नो प्रतिभा ठूलो कुरा हो । कसैले कसैलाई सहयोग गर्नु त धर्म हो । कर्तव्य हो । छिनमै कसैको देवत्वकरण र छिनमै दानवीकरण गरेको मलाई मन नै पर्दैन । 'मलाई त्यति ठूलो नबनाउनुस् है', म प्रतिवाद गर्दै भन्थें, 'बस सहकर्मी मात्रै । जानेको कुरा सिकाउने मात्र त हो । कति कुरा त तपाईंबाट पनि सिकिरहेको छु ।'

मैले घरबाट लगेको खाजा बाँडेर खान्थ्यौं । अञ्जुलीमा थापेर भए पनि खानै पर्ने, त्यति नगरे चित्तै नबुझ्ने भएको थियो उसलाई । खाजासँगै त्यसलाई बनाउने श्रीमतीको तारिफ पनि हुन्थ्यो, 'कति मिठो हात है !' श्रीमतीको तारिफ भइरहँदा मेरो नाक लामो भइरहेको हुन्थ्यो ।

खाजापछिको चियासँगै सुखदुःखका कुरा हुन्थे । चियाको पैसा चक्रीय रूपमा तिर्थ्यौं । एक दिन उसले तिर्थी । अर्को दिन म ।

'घमण्डी छ है । त्यही घमण्ड चकनाचुर पारेपछि अर्को टेलिभिजनबाट यहाँ आएकी तपाईंलाई थाहै छैन', उसँग निकट भएको देखेर केही सहकर्मी मेरो कान भर्थे, 'स्क्रिनमा देखिने भएकाले ऊ सानातिनालाई त मान्छे नै गन्दिनँ ।' केहीले थप्थे, 'अवसरको फाइदा उठाउन र छेपाराले झैं रङ फेर्न माहिर छे है !' मेरा लागि यस्ता कुराको कुनै अर्थ थिएन ।

लोकतन्त्र आएसँगै देशमा च्याउझै टेलिभिजन उम्रिएका छन् । टेलिभिजन नै कति छन् भन्ने याद नहुने जमानामा कार्यक्रम प्रस्तोता वाचकवाचिका कतिलाई मात्र ख्याल गरुन् दर्शकले ! अलि पृथक देखाउन नसके के अर्थ ! सबै एकै मार्काका त हुन् । खालि आत्मरति मात्रै त हो । डेढ दशक लामो टेलिभिजन कर्मले मलाई यही सिकाएको थियो । त्यसैले सहकर्मीका यी कुराले मलाई केही फरक पार्नेवाला थिएन । कसैको इतिहासमा किन जानु ! चिहान किन उधिन्नु ! साथमा रहेका वेला मिलेर काम गरे वा सहज भए त भइहाल्यो । उनीहरूका कुरा एक कानले सुन्थें । अर्कोले उडाइदिन्थें ।

केही समयपछि उसकै अनुकूलताका लागि बिहानी डेस्कमा सिफ्ट भएकी थिई, नीता । लगभग भेट नहुने अवस्था थियो म दुई बजेपछि आइपुग्थें । ऊ दुई बजेअघि हिंड्थी । भेटघाटको इच्छा हुँदा ऊ मलाई पर्खेर बस्ने वा म चाँडै जाने । कार्यालय नजिकको दूध डेरी थियो हाम्रो चिया पिउने थलो ।

मालिकले डेस्कमा रहेकालाई बेलाबेला तनाव दिइरहन्थे, 'लौ अनलाइनमा यो समाचार बनाएर हालिदिनु ।' आफ्ना नेता-आफन्तका समाचार हालिदिन कागजको चिर्कटो ल्याएर छाडिदिन्थे । किन हो, यो क्रम बिहान अलि बढी हुन्थ्यो । 'हेर्नुस् न सर, मालिकले फलानो न्युज बनाएर हालिदिनु भनेको छ । कसरी बनाउने, आइडिया नै भएन', नीता आत्तिंदै फोन गर्थी । डेस्कमा बसेका मान्छेको यो हालत ! अचेलको पत्रकारिता र पत्रकार ! कागजको चिर्कटोमा रहेको कुरा टिपाउँथी । समाचार लेखेर बाहिरबाट पठाइदिन्थें । के गर्नु जागिर जोगाइदिनुपर्ने नै थियो । समाचार प्रकाशित भएपछि मालिकले तारिफ गरेको सुनाउँथी । यसरी बिते तीन वर्ष !

आर्थिक मन्दीको बहाना बनाउँदै मालिकले धेरै महिनादेखि तलब दिइरहेका

थिएनन् । यस्तो अवस्था त कोरोना कालमा पनि भएको थिएन । चार होइन, पाँच होइन, छ होइन सात महिना भइसकेको थियो, पैसाको मुख देख्न नपाएको । मालिक भेटिँदै भेटिँदनथे । भेटिइहाले भने, '५ गते है', '१५ गते है', '२५ गते है', 'अर्को साता है' भन्दै झुक्याउँथे । मालिककी श्रीमती प्रशासन प्रमुख थिइन् । प्रशासनको काम त के गर्थिन्, थाहा भएन । उनको काम थियो, आँखै नझिम्क्याई सीसीटीभी हेरेर बस्ने । को कतिखेर आयो, कतिखेर गयो, को कसको कति नजिक भएर बोल्यो इत्यादि रेखदेख गर्ने, अनि आफ्ना नजिक भनिएकालाई कोठामा बोलाएर त्यसबारे चर्चा गर्ने उनको काम थियो । मनले खाएकालाई पाँच-दश हजार रुपैयाँ बाँड्ने थलो पनि थियो, प्रशासन कक्ष ।

सुनिन्थ्यो, लगानीकर्ताले टीभीका भनेर दिएको पैसा मालिकले दुरुपयोग गरेर अन्तै लगानी गरेको छ । जग्गा जोड्ने, सालासालीलाई विदेश उडाउने, कथित प्रेमिकाको बिजनेसमा लगानी गर्ने आदि गर्दा टीभीमा यस्तो अवस्था आएको हो । दुर्लभ नै हुने भेटमा हरेक पटक ऊ दोहोर्याउँथ्यो, 'जग्गामा हालियो अब यस्तो मन्दी छ, जग्गा बिक्दैन । घर बिक्दैन । ऋणको प्रोसेस चल्दैछ ।' उसको आश्वासन र हाम्रो नियाति, यो तरिकाले नचल्ने भएपछि हामी पीडित पत्रकार-कर्मचारी तलबको लिखित प्रतिबद्धतासँगै छाड्ने मनस्थितिमा थियौँ ।

'छाडौँ, यसरी नबसौँ नीताजी', मैले प्रस्ताव राखेँ । उसले विमति जनाई । 'सर तपाईंलाई थाहै छ, मेरो त श्रीमान् विदेशमा हुनुहुन्छ । खर्चबर्च चलेकै छ भने जोखिम किन उठाउने !', उसले भनी, 'ढिलो होला पैसा त आइहाल्छ । यहाँको पैसा जम्मा भइरहन्छ के भो र ! तपाईंहरू छाड्नुस् ।' ऊबाट यस्तो अपेक्षा थिएनँ । तर आपत्ति जनाइनँ । मान्छेका आ-आफ्ना सोच हुन्छन् । बाध्यता हुन्छन् । कसैले कसैका लागि गरिदिने होइन । 'हुन्छ तपाईं बस्नुहोस् न त', स्वीकृति जनाएँ ।

असारको मध्यतिर यति चल्दै गर्दा मालिक र उसकी श्रीमती कर्मचारी फुटाउने काममा पनि लागेका थिए । छाड्नेमध्येलाई विभिन्न आश्वासन दिएर नछाड्ने बनाएका थिए । सुनियो, नीताले मालिकलाई कताकताको नाता जोडेर माइती बनाएकी छ रे !

निस्कँदै गर्दा मालिकले सुनाए, 'तपाईंबारे धेरैको असन्तुष्टि थियो । निस्कन लाग्नुभयो राम्रै भो ।' मालिकका अनुसार असन्तुष्टि प्रकट गर्नेले मुख्यरूपमा तीनवटा बुँदा राखेका रहेछन् । 'बेलुकीको डेस्क फिटिक्कै कामै गर्दैन ।' 'बेलुकी धेरै गल्ती हुन्छ, बिहान आएर सच्याउनु कि नयाँ समाचार बनाउनू ?' 'हामी बिहान आठ घण्टा जोतिएर काम गर्छौं। बेलुकीको डेस्क ६-७ घण्टाभन्दा बढी काम नै गर्दैन ।'

असन्तुष्टि जनाउनेको नाम पनि मालिकबाट ओकल्न लगाउनुपर्ने छँदै

थिएन । प्रष्टै थियो । बाँकी तलब तीन महिनापछि पाउनेगरी बनेको चेक बुझेर हतार-हतार बाहिरिएँ । झमक्क भइसकेको थियो । निस्कँदै गर्दा झरी परिरहेको थियो ।

*काठमाडौं*

❖ ❖ ❖

# रुक्मिणीको विजय

✍ विष्णुप्रसाद सुवेदी (विवेक बाबु)

पहेंलो र सुनौलो रङको मधुर प्रकाशको मादक प्रतिछायामा पनि द्वारिकाको महलमा त्यो रात गहिरो मौनता झुल्किरहेको थियो । गोमती नदीबाट चलेको हावाले परपर चुरोट जलेको धुवाजस्तै नमिठो नुनिलो गन्ध ल्याउँथ्यो । रुक्मिणी आफ्नै खोपीको सानो आँखीझ्याल बाहिर नियालिरहेकी थिइन् । यो शीतल रातमा उनी थोरै कृष्णको तातो चाहन्थिन् तर कृष्ण आज पनि कुनै सभा, कुनै यज्ञ वा कुनै भक्तका बीचमा थिए । द्रौपदीलाई दुःख परेको बेला जसरी कृष्ण तुरुन्त पुग्थे, राधालाई सम्झँदा उनको मन जहाँसुकै भए पनि खुलिरहन्थ्यो, तर रुक्मिणीलाई ?

रुक्मिणी गम्भीर भइन्, "म जस्ता धेरै नारीले आफ्नो पुरुषलाई साझा गर्नुपरेको छ । यदि त्यो पुरुष कृष्ण हो भने त झनै... तर किन मलाई मात्र यस्तो गहिरो पीडा हुन्छ ?" । उनका ओठहरू अलि थरथराए । आँखामा झल्याकझुलुक दृश्यहरू दौडिरहे: विदर्भ राज्यको दरबारमा राजकुमारीको रूपमा प्रचुर माया, प्रेम र स्याहार सुसारमा हुर्किएको, वर्धा नदीको किनारका बगैंचाहरूमा खेलेको, आफैंले आफ्नो हरणका लागि कृष्णलाई ताडपत्रमा लेखेर निम्तो पठाएको, आफ्नै दाई रुक्मिणीलाई कृष्णले पराजित गर्दा कृष्णको पक्षमा हर्ष मनाएको, आफ्नै सहमतिमा कृष्णले अपहरण गरी द्वारका लगेको, द्वारका नगरमा वधू पहिरनमा सजिएर वैदिक विधिमा कृष्णलाई बरण गरेको । रुक्मिणीले सरसर्ती जति देखिन्, उनको मनले त्यो भन्दा धेरै छुपाएको थियो । रुक्मिणीलाई कृष्ण मन परेका थिए पहिलो दर्शनदेखि नै । उनले कौमार्यदेखि नै कृष्णको छवि मनमा सजाएकी थिइन् । तर उनलाई थाहा थिएनः कृष्णका मनका मूलकुञ्जीहरूमा राधाको नाम मात्र कुँदिएका थिए । रुक्मिणी थुचुक्क बसिन्, "राधा... किन उसको नाम मात्रले पनि मलाई जलेको घाउ छोइँदा जस्तो दुख्छ ?"

रुक्मिणीले कृष्णका अनुहारमा धेरै रूप देखेकी थिइन्- नौजवान ठिटो, योद्धा, राजनीतिज्ञ, रणनीतिकार, प्रेमी, मित्र, हितैषी...। तर जब कृष्ण राधाको प्रसङ्ग बोल्थे, तिनको स्वर अझै बन्थ्यो, अझै गहिरो, अझै कोमल । एक दिन रुक्मिणीले सोधेकी थिइन्, "कृष्ण, तिम्री लागि राधा को हुन् ?" कृष्ण मुस्कुराए । उनी सधैं मुस्कान मात्र दिन्थे । उत्तर आधा मात्र । "कृष्ण, कुनै यस्तो ठाउँ भन जहा तिम्रा लागि राधा नभएको होस् । "भाग्य" कृष्णले उसैगरी मुस्कुराएर जवाफ दिए ।

"त्यसैले त उनीसँगको सम्बन्धको बेग्लै उचाइ छ, रुक्मिणी, तिमी शरीरको प्रेम बुझ्छ्यौ, तर राधा आत्माको प्रेम हो ।" तेस्रो पत्नी, आठौं रानी, महलको मुख्य गृहिणी, सबै सम्मान र अधिकार सहितकी रुक्मिणी तर कृष्णका आँखामा आत्मास्तरको प्रेमको देवी त राधा नै । रुक्मिणीका हात चिसा भए । "यदि कृष्णका लागि राधा आत्मा हुन् भने के म त केवल देह ? के म कृष्णलाई आफ्नो सम्पूर्ण रूपमा पाउन सक्दिन ?" उनलाई डाँडापखेरा थर्किनेगरी चिच्याएर रुन मन लग्यो, तर उनी रानी थिइन् । रानीहरू रुँदैनन्, तर उनीहरूको पनि मन त रुन्छ, कुडिन्छ ।

रुक्मिणी कृष्णलाई प्रेम गर्थिन्, कायेनबाचामनसेन्द्रियोऽवा बुद्धिआत्मन प्रकृतिऽस्वभावात् (शरीर, बचन, मन, इन्द्रिय, बुद्धि, आत्मा तथा व्यवहारबाट) । तर जब कृष्ण केही समय एक्लै बस्ने बहानामा निक्लन्थे, उनको मन डरलाग्दो अन्धकारतिर टहल्थ्यो, सधैं राधाकै सम्झना ? "मलाई किन त्यति गहिरो स्थान दिन्नन् ?" रुक्मिणी दर्पण अगाडि उभिइन् । उनले आफ्ना आँखा हेरिन्, गहिरा र मोतीजस्ता, ओठ नवपद्मिनी (नवकमल) जस्ता, देह उस्तै अद्भुत्, सौन्दर्यको प्रतिमूर्ति र पनि किन कृष्ण उनको वशमा छैनन् ? उनी आफैंसँग बोलिन्, "कस्ती छे त त्यो राधा, आफैंले देख्नपाएको होइन, अरूले भनेको सुनेअनुसार त ऊभन्दा त म नै राम्री छु । कृष्णलाई वशमा पार्न मसँग केही कमी छैन । तर किन... किन कृष्णले मेरो मन बुझ्दैनन् ? कि कृष्णको मनको म होइन ?" रुक्मिणीलाई पहिलोपटक लाग्यो, उनी कृष्णकी पत्नी मात्र थिइन् तर कृष्ण उनको पुरुष होइनन् । लोक त त्यही भन्थ्यो, कृष्ण कसैका पुरुष होइनन्, उनी ब्रह्माण्डका पुरुष हुन् । यही कुराले रुक्मिणीलाई आगोले जस्तै जलाउँथ्यो । उनीमा केही अपूर्णता त छैन ? उनी झस्किइन्, के होला त त्यस्तो कृष्णलाई चाहिएको, उनीसँग नभएको ?

गोमती नदी आज शान्त देखिन्छ । सानो भएर होइन, ज्वारभाटा र हुण्डरी नभएकोले । रुक्मिणी चुपचाप अट्टालीमा बसेकी थिइन् । कृष्ण उनीतिर आए । कृष्णले रुक्मिणीलाई हेरेः रुक्मिणी सौन्दर्यले झल्झली बलिरहेकी देखिन्थिन् । कृष्ण उनको सौन्दर्यमा सधैंझैं नतमस्तक थिए । रुक्मिणीले बोलिन्, "कृष्ण, के म तिम्रा लागि पर्याप्त छैन ?" कृष्ण छक्क परे, रुक्मिणीले यस प्रकारको प्रश्न सोध्लिन् भनेर कल्पनासम्म गरेका थिएनन् । कृष्णले हात समाउँदै भने, "रुक्मिणी, तिमी अत्यन्त प्रिय छ्यौ..." । रुक्मिणीले हात फुत्काइन्, उनको आवाज कठोर भयो, "तर त्यतिधेरै प्रिय पनि त म त होइन नि, हैन ? किन तिम्रो हरेक ध्यान, हरेक स्मरण, हरेक तन्मयता राधाको नाममा बग्छ ?" कृष्ण मौन । उनको मौनले रुक्मिणी भित्रको ईर्ष्या लाई अझै बढायो । रुक्मिणी एकदमै नजिक आइन् । कृष्णले उनलाई पाखुरामा अड्ड्याएर हेरे । रुक्मिणी लगभग च्याट्ठिइन्, "कृष्ण... म नारी हुँ । नारीलाई केवल प्रेम चाहिँदैन, स्वामित्व पनि चाहिन्छ ।" कृष्णको आँखामा थोरै कम्पन आयो । रुक्मिणीले महसुस गरिन्ः कृष्ण अब आफ्नो दैवी ऊर्जाबाट केही क्षणको लागि भएपनि मानव बन्दैछन् । त्यो क्षण रुक्मिणीको मनमा एउटा

योजना बन्यो, "कृष्णलाई मन, भावना वा रुवाइले होइन, ऊर्जा र आकर्षणले मात्र वशमा पार्न सकिन्छ ।"

त्यसपछिका दिनहरूमा रुक्मिणी एकाएक बदलिन थालिन् । कुनै कठोरता वा क्रोधले होइन, तर गहिरो आत्मबोधले । उनी नृत्य अभ्यास गर्न थालिन्, रागहरू आलाप्न थालिन्, सुगन्धको प्रयोग बढाइन् । देहभाषाको सूक्ष्मता सुन्दरतापुर्वक अभ्यास गर्न थालिन् । उनी बुझ्दै गइन्, नारीको सर्वाधिक शक्ति कसैलाई आकर्षित गर्नुमा होइन, आफूभित्रको स्त्रीऊर्जा जागृत गर्नुमा र त्यसलाई नियन्त्रण गर्न सक्नुमा छ । रुक्मिणीले दर्पणलाई चुनौती दिइन्ः "आजदेखि म कृष्णको प्रेम माग्दिन । म कृष्णको मन नै आफूतिर तान्छु । राधाका स्मृतिहरूभन्दा बलियो शक्तिको उपयोग गर्छु ।" रुक्मिणीलाई थाहा थियो, कृष्णको मन गर्भगृहजस्तै गहिरो थियो । त्यो मनभित्र छिर्न नैतिकता, सौन्दर्य, दया, यी सबै पर्याप्त थिएनन् । यी पुरुष आध्यात्मिक र भावनात्मक ऊर्जाको एकत्रित तरङ्गमा मात्र हल्लिएलान् । रुक्मिणीले दिनहुँ आफ्नो ऊर्जा तिखारिन् । यिनै ऊर्जाले कृष्णलाई फेरि आफूतिर तान्नेछ भन्ने विश्वास बढ्दै गयो ।

रुक्मिणीलाई अर्को एक दिन कसैले सुनायो, कृष्ण यमुना किनारको स्मृतिमा केही समय एक्लै बसेछन् । सबैले बुझ्थे, यो राधाको स्मरण थियो । रुक्मिणीको छाती फेरि पनि भित्रैसम्म पोल्यो । ईर्ष्या, पीडा, असह्यता सबैले उनको मन थर्काइदियो । उनी रातभर निदाउन सकिनन् । गोमती नदीको हावा आज निकै तिखो थियो । रुक्मिणी एकाएक उठिन्, "कृष्ण, म तिमीलाई राधाबाट खोसेरै छाड्छु ।" तर उनी यो पनि बरोबर जान्दथिन्ः राधा शारीरिक रूपमा कृष्णसँग थिइनन् तर कृष्णको मनमा गढेका अत्यन्त गहिरा र बलिया यादहरू राधाकै थिए । रुक्मिणीले कत्ति पनि हार मानिनन् । उनले आफैंसँग कसम खाइन्ः "राधा आत्माको देवी होलिन् तर म देह र मन दुवैको रानी बन्छु ।" उनको मन पहिलोपटक गर्वले सरर्र आकाशभरि फैलियो ।

कृष्ण त्यो रात पनि आफ्नै कक्षमा ध्यानमा बसेका थिए । उनको अनुहारमा आन्तरिक संघर्ष झल्किँदै थियो, राधाको स्मरण र रुक्मिणीको प्रेम । त्यति नै बेला रुक्मिणी उनीतिर आइन्ः शान्त, गम्भीर, परिपक्व । उनको चालमा अभूतपूर्व आत्मविश्वास थियो । कृष्णले आँखा खोले । रुक्मिणी कृष्णको दायातर्फ ढल्किदैं बसेर भनिन्, "कृष्ण... आज म प्रेम माग्न आएकी छैन । म तिमीलाई बुझ्न आफ्नै बनाउने तात्विक ऊर्जा देखाउन आएकी हुँ ।" कृष्ण केही क्षण मौन रहे । उनी अचम्ममा परे । आजको रुक्मिणी राजकुमारी होइन, स्वयम् नारीऊर्जाको पूर्ण रूप देखिइन् । रुक्मिणीको स्वर गहिरियो, "राधा तिमीलाई आत्माले बाँधिछन् तर म तिमीलाई आत्मा र देह दुवैबाट आफूतिर तान्छु ।" कृष्णको मन हलचल भयो । यसरी आत्मविश्वास बोकेको रुक्मिणी उनले कहिल्यै देखेका थिएनन् ।

त्यो रात रुक्मिणीले कुनै आग्रह अनुग्रह गरिनन्, उनले चेतनाको तहमा कृष्णलाई छोइन् । दीपको मधुर उज्यालोमा उनको चाल स्थिर थियो, तर त्यो स्थिरताभित्र ब्रह्माण्डीय कम्पन थियो । उनका नेत्रमा आत्मविश्वासको ज्वाला बल्थ्यो, न अधिकारको, न याचनाको, केवल स्वीकृतिको । कृष्णले अनुभव गरे, प्रेम केवल सम्झनाको बन्धन होइन सिर्जनाको शक्ति पनि रहेछ । रुक्मिणीको स्त्रीऊर्जाले शब्दभन्दा गहिरो संवाद गऱ्यो, जसले कृष्णको अन्तर्मनका तह-तह खोलिदियो । त्यो क्षणमा उनी बुझ्न पुगे, स्त्रीऊर्जा जब पूर्णतामा उभिन्छ, तब पुरुष चेतना स्वयम् समर्पण खोज्छ ।

रात अघि बढ्दै जाँदा रुक्मिणीको उपस्थितिले कृष्णको मनमोहिनी संयन्त्रलाई उजागर गरिदियो- कुनै कौशलको प्रदर्शनले होइन, पूर्ण आत्मस्थापनाले । उनले समयलाई थामेझैं गरिन्, स्पन्दनलाई लयमा बाँधिन् र कृष्णको ध्यानलाई आफूतर्फ स्थिर पारिन् । त्यही लयमा कृष्णको मन शान्त भयो, स्मृतिका तरङ्गहरू मन्द भए र राधाको छायाँ पनि मौन बन्यो ।

त्यो विजय कुनै जितको गर्जन थिएन, सहअस्तित्वको सौन्दर्य थियो । त्यस रात, रुक्मिणीले कृष्णलाई आफ्नो वशमा पारेकी थिइनन्, उनलाई आफ्नै सत्यतिर डोर्याएकी थिइन्, जहाँ प्रेम शक्ति बनेर उज्यालो भयो । त्यो एकै रातमा कृष्णको मनमोहिनी संयन्त्र रुक्मिणीको ऊर्जाले सतहमा ल्याइदियो । रुक्मिणीले कुनै शब्द प्रयोग गरिनन् । उनले केवल उपस्थिति राखिन्- गहिरो, शक्तिशाली, स्त्रीऊर्जायुक्त । कृष्ण असामान्य रूपमा रुक्मिणीतिर तानिए । यसपटक राधाको स्मृतिले उनमा कुनै प्रभाव पार्न सकेन ।

बिहान उज्यालो हल्का फैलिँदै थियो । रुक्मिणीको अनुहारमा असाधारण शान्ति थियो । उनले चुपचाप कृष्णका आँखाहरू हेरिन्- कृष्ण शान्त, समर्पित, कुनै गहिरो प्रेम र आत्मीयतासहित । कृष्णले पहिलोपटक स्वतःस्फूर्त रूपमा भने, "रुक्मिणी... आज तिमीले मलाई साँच्चै नै बाँध्यौ ।" रुक्मिणी हल्का हाँसिन्, विजयी तर संयमित हाँसो । उनले कृष्णका हात थामिन्, "कृष्ण ! मैले राधालाई पराजित गर्न खोजेकी होइन । मैले केवल तिमीलाई बुझ्न र तिम्रो चेतनाको अर्को तहमा आफूलाई स्थापित गर्न खोजेकी हुँ ।" कृष्ण गम्भीर भए । उनको आँखा बोल्यो, "यो नारी कुनै साधारण प्रेमिका होइनन्, हुन् त साँच्चै सर्वोच्च स्त्रीऊर्जाको स्वामिनी ।" रुक्मिणीले मनमनै भनिन्, "राधा तिम्रो आत्मामा सधैंझैं रहिरहुन् र रहन्छिन् पनि तर तिमी आज मेरो ऊर्जामा विलीन भयौ कृष्ण ।" त्यो दिन कृष्णको अनुहारमा राधाको स्मृति कम थियो वा उनको आँखामा रुक्मिणीको स्त्रीऊर्जा धेरै थियो । दुवै सम्भव । रुक्मिणीलाई चाहिएको पनि यही थियो ।

रुक्मिणीले कृष्णको मनको गहिरो तहमा आफूलाई स्थापित गरिन् । उनले कृष्णलाई देखाइन्- नारी केवल प्रेमको याचिका होइन, बरु स्वयम् प्रेम प्रदायक स्रोत

हो- ऊर्जाको केन्द्र हो । कृष्णले स्वीकारे, राधा आत्मा होलिन् । तर रुक्मिणी चेतना र जीवनको वास्तविक रूप । रुक्मिणीलाई थाहा भयोः कृष्णलाई कसैले पूर्ण रूपमा बाँध्न सक्दैन तर जसले कृष्णको ऊर्जा, मन र चेतनालाई समतलमा राखेर निकटता कायम गर्न सक्छ त्यही हुनेछ वास्तविक रानी । रुक्मिणी त्यो रातदेखि कृष्णको स्थिरताको केन्द्र बनिन् ।

कहिलेकाहीँ कृष्ण फेरि राधाको प्रसङ्ग बोल्थे तर रुक्मिणी अब पीडा महसुस गर्दिनथिन् किनकि अब रुक्मिणी राधासँग दाँजिनुपर्ने नारी थिइनन् । उनी कृष्णको चेतनामा अलग्गै सर्वोच्च जीवनसाथीको दर्जामा थिइन् । रुक्मिणीले बुझिसकेकी छिन्- प्रेम कसैलाई हराएर जितिँदैन बरु प्रेम आत्मऊर्जा जागृत गरेर आफूलाई सर्वोच्च बनाउँदा स्वतः प्राप्त हुन्छ ।" रुक्मिणी आज फेरि अट्टालीको छेउमा उभिइन् । गोमती नदीबाट उस्तै एक सर्को मधुर हावा सर्रर आएर उनको कपाल उडायो । हावामा सुगन्ध बाहेक अर्को गन्ध थिएन । हावाको मधुर स्पर्शको असीम आनन्दमा उनले आँखाहरू बन्द गरिन्- रुक्मिणी अव कृष्णकी रानी मात्र थिइनन् । उनी कृष्णको मनको स्वामिनी भइसकेकी थिइन् । राधा आत्मा होलिन् तर रुक्मिणी अब कृष्णको संसारको जीवनऊर्जा थिइन् ।

*अन्नपूर्ण-१, कास्की*

❖ ❖ ❖

# विमलाको चिसो बिस्तरा

✍ अशोक सुवेदी

बाख्रापाठा सार बिमे । भैंसीको थलो सफा गर बिमे । चुलोमा आगो सल्का बिमे । घरकसिङ्गर गर बिमे... धनीरामकी कान्छी छोरी अर्थात् दसौं सन्तान विमलाको जिम्मेवारी पढाइका अतिरिक्त अचाक्ली छ । जेठी रामकलाबाट आठवटी छोरी नै छोरी भएपछि धनीरामले छोराको आसमा कान्छी ल्याए । पारुमती रामकलाकी सौता बनेर भित्रेको अर्को साल नवौं सन्तानका रूपमा कान्छीबाट छोरी नै जन्मिइन् उर्मिला । उर्मिलाकी पनि बहिनी नै जन्मिइन् पारुमतीको कोखबाट विमला । माया भनौं वा हेला, विमला बिमु हुँदै बिमे भइन् बोलाउँदा । कतिपय गाउँले र इष्टमित्रहरूले छोरा र छोरी एउटै हुन् भनेर नसम्झाएका पनि होइनन् धनीरामलाई । उनले पनि कतिपय छोरा हुनेहरूका छोराले बाबुआमालाई दुःख दिएको नदेखेका पनि होइनन् । कतिपय छोराहरूले पशुपति र देवघाट पुर्‍याएर बाबुआमालाई छोडेको पनि सुनेका हुन् । कयौंले सम्पत्तिमोहले बुढेसकालमा बाउआमालाई मुद्दा हालेका पनि देखेका हुन् । तैपनि धनीरामको छोराको मोह सकिएन ।

धनीरामको एघारौं सन्तानका रूपमा पारुमतीले जङ्गवीरलाई जन्माइन् । छोराको भोक र तिर्सना एकैचोटि मेटियो धनीरामको । पचास कट्न लागेपछि जन्मिएको छोराले गरेको उद्यम के खान पाउँला भनेर हौसिएका थिए उनी, आफैं जानुन् । बाँच्दा एक गाँस पिण्डको आस नभएपछि मरेपछिको पिण्डका लागि किन मरिहत्ते गरेका हुन् कुन्नि ? उसै पनि आफूलाई वामपन्थी र उस्तै परे कम्युनिस्ट नै भनाउन रहर गर्नेले यसरी छोराका लागि सौता हाल्नु र दर्जन हाराहारी सन्तान जन्माउनु राम्रो थिएन ।

अठार वर्षअघि पारुमतीलाई लिएर तराईको प्रतापपुर झरेका धनीराम प्रफुल्ल भए र पहाडसम्म पुगेर छोरो जन्मिएको खुसी बाँडे । रामकलाले दुःखले हुर्काएको खसी काटेर भोज पनि खुवाए तर रामकलाको आङमा घाम लागेन । लागोस् पनि कसरी ? एक त सौता, त्यसमाथि छोरो पाइदिने सौताकै भइहाले बुढा । पहाडसम्म आएर भोज नै ख्वाएपछि त रामकलालाई खपिनसक्नु भयो । आफ्नो मेख मार्न बुढा पहाडसम्म आएर गाउँलेलाई भोज खुवाएको ठानिन् । छोरीहरूले सम्झाए रामकलालाई । मुखले सिधै भन्न नसके पनि सौताले बुढालाई हात लगाइसकेको र

अब कसै गरे पनि आफ्नो नहुने बुझिन् उनले । जति चेपारो घसे पनि धनीराममा सौताको अनुहार देख्न थालिन् उनी ।

औंधी तिर्सनामा जन्मिएको जङ्गवीर अभावकै बीच लाडप्यारले हुर्कियो । वरको सिन्को पर सार्दैन । विमलाले घरधन्धा भ्याएर गृहकार्य सक्नुपर्छ । धनीराम र पारुमती भने हुर्कंदो छोरालाई देखेर मख्ख छन् ।

रामकलाको जीवन दर्जन हाराहारी सन्तान जन्माएर स्याहार्दास्याहार्दै जीर्ण बनेपछि कान्छी टिपेर बाजुराबाट तराई झरेका थिए धनीराम । जति मिलाएर राख्छु भने पनि रामकला र पारुमतीका बीच न्यानो सम्बन्ध हुन नसकेर तराईतिर बेगिएपछि सौतासौताबीच भेटघाटको जरुरत पनि परेन । जङ्गवीर पनि दिदीहरूजस्तै पहाड घर गएन । छ महिना, वर्षदिनमा तराईको केही नौलो अन्नपात लिएर पहाड पुगिटोपल्थे धनीराम, त्यही पनि कच्ची बाटो जोडिएपछि । पारुमतीलाई पहाडघर सम्झिनै मन छैन । दुःखसुख तीन सन्तान र सौतेलो श्रीमान्लाई स्याहारेर बसेकी हुन् । छोरा पाइदिने पारुमती धनीरामका लागि पनि प्रिय छिन् । शारीरिक रूपमा अलि कमजोर पारुमती दुःखले जोडेको दुई-चार कट्ठा खेतबारीमै रमाएकी छिन् । पहाडतिरबाट पाहुना आउँदा मात्र उनी गाउँघर सम्झिन्छिन् नत्र उनलाई यतैको रहनसहन र धुनुफुनुले कज्याइसकेको छ । माइतीतिरकाले कहिलेकहीँ फोन गर्छन् हिजोआज । लेखपढ शून्य छ । आएको फोनसम्म उठाउँछिन् तर कसको फोन आएको हो भन्ने उठाएर कुरा गरेपछि मात्र थाहा पाउँछिन् ।

माघको चिसो रातमा भैंसीले किलो भाँचेर रामरतन थारूको खेतको गहुँ खाइदियो । धनीरामले फर्स्याउन सकेनन् । पारुमतीले "रातको समयमा किलो भाँचेर हिंडेछ, माफी पाउँ" भनेर समाजलाई बिन्तीभाउ गरेपछि डन्डा तिर्नबाट जोगियो । कोइलर कुखुरा पनि छोपेरै हुर्काइन् उनले । साँझ पर्न थालेपछि मात्र आँगनमा पखेटा फट्फटाउन पाउँछन् कुखुराले । "वरिपरि अरूको बाली छ । छोड्नासाथ सखाप पारिदिन्छन् । फेरि अर्मल तिर्नुपर्छ भन्ने डरले छोपेरै हुर्काएकी छु"- स्पष्टीकरण दिन्छिन् पारुमती सोध्नेहरूलाई । उसो त अरूका दुःख र झिनामसिना कुरामा चासो राख्ने फुर्सद नै कहाँ छ र हिजोआजका मान्छेलाई ? संवेदना कमजोर हुँदै गएको छ । खै कस्तो हो, आधुनिकताले घर जमाएको छ । बरु मोबाइलमा घोप्टिएर समय कटाउँछन् । मोबाइल हिजोआज मित्र पनि बनेको छ र शत्रु पनि...पारुमती छोरा जङ्गवीरलाई हपार्छिन्— "अब सानु छैनस् । स्कुलमा पनि मोबाइल नै पढ्छस् कि क्या हो ? किताब र पढाइमा पनि ध्यान दे बाबु ...।"

झन्डै एक घन्टा टाढा छ विद्यालय । जङ्गवीर साइकल नचढी पढ्न जाँदैन तर त्यही बाटो विमलाले हिंडेरै आउजाउ गर्नुपर्छ । हिउँदमा त ठिकै हो, बर्खामा बाटो छिचोल्नै गारो हुन्छ...विमलाको गुनासो बढी छैन । बोर्डिङ स्कुल नजिकै हुँदो हो त जङ्गवीर त्यसमै पढ्ने थियो । विमलाले सरकारीकै भर पर्नुपर्ने हुन्थ्यो । धन्न

बोर्डिङ नजिकै छैन र दिदी-भाइले एउटैमा पढ्नुपर्ने बाध्यता छ । अझै पनि कहाँ समानता पुगेको छ र छोरा र छोरीका बीचमा । नाम मात्रको समानता, नाम मात्रको आधुनिकता ! लोकतन्त्रको अभ्यास त जीवनमा पो हुनुपर्ने हो ! कागतको पानामा लेखिएको लोकतन्त्र र गणतन्त्रले मानिसको हृदय छुन सकेको छैन ।

धनीराम दम्पतीको घरमा छोराले खुसी ल्याइदिए पनि एउटा गहिरो पीडा पिलिएको छ चार वर्षदेखि । स्कुल पढ्दापढ्दैकी छोरी उर्मिलालाई आफ्नै भाइ पर्नेले काममा लगाइदिन्छु भनेर भारतको ब्याङ्लोर पुर्याएको चार वर्ष भइसक्यो । उनीहरूले छोरीलाई फर्काएर ल्याउने प्रयास नगरेका पनि होइनन् तर पनि एकपल्ट ऋनपान गरी खोज्न पुगे दुवैजना । मालिकले उर्मिलाको फोन नै खोसिदिएर सम्पर्क हुन दिएन त्यहाँ पुगेपछि । त्यहाँबाट फर्केपछि पारुमतीका आँखा ओभाएका छैनन् । फोनको घन्टी बज्नासाथ उनी छोरीको आवाज सुन्न हतारिन्छिन् तर त्यो अवसर कहाँ पाउनु ? इन्डियातिरबाट कोही नौलो मान्छे आयो भने उनी उर्मिलालाई भेट्नुभयो कि भनेर सोधिहाल्छिन् । साहुले बन्धक बनाएर राखेको छ रे ! भन्ने सुनेपछि उनी झन् आधा मासु भएकी छिन् । सम्झिनासाथ पारुमतीलाई छोरी भेट्न उडेर जाऊँ कि गुडेर जाऊँजस्तो हुन्छ तर सबै उनको वशभन्दा परको कुरा छ । बर्बर आँसु खसाल्दै उनी भक्कानिएको मुटु फुकाउँछिन् । को बनिदेला यतिबेला दुःखको सहारा...उनको गुनासो यतिबेलासम्म कसैको हृदय सुमसुम्याउने गरी ठोक्किन सकेको छैन । "सन्तान जन्माउनभन्दा बढी यिनीबाट माखो मर्दैन...", बुढाप्रति आक्रोश ओकल्छिन् कहिलेकहीँ तर उनको पीडा सिरसिर बहने हावाले नै उडाइदिन्छ ।

चार वर्षअघिसम्म उर्मिला र विमला दिदीबहिनी कम, साथीसाथी बढीजस्ता लाग्थे । दस वर्षकी विमला चौध वर्षकी उर्मिला पढ्न नगएको दिन बहाना बनाएर पनि घरै बसिदिन्थी । खेत, बारी, मेलापात, आफन्त, स्कुल जहाँ जाँदा पनि छुट्टिँदैनथे दिदीबहिनी । धनीरामले दुःखले जोडेको एउटा खुट्टे खाटमा दिदीहरू कि भाइ को सुत्ने भनेर सधैं विवाद हुन्थ्यो । बाउआमाको इच्छा एक्लो छोरालाई लिएर खाटमा सुतौँ भन्ने हुँदो हो, दिदीबहिनीको चाहना खाटको विस्तरामा आफूहरू सुत्न पाए हुन्थ्यो भन्ने हुन्थ्यो । उर्मिलालाई फकाएर कसैले मुग्लान पुर्याएपछि विमलाले त्यो बिस्तरामा कसैलाई सुत्न दिएकी छैन । सितिमिति पाहुना आउँदा पनि ऊ खाट छोड्दिन र छोड्नै परेको अवस्थामा दिदीसँगै आफूले प्रयोग गरेको बिस्तरा लिएरै अर्को कोठाको भुइँतिर हिंडिदिन्छे । "यो बिस्तराले यसलाई कस्तो मोहनी लगाएको छ भने..." धनीराम खाटमा थाङ्ना बिच्छ्याउँदै छोरीको गुनासो सुनाउनतिर लाग्थे पाहुनालाई । एक दिन आउने पाहुनालाई त के मतलब हुन्थ्यो र, धनीराम दम्पतीलाई पनि विमलाले खाटको बिस्तरा छोड्न नमानेको गुह्य कारणतिर कुनै वास्ता थिएन ।

पार्टीको जनअभियान लिएर एक दिन धनीरामको घरमा नयाँ पाहुना आए- विप्लवी । घरमा सुत्ने राम्रो व्यवस्था छैन भनेर उनले पार्टीका पाहुनाहरूलाई अर्को घरमा पुर्याए तर त्यस घरमा पनि नअटाएका एकजना पाहुना विप्लवीलाई भने उनले आफ्नै घरमा ल्याउनुपर्ने भयो । बाटाभरि उनको मनमा कुरा खेले, यस्तो ठन्डीमा पाहुनालाई कसरी भुइँमा सुताउने होला ?

घर पुग्दा पारुमतीले मकैका रोटा बनाएकी थिइन् । पाहुनाले स्वाद मानीमानी रोटा खाए नुनसँग चोबेर । अरू पाहुना आउँदा भात नै पकाउनुपर्थ्यो तर यी पाहुनाले त रमाउँदै रोटा खाए, पारुमती र धनीरामभन्दा बढी नौलो विमलालाई लाग्यो । रोटा पकाएको अगेनामा आगो ताप्दै पाहुना र धनीरामका बीचमा भएको संवाद ध्यान दिएर सुनिन् विमलाले बाहिर दलानमै बसेर । संवाद राजनीतिका विषयमा थियो र समाजमा विद्यमान असमानता अन्त्य गर्ने विषयमा थियो । धनीराम पनि भित्रभित्रै गुप्त सङ्गठनमा लाग्न थालेको पहिलोपल्ट थाहा पाई विमलाले । सारा सुखसयल र सम्भावना छोडेर जीवन आन्दोलनमै बिताएको कुरा गरिरहेका थिए विप्लवी । छोरा र छोरीबीच कुनै प्रकारको विभेद गर्नु नहुने सुझाइरहेका थिए उनी । संसारमै पहिलोपल्ट क्रान्तिबाट समाजवाद आएपछि लेनिनले रुसका महिलालाई मतदानको अधिकार दिएको र अरूले पनि त्यहीँबाट सिकेका रे ! मानिसका बीचमा धनसम्पत्ति, धर्म, लिङ्ग, जात, रङका आडमा भएको असमानता र विभेद अन्त्य हुन सम्भव छ रे ! यस्तो कुरा पहिलोपल्ट सुन्न पाएकी हो विमलाले । उत्पीडनमा परेका जनताको एउटा समुदाय वा वर्ग हुन्छ रे । सत्ताले नै समाजमा शोषक र शोषित जन्माउने भएकाले यसप्रकारको सत्ताका विरुद्ध पीडितहरूको वर्ग एक भएर लड्न र जित्न सम्भव हुन्छ रे ! अझ विमलालाई पार्टीले पहल गरेर ब्याङ्लोरमा चार वर्षदेखि बन्धक बनाएर अलपत्र पारिएकी दिदीलाई फर्काउन सम्भव छ भन्ने पाहुनाका कुरा सुन्दा यी आफ्नै मानिस रहेछन् जस्तो लाग्यो । दोहोरो कुरा नगरेर पनि मानिस आफ्नो हुन सक्दो रहेछ भन्ने बोध पहिलोपल्ट भयो विमलालाई । वर्गमित्रता भनेको यही हो- बाउसँग कति सजिलै भन्दै थिए उनी, यस्ता कुराले उनको हृदय नै छोयो । जनता महान् छ- पाहुनाले पटकपटक दोहोर्याएर भनेका थिए बाबुलाई । छोरीलाई भन्दा छोरालाई बढी वास्ता गर्ने बाबु पाहुनाका कुरामा होमा हो थाप्दै थिए र छोरा कुर्दाकुर्दै छँदाखाँदाकी श्रीमतीमाथि सौतासमेत हालेर दर्जन हाराहारी छोरी जन्माएकोमा पहिलोपल्ट पश्चाताप गर्दै थिए । जन्म दिएर कर्म दिन सकिएन र बराबर व्यवहार गर्न सकिएन भने चेतनशील प्राणी मानिस भएको के सार भयो र ? भन्ने पाहुनाको कुराले उसको हृदय पगालिदियो । आफ्ना अहंकारी र जिद्दी बाबुलाई आज कसैसामु पहिलोपल्ट नतमस्तक बनेको देखेकी थिई विमलाले । राजनीतिको 'र' पनि नजानेकी विमलाले पिँढीमा बसेर पाहुना र बाउबीचको संवाद निकैबेर ध्यान दिएर सुनिरही । मान्छे मर्छ तर विचार मर्दैन, कस्तो-कस्तो नौलो कुरा लागिरहेको थियो विमलालाई पाहुनाका कुरा सुनेर ।

यो विचार भनेको के रहेछ ? उसलाई खुल्दुली लाग्यो बुझ्नलाई । मानिसको वर्गसँगै विचार पनि फरकफरक हुन्छ रे ! गरिब र शोषित-उत्पीडितहरूको विचारले मानिसलाई असमानता अन्त्य नहोउन्जेल एक बनाइराख्छ रे ! संसार हुनेखाने र हुँदा खाने गरी दुई वर्गमा बाँडिएको छ रे ! के के हो के के ? यस्ता पाहुना निरन्तर आइरहने हो भने त आफ्ना बाबु मात्र होइन, आफूले पनि नयाँ कुरा जान्न पाउने थिएँ भन्ने लाग्यो उसलाई ।

अभियानका कुरा गर्दागर्दै रातको १२ बज्न लागिसकेको थियो । जङ्गवीर भने पाहुना आएको थाहा पाएर पढ्ने बहाना बनाउँदै साथीको घरतिर सुत्न गइसकेको थियो । पारुमतीले पाहुनाका लागि भान्सानिर एउटा सुकुल ओछ्याइदिइन् र आफूहरूका लागि गोठतिर परालसहित बिस्तराको बन्दोबस्त गरिन् ।

मध्यरात भयो, अब सुतौं- धनीरामले भने ।

म भान्सामा सुत्छु, पाहुना अङ्कललाई खाटको बिस्तरामा पुर्याइदिनू- विमला यसो भन्दै भान्साको ढोकामा टुप्लुक्क आएको देख्दा धनीराम दम्पती आश्चर्यचकित भए । कहिल्यै चिसो भुइँमा रात नकटाएकी विमला आज पुलकित हुँदै भान्सामा चिसो बिस्तरामा पल्टिएर मनमा कुरा खेलाइरहेकी छे- मामा र हजूरआमाहरू आउँदा पनि नछोडेको दिदी सुतेको खाट आज मैले औपचारिक परिचयसम्म नभएको पाहुनालाई कति सहजै छोडिदिन सकें ! कति राम्रो भविष्यको कुरा गरे आज पाहुनाले ! हामी गरिब भएको कर्मको लेखाले होइन रे, देशको सामाजिक-आर्थिक असमान व्यवस्थाले हो रे ! अझै उनी त उत्तरकोरिया, चीन, रुस, भियतनाम, क्युबा कहाँकहाँको कुरा पनि गर्दै थिए । कति कुरा थाहा भएको ! त्यहाँका हामीजस्तै गरिब जनताले हुनेखानेको शोषणमूलक सत्ता पल्टाएर हामीजस्तै गरिबको शासन हुने सत्ता ल्याएका रे ! मानिसले आँटेपछि असम्भव भन्ने कुरा केही पनि छैन रे ! हामीजस्ता गरिबका पनि धनी र सुखी हुने दिन आउँछन् रे ! महिला र पुरुषका बीच कुनै पनि भेदभाव नभएको समाज बन्न सम्भव छ रे ! विमलालाई सबैभन्दा बढी कुन कुराले छोयो भने समाजवाद भन्ने व्यवस्थामा त व्यक्तिको निजी भन्ने कुरा आफ्नो शरीरभन्दा बाहेक केही पनि हुँदैन रे ! सबै देशका, देश सबैको...! आहा, कस्तो रमाइलो होला त्यस्तो समाज ! कल्पनामै हराई विमला ।

विमलाको किशोर मनमा कुराहरू झुत्ती लाएर खेलिरहेका थिए— त्यस्तो व्यवस्था आएपछि समाजका शोषक-ठालू र धनीहरू कहाँ जान्छन् होला ? तिनको सम्पत्ति कसरी बाँडिन्छ होला ? महिलाले पनि पुरुषले जस्तै हवाईजहाज उडाउन सक्छन् भन्ने सुनेर विमलालाई अबेरसम्म निद्रा परेन । उसले सपनामा पनि आफू हवाईजहाजको पाइलट बनेर आकाशमा उडिरहेको देखी । हूलका हूल महिलाहरू सैनिक परेड खेलिरहेको र आफूले अरूलाई परेड खेलाइरहेको सपना देख्दा ऊ पटकपटक झसङ्ग भएर ब्युँझन्थी । प्रत्येकपल्ट ब्युँझँदा उसले आफूलाई चिसो

बिस्तरामा कहिले यता र कहिले उताबाट सिरेटो पसिरहेको पाउँथी । तैपनि उसले आफू सुत्ने खाटमा सुत्ने पाहुनामाथि रिस देखाइन । पश्चाताप गरिन ।

सपना र तन्द्रामा झकाउनासाथ कहिले ऊ आफूलाई बाबुले साइकल किनिदिएको र भाइलाई देखाउँदै स्कुलतिर हिँडेको देख्थी त कहिले सरकारी कार्यालयको हाकिम भएर काम गरिरहेको पाउँथी । बिहानीपख उसले पार्टीको पहलमा घर आएकी दिदी उर्मिलासँगै एउटै साइकलमा पढ्न गएको सपना देखी । दिदी साइकल चलाइरहेकी थिई, ऊ रमाउँदै अगाडि डन्डीमा बसेकी थिई । पैदल हिँडेरै स्कुल जाँदै गरेका साथीहरू उनीहरूलाई देखेर लोभिन्थे र भन्थे— दिदीबहिनी होऊन् त उर्मिला र विमलाजस्ता ।

तर यी त सबै सपना न थिए, बल्लतल्ल लागेको निद्रा बिथोल्न आउने सपना ! यथार्थ त चिसो बिस्तरा न थियो !

झसङ्ग भएर ब्युँझिँदा पारुमती विमलालाई उठेर कसिङ्गर लगाउन अराइरहेकी थिइन् ।

पाहुना खानै नखाई आजै हिँड्ने भए अर्को गाउँको अभियानमा जान । विमलालाई पाहुना आज पनि घरमै बसिदिए हुन्थ्योजस्तो लागिरहेको थियो । ऊ हिम्मत गरेर आफूले सपनामा देखेका कुरा विप्लवी अङ्कललाई सुनाउन चाहन्थी ।

पाहुना तयार भए हिँड्नलाई । विमलालाई कुन बहानाले बोलाऊँ भन्ने भइरहेको थियो । यसै मेसोमा विमला झोला झिक्न कोठामा पसेका पाहुनालाई पछ्याउँदै गई र हिम्मत बटुल्दै भनी- हाम्रो देशमा तपाईंले भनेजस्तो समाजवाद कहिले आउँछ विप्लवी अङ्कल ?

"तिमीले हिजो हामीले गरेको कुरा सुनेकी थियौ र ? तिमी त भान्सामा पसेकै थिइनौ त ?" विप्लवी अङ्कलले सोधे र जवाफको प्रतीक्षा नै नगरी भने- आउँछ नानी, जब तिमी-हामीजस्ता उत्पीडितहरू मिलेर यो व्यवस्थालाई धराशायी पार्छौं । यसका लागि सङ्गठित हुनु जरुरी छ । सङ्गठित हुनु भनेको बल थपिनु हो । अबको वर्गसङ्घर्षको आधार तिमीहरूजस्तै किशोर र युवाहरू हौ जसलाई सबैभन्दा बढी यो व्यवस्था र प्रविधिले दास बनाएको छ ।

विमलाले विप्लवी अङ्कलका सबै कुरा त बुझिन तर सङ्गठित हुने कुरा सङ्गठनमा लाग्ने कुरा हो भन्नेसम्म बुझी । समस्याको जड आफ्ना बाउआमामा मात्र नभएर यो व्यवस्थामै छ भन्ने कुरा उसको मनमा गढ्यो ।

"म पनि जनताको घरमा गएर जनताको सेवा गर्छु अङ्कल, मैले हिँड्नु हुन्छ नि तपाईंहरूसँग ?", तिलकराम साइकल लिएर विप्लवी अङ्कललाई लिन आउँदाआउँदै उसले सोधी ।

यो अभियान युवाहरूकै जागरणका लागि हो नानी । अब तिमी युवा समाजवादी सङ्गठनमा लामबद्ध हुनुपर्छ र क्रान्तिको अगुवा बन्नुपर्छ । यसका लागि अब छिट्टै नयाँ अभियान लिएर हामी आउँछौँ- यसो भन्दै पाहुना बिदा भएर साइकलमा चढे । विमलाले बाबुआमासँगै प्रतापपुर चोकबाट साइकल ओझेल नपरुन्जेल पाहुनालाई हेरिरही । विमलाका मनमा भने राती देखेको सपना कहिले विपनामा परिणत होला भन्ने चिन्ताले सताइरहेको थियो ।

❖ ❖ ❖

# भेपको क्युट बट्टा

एलिसा ढुंगाना

मलाई उसको के मन परेको हो ? अहिले पनि थाहा छैन ।

उदासीले भरिएको उसको कलिलो अनुहार, उसको ओठमा नसुहाएको देश बदल्ने बोली या उसको खल्तीमा सधैं भइरहने त्यो सानो भेपको बट्टा ?

खासमा मलाई उसको मन परेको भनेकै त्यो भेप सानो बट्टा नै हो । कस्तो क्युट छ त्यो बट्टा । हत्केलाभित्रै लुकाउन सकिने सानो र आकर्षक । मैले उसलाई पहिलो पटक बोलेको पनि त्यै भेपको बट्टाप्रतिको मेरो आकर्षणकै कै कारणले हो ।

कुनै साँझ म मेरो श्रीमान् र छोरीसँग रेस्टुरेन्टमा खाना खान गएको थिएँ । त्यही रेस्टुरेन्टको पर बार्दलीजस्तो ठाउँमा बसेर ऊ भेप तानिरहेको थियो । त्यही क्युट बट्टाको भेप । मलाई कस्तो मन परेको ? एउटा कलिलो केटोले क्युट बट्टा हातमा च्यापेर भेप तान्दै गरेको निकै आकर्षक देखिएको थियो । उसको कलिलो अनुहार भेपको धुँवामा हराउँदै देखिँदै गरेको क्षण मलाई अत्यन्त प्रिय लागेको थियो । मेरो साथमा थिए श्रीमान् र छोरी । 'म वासरुम जान्छु' भन्दै त्यो केटाको नजिक हुँदै गएँ । खासमा मलाई उसको नजिक हुनु थियो । नजिकबाट उसलाई हेर्नु थियो । फर्कंदा पछाडिबाट भेप तानिरहेको उसलाई देखें- झन मन पर्‍यो । त्यतिखेर भेपको बट्टा त देखिएन तर त्यो धुँवामा रुमल्लिएको उसको पृष्ठभुमिको भागले म झन लोभिएँ । उसकै नजिकबाट फेरि म आफ्नो टेबलमा आएँ । मेरो सामुन्ने ऊ थियो र देखिरहेको थिएँ । भेपको क्युट बट्टा, उसको अनुहार र बेलाबेलामा आउने धुँवा ।

परिचय त्यहीबेला गरेको मैले । बहाना पनि कस्तो थियो ?

"भाइ, तिमीलाई कहाँ देखेजस्तो लाग्यो ।" मैले सोधें । यो मेरो पुरानै बानी हो । मन परेको मानिससँग कुनै न कुनै बहानामा बोलिहाल्नुपर्ने । स्कुलदेखिकै मेरो यो बानी मेरा नजिकका धेरैलाई मन पर्दैन । कुरा गर्दै जाँदा थाहा भयो- सुदूरपश्चिमको ऊ काठमाडौंको बानेश्वर नजिकै कतै बस्दोरहेछ । त्यही परिचयकै क्रममा थाहा भयो- ऊ मेरो छोरीभन्दा मुस्किलले पाँच वर्ष जेठो रहेछ । आठ कक्षामा पढ्ने मेरी छोरी अहिले १४ पूरा भइन् । मसँग बोल्दा पनि बेलाबेलामा ऊ

भेप तानिरहेकै थियो । उदास, निरास तर पनि प्यारो अनुहार । हेरिरहँदा झन बढी प्रिय लाग्यो- उसको अनुहार र सँगैमा रहेको भेपको त्यो सानो बट्टा । मैले भेपको बट्टा हातमा लिएँ, "के हो यो ?"

"चुरोट खान्न । यही भेप तान्छु कहिलेकाहीँ ।" उसले भन्यो ।

त्यसपछि हाम्रो भेटको सिलसिला सुरु भयो । केही न केही बहानामा म उसलाई भेट्थें । कफी या चिया पिउँथे । ऊ भेप तान्थ्यो, म उसलाई हेरिहरन्थे ।

राजनीतिप्रति उसको अजीवको चासो थियो । ऊ ६२/६३ को जनआन्दोलनपछि जन्मिएको हो । आफू जन्मिएदेखि अहिलेसम्म उनै नेताहरूको हातमा देश छ र यिनीहरूले केही गरेनन् भनेर ठूलो आक्रोस पोख्थ्यो । प्रणालीको विरोध गर्थ्यो । नेताहरूको विरोध गर्थ्यो । "यो देश नेताले नै बिगारेको हो" भनेर चिच्याइरहन्थ्यो, कराइरहन्थ्यो ।

मसँगको हरेक भेटमा उसले एक चौथाइभन्दा बढी समय नेतालाई, देशलाई, प्रणालीलाई गाली गरेर नै बिताउने गर्थ्यो । म भन्थें, "देशलाई चाहिँ गाली गर्नु हुन्न ।"

ऊ भन्थ्यो, "मैले मेरो देशलाई होइन । यी बुढा नेताहरूले बस्न लायक नबनाएको देशको विरोध गरेको हुँ । यिनीहरूलाई शासनसत्ताबाट नहटाएसम्म मलाई शान्ति मिल्दैन ।"

"अनि आफ्नो कलिलो उमेर बिगाछौं ? आफ्नो भविष्य बिगाछौं ? यो तिम्रो पढ्ने बेला हो । देशको लागि सोच्नलाई अरु छन् । हामी छौं । अरु मानिस छन् । म सधैं भन्थे । तर ऊ भन्थ्यो- "होइन । अब हामीले नसोची हुँदैन । मेरो पुस्ताले नसोची हुँदैन । मेरो पुस्ताले नसोची मेरो देश बन्दैन । म यो देशलाई बदल्न चाहन्छु । म यी नेताहरूलाई हटाएर सबै अटाउने देश बनाउन चाहान्छु ।"

उसको आक्रोस झन धेरै गाढा हुँदै जान्थ्यो । म उसलाई शान्त पार्न त्यही भेपको बट्टा खोलेर दिन्थें । ऊ लामो सर्को तान्थ्यो र फुरुरु धुँवा उडाउँथ्यो । धुँवामा हराउँदै देखिँदै गरेको, छेलिदै देखिँदै गरेको उसको अनुहार म एकटक हेरिरहन्थें । मलाई खुब मनपर्थ्यो- उदासीले भरिएको उसको कलिलो अनुहार र भेपको त्यो क्युट बट्टा ।

कहिलेकाहीँ सोच्ने गर्छु- "आफ्नो छोरीभन्दा मुस्किलले पाँच वर्ष जेठो केटोसँग यो मेरो कस्तो आकर्षण हो ? उसबाट मैले चाहेको के हो ? ऊसँग एकछिन बसेर कफी चिया पिउँदा म कस्तो सन्तुष्टि भेट्थें ? तर पनि किन किन उसलाई भेट्न सधैं हौसिन्थे । मलाई नपुग्दो केही पनि छैन । घर छ । माया र

हेरचाह गर्ने श्रीमान् हुनुहुन्छ । मिलनसार छोरी छिन्- असल साथीजस्तै । म आफैं पनि व्यस्त छु । तर यो कलिलो केटाप्रतिको मेरो आकर्षण म आफैंले बुझ्न सकेको छैन । मैले ऊबाट चाहेको के हो त्यो पनि थाहा छैन । तर उसले पटकपटक नेताहरूलाई गाली गरिरहेको आक्रोशपूर्ण उसको बोली, उदास, निरास तर पनि प्रिय लाग्ने उसको अनुहार र उसले तानिरहने भेप ! यी तीन कुराले म सधैं उसको नजिक भइरहें । अनेक बहानाले । कहिले के बहानाले कहिले के बहानाले दिनमा एक चोटी अथवा हप्तामा दुई-तीन पटक भेटिरहन्थें ।

"तपाईं कहाँ हो ?" एक दिन बिहानै उसले फोन गर्‍यो ।

"म त घरमै छु । अफिस निस्किन लागेको ।" मैले भनें ।

"मलाई एकपटक भेट्नुहोस् न ।"

"कहाँ ?" मैले सोधें ।

"त्यही हाम्रै क्याफेमा ।"

हतार हतार ड्राइभ गरेर म उसले भनेको क्याफेमा पुगें । यो त्यही क्याफे हो जहाँ उसको र मेरो पहिलो भेट भएको थियो । यहि टेबलमा म मेरो परिवारसँग थिएँ । ऊ अलि पर बार्दलीमा बसिरहेको थियो । आज ऊभित्रै बसेको रहेछ । पहिला म बसेकै ठाउँमा ।

"के भयो ? किन आत्तिएर फोन गरेको ?" उसको नजिकै बस्दै मैले भनें ।

"होइन, त्यत्तिकै । भेट्न मन लागेर ।"

मलाई खुसी लाग्यो । मलाई मात्र भेट्न मन लाग्छ भन्ठानेको त उसलाई पनि भेट्न मन लाग्दो रहेछ ।

"किन ? किन भेट्न मन लाग्यो ?" मैले केही थाहा नपाएझैं गरि सोधें ।

"मलाई तपाईं राम्रो लाग्छ ।" उसले भन्यो ।

"किन राम्रो लाग्छ ?"

"यो देशको चिन्ता मैले गरिरहँदा अरु सबैले मलाई गाली गर्छन् । तपाईंले मात्रै हो मलाई सुन्ने ।" उसले भेपको लामो सर्को तान्यो ।

"गाली त मैले पनि गर्छु । भविष्यबारे नसोचेकोमा म पनि चिन्तित छु ।" मैले भनें ।

"होइन, तपाईंको गालीमा मप्रतिको बिश्वास छ । हेर्नुस् तपाईंले गरेको विश्वासजस्तै एकदिन यो देश बदलेर छोड्छु । यो देशको व्यवस्था बदलेरै छोड्छु । यहाँको प्रणाली परिवर्तन गरेरै छोड्छु । यी नेताहरूलाई नाङ्गेझार पारेरै छोड्छु ।"

"तिमी एक्लैले सक्छौ त ?" म सोध्छु ।

"मैले नसके कसले सक्छ ? म एक्लै छैन । मसँग मेरो समय छ । मेरो पुस्ता छ । मेरा मानिसहरू छन् । यो पुस्ताले यो देशको व्यवस्था नबदली सुखै छैन । हामी जसरी पनि बदल्छौं ।"

"के हो यो पुस्ता भनेको ? के कुरा गरेको ?" म अलि दिक्क मानेको जस्तो गरिदिन्छु । तर मलाई दिक्क भने लागेको होइन । किनभने उसको ओठमा नसुहाएको यो देश बदल्ने कुरा सुन्न मलाई मन लाग्छ । आवेश र आक्रोशयुक्त उसका शब्दहरू मलाई धेरैभन्दा धेरै सुन्न मन लाग्छ ।

"मेरो पुस्ता । म जन्मिएको समयको पुस्ता ।" उसले भेपको बट्टा टेबुलमा राख्यो, "तपाईंलाई थाहा छ ? म जतिबेला जन्मिएँ त्यतिबेलादेखि अहिलेसम्म तीनै दुई तीन जना मानिसहरूले राज गरिरहेका छन् । र हाम्रो भविष्यभन्दा बढी उनीहरूले आफ्नो सम्पत्ति र आफ्नो नातागोताको भविष्य मात्रै सोचिरहेका छन् । यो सिङ्गो देशप्रति सोच्ने मानिस नभएकै कारण यिनीहरू यति बदमास भएका हुन् । अब हामीले यिनीहरूको बदमासी बाहिर ल्याउनुपर्छ । राज्यसंयन्त्रमा जहाँजहाँ उनीहरूले आफ्ना मान्छे सेट गरेर आफ्ना बदमासी लुकाइरहेका छन् । ती सबै खोतल्नुपर्छ ।" ऊ झन आक्रोशित भयो ।

"ठिकै छ । तिम्रो कुरा त मैले मानें । तर तिमीले आज मलाई भेट्न चाहिँ किन खोजेको ?" म उसको आक्रोश शान्त पार्न विषय बदल्छु ।

"त्यत्तिकै ।"

"किन त्यत्तिकै ? के भयो ? खाना खायौ ?"

"छैन ।"

"के भयो त्यस्तो ?"

पछि थाहा भयो । उसले आफ्नै उमेरको कुनै केटी साथीलाई मन पराउँदोरहेछ । उसको राजनीतिप्रतिको मोह, विदेश जान नचाहने र यही देशमा केही गर्छु भन्ने उसको सपनासँग उनलाई वितृष्ण रहेछ । उसले विदेश जान नमानेपछि उनी एक्लै विदेश पढ्न जाने भइछन् । उसले त्यो थाहा पायो । अनि ऊ दिक्दार भएर मलाई भेट्न आएको रहेछ ।

"तिमी पनि जाउन त विदेश ।" मैले भनें ।

"जान्न । म यही देशमा केही गर्छु । हेरिराखुस्, यो देशलाई म बदलेरै छोड्छु । र म पछिका भाइबहिनीले यो देशलाई सम्भावना र अवसरले भरिएको देश पाउनेछन् ।"

"तिम्रो यो अटल विश्वासलाई म सलाम गर्छु ।" मलाई खासमा यतिखेर उसलाई चपक्क अङ्गालोमा कस्न मन लागेको हो ।

"तर तिम्रो विश्वासले मात्रै देश बन्दैन । बहुत जकडिएको छ यो देश । बहुत खराब भइसकेको छ यो देश । प्लिज तिमी आफ्नो भविष्यको चिन्ता गर ।" यतिखेर मैले साँच्चै मनले नै उसलाई आग्रह गरें ।

ऊ मेरो दुवै हात समाउँछ र भन्छ, "म कहिलेकाहीं आत्तिएँ वा हारें भने तपाईंले यसरी नै आँट दिनुस्, भरोसा दिनुस् तर यो देश बदलेरै छोड्छु ।" यति भनेर भेपको क्युट बट्टा खल्तीमा हाल्दै ऊ निस्कन्छ । मलाई उसका कुराले खुसीभन्दा बढी दुःख लाग्यो । म आफ्नो अफिसतिर लागें ।

एक साँझ म लगभग खाना खाएर बेडमा यतिकै ढल्किरहेकी थिएँ । उसको म्यासेज आयो "टिकटकतिर, फेसबुकको रिल्सतिर, युट्युवतिर देख्नुभयो !" भन्दै । मैले बुझिन र फोनै गरें ।

"नेपोबेबी हेर्नुस् न- .....नेपोबेबी । ट्रेन्ड नै छ त ।" उसले भन्यो ।

नभन्दै ऊजस्तै कलिला उमेरका केटाकेटी मिलेर देशका नेताहरू, तिनका छोराछोरीका मोजमस्ती र राजनीतिक प्रणालीको विरोध गर्दै धेरै कुरा भइसकेको रहेछ, सामाजिक सञ्जालमा । मैले धेरै पछि पो थाहा पाएँ ! उसले भनेपछि । यसो हेर्दा ठिकै पनि लाग्यो । राम्रो पनि लाग्यो । तर डर पनि लाग्यो । यस्तो बेला छ । शासकहरू आक्रामक भइरहेको बेला छ । सत्तामा रहेकाले जे पनि गर्नसक्ने बेला छ । ऊ आफैं पनि यसरी सामेल भयो भने उसलाई पक्राउ गर्लान् र दुःख पाउला । एउटा कलिलो केटोले कष्ट व्यहोर्नुपर्ने अवस्था आउला भनेर मलाई उसको उधुम माया लागेर आयो ।

मैले उसलाई फोन गरें, "प्लिज तिमी यसमा सरिक नहोऊ । यस्ता अभियानबाट टाढै बस है !"

"आत्तिनु पर्दैन अब यो ममा मात्रै सीमित रहेन । मेरो पुस्तामा पुगिसकेको छ । मेरो पुस्ताका प्रत्येक मानिस अहिलेको राज्य व्यवस्थासँग, प्रणालीसँग र नेताहरूसँग आक्रोशित छन् । हेरिराख्नुस्, यो सत्ता हामी ढालेरै छोड्छौं ।" उसले आज बोल्दा अलि बढी भरोसा र आँट थियो उसको शब्दमा ।

"ल ! ठिक छ भोलि भेटेर कुरा गरौँला ।" मैले भनें ।

भोलिपल्ट मैले उसलाई भेट्न जाँदा त्यही रेस्टुरेन्टको त्यही टेबलमा बसेर ऊ भेप तानिरहेको थियो । तर आज उसको भेप तनाइमा अलि बढी उत्साह थियो । छिटोछिटो तानिरहेको जस्तो लाग्ने ।

"के भयो ? खुसी देख्छु त !"

"हाम्रो आन्दोलन निकै फैलिसकेको छ । हाम्रो आन्दोलन सफलताको नजिक पुगिसकेको छ । अब हामी यो देशमा यी नेतालाई लखेटेरै छाड्छौं र हामी यो देशमा हामीले चाहेको जस्तो शासन व्यवस्था ल्याउँछौं । हामीले खोजेको जस्तो राज्यसत्ता सञ्चालन गर्छौं । र मेरो समयका सबै मानिस खुसी हुनेगरी यो देशलाई बदल्छौं ।"

"कस्तो कुरा गरेको ? त्यति सजिलो छ ?" मैले सोधें ।

"सोसल साइटमा जसरी हाम्रो ट्रेन्ड अगाडि बढेको छ । त्यसले एक दिन यो देशलाई बदल्छ बदल्छ । म विश्वस्त छु ।"

"को छ तिम्रो पछाडि ? के बोलिरहेको छौ ?" म झोक्किएँ ।

"मेरो सपना छ मेरो पछाडि । मेरो सिङ्गो भविष्य छ मेरो पछाडि र मभन्दा पछिका पुस्ताहरूको भविष्य छ मेरो पछाडि त्यही आँटले हामीले यो गरिरहेका छौं ।"

"आज हामी भनिरहेको छौं, हिजोसम्म म भन्ने गर्थ्यौ ?" मैले फेरि सोधें ।

"अब हामी समूह बनिसकेका छौं । मेरो सिङ्गै पुस्ता अगाडि बढिसक्यो । अब हामी यो देशलाई बदलेरै छोड्छौं ।" यति बोलेर उसले त्यही भेपको क्युट बट्टा तान्न थाल्यो ।

रातारात देशमा के भयो थाहा छैन । सोसल साइटहरू बन्द भए । उसको र मेरो सम्पर्कको लागि फोन बाहेक अरू विकल्प रहेन । नत्र बेलाबेलामा च्याट गर्थ्यौं । मिठो शब्द पठाउँथ्यो । म उसलाई भेपको धुँवा भएको 'इमोजी' पठाइदिन्थे । अहिले त्यो पनि छैन ।

उसले भन्थ्यो, "हामीले यो नेपोबेबी ट्रेन्ड चलाएपछि यिनीहरूले सोसल साइट नै बन्द गरे ।"

मैले भने, "होइन त्यस्तो । राज्यले कानुनको दायरामा आऊ भनेको हो ।"

"होइन, यो त बहाना हो । तपाईंले बुझ्हुन्न । यी शासकहरू खराब छन् । यिनीहरू बदल्न चाहँदैनन् आफूलाई र हाम्रो भविष्यलाई छोपिरहन चाहन्छन् । अँध्यारो बनाइरहन चाहन्छन् ।" ऊ आक्रोशित भयो ।

"यति धेरै पनि आक्रोसित नहोऊ न ! केही कुरा त राज्यको पक्षमा पनि सोचिदेऊ न !" मैले उसलाई शान्त बनाउने प्रयास गरेँ ।

"यो राज्य नै कहाँ छ र सोच्नका लागि । यिनीहरूले कहिल्यै सोचे त हाम्रो भविष्यबारे ?" ऊ अलि बढी नै आक्रामक रूपमा बोल्यो मसँग । पछि फेरि शान्त भयो- भेप तान्दै ।

"सरी मैले त्यस्तो भनेको होइन । तर यो देशको व्यवस्था नबदली म छोड्दिन ।"

उसले लामो भेप तान्यो र भन्यो, "दुईचार दिन अब म व्यस्त हुन्छु । तपाईंसँग भेट्न पाइन भने नरिसाउनु होला । हामी फोनमा गफ गरौँला ।"

"ठिक छ, तिमीले आफ्नो ख्याल गर्नु ।" मैले भनेँ ।

त्यसपछि देशमा धेरै कुरा भयो । सोसल साइट बन्द भएको विरोधमा मानिसहरूमा आक्रोश थपियो । राज्य र शासकविरुद्ध मानिसले सडक आन्दोलन घोषणा गरे । नभन्दै २३ गते सडकमा ओर्लने भनेर ट्रेण्ड नै चल्यो ।

- भदौ २३ गते ९ बजे माइतीघर जाऔँ

- भदौ २३ गते १० बजे माइतीघर जाऔँ

- भदौ २३ गते ११ बजे माइतीघर जाऔँ । भेला होऔँ ।

सामाजिक सञ्जाल बन्दविरुद्ध, भ्रष्टचारविरुद्ध, राज्य व्यवस्थाविरुद्ध, प्रणालीविरुद्ध आन्दोलनको उद्घोष भयो । मलाई डर लाग्यो र मैले उसलाई फोन गरेँ ।

फोन उठाउनासाथ उसले भन्यो, "तपाईं आउनुस् है ! भदौ २३ गते ११ बजे माइतीघरमा । यो जेन-जीको मात्रै होइन यो तपाइँ-हामी सबै पुस्ताको आन्दोलन हो । यो देशको व्यवस्था बदल्न हामी सबै चाहिन्छ ।"

मैले भनेँ, "यो तिमीहरूको आन्दोलन भनेको होइन, जेन-जीको आन्दोलन भनेको होइन ? म किन आउने ?"

उसले भन्यो, "होइन, यो तपाईं-हामी सबैको आन्दोलन हो । देश बदल्नुपर्छ । अब पनि बदल्न सकिएन भने दुःख पाइन्छ । तपाईंको पुस्ताले त

पायो पायो, मेरो पुस्ताले पनि पाउँछ र मभन्दा पछिको 'जेन-अल्फा'ले पनि पाउँछ ।"

यी जेनजी र कलिला किशोरकिशोरीको कुरा सुनेर दिक्क मान्नु कि बढ्दो जनआक्रोश देखेर खुसी मान्नु ? म केही भन्न, सुन्न र टुङ्ग्याउन नसक्ने अवस्थामा पुग्छु ।

भदौ २३ गतेको बिहानै ऊ मेरो घरमा आयो । म उठेर चिया बनाउँदै थिएँ । छोरी उठेकै थिइनन् । श्रीमान् पनि उठ्नुभएको थिएन । म छक्क परेँ ।

"आशीर्वाद लिन आएको ।" उसले भन्यो ।

के कुरा गरेको होला ! फिल्मी शैलीको उसको व्यवहार देखेर म अक्क न बक्क भएँ ।

"के कुरा गरेको ?" मैले भनें ।

"होइन म साच्चै तपाईंको आशीर्वाद लिन आएको ।"

"केको लागि आशीर्वाद ?"

"आज भदौ २३ हामीहरू आन्दोलन उद्घोष गर्दैछौं । र हेरिराख्नुस् यी शासकलाई सडकमा नल्याएसम्म र यो सत्ता नढालेसम्म हामी आन्दोलनबाट फर्किनेछैनौं ।"

"कस्तो कठोर कुरा गरेको तिमीले ? तिम्रो यो कलिलो अनुहारमा यो कुरा सुहाएन ।" मैले भनें ।

"अब यो कलिलो उमेर भनेर बस्ने अवस्था छैन ।"

त्यति नै बेला मेरो छोरी हामी नजिकै आउँछे । उसले छोरीलाई देखाउँदै भन्छ, "उसैको भविष्यको लागि पनि यो आन्दोलन आवश्यक छ । उसको जीवनको लागि पनि यो आन्दोलन आवश्यक छ । त्यस कारणले कृपया मलाई आशीर्वाद दिनुस् ।" उसले बलजफ्ती मेरो हात तानेर आफ्नो टाउकोमा राख्यो ।

मैले भनें, " तिमीले चाहेको पूरा होस् ।"

त्यसपछि ऊ निस्किहाल्यो । "अरे ! चिया पिएर त जाउ । के गरेको ?"

नाइँ आज चिया पिउने समय छैन ।

र यो नै उसँग मेरो अन्तिम भेट भयो । त्यसपछि मैले भेटेको छैन उसलाई । त्यसपछि के-के भयो भयो । कसरी सुनाउँ ? कसरी भनौं ? कसरी लेखौं ?

एक्कासि श्रीमान्को फोन आयो, "कता तिमी ? के गर्दैछ्यौ ?"

"अफिस निस्किने तयारी गर्दैछु ।"

"भयो ननिस्क । बाहिर बबाल भइसक्यो ।" श्रीमान्ले भन्नुभयो ।

"कस्तो बबाल ?"

"बानेश्वरतिर जेन-जीको आन्दोलन चर्किंदैछ । तिमी घरबाट ननिस्क । गाडी ननिकाल । म पनि घरै फर्कन्छु । छोरीको स्कुल पनि बन्द भइसक्यो छोरी आउँदैछिन् ।"

"लौन के भयो ?" मैले आत्तिन थालें ।

"जेनजीको आन्दोलन ठूलो भएको छ । बाहिर ननिस्क घरमै बस ।"

मैले तुरुन्त उसलाई फोन लगाएँ । उसको फोन लाग्यो तर उठेन । घडी हेरें । ११ बजेर ४३ मिनेट गएको रहेछ । आन्दोलनमा होला । जुलुसमा होला । त्यसैले उठाएन होला भनेर सम्झें । त्यसपछि टिभी खोलें । टिभीभरी बानेश्वरमा गोली चलेको ! गोली लागेर कलिला केटाकेटी र बच्चाहरू मरिरहेको समाचारह आइरहेका थिए ।

समाचारले म आत्तिएँ । फेरि उसलाई फोन गरें । फोनको घण्टी जान्छ । फोन उठ्दैन । म झन आत्तिएँ । टेलिभिजनमा आएका समाचार र दृश्यहरू हेरेर बस्नुको विकल्प रहेन । जति समाचार हेर्थें उत्तिकै आँत्तिन्थें ।

मैले सयौं पटक उसलाई फोन गरें । उसको फोन उठेन । पछि त उसको मोबाइल नै बन्द भयो । म झन् आत्तिएँ ।

साँझ श्रीमान्लाई लिएर म वानेश्वर क्षेत्रतर्फ गएँ । उसलाई नभेटी मेरो मन शान्त हुन सकिरहेको थिएन । सिभिल अस्पतालको ढोकामा पुगेपछि मन ढक्क फुल्यो । बाटाभरि जुत्ता चप्पल असरल्ल थिएँ । इँटा र ढुङ्गाहरू यत्रतत्र थिए । सडकमा रगतका छिटाहरू थिए । बाइकहरू ढलेका र जलेका थिए । युद्धभूमि जस्तो देखिन्थ्यो त्यहाँको दृष्य।

अस्पतालभित्र छिर्ने बेलामा श्रीमान्को हात कसेर समाएँ । आत्तिएको बुझेर उहाँले मलाई अँगालोमा लिनुभयो र डोहोऱ्याएर अस्पताल परिसरतर्फ लग्नुभयो ।

भीडभाड थियो । इमरजेन्सीभित्र छिर्नसक्ने अवस्था थिए । चिच्याएको कराएको आवाज आइरहेको थियो । म भित्र छिर्न सकिन र इमरजेन्सी अघिको बेन्चमा बसें ।

गोली लागेका घाइतेलाई ह्विलचेयरमा राखेर स्वास्थ्यकर्मी र स्वयंसेवकहरू दौडिरहेका थिए । एउटा ह्विलचेयर मेरै अघिबाट एम्बुलेन्सतिर अघि बढ्छ । टाउकामा पट्टी बाँधिएको घाइतेलाई थप उपचारका लागि ट्रमा सेन्टरमा लैजान लागिएको रहेछ । म नजिकै गएर घाइतेको अनुहार हेर्छु । रगतले लतपतिएको अनुहार ठम्याउन सक्दिन ।

साँझ छिप्पिएपछि श्रीमान्ले घर फर्किन अनुनय गर्नुहुन्छ । म उहाँकै हातको सहारामा उठ्छु र अस्पताल बाहिर निक्लन्छु ।

अस्पतालको मुल गेटबाट बाहिर निक्लेलगत्तै मेरो खुट्टामा ठेस लाग्छ ।

'टिङरिङ' आवाज आएतिर म हेर्छु । सडकमा भेपको सानो बट्टा देख्छु । उठाएर हेर्छु- यो त्यही भेपको क्युट बट्टा रहेछ ।

... र यसपछि बोल्न लेख्न मसँग कुनै शब्द बाँकी रहँदैन ।

❖ ❖ ❖

# चन्द्रमान खसेको दिन

डा. देवी क्षेत्री दुलाल

चन्द्रमान पहाडी जिल्लाको सदरमुकाम नजिकै घर भएको गरिब किसान परिवारको युवा हो । ऊ बाआमाको एक्लो छोरा थियो । बाआमाको अधिक माया पाएर पुल्पुलिएको थियो । चन्द्रमानले पढाइ लेखाइमा ध्यान दिएन । साथीसङ्गतीको लहैलहैमा लागेर पढाइ छाडेर जाँडरक्सी, चुरोट, खैनी, गाँजा धतुरोमा लत पर्दै गयो ।

ती यावत् कुरा चन्द्रमानको बुबा रामबहादुर र आमा धनकेशरीले थाहा पाए । सम्झाउन सक्दो प्रयास पनि गरे । तर, चन्द्रमानले टेरपुच्छर लाएन । उस्तै थिए उसका छरछिमेकी साथीहरू- गोविन्द, योगेश, दलमान, विमल र सुयोग ।

एक दिन धनकेशरीले रामबहादुरलाई भनी, "ए चन्द्रेका बाबा, यो हाम्रो छोराको बिहे गरिदिउँ अब बुहारीले सुधार्छे कि ! म त सक्दिनँ यसलाई थाम्नु ...... ।"

धनकेशरीको कुरा सुनेर एकछिन गम खाँदै रामबहादुर छड्के मुन्टो लाएर विस्तारै बोल्यो, "हुन त हो बुडी, कुरा ठीकै गरेउ । तर, खर्चपात कहाँ हो ! यसो जोरजाम गरेको यै जँड्याहालाई पुगेन ।"

"आ जे होला नि ऋनपान गरेर भए पनि बिहेदान त गरिदिनै पर्‍यो । पारि हर्केको जेठो पनि बिहे नगरुन्जेल यस्तै लैफुङ थ्यो अरे । बिहे गरेपछि त्यसकी बुढीले करेली लाइछ, अहिले साधुसमान भा'को छ भनेर मलाई साइँली काकीले भन्थिन् । हाम्रोलाई पनि बुहारीले त्यसरी नै सुधार्छे होली ।"

रामबहादुर र धनकेशरी घरभित्र बसेर गन्थन गरिरहेका थिए । बेलुकाको ठूलो साँझ टर्न लागेको थियो । बाहिरबाट ढोकामा लात्तीले ढ्याम्म हिर्काउँदै चन्द्रमान करायो, "एइ ! सम्साँझै ढोका थुनेर सुत्नु लाज लाग्दैन हँ ? ढोका खोल ।"

चन्द्रमान सधैँझैँ मातेर फिटान भएर आएको थियो त्यो साँझ पनि । बाआमालाई तथानाम गाली गर्‍यो । यस्तो पुगेन उस्तो पुगेन मलाई भनेर बाउसँग झगडा गर्‍यो । केही भनेन रामबहादुरले चन्द्रमानलाई, आँखाबाट पिलपिल आँसु

मात्र चुहायो ।

त्यतिकैमा धनकेशरीले सम्झाउँदै भनिन्, "हेर् छोरा अब तँ लाठे भइस्, तँलाई तेरो ग्रह दशाले यस्तो बनायो । भामरी उल्कापात लागेर होला तँलाई अभच्छे खान मन लगायो । पढिनस् पनि, हाम्रो भरोसा तैं एउटा छोरा छस् । तँ पनि सधैं यस्तो गर्छस् । अब यसरी हुँदैन छोरा तेरो बिहे गर्नुपर्छ ।"

आमा धनकेशरीको कुरा सुनेर त्यो दिन चन्द्रमान निकै मत्थर भयो । मधुरो स्वरमा के के के के गनगनाइरह्यो निकै बेर । आमाले सम्झाइ-बुझाइ गरिरहिन् । धेरबेरपछि चन्द्रमानले भन्यो- "गर्दिने भए गर्दिनू नि त । म मान्दिउँला ।"

त्यसै वर्षको मङ्सिर १७ गते धुमधामसँग चन्द्रेको बिहे सम्पन्न भयो । बुहारी भित्र्याएको खुसीयालीमा धनकेशरी र रामबहादुर औधी रौसिए । छोरा सप्रेला भन्ने आशामा उनीहरूले आफ्नो औकातभन्दा बढी खर्च गरेर छोरोको बिहे गरेका थिए । रामबहादुरका निम्तारुहरूले मात्र नभई छरछिमेकीले पनि त्यसै भनिरहेका थिए, "यो रामेले औकात नाघेर खर्च गर्‍यो ।"

कसैले भन्थे, "एउटै त हो नि छोरा ? उसका मनखुसी हो, गर्‍यो त उसकै मर्जी । किन दुखाउने हामीले टाउको । त्यसरी चन्द्रमानको बिहे भएको पनि वर्षदिन बितिसकेको थियो । बिहे भएको एकाध महिना त चन्द्रमान अलिक सुध्रिएजस्तो भयो । घरमा शान्ति छायो । त्यो देखेर धनकेशरी औधी खुसी थिइन् । त्योभन्दा पनि धेरै खुसी रामबहादुर थियो । बुहारी चम्पा पनि सिकटे डालकी गहुँगोरी, होची-होची भए पनि शील स्वभावकी थिई । सासु-ससुराको इज्जत गर्ने, छरछिमेक राख्ने, लोग्नेको ख्याल राख्ने खालकी थिई । समय बित्दै गयो । त्यतिकैमा चन्द्रमानको छोरा जन्मियो । पहिलो बेतमै नाति जन्मिएकोमा हुनसम्म खुसी भए रामबहादुर र धनकेशरी ।

न्वारान भयो । पुरेतले चन्द्रमानको छोराको नाम 'सुरेश' जुरायो । त्यसपछि चन्द्रमानलाई उसका जँडयाहा सङ्गीहरूले 'सुरेशको बाउ' भन्न थाले । सुरेश जन्मेपछि फेरि चन्द्रमान मातेर बौलाउन थाल्यो । चम्पालाई नानाभाति फत्तुर लाउँदै कुटपिट गर्न थाल्यो । यो मेरो छोरा होइन कसैको बोकेर पाइस् ? भन्थ्यो ।

रामबहादुर, धनकेशरी र चम्पाले चन्द्रमानलाई सम्झाउँने अनेक प्रयास गरे । तर अँह सुध्रिदै सुध्रिएन चन्द्रमान । रातोदिन नमातेको क्षण भएन । हुँदाहुँदा जाँडरक्सी र गाँजाको अधिक प्रयोगको असरले चन्द्रमान थरथरे भयो । रक्सी खान पाएन भने लरबराउने भयो । खान नपाएको झवाँकमा बाआमा र स्वास्नीलाई मात्र नभई नाबालक सुरेशलाई समेत कुटपिट गर्न थाल्यो । पाँच वर्षको भएको थियो सुरेश । एक दिन यो मेरो छोरा हुँदै होइन भन्दै बारीको जुठेल्नामा सुरेशलाई

पछारेर मरणासन्न बनायो ।

त्यो दिनदेखि भने चम्पाको मन पूरै मर्न थाल्यो र छिमेकी दिदी निर्मलालाई भनी, "दिदी अब म यो बौलासँग जुनी काट्न सक्दिनँ । माइत जान्छु र उतै यो छोरा हुर्काउँछु । अनि योसँग सम्बन्ध बिच्छेद गरेर स्वतन्त्र हुन्छु ।"

आफ्नो लुगा कपडा बोकेर चम्पा चन्द्रमानको घरबाट निस्किन्छे । चम्पा निस्केको देखेर रामबहादुर र धनकेशरीले पनि केही भनेनन् । चम्पाले भनी, "यो तपाईंहरूको नाति हुर्केपछि आउँछ । तर म यो घरमा यो जुनिभर आउँदिन...... ।"

त्यति भनेर आँसु झार्दै छोरा सुरेशलाई डोऱ्याएर माइत जान बाटो लागी चम्पा । चम्पाले चन्द्रमानलाई छाडेर गएको देखेर केही नबोली अध्यारिएर घरभित्र पस्यो रामबहादुर । धनकेशरीले नाति सुरेशको हातमा थुथुथु गर्दै थुकिदिँदै एक सयको नोट हातमा राख्दिँदै भनी, "तेरो सातो पुनि तँसँगै जाओस् है सुरेश, पछि ठूलो भर आइज ल हजुरीले पाल्नु ....... ।"

रामबहादुरको घर अगाडि ठूलो कुटमेरोको रुख थियो । रुखबाट अलिक अगाडि घुम्ती परेको ठाउँ थियो । त्यहाँबाट कुइक्क उता घुमेपछि चम्पा र सुरेश घरबाट छलिए ।

के के फत्फताउँदै धनकेशरी घरभित्र पसिन् । त्यहाँ रामबहादुर एकोहिरिएर बसिरहेको थियो । लामो स्वास तान्दै थर्थराउँदो स्वरमा भन्यो, "गई चम्पा जाओस्.....कुनै दिन मार्थ्यो ...... । हामीले छोरा जन्मायौ, सारथी हुन्छ भनेको त शत्रु पो पाइएछ । थुक्क रामे । ला खा .....।"

त्यसो भन्दै आफ्नै अनुहार तीनपल्ट लोपाऱ्यो रामबहादुरले । ऊ निकै नै आवावेशमा आएर एकछिन घुँक्कघुँक्क गर्दै ओछ्यानमा घोप्टो परेर रोयो । एकछिनपछि आँसु पुछ्दै उठ्यो र भन्यो, "यो गधा मरेको दिन मासुभात खान्छु ..... ।" त्यति भनेर गाईलाई घाँस काट्न पाखा बारीतिर गयो । गोठमा बाँधेको माली गाई जिब्रोले नाक चाट्दै रामबहादुरलाई हेरेर फ्वाँफ्वाँ ठूलो सास फेरिरहेको थियो ।

चम्पाले अदालतमा चन्द्रमानसँग छोडपत्र गरेर माइत बसेको पनि छ वर्ष भइसकेको थियो । छोरा सुरेशलाई चम्पाले सकेजति राम्रोसँग लालनपालन गरेकी थिई । मावलीमा मामा-माइजूले पनि माया दिएका थिए सुरेशलाई । चम्पाले सम्बन्ध विच्छेद गरेर गएपछि चन्द्रमानले मेरी बुढी किन छुटाइदिस् भनेर रामबहादुर र धनकेशरीलाई कुटपिट गर्न थाल्यो । कतिपल्ट छिमेकी कुमार सरलाई बोलाएर सम्झाउन लगायो । एकछिन हुन्छ, ल अब गर्दिन भन्छ अर्को दिन उसै गर्छ । कतिदिन ज्यान जोगाउन धनकेशरी र रामबहादुर अरूकै घरमा बसे । कति रात त जङ्गलमा लुकेर ज्यान जोगाए । कुमार सरकै सहयोग र सल्लाहमा चन्द्रमानलाई

पाँच पटक त सुधार केन्द्रमा राख्यो रामबहादुरले । त्यही छोरा सुध्रिन्छ कि भन्ने आशमा साहु काढेर खर्च गर्‍यो। धेरैपल्ट मरेतुल्य भएर पसारियो, त्यस्तो हुँदा अस्पताल लगेर उपचार गर्‍यो। अलिक सञ्चो भएपछि घर ल्याउँथ्यो । उल्टै बाआमालाई जेले पायो त्यसैले हानेर मरणासन्न पार्थ्यो ।

एक दिन, एक जर्किन रक्सी ल्याइदे नत्र तँलाई काट्छु भनेर उग्र गरेछ । बाँच्नकै लागि रक्सी ल्याइदेछ रामबहादुरले । रक्सी ल्याएर घरको आँगन टेक्नासाथ किन ढिलो गरिस् ? भनेर दाउराको कचेटले हानेर रामबहादुरको टाउको फुटाइदिएछ । त्यो कुरा थाहा पाएर उही कुमार सरले अस्पताल लगेर १६ टाँचा लगाएर घर ल्याए । त्यो क्षण रामबहादुरले रुँदै कुमार सरसँग भन्यो, "च्वाटै छिनाएर जेल जाउँ भन्छु सर । फेरि पुत्र हत्यारा हुने डरले ..........।"

रामबहादुरको पीडा र विवशतालाई कुमारले नबुझेको होइन, बुझेका थिए । तर पनि त्यस्तो गर्नुहुँदैन, एकदिन छोरा सुध्रिन्छ कि भन्दै सम्झाउँथे । घरका हाँडाभाडा सग्ला भन्ने एउटै थिएनन् । मातेको सुरमा चन्द्रमानले सबै फुटाएको थियो । भएको थोरै खेतबारी पनि बेचेर सकिन लागेको थियो उही चन्द्रमानको उपचार र जाँडपानीको लागि । छोराको चर्तिकलाको कारण पीर चिन्ताले सुकेर धनकेशरी र रामबहादुर हड्डी र छाला मात्र भएका थिए ।

एक दिन रामबहादुर बुढामावली घरमा मरिमराउ भ्याउन मानाचामल लगेर गएको थियो । घरमा धनकेशरी कपाल कोर्दै घाम तापेर बसिरहेकी थिइन् । चन्द्रमान आएर आमालाई रक्सी खाने पैसा माग्यो । ला यति छ लैजा ! भनेर ५० रुपैयाँको नोट पोल्टाबाट निकालेर दिइन् । चन्द्रमानले हजार दे भन्दै आमालाई लछारपछार पार्न थाल्यो । मसँग पैसाको नाममा सुको कोही छैन छोरा मलाई नकुट भनेर आमा अलापविलाप गर्दा पनि कुटपिट गर्न छाडेन । 'गुहार...गुहार' मलाई छोराले मार्‍यो भन्दै धनकेशरी कराएको सुनेर कुमार सर आए । पारिपट्टीको जेठाबा पनि आए । उनीहरूले चन्द्रमानलाई छुटयाउने प्रयास गर्दा जेठाबालाई नाकमा प्रहार गर्‍यो । नाथ्री फुटेर रक्ताम्य भए जेठाबाट ।

"अतिसारै गर्‍यो यो चन्द्रेले ।" कुमार सरले भने । "म यसकी आमा हुँ ......... । तर मेरो मनबाट तँ मरिस् अब । आमालाई कुटने छोरा मान्छे हुँदैन शत्रु हुन्छ, पशु हुन्छ । तँ पशु होस् तँ शत्रु होस् । तँ जुन दिन मर्छस् त्यो दिन आएर तेरो क्रिया गर्छु .....।" त्यसरी दौडँदै धनकेशरी कता हो आफन्तको तिर लागिन् । मध्यान्ह दिन थियो । कुमार सर र जेठाबा पनि आ-आफ्नै घरतिर फर्के । अब जँडयाहा चन्द्रमानको राज छायो रामबहादुरको घरमा ।

भोलिपल्ट विहान १० बज्न लागेको थियो । रामबहादुर कुमार सरको घरमा आएर भन्यो, "चन्द्रमान त खसेछ कुमार सर, अररिएको छ । म त हिजो

बुढा मावलीमा माना चामल लगेर गको थैं । उसकी आमा चैं पनि छैन । उसको साथी योगेश मात्रै झोक्राएर बसिरहेको छ .....।"

हत्त न पत्त कुमार सर रामबहादुरको घरमा पुगेर हेर्दा चन्द्रमान आँखा पल्टाएर उत्तानो परिरहेको देखे । हतारहतार छरछिमेकलाई फोनफान गरेर बोलाए । जँड्याहा योगेशले रुँदै भन्यो, "यसको साथी म बसेको थैं राति । उज्यालो हुने बेलामा एकपल्ट जोडले चिच्यायो अनि तनक्क तन्क्यो यो चन्द्र । आबो यो उठ्दैन मऱ्यो यो त खस्यो । म जानुपर्ने यो गयो पैली .....।"

त्यसरी त्यो बिहान चन्द्रमानको निधन भयो । छरछिमेक वारिपारिका मानिस आँगनमा भेला भए धनकेशरी पल्लोगाउँमा सानीमाकी छोरीको घरमा बसेकी रहिछन् । उनी पनि आइपुगिन् । सम्बन्ध बिच्छेद गरेर बसेकी चम्पालाई पनि कुमार सरले फोन गरेर जानकारी दिए । चम्पाले 'म उसको छोरालाई क्रिया गर्न पठाइदिन्छु म आउँदिन' भनी । एकाध घण्टाभित्र चन्द्रमानको छोरा सुरेशलाई ल्याइपुर्याई । यो भेला भएका भद्रजन, मलामीहरूले सोध्न थाले । जे हुनु भयो, चन्द्रमान खस्यो । क्रिया कसले गर्ने ? यो नाबालक छोरा एक्लैले गर्न सक्दैन । कि बाबुले आफैं गर्ने, कि काका बढाबाउ को छ निधो टुङ्गो गर्नुपर्छ ।

त्यो कुरा सुनेर चन्द्रमानको बुवा रामबहादुरले भन्यो, "म यसको क्रिया गर्दिन । क्रिया त के जुठो शुद्ध बार्दिन । यसले मलाई के मात्रै गरेन ? मैले उसैले नै भनेको थिएँ- तैं मरेको दिन मासुभात खान्छु भनेर । गाउँ समाजले जे भने पनि आज म मासुभात खान्छु .......।"

छोरा चन्द्रमानको लास आँगनमा तुलसीको मोठ अघिल्तिर लमतन्न पारेर लडिरहेको छ । स्वयम् जन्म दिने बाबुले नै छोरा मरेको दिन मासुभात खान्छु भनेको सुनेर त्यहाँ भेला भएका सबै तीन छक्क परे । आपसमा आँखाको इशारामा बोल्न थाले ।

जेठाबाले खासखुसलाई तोड्दै भने, "हेर न यो रामे, तँ बौलाइ सकिस् क्या हो हँ ? मनभित्र जे भए पनि मासुभात खान्छस् नै भने पनि तैले यो भन्ने कुरा हो ? थुक्क ! यही हो तेरो बुद्धि ?"

त्यसैबेला सिरानघरकी सुतार्नी माइली बोलिन्, "गर्नु नगर्नु त यो बज्या चन्द्रमानेले गरेको थियो । यिनलाई बनीबासै लाकोथ्यो । हिजै मात्रै धनमतीलाई कुटेर आधमोरो बनायो भन्ने गाउँभरि बुइँबुइँ थियो ।

अर्कीले बिचैमा थपी, "यो मरेको दिन क्रिया गर्नु आउँछु भन्थिन् धनकेशरी दिदी हिजो, नभन्दै तेस्तै भयो । कैलेको बोली पुग्छ भन्थे तेस्तै भयो ........।" शङ्ख बज्न थाल्यो । मलामीहरूले चन्द्रमानको लासलाई बाँसको कोक्रोमा हालेर टनटनी

कस्न थाले । त्यसैबेला धनकेशरीले चन्द्रमानको सबै कपडा बोरामा खादेर लासमाथि फ्याँक्दै भनी, "योसँगै डडाइदिनू यसलाई .... ।"

चन्द्रमान खसेको त्यो क्षण स्वयम् रामबहादुर र धनकेशरीको मनमा पीडा भन्दा एउटा मनसञ्चो भएको अनुभूति छाएको देखिन्थ्यो । आम आफन्ती र मलामी कसैको पनि आँखामा आँसुको सङ्केतसम्म देखिँदैनथ्यो । छिमेकी मनराराले हल्का लामो स्वास तान्दै भनी, "तपाईंको ५०।- रुपैयाँ तिर्छु है भाउजू ! भन्थ्यो, अब तिऱ्यो । भो परेन अब .....।"

त्यसैबेला गोविन्द हल्लिदै आएर ग्वाम्लाङ्ग चन्द्रमानको लासमा अँगालो हालेर रुदै, "तँ त गइस् चन्द्रे म पैली जानुपर्ने । कठैबरी म पनि भोलि यसरी नै मर्दा मेरो लागि रोइदिने कोइ नहुनेरछ .....। "

गोविन्द रोइरहेको थियो । विमल अलापविलाप गर्दै आइपुग्यो । "अस्तिको दिन पताले जेठाकोमा सँगै जाँडसँग च्वाँचे खाको है चन्द्रमान ? तँसँग खानु त्यति नै रछ ....। के रुन्छस् गोविन्दे ? तेरो त छोरा छ, यो चन्द्रेको पनि छोरै छ । मेरो त न छोरा न छोरी ? बुढीले पनि छोडेर अन्मरी । म मरेको दिन कस्तो होला चन्द्रमान भन् त भन् भाइ भन् ?"

उनीहरू रोइरहेका थिए चन्द्रमानको मृत्युमा कोक्याइ-कोक्याइ रोइरहेका थिए । मलामीहरूले उनीहरूलाई हटाएर लास उठाए । चन्द्रमानको लासलाई उठाएर घरदेखि ओरालै ओरालो खोलातिर लगे । गोविन्द र विमल पनि रुँदै चिच्याउँदै चन्द्रमानको लासलाई पछ्याउँदै खोलातिर लागे । घरमा रामबहादुर र धनकेशरी उज्यालो अनुहार लगाएर भित्र बाहिर गरिरहेका थिए ।

स्थानीय घुमाउने वेशीघाटमा चितामाथि चन्द्रमानको लास राखिएको थियो । मुखाग्नी दिने बेला भयो । पुरेतले भने, "लु छोरालाई दागबत्ती दिन लाउने । अनि आफन्तले दिने ।"

चिताका अघिल्तिर नाबालक सुरेशलाई केश मुण्डन गरेर उभ्याएको थियो । उनै सुरेशलाई सहयोगी रूपनारानको सहायताले दागवत्ती दिन लगाइयो । केही क्षणमै आगो दन्किएर चन्द्रमानको लास जल्न थाल्यो । मलामीहरू आपसमा उही रामबहादुरको बिहानको बोलीलाई लिएर कुरा गरिरहेका थिए । सुरेश आफ्नो बाबुको लास जलेको एकोहोरिएर हेरिरहेको थियो । गोविन्द रुँदै अलापविलाप गर्न थाल्यो आफ्नो साथीको बिछोडमा । गोविन्दको चित्कार बारेमा पनि मलामीबीच मिश्रित टिका-टिप्पणी भइरहेका थिए । शोक विह्वल गोविन्द नाबालक सुरेशको छेउमा बसेर भन्यो, "हेर् सुरेश भतिज ! तेरो बाबु र मैले रक्सी खाएर यस्तो भैयो । म पैले मर्नुपर्ने तेरो बाबु चन्द्रे पैले मऱ्यो । तेरो बाबु मर्दा रुइदिने म भएँ हेर अरू कोही रोएनन् । म मर्दा कसैले रोइदिँदैनन् । बुढीले छोडेर गइ, छोराले पनि एक

आँखाले हेर्नु सक्दैन । तेरो बाबु मऱ्यो। तेरो हजुरबा आमा रुनु त परै छोड्दे मासु भात खान्छु भनेको तैले पनि सुनिस् नि होइन सुरेश .........?"

नाबालक सुरेश त्यतिन्जेल कुनै प्रतिक्रिया नजनाई बसिरहेको थियो । गोविन्दले आफ्नो गोजीबाट एउटा फोटो निकालेर देखाउँदै भन्न थाल्यो फेरि, "यी हेर, यो तेरो बाबुको फोटो हो । अरू सबै तेरो हजुरबाले जलाइदिनू भनेर बोरामा हालेर पठाएका थे । अघि देखिस् नि लासमाथि राखेको ठूलो बोरा, हो त्यै बोरामा सबै । मैले यो एउटा फोटो जोगाएर राखेको छु । ला लु यो जतनले राख् । पछि मेरो बाबु र मैले जस्तो तैले जाँडरक्सी, सुर्ती गाँजा कहिल्यै नखानू ल ! अनि म मरेको दिन मेरो लागि तैले एकपटक रोइदे ल बाबु .........?"

त्यति भनेपछि गोविन्दको स्वर अवरुद्ध भएर हुँक्कहुँक्क मात्र गरिरहेको थियो । केही मलामीले गोविन्द र नाबालक सुरेशलाई नियालिरहेका थिए । त्यो क्षण नाबालक सुरेश हल्का रुन्चे हाँसो निकालेर बोल्यो, "म जाँडरक्सी, गाँजासुर्ती खाँदैखान्न र यसरी मर्दिनँ पनि । "हेर्नु अङ्कल ! जाडँरक्सी खाएर मर्नेको लागि म रुँदैरुन्न । तपाईं मर्दा म किन रुन्छु ? रुन्नँ ....... ।"

त्यतिन्जेलमा चन्द्रमानको लास खरानी भइसकेको थियो । चिता पखालेर नाबालक सुरेशसँग मलामीहरू घर फर्के ।

*बाह्रबस्ती, इलाम*

❖ ❖ ❖

# वित्तीय ज्ञान नहुँदा...........

✍ गोपी अर्याल (अर्याल_G)

झमक्कै साँझ परिसक्दा सुनकेशरी हाँप र झाँप गर्दै घर पुगिन् । एकातिर बाख्राका पाठा कराइरहेका थिए भने कुखुराका चल्ला पनि चिउँचिउँ गरिरहेका थिए । दिनभर घाँस र पानी खान नपाएर होला त्यही एक कोठे घरसँगै जोडिएको सानो गोठमा रहेको गाई पनि एकतमासले कराइरहेको थियो । सुनकेशरी घरभित्र छिर्दा भान्साका छेउमा छोराछोरी असरल्ल निदाइरहेका थिए । भोकै सुतेका छोराछोरीलाई त्यत्तिकै छाडेर खिचडी बनाउन कुकर चुलामा बसालिन् । खिचडी पाकेपछि छोराछोरीलाई खान बोलाइन् । छोरी बल्लतल्ल उठिन् तर छोरो उठेन । छोरीलाई खान दिइन् र छोरालाई ओछ्यानमा सुताइन् । अनि, आफूलाई पनि थोरै खिचडी पस्किइन्, तर छोरो भोकै सुतेका पिरले हो कि किन हो उनलाई खान मन लागेन र छोरीले खाइसकेपछि सँगै उठेर आफ्नो खाना चाहिँ गाईको खोलेभाँडामा हालिन् ।

सुनकेशरी पनि छोराछोरीसँगै ओछ्यानमा पल्टिइन् । धेरै बेरसम्म उनलाई निद्रा आएन । रात छिप्पिसकेको थियो । बाहिर कुकुरको एकोहोरो भुकाइबाट आएको कर्कश आवाजबाहेक कोठामा एक किसिमको सन्नाटा थियो । अरूबेला यसरी निद्रा नपर्दा उनी मोबाइलमा टिकटक, फेसबुक हेर्थिन् तर आज उनलाई दिउँसो पालिका नजिकैको स्कुलमा सदरमुकामबाट आएका सर-म्याडमले पढाएका विषयले खुब चिमोटिरहेको थियो । विद्यार्थी छँदा पढाइमा उनी निकै तेज थिइन् । निदाउने कोसिस गर्दागर्दै एक जना म्याडमले स्टेजबाट भनेको सम्झिन्, "साक्षर हुनु र वित्तीय रूपमा साक्षर हुनुमा ठूलो अन्तर छ ।" स्कुल पढ्दा उनमा पनि यसरी नै अरूका अगाडि उभिएर पढाउने सपना थिए । अवसर हुँदाहुँदै पनि समय र स्रोतको व्यवस्थापन गर्न नजान्दा वा नसक्दा सूर्यको उज्यालोसँगै हराएको 'बिहानको तारा'झैं ती सपना पनि समयको छालसँगै विलुप्त भएका थिए । सायद, त्यसैले उनले सम्झिइन् उनका सपना र परिवारको नियति यही वित्तीय साक्षरताको अभावले हालको अवस्था आएको होला । अधुरा सपना र परिवारको नियति मनमा आएपछि विगतहरू पत्रपत्र पर्दै उकुसमुकुस हुँदै मडारिन थाले ।

झण्डै सत्र वर्षअघि ११ कक्षा पढ्न सदरमुकाममा रहँदा अन्तरविद्यालय वक्तृत्व कलामा उनी जिल्लामै प्रथम भएर फर्किएको भोलिपल्ट प्रिन्सिपल सरले उच्च प्रशंसा गर्दै एउटा समारोह आयोजना गरी नगदसहित उनलाई पुरष्कृत गरेका थिए।

त्यसको भोलिपल्ट 'खोटाङ खाजा घर'मा सेलरोटी र चिया खाएको पैसा रोशनले अचानक तिरिदिएपछि उनीहरू दुईबीच चिनाजानी सुरु भयो । घर र स्कुलबीच दुरी मुस्किलले एक किलोमिटर मात्र भए पनि रोशन कक्षा १२ मा पढ्दा पल्सर बाइक चढेर आउँथ्यो । 'बाइक चलाउन मजै आएन यार', अब १२ सकेर त टाढाको कलेज पढ्न जान्छु भन्दै आफ्ना साथीसङ्गीमाझ गफ छाँट्थ्यो । उमेर पनि त चञ्चल हो त्यो बेला ! लामो कपाल पालेको, पल्सरमा हिंड्ने, लुकीछिपी चुरोट तान्दै साथीभाइमाझ 'ग्याङ लिडर' भई हिंड्ने रोशनसँग अरू छात्राहरू झैं सुनकेशरीको आकर्षण पनि स्वाभाविक थियो । त्यो आकर्षण प्रेम हुँदै विवाहमा परिणत भएको थियो । बिहेपछि सुनकेशरीको पढाइ छुट्यो भने कलेजमा बाबुको सम्पत्ति र रवाफको आडमा रोशनको उच्छृङ्खलता झन् बढ्दै गयो । कलेजबाट उसका धेरै सिकायत आए पनि उसका बुवाले खासै ध्यान दिएका थिएनन् । यत्तिकैमा रोशनलाई चार महिनाअघि कलेजले निष्कासन गरेको खबर सुनकेशरीले आफ्ना स्कुले साथीमार्फत थाहा पाइन् ।

रोशनलाई पैसाको कुनै दुःख थिएन । ऊ बाबुसँग हरेक दिन बेहिसाब पैसा मागेर घरबाट निस्कन्थ्यो र मध्यरातमा मात्र घर फर्कन्थ्यो । सुनकेशरी निरीह थिइन् । रोशन मध्यरातमा मातेर घर आउँदा हुने पीडा त छँदैथियो, समाजबाट हुने तिरष्कारले उनलाई थप विक्षिप्त बनाउँथ्यो । रोशनको यस्तो हर्कतले बुवामा दिनदिनै तनाव बढ्दै थियो ।

बिहे भएको चार वर्षसम्मको अनेक शारीरिक र मानसिक कठिनाइपछि सुनकेशरीले छोरी जन्माएकी थिइन् । छोरी जन्मेको खुसियालीमा रोशनले ठूलै भोज लगाएको थियो । सबैले रोशन र सुनकेशरीलाई बधाई दिँदै निक्कै भाग्यमानी छोरी जन्मिएको भन्थे । सुनकेशरी पनि मख्ख परेकी थिइन् ।

छोरी जन्मेको केही दिनमा छिमेकमा बस्ने एउटी भाउजू छोरीको जीवन बीमा र परिवारको स्वास्थ्य बीमा गराउन फारामसहित सुनकेशरीको घरमा आएकी थिइन् । तर रोशनले 'यस्ता बीमा त गरिबले गर्ने हो कुरा हुन्, हामीलाई आवश्यक छैन !' भनेर ती भाउजूलाई फर्काइदिएको थियो । 'रियल इस्टेट'मा लगानी गर्न भनी घरका बहुमूल्य गरगहना बेचेको सुनकेशरीले अलि पछि मात्र थाहा पाएकी थिइन् ।

बाहिर एकतमासको चिसो सिरेटो चलेको भए पनि सुनकेशरीलाई विगतको सम्झनाले पानी पिउनुपर्ने अवस्थामा पुर्यायो । उनले एक गिलास पानी पिइन् र पुनः विगततिरै हराइन् । रोशन सहरको ठूलो लगानीकर्ता भनी सबैबाट वाहवाही पाउने थोरै व्यक्तिहरूमा पर्दथ्यो । उसको कहाँ र कति लगानी छ भन्ने व्यवस्थित अभिलेख पनि कतै थिएन । ठूल्ठूला व्यक्तिहरूसँगको निरन्तरको उठबस र विभिन्न क्लबहरूले मागेजति चन्दा दिने उसको व्यवहारले सहरमा सबैले उसलाई निकै आदर गर्ने कुरा छोरीलाई खोप लगाउन सँगै जाँदा सुनकेशरीले अनुभव गर्थिन् । रोशनलाई कम

खर्चिलो जीवन जिउन सिकाउँदा सिकाउँदै सुनकेशरी पनि निकै खर्चालु भइसकेकी थिइन् । उनी पनि आवश्यक सामानभन्दा पनि मन परेका सामान किन्न थालेकी थिइन् । त्यो परिवारमा पैसा बचत गर्नुपर्छ भनेर सम्झाउने अब ससुरा बाहेक अरू थिएनन्, तर ससुरा आर्थिक कारोबारबाट पूरै अलग पारिएका थिए । सबै ठूला आर्थिक निर्णय रोशनले लिन्थ्यो भने घर व्यवहारका सबै निर्णय सुनकेशरीको अधीनमा थियो । रोशनले सबै लगानी जग्गा प्लटिङ र सेयर बजारमा खन्याएको थियो । यता, सुनकेशरी पनि ढुकुटी खेल्न अभ्यस्त थिइन् ।

उनी विगतमा थप हराउँदै गइन् । एक दिन ससुराबा र सुनकेशरी आँगनमा बसेर साँधेको ज्यामिर खाँदै थिए, दुई जना मान्छे आएर 'रोशनजीको घर यही हो ?' भनी सोधेर एउटा चिठी दिएर गए। ससुराले चिठी खोलेर हेरे । चिठीमा बैंकको कर्जा नतिरेको धेरै भएकोले तुरुन्त कर्जाको किस्ता (सावाँ, ब्याज) भुक्तानी गरी नियमित गर्नु भन्ने उल्लेख थियो । यसरी रोशनले बैंकबाट कर्जा निकालेको कुरा ससुरा-बुहारीलाई यसअघि थाहा थिएन । रक्सी खाएर आधारातमा घर फर्किएको रोशनलाई सुनकेशरीले बैंकबाट पत्र आएको सुनाइन् । त्यो कुरा सुन्नासाथ बैंकको हाकिमलाई राति नै फोन लगायो तर उताबाट रिसिभ नभएपछि फतफताउँदै सुत्यो । ऊ सुनकेशरीसँग पनि अरू दिनभन्दा बढी र फरक तरिकाले रिसाएको थियो ।

बैंकको चिठी आएदेखि रोशनका बुवा थप चिन्तित हुँदै गएका थिए । यत्तिकैमा सुनकेशरीले पनि छोरो जन्माइन् । अब घरमा आर्थिक समस्या प्रष्ट देखिन थालेको थियो । रोशनलाई आउने अधिकांश फोनहरू पैसा फिर्ता माग्ने प्रसङ्ग मात्र हुन्थे । यता आफू संलग्न ढुकुटीकी म्यानेजर पनि सबै पैसा लिएर फरार भएको खबरले सुत्केरी सुनकेशरीलाई थप पीडा दिएको थियो । आर्थिक तङ्गीको असर अब नवजात शिशुको हेरचाहमा समेत पर्न थाल्यो । आफूले पोसिलो खाना नपाएपछि शिशुले खाने दूध पनि पर्याप्त आएन । जन्मेको दुई महिनादेखि नै बच्चालाई भात मिचेर खुवाउनुपर्ने बाध्यता उनलाई आइपऱ्यो । छोरीको जन्मदिन पहिलो पटक उपहार, केक र चकलेट विहीन हुनपुग्यो । यी सबै कुरा सम्झँदा सुनकेशरीले आफूहरूको जीवन आर्थिक अस्तित्वको सङ्कटमा परेको अर्थमा बुझिन् । उनलाई लाग्यो त्यो बेला उनीहरूले स्पष्ट रूपमा पारिवारिक बजेट अनुशासन उल्लंघन गरेका थिए ।

ooo

अतीतमा डुब्दाडुब्दै उनले दिउँसो एकजना सरले सुनाएको एउटा लामो लाइन सम्झिने कोसिस गरिन्- "वित्तीय साक्षरता भनेको पैसाको थुप्रो लगाउनु मात्र होइन, यो त आर्थिक अनुशासनमार्फत आफ्नो र परिवारको 'मर्यादा र सुरक्षा' सुनिश्चित गर्नु हो । वित्तीय बजारका आफ्नै नियम हुन्छन्, यस्ता नियम मिच्नेहरूको

गन्तव्य सधैं 'दुर्घटना' नै हो ।"

चिठी आएपछि बैंकको ऋण तिर्न रोशनले मिटर ब्याजमा कर्जा लिएर आफ्नो घर खेत जोगाउने असफल प्रयत्न गरेको सम्झिइन् । रोशनको असंवेदनशीलताका कारण सम्पत्ति जोखिममा परेपछि बुबाको मानसिक स्वास्थ्यमा समस्या आउन थालेको थियो । एकदिन बुवाले सुनकेशरीसँग आफ्नो विगत सम्झँदै आँखाबाट बरर्रर आँसु बगाएका थिए । काँप्दो हातले पानीको अम्खोरा समात्दै सुनकेशरीका आँखामा हेरेर उनले भनेका थिए, "बुहारी, मान्छेहरू मलाई सदरमुकामको ठूलो व्यापारी भन्छन्, सम्पत्तिको साम्राज्य खडा गऱ्यो भन्छन् । तर, यो सम्पत्ति मलाई जलिरहेको कोइला जस्तो लाग्छ । तिम्री सासु छटपटाउँदा मैले गाउँमा एउटा राम्रो वैद्य पाइन, गतिलो ओखती किन्न सकिन, धेरै खुन बगेर ऊ मेरो काखमै बितेर गई । म निरीह भएर उसको 'परान' गएको दृष्यको लाचार साक्षी बनेको थिएँ । जाने बेलामा 'छोराको राम्ररी ख्याल राखू' भनेकी थिई ।" आम्खोराबाट दुई घुट्की पानी पिएर भित्तामा झुण्डिएको पत्नीको धुमैलो फोटो नियाल्दै ससुराले फेरि थपे, "छोराले दुःख पाउला अनि तिम्री सासुको आत्माले मलाई 'स्वार्थी बाउ' भन्ला भनेर पनि २७ वर्षको उमेरदेखि आफ्नो जवानी यसै बगाएँ, अर्को विवाह गरिन । तर, त्यही छोराले आज मेरो आत्मसम्मान यसरी लिलाम गर्दैछ, ....... म त हारेँ बुहारी ! अब, त्यसलाई तिमीले मात्र सम्हाल्न सक्छ्यौ ।" ससुराको दुखेसो सुनिरहँदा सुनकेशरीका आँखा रसाए ।

त्यस रात सुनकेशरीले रोशनलाई बुबाका अनुभूति सुनाइन् । अनि आफूले पनि सम्झाइन् । तर रक्सीको नसामा रहेको उसलाई यस्ता आग्रहले किन छुन्थ्यो र ? दम्भपूर्ण शैलीमा उसले यत्ति भनेको थियो कि, "भविष्यको चिन्ता तिनलाई हुन्छ, जस वर्तमानको टुङ्गो हुँदैन ।"

उनले बैंकको चिठी आएपछिको आफ्ना ससुराको हालत सम्झिइन् । विगतमा आफूले खडा गरेको वैभवको आफ्नै आँखा अगाडि भएको दुःखद अवसानको कारण ससुरामा एन्जाइटी, अनिद्रा, डिप्रेसनको लक्षण देखिन थालेको अनुभव सुनकेशरीले गरेकी थिइन् । ससुराबा अब बाहिरफेर हिँडडुल गर्न छोडेका थिए । भरसक, छरछिमेकका मानिससँग तर्केर बस्न मन पराउँथे । उनमा छोराको ऋणको बोझका कारण आत्मसम्मानमा कमी आउन थालेको थियो ।

सुनकेशरीले घडी हेरिन्, रातको एक बजिसकेको थियो । तर निद्रा फिटिक्कै परेको थिएन । छेउमा सुतेका छोराछोरीलाई हेरिन् । उनीहरू मस्त निदाएको देखेर थोरै भए पनि सन्तोषको सास फेरिन् उनले । दिउँसोको कार्यक्रममा अर्की म्याडमले दम्पतीबीच हुने झगडा र सम्बन्ध विच्छेदको एउटा प्रमुख कारण 'वित्तीय असमझदारी' हो भनेको पनि उनले सम्झिइन् । बैंकको चिठी प्राप्ति र ढुकटीकी म्यानेजर फरार भएपछि रोशन र सुनकेशरीबीच गम्भीर असमझदारी र झगडा हुन थालेको थियो ।

रोशन सुनकेशरीलाई 'आफ्नो सम्पत्ति ढुकुटी खेल्ने नाममा कसलाई लगेर खुवाइस् ?' भनेर झगडा गर्थे भने सुनकेशरी चाहिँ बाबुको सम्पत्ति, आफ्नो र छोराछोरीको भविष्य तहसनहस पारेको भनेर झगडा गर्थिन् ।

एक दिन बुवालाई अस्पताल लैजाने सवालमा पैसाको जोहो हुन नसक्दा रोशनले भएभरको आक्रोश सुनकेशरीमाथि पोख्यो । त्यो घटनालाई नियालीरहेकी पाँच वर्षकी छोरीले रुँदैरुँदै नाकबाट बगिरहेको रगत पुछेर फुली रोशनको हत्केलामा राखिदिँदै भनेकी थिई- "बाबा, मामूसँग झगडा नगर्नु न ! बरु मलाई कहिल्यै पनि बर्थडेमा केक, उपहार, चक्लेट केही पनि चाहिँदैन । यो फुली बेचेर बाजेलाई निको पारिदिनुस् ल !" यो दृष्य देखेर सुनकेशरी झण्डै मुर्छा परेकी थिइन् भने रोशनले छोरीलाई प्याट्ट गालामा हानेर छातीमा टाँस्दै निःशब्द भएको थियो । यता छोरी भने नाक दुखेर हो वा बाबाको थप्पडले वा बाबा-मामु दुवै रोएको देखेर हो, हिक्कहिक्क गर्दै धेरै बेरसम्म रोएकी  थिई ।

उनीहरूले जसोतसो बुवालाई अस्पताल भर्ना गरे । त्यसपछि सेयर ब्रोकरलाई रोशनले फोन गरेको सुनकेशरीले सम्झिइन् । रोशनले हतारिँदै काँपेको स्वरमा अस्पतालको बरण्डाबाटै ब्रोकरलाई फोनमा भनेको थियो, "दाइ, बुबा अस्पतालको बेडमा अन्तिम सास फेर्दै हुनुहन्छ, मलाई जसरी भए पनि आजै पैसा चाहिने भो। मेरो सबै सेयर बेचेर पैसा बैंक खातामा हालिदिनु ल ?" उताबाट ब्रोकरले मुटु नै चिसो हुने आवाजमा भनेको थियो, "रोशनजी बजार पूरै 'क्र्यास' भइसक्यो, तपाईंले हल्लाको भरमा किनेको त्यो कम्पनी त डुबिसक्यो । तपाईंले हाल्नुभएको सावाँको १० प्रतिशत पनि आउँदैन । अब त त्यो सेयर कागजको टुक्रा मात्र हुने भो !" उसले थप भनेको थियो, "मानिसहरू सेयर बजारलाई सट्टेबाजीको अड्डा जस्तो ठानेर जथाभावी लगानी गर्छन्, राम्ररी बुझेर, जानेर मात्रै पो लगानी गर्नुपर्छ त रोशन जी ! सेयर बजारमा लगानीसम्बन्धी ज्ञान भनेको त बजारको आँधीमा तपाईंको घर (सम्पत्ति) जोगाउने इन्जिनियरिङ पो हो त !"

फोन काटेर रोशनले लामो सुस्केरा हाल्दै भनेको थियो, "मैले त लगानी गरेको सोचेको थिएँ, तर आफ्नै बुबाको आयुमा जुवा पो खेलेको रहेछु ।" चारैतिरबाट निराशा हात परेपछि रोशन जिन्दगीबाट हारेको कैदीको रूपमा अस्पतालको बेडमा रहेका आफ्ना विरामी बुबासँग आँखा जुधाउन नसकेर सिरानी नजिक बसेर औषधि राख्ने खाली र्‍याक र उधारो बिलको चाङ हेर्दै टोलाइरहेको थियो ।

घर नजिकै कराएको हाप्सिलोको आवाजले सुनकेशरीलाई पुनः कोठामै रहेको याद दिलायो । तर, उनमा निद्राको कुनै सङ्केतसम्म थिएन । उनले फेरि अस्पतालको त्यो बसाइ सम्झिइन् जतिबेला रोशनले दश दौरान गरेर जम्मा गरेको त्यो अन्तिम पाँच लाख हात थरथर कमाउँदै अस्पतालको काउन्टरमा बुझाउँदा पनि

अस्पतालकी कर्मचारीले थप पैसा जम्मा नगरे उपचार रोकिन्छ है ! भनेकी थिइन् ।

ससुरालाई सुताएको बेडको छेवैमा सुताइएकी एक वृद्धा विरामीका छोराले रोशनलाई "बीमा गर्नुभएको छैन ?" भनेर सोधेको सम्झिइन् । रोशनले हडबडाउँदै "छैन।" मात्र भनेपछि ती वृद्धाका छोराले "बीमा त गज्जबको आर्थिक सुरक्षाकवज पो हुने रहेछ ।" भनेको पनि सम्झिइन् । रोशनले थपेको थियो, "ऊ बेला स्वास्थ्य बीमा गरौं भन्दै सल्लाह दिनेलाई आफू बलियो भएकोले केही हुँदैन भनेर दम्भ पालेर बीमा गरिनँ, त्यो बेला मैले बिर्सिएछु कि भाग्य सधैं सबैको पक्षमा हुँदैन । त्यसबेला बीमा गरेको भए हामी बुबाको सहज रूपमा उपचार गराउन मात्र सक्ने थिएनौं, श्रीमतीका गरगहना, छोराछोरीको वर्तमान र भविष्य अनि हाम्रो स्वाभिमान लिलाम भइरहेको टुलुटुलु हेर्नुपर्ने थिएन होला । त्यो बेला बीमा भविष्यको अनिश्चितता विरुद्धको एउटा सानो मूल्य हो भन्ने नबुझेर त्यसलाई फजुल खर्च सम्झिने ठूलो भुल गरेछु सर।" यति भनिसक्दा रोशन गहभरि आँसु पारेर भित्तातिर फर्केको थियो ।

यो सबै सुनेर गम्भीर बनेका ती वृद्धाका छोराले भनेका थिए, "यस्तो बेला धेरै कुरा त के गर्नु र सर, बीमा भनेको त छाता जस्तै रहेछ, जुन घाम लाग्दा बोझ लाग्छ, तर पानी पर्दा त्यसैले ज्यान जोगाउने रहेछ ।" उता छोरीलाई छिमेकीको जिम्मामा छोडेर आएको र भोकाएर रोएको सानो छोराको आवाजले ऐंठन नै होला जस्तो भएको अस्पताल बसाइको त्यो क्षण सम्झेर सुनकेशरी आज फेरि यो मध्य रातमा एक्लै रोइन् । उनले एक गिलास पानी पिएर त्यो क्षणलाई निरन्तर सम्झँदै पुनः सोचिन्, "त्यो अस्पतालको परिसरमा झरेका हाम्रा आँसु केवल पानीका थोपा होइन रहेछन्, ती त समयमै नबुझिएको सत्यको भारी मूल्य रहेछन् । बीमा भनेको मृत्युको लागि होइन, यो त जीवित रहेकाको जीवनलाई मर्यादित बनाउनको लागि पो रहेछ । बीमा भनेको किन्ने बस्तु होइन, यो त जिम्मेवारी रहेछ । रोशनले आफ्नो जिम्मेवारी भुल्दा हाम्रो पूरा परिवारले त्यसको सजाय भोग्नुपऱ्यो । आँसु झरिसकेपछि मात्र चेत खुल्नु जस्तो ठूलो दुखान्त जीवनमा अरु केही नहुने रहेछ ।"

मध्यरात वितिसक्दा पनि सुनकेशरीलाई निद्रा परेको थिएन । उनी वित्तीय साक्षरताको दिउँसोको कार्यक्रममा कुहिरोको कागझैं भएकी थिइन् । तर आफ्नै विगत नियाल्दै जाँदा अब उनी केही मात्रामा वित्तीय साक्षरता बुझ्न सक्ने भएकी थिइन् । उनलाई लाग्यो- उतिबेला आफू र रोशनसँग बेहिसाब पैसा भएको बेला स-सानो रकम उपयुक्त ठाउँमा लगानी गरेको भए सायद उनीहरूले ससुरालाई बचाउन सक्ने थिए । त्यो रात उनलाई १२ कक्षासम्म पढेको भनी सम्झन पनि लाज लाग्ला जस्तो भयो । उनले बुझिन्- वित्तीय साक्षरताको दर्शन भनेको त 'मितव्ययिता र दुरदर्शिता'को सङ्गम पो रहेछ । यसले उपलब्ध स्रोतमध्ये केहीलाई बचत गरी बाँकी रकमबाट कसरी उत्कृष्ट जीवन जिउने भन्ने कला सिकाउने रहेछ । उनले थप निष्कर्ष निकालिन् कि वित्तीय साक्षरताले मानिसलाई धनी मात्र होइन

आर्थिक रूपमा स्वतन्त्र पनि बनाउने रहेछ ।

उनले दिउँसो कार्यक्रममा भनिएका शब्द र वाक्यहरूलाई आफ्नो ज्ञानको दायरा र भोगाइको आधारमा सम्झिने कोसिस गरिरहिन् । उनले बुझिन् कि देखासिकी आर्थिक समस्याको सबैभन्दा ठूला मध्येको एउटा कारक रहेछ । देखासिकी गर्ने व्यक्तिले त त्यस्तो पैसा पो खर्च गर्ने रहेछ, जुन पैसा उसले अझै कमाएकै हुन्न । उसले गर्ने खर्च या त अरुले जम्मा गरिदिएको रकम हुने रहेछ, कि त ऋण लिएर गरेको हुने रहेछ । उनले थप स्पष्ट भएको महसुस गर्दै सोचिन्, "देखासिकी भनेको त अरूको 'आँखाको कैदी' हुनुरहेछ, जब हामी अरूलाई देखाउनका लागि जिउन छोड्छौं, तब मात्र वास्तविक वित्तीय र मानसिक स्वतन्त्रताको सुरुआत हुने रहेछ ।" उनी थप सोच्दै गइन्, "वित्तीय साक्षरताको अभाव केवल पैसाको कमी कारक मात्र होइन रहेछ, यो त समय र सम्बन्धको हत्या रहेछ । हामी अनावश्यक तवरले पैसा खर्च गर्ने रहेछौं, बरु त्यो पैसा कमाउन खर्च गरेको वा गर्नुपर्ने आफ्नो जीवनको समय नष्ट गरिहेका हुनेरहेछौं।"

दिउँसोको कक्षामा सरले भनेको प्रसङ्ग सम्झँदै उनले थप सोचिन्, "मानिस धनी देखिनु र भित्रैदेखि ढुक्क हुनुबीच कति फरक कुरा रहेछ ? रोशनले सधैं अरूलाई देखाउन ठूलो गाडी चढ्यो, महँगा कपडा लगायो । हामी धनी त देखियौं होला, दुनियाँको नजरमा । तर भित्रभित्रै खोक्रो भइसकेका रहेछौं । वास्तविक धन त त्यो बैंकको बचत वा भकारीको धान जस्तो पो रहेछ, जुन बाहिरबाट देखिँदैन तर परेको बेला परिवारको ज्यान जोगाउन मद्दत गर्ने रहेछ । हामी सबै यो संसारमा समयको एउटा थैलो लिएर आएका हुने रहेछौं । जब हामी केही पैसा कमाउछौं, वास्तवमा हामीले आफ्नो जीवनको केही घण्टा वा दिन त्यो पैसासँग साटिरहेका हुनेरहेछौं । हामीले केही पैसा बचत गर्यौं भने हामीले भविष्यको लागि केही समय किनिरहेका हुनेरहेछौं । त्यसैले मानिसको बचत भनेको उसको कमाइ र घमण्डबीचको लडाइँ पो रहेछ । रोशनमा आफ्नो कमाइभन्दा उसको ठूलो मान्छे देखिने घमण्ड बढी थियो । छिमेकी र सहरका मान्छेलाई प्रभावित पार्न उसले पैसा पानीसरी बगाइरह्यो । अरूलाई देखाउन आडम्बरी जीवन बाँच्दाबाँच्दै हामीले त आफ्नै ओत लाग्ने छानो समेत बेचिसकेका रहेछौं । त्यति मात्र होइन अरूलाई प्रभावित पार्ने चक्करमा रोशनले हाम्रो परिवारको अहिलेको शान्तिलाई करको रूपमा तिरिरहेको रहेछ उबेला ।" ती सरले दिउँसो भनेको अर्को एउटा लाइनले सुनकेशरीलाई भित्रैसम्म छोएको थियो- पैसा हुनु मात्र ठूलो कुरा होइन, पैसा राखेर ढुक्कसँग निदाउन पाउनु चाहिँ वास्तविक सफलता हो । मोबाइलमा घडी हेरिन् बिहानको तीन बजेको रहेछ । सरले अन्तिममा भनेका थिए, "वित्तीय साक्षरताले व्यक्तिलाई सन्तुष्ट प्राप्त गर्ने बाटो देखाउँछ । व्यक्तिको सफलता कति पैसा थुपार्न सक्यो भन्नेमा होइन कि पैसाको अभावले उसले कुन-कुन सपनाको हत्या गर्नुपरेन भन्नेमा भर पर्छ । त्यसैले पैसा एउटा राम्रो नोकर हो, तर निकै क्रुर मालिक हो ।"

हावाको चिसो झोँक्का कोठाभित्र छिऱ्यो, हिजो जस्तै बाछिट्टा सहितको पानी पऱ्यो भने छोरीको किताबकापी भिज्ला भनेर स्कुल ब्याग कोठाको बीचतिर सार्न लाग्दा एउटा कपी भुइँमा झऱ्यो । उनले त्यो कपी उठाएर हेर्दा आजै लेखेको गृहकार्य देखिन् । उनलाई पढ्न मन लाग्यो । जहाँ लेखिएको थियो ।

मेरो घरपरिवार

पहिले हाम्रो घरमा हजुरबा हुनुहुन्थ्यो
उहाँले साँझ कथा सुनाउनुहुन्थ्यो ।
बाबा पनि पहिले धेरै हाँस्नुहुन्थ्यो
मलाई काँधमा बोकेर पसल लैजानुहुन्थ्यो ।
अहिले हजुरबा फोटोमा हुनुहुन्छ
बाबा पनि फोटोमै हुनुहुन्छ,
मामू बिहान चाँडै उठ्नुहुन्छ
राति अबेरसम्म काम गर्नुहुन्छ ।
कहिलेकहीँ भान्सा सफा गर्दा चुपचाप रुनुहुन्छ ।
मेरो भाइ राति धेरै रुन्छ ।
उसलाई मिठाई किनिदिने बाबा चाहिएको हो कि जस्तो लाग्छ
तर बाबा आउनुहुन्न ।
म ठूलो भएर डाक्टर बन्छु,
अनि म पैसाको कारणले कसैको पनि हजूरबालाई मर्न दिन्न ।

(अंकिता शर्मा, कक्षा ३)

सुनकेशरीले ती हरफ पढिसक्दा आँसुले कपीको पाना पूरै भिजिसकेको रहेछ । उनले छोरा र छोरीको अनुहार सुम्सुम्याइन् र पालैपालो दुवैलाई म्वाइँ खाइन् । हिक्का छोडेर रोइन् र रोशनको फोटो हेर्दै भनिन्, "मेरो राजा तिमीले ठूलो पाप गर्यौ । मेरो त माया लागेन, यी अबोध छोराछोरीको के दोष थियो ? आज छोराको हरेक रुवाइमा छोरीले तिम्रो अभाव देखिदैछिन् भने आफू कति तिमीलाई याद गर्दिहोलिन् ।"

निद्रा पर्ने छाँटकाँट थिएन । फेरि, अब सुतिन् भने बिहान उठ्न ढिला हुने

थियो । श्रीमान्को यादले अति नै तड्पिएको बेला सुसाइड नोट नै भए पनि रोशनले उनलाई बिहेपछि जीवनमा पहिलो र अन्तिम पटक मायालु शब्दमा सम्बोधन गरेको नोट पढ्ने गर्थिन् । त्यसैको निरन्तरता स्वरूप आज पनि उनले पुरानो टिनको बाकसमा जतनसाथ राखेको त्यो डायरी निकालेर पढ्न थालिन्ः

सुनु !

म सानै हुँदा आमा मरेकी हुन् रे।

मलाई आमाको अनुहार पनि याद छैन ।

मान्छेहरू भन्थे- आमा भए बच्चा भोकै सुत्दैन ।

त्यही भएर होला, बुवा व्यस्त भएर अबेर राति मात्र घर आएका धेरै रातहरू म भोकै सुतेँ ।

तर, त्योभन्दा धेरै म आमाको माया नपाएर रुँदै सुतेँ ।

सायद त्यसैले होला, म सधैँ धेरै पैसा भए सबै अभाव मेटिन्छ भन्ने सोचेर हुर्किएँ ।

तर आज आएर बुझेँ,

बच्चालाई सबैभन्दा पहिले पैसा होइन, सुरक्षित घर चाहिँदो रहेछ ।

छोरीले त्यो दिन आफ्नो फुली बेचेर बाजेको उपचार गर्नू भनेकी थिई,

त्यो बेला मैले उसलाई थप्पड हानेँ ।

वास्तवमा मैले त्यो थप्पड उसलाई होइन,

आफ्नो असफलता ढाक्न आफैँलाई हानेको रहेछु ।

म चाहन्थेँ, मेरा छोराछोरीले मैले जस्तो अभाव नदेखुन्,

तर, सत्य कुरा त मैले उनीहरूलाई अभावभन्दा ठूलो कुरा दिएछुः

डर ।

घरझगडा ।

ऋणको तनाव ।

तनावग्रस्त बाबुआमाको दैनिकी ।

टुक्रिएको भविष्य ।

सुनु !

मलाई थाहा छ, म अब तिमीहरूलाई बिछोडको पीडा र अभावको जिन्दगी बाहेक

केही दिन सक्दिनँ ।

तर, एउटा अन्तिम अनुरोध गर्छु है !

मेरा छोराछोरीलाई कहिल्यै त्यस्तो रात नआओस्, जहाँ उनीहरूले भित्रभित्रै आमालाई खोजिरहुन् ।

छोरीलाई सिकाइदिनु-

उसको मूल्य सुनको फुलीभन्दा धेरै ठूलो छ भनेर । उसलाई त्यस्तो मान्छेको पछि कहिल्यै नलाग्नू भन्नू,

जसले संसारलाई प्रभावित पार्न आफ्नो घर जलाउँछ ।

म राम्रो श्रीमान् हुन सकिनँ ।

राम्रो छोरो हुन सकिनँ ।

अनि, झन् राम्रो बाबु त पक्कै बन्न सकिनँ ।

तर, एउटा कुरा सत्य हो-

तिमीहरूलाई माया भने धेरै गरेको थिएँ ।

यति धेरै कि आफैं हारिरहेको कुरा स्वीकार गर्नुभन्दा मैले आफैंलाई हराइदिएँ ।

यदि कहिल्यै छोराछोरीले मेरो बारेमा सोधे भने,

उनीहरूलाई मेरो कमाइको कथा नभन्नू ।

उनीहरूलाई यति मात्र भन्नू-

तिम्रो बाबाले जीवरभर पैसा कमाउन खोजे,

तर, अन्तिममा आएर बुझे-

बच्चाको अनुहारमा डर नहुनु नै संसारको सबैभन्दा ठूलो सम्पत्ति रहेछ ।

उनी जतिपटक यो नोट पढ्थिन्, उनका आँखा भरिएर आउँथे, आज पनि त्यस्तै नै भयो । नोटको अन्तिम लाइनसँगै उनले छोराछोरीतिर हेरिन् । बाहिर कुकुर कराइरहेका थिए । भित्ताको घडीको टिकटिक र छोराछोरीको सास फेरेको आवाजबाहेक कोठाभित्र गहिरो सन्नाटा थियो । आज चाहिँ उनले रोशनको सुसाइड नोटको अर्थ बुझ्ने कोसिस गरिन् । अनि, मनमनै सोचिन्-

त्यतिका वर्ष रोशनले घर बनाउन खोजेका रहेछन्, तर घरभित्र शान्ति बचाउन कहिल्यै सिकेनछन् ।

रोशनले पैसा कमाउन खोजे, उनले धेरै कुरा बचाउन खोजिन्, तर उनीहरू

दुवैले भविष्य बचाउन सिकेनछन् । उनको आँखा फेरि भरियो । तर, यो पटक आँसु पहिले जस्तो असहाय थिएन । उनलाई पहिलो पटक लाग्यो, जीवन अझै सकिएको छैन । सायद, अब उनी छोरालाई ऋण होइन बचत सिकाउन सक्छिन् । छोरीलाई देखासिकी होइन, आत्मसम्मान सिकाउन सक्छिन् । सायद, अब उनी पैसा कमाउने मात्र होइन, पैसा जोगाएर शान्तिसँग बाँच्ने जीवन खोज्न सक्छिन् । कोठा बाहिर पश्चिमतिर जून हराउँदै थियो । धेरै वर्षपछि उनको मनभित्र पनि अँध्यारोले निल्न नसकेको एउटा सानो बिहानी पलाउन थालेको थियो ।

निद्राको अत्तोपत्तो थिएन, दुई वर्षअघि आत्महत्या गरेका आफ्ना पति र तीन वर्ष अघि निधन भएका ससुराको भित्तामा टाँगिएका फोटो, सुतिरहेका छोराछोरीको अनुहार र छोरीले रहर गरेर कोठाभित्रै सानो गमलामा रोपेर भर्खरै फूल्न थालेको फूलतिर पालैपालो हेरेपछि मनमनै सोचिन्, "जब किताबले सिकाउने बेला थियो सधैं झ्याप्पै निद्रा लाग्थ्यो, तर आज जिन्दगीले सिकाइरहेको छ, आँखा झिमिक्क भएको छैन ।"

बिहानको चार बजिसकेको थियो । उनले यसो फेसबुक खोलिन्, सुरुमै एउटा समाचार देखियो, 'आगामी शनिबार र आइतबार सुकुम्बासीका घरटहरामा डोजर लगाइँदै ।' अब त उनलाई निदाइदिने मात्र होइन सास फेरिदिने पनि कोही खेताला लगाउनुपर्छ कि जस्तो भो !

❖ ❖ ❖

# नेपाली कथा परम्परा र विकासक्रम

✍ राजेन्द्र सुवेदी

नेपाली कथाको उद्भव र विकासको इतिहासमा युगअनुसार विभिन्न सामाजिक सांस्कृतिक पक्षका कारक तत्त्वहरूले महत्त्वपूर्ण भूमिका निर्वाह रहेको हुन्छ । कथामा परम्परा र संस्कृतिका आन्तरिक संवेदनाको तहमा शृङ्खला बनेर आएको हुन्छ । यसमा ऐतिहासिक परम्परा र त्यसको उपस्थापन गर्ने क्षमताको अभाव पनि यिनै कथाहरूमा पाइने विशेषताका तहमा रहेको हुन्छ । तर नेपाली कथाको आरम्भ विकासका सन्दर्भमा निकै व्यस्थित ढङ्गले विकास भएको पाइन्छ ।

कथाको परम्परा पूर्व तथा पश्चिम दुवै सभ्यता मानव सभ्यता जत्तिको सुदीर्घ इतिहास बनेको छ । पूर्वीय साहित्यको इतिहासका सबैभन्दा पहिले ऋग्वेद, ब्राह्मण ग्रन्थ, उपनिषद् हुँदै पौराणिक पलसम्म विस्तारित बन्न आएपछि यसले इतिहास र साहित्यको समाहित रूप लिन पुगेको छ । पुराणकालमा रामायण र महाभारतका आख्यानले यसलाई महाआख्यानको स्वरूप प्रदान गरेको छ । पञ्चतन्त्र, हितोपदेश, बृहत् कथा, कथासरित्सागरजस्ता कृतिले कथालाई ज्ञान र कला दुवै पक्षको समायोजन गरेर पाठकसामु प्रस्तुत गर्ने काम गरेका छन् । यसै पूर्वीय कथा परम्परामा लोक चिन्तनप्रधान तथा मनोरञ्जनयुक्त र तिलस्मीपूर्ण कथाको आकृति प्रदान गर्ने बेतालपच्चीसी, शुकसप्तति, सिहासनद्वात्रिंसतिका आदि आख्यानहरू यस समय र क्षेत्रका उदाहरणहरू हुन् । यस प्रकारको कथा क्रममा दृष्टि दिँदा लामो इतिहास शृङ्खला तयार भएको छ ।

पाश्चात्य कथा परम्परा पनि निकै लामो छ । अभिलेखमा देखिएको पहिलो उदाहरण इजिप्टको इसापूर्व तेस्रो शताब्दीतिरको दुई दाजुभाइलाई मानिएको छ । इसाको आरम्भपछि बाइबलको रचना, ग्रिस र रोमका प्राचीन शास्त्रीय ग्रन्थहरूमा कथाका उदाहरणहरू उल्लेख भएका छन् । इसाको चौधौं शताब्दीतिर आइपुग्दा इटालीमा बोकयासियोको डेक्कामेरो र बेलायतका कथाकार चसरको केन्टरबरीटेल्सजस्ता आख्यान कृतिहरू देखा परे । यसै क्रममा अठारौं शताब्दीतिर आइपुग्दा सिर्जना भएका आख्यानात्मक रचनामा निबन्धात्मक पाराका भए पनि कथा साहित्यको विकासमा सहयोग पुर्याउने उदाहरण बनेका छन् । १९ औं शताब्दीमा आइपुग्दा कलात्मक कथा सिर्जनाको जन्म भयो । बेलायत, अमेरिका, रुस, जर्मनी, फ्रान्स जस्ता पश्चिमी मुलुकका स्रष्टाले कथा विधामा प्रभावपूर्ण शिल्प र भाव संयोजन गर्ने

सफलता प्राप्त गरेको देखिन्छ । यसरी आधुनिक शिल्प वरण गरेका कथाको सिर्जन परम्परा पूर्वका निम्ति पनि प्रेरणा बनेर आइपुगेको स्पष्ट हुन्छ ।

प्राचीन आर्य संस्कृति तथा वैदिक परम्परा नै नेपाली संस्कृतिको मूल आधार हो । यसकारण नेपालमा कथा परम्पराको अध्ययन गर्दा आरम्भमा वैदिक साहित्यसम्म पुग्नु सान्दर्भिक हुन्छ । त्यसो त यहाँ बौद्धजातक कथाहरूको प्रधानता देखिएको छ । विभिन्न लोककथाहरू पनि यहाँ उत्तिकै प्रसिद्ध छन् । नेपालको इतिहासका विभिन्न कालहरूमा दैवीशक्ति तथा रहस्यसम्बन्धी कथाहरू प्रचलनमा रहेको देखिन्छ । यस क्षेत्रमा प्राचीनकालदेखि नै किरात संस्कृतिमा पनि कथाको तहमा मुन्धुममा पनि जीव र जगत्को सृष्टिसम्बन्धी रोचक कथाकारहरू छन् । नेपालमा विभिन्न समयमा संस्कृत, नेवारी र मैथिली भाषामा राष्ट्रभाषाको मान्यता मनोवैज्ञानिक भाव संवेदनाका तहमा प्राप्त भएका कारण साहित्य तथा ज्ञानविज्ञानका तहमा पनि लेखनको आरम्भ भयो । यो तथ्य अभिलेखन, अनुवाद तथा संस्कृतिका तहमा स्थापित बनेको देखिन्छ । यसको कारण के थियो भने तत्कालीन सांस्कृतिक तथा सामाजिक चेतना सम्प्रेषणका निम्ति पूर्ण रूपमा संस्कृत नै माध्यम थियो ।

नेपाली कथाको इतिहास लगभग दुई शताब्दी लामो बनिसकेको देखिन्छ । यस इतिहासमा विभिन्न प्रकारका मोडहरू देखिएको पाइन्छ । ती मोडहरू ऐतिहासिक शृङ्खलामा सम्बद्ध बनेर खास प्रभावोत्पादक मूल्य र निश्चित मानकता कायम गर्न क्रियाशील तथा सक्षम देखिन्छन् । पृष्ठभूमिका सन्दर्भमा माथिका साक्ष्यहरू उपस्थित हुन आउँछन् । यिनै तथ्यहरूका आधारमा नेपाली कथाको चरण अर्थात् काल विभाजन यस प्रकार गर्न सकिन्छः

प्राथमिक कालः वि.सं. १८२७ देखि १९५७ सम्म
माध्यमिक कालः वि.सं. १८५८ देखि १९९१ सम्म
आधुनिक कालः १९९२ देखि हालसम्म ।

माथि उल्लेख भएका तीनैवटा कालहमा देखिएका कथागत विशेषताको सङ्क्षिप्त विवेचना गर्नु सान्दर्भक हुने भएकाले सङ्क्षिप्त विवरण यसप्रकार प्रस्तुत गरिएको छः

## प्राथमिक काल (वि.सं. १८२७ देखि १९५७ सम्म)

प्राचीन कालका नेपाली कथाको अन्वेषण गर्ने क्रममा प्राप्त भएको पहिलो कथात्मक कृति शक्तिबल्लभ अर्ज्यालको **महाभारत विराटपर्व (१८२७)** नै मानिएको छ । वीरकालीन सशक्त स्रष्टाका रूपमा परिचित अर्ज्यालको **हास्यकदम्ब (१८५५)** शीर्षकको नाट्यकृति पनि प्रकाशमा आएको छ तर यस कृतिमा पनि उनले आख्यानात्मक शैलीको उर्वर सन्दर्भ प्रयोग गरेको देखिन्छ । यी कृतिका आधारमा अर्ज्यालको झुकाव कथातिर रहेको रहेको कुरा प्रमाणित बन्दै गएको देखिन्छ ।

अर्ज्यालभन्दा पछि नेपाली आख्यान ऐतिहासिक आख्यानाको क्रममा १८७६ मा मुन्सीका ती आहानहरू प्रकाशमा आएका छन् । यसपछिको स्थितिमा भानुदत्तको नाम जोडिन आएको छ । उनको संस्कृतमा रचित हितोपदेश मित्रलाभ नेपालीमा अनुवाद भएको देखिन्छ । संस्कृत साहित्यको सुदीर्घ शृङ्खलाले प्रभावित तुल्याएका नेपाली समाजका निम्ति महाभारत र हितोपदेश मित्रलाभजस्ता कृतिहरू नेपाली भाषामा सार्वजनिक हुनु पनि अति आवश्यक थियो नै ।

कथाको यस परम्परामा भवानीदत्त पाण्डेलाई पनि लिन सकिन्छ । पाण्डेले संस्कृतबाट अनुवाद गरेको **मुद्राराक्षस** वि.सं. १८६८ देखि १८९२ का बिचमा नेपालीमा अनुवाद भएको कृति हो । यद्यपि यो नाट्यकृति भए तापनि यसमा आख्यानात्मक शैलीको प्राधान्य रहेको छ । महाभारतका विभिन्न पर्वहरूका साथै हितोपदेशको समेत अनुवाद गरेर नेपाली आख्यान भण्डार समृद्ध बनाउनेमा पाण्डेको विशेष भूमिका रहेको छ । पाण्डे नाट्यकृतिमा समेत आख्यान शैलीप्रति अभिवृत्त बन्नुको तात्पर्य के हो भने त्यतिखेर लोकमानसमा अन्य विधाको सापेक्षतामा आख्यान नै बढी प्रिय थियो । कविताकाव्यको उपस्थिति केही हदसम्म प्रचलनमा रहे पनि आख्यानको बोलवाला व्यापक थियो ।

नेपाली कथा परम्परामा यस समयमा पाठक जगत्मा प्रिय बनेको आख्यान विधामा लोकचेतना प्रभावित कथा **पिनासको कथा (१८७२)**, प्रारम्भिक कालको एक महत्त्वपूर्ण कृति हो । यसको कारण के हो भने यसमा आख्यानको लघु रूप पाइन्छ । यो पनि संस्कृत स्रोतबाट नै लिएर अनुवाद गरिएको कृतिकै लोकप्रयोजनसँग सम्बद्ध रहेको छ । नेपाली भाषामा अनुवादका क्रममा यस कृतिमा तत्कालीन भारतीय संस्कृतिका जीवन्त संस्कृत काव्यशास्त्री दण्डीको कृति **दशकुमारचरित (१८७५)** पनि पाठकसमक्ष उपस्थित भएको देखिन्छ । नेपालीमा अनूदित यस कृतिले नेपाली आख्यान परम्परालाई गौरवशाली तुल्याएको छ । त्यसपछि पनि एक अज्ञात लेखकको पारसीमा रचना भएको कृति मुन्सीबाट भएको रचना जे.ए. एटनबाट अनूदित रचनाको पनि उल्लेखनीय रहेको स्थिति पनि यहाँ उदाहरणीय सामग्रीका तहमा सम्बोधित बनेको देखिन्छ । एटनको **ग्रामर अफ द नेपलिज ल्याङ्ग्वेज (१८७७)** पुस्तक पनि यहाँ उल्लेख्य रहेको छ । यी आहानहरूको मूल स्रोत भाषा संस्कृत नभएर पारसी अथवा उर्दू हुनाबाट प्राथमिक कालको नेपाली कथा स्रोतमा देखा परेको व्यापकता अझ स्पष्ट हुन्छ । यी आहान निकै सङ्क्षिप्त आकृतिमा तयार भएका छन्, रसिला तथा सरस पनि छन् । पिनासको कथापछि यी आहानहरूबाट नेपाली कथाको प्रारम्भिक स्वरूप निर्माणमा उल्लेखनीय भूमिका निर्वाह भएको देखिन्छ ।

समग्र साहित्यको यस प्राथमिक कालमा नेपाली कथाको स्वरूप निर्माणका निम्ति जुन किसिमको आधारशिला तयार भयो । त्यसै आधारशिलामा **स्वस्थानीव्रत**

**कथा (१८७८), बहत्रसुघाको कथा** (१८८०'९०) सेरामपुर अर्थात् श्रीरामपुरको **बाइबल (१८८४)**, विजयानन्दको **महाभारत गदापर्व (१८८९), आदिपर्व (१८८९), रामाश्वमेध (१८९० पूर्व), दशकुमारचरित (१८९३), वेतालपञ्चविंशति (१८९३), तन्त्राख्यान (१८९३), लङ्काकाण्ड (१९९६),** दुनेलको **पुरानो अनि नयाँ शास्तरको कथा पर्वते कुरा** (१९८९) लगायतका कृतिहरूले ऐतिहासिक महत्त्व स्थापना गरेका छन् । यसरी कथाका सन्दर्भमा उन्नाइसौं शताब्दीको समयभरीमा नेपाली कथाको प्राथमिक कालको पृष्ठाधार तयार भएको छ ।

विक्रमको बिसौं शताब्दीको प्रारम्भमा नेपाली कथा परम्परामा क्रमशः विस्तारै व्यापकता आउन थालेको कुरा स्पष्ट हुन्छ । यसको कारण के हो भने त्यसै समयमा **बृहत्कथा टीका (१९०७)** र **बृहज्जातक भाषाटीका (१९४८-५२)** जस्ता कथाहरू देखा परे । यस्ता कृतिहरू पूर्वीय कथा परम्पराका अमूल्य निधि हुन् जुन नेपाली भाषामा पनि अनूदित हुनु ठूलो गौरवको विषय बनेको छ । यस्ता कृतिका अतिरिक्त यसै शताब्दीको पूर्वार्द्धमा सिराजेडको **कथाहा (१९३० तिर) कथाहा एक रिस गर्याको येक सेषको (१९३० को आसपास)**, पादरी गङ्गाप्रसाद प्रधानले अनुवाद गरेको **बाइबल (१९४०),** सत्यनारायण **व्रत कथाहा (१९४६), शुकृबहत्तरी (१९४८-१९५०), सिंहासनबत्तीसी (१९४८), स्वस्थानी व्रतकथाहा (१९४८), सत्रसेनको कथा (१९५५)** जस्ता कथा कृतिहरूले प्राथमिक कालका कथाका प्रवृत्तिका सामान्य लक्षणहरूमा पनि सबल स्थिति देखिएको छ । भुवनमान सिंहको **महर्ग निवारण (१९४९)** आख्यानको कृति नभए तापनि त्यस समयको लोक तथा प्रचलनअनुसार कथाका लेखकले यसमा आरम्भ नै मत्स्येन्द्रनाथको कथाबाट भएको पनि सूचित गर्न सकिन्छ ।

नेपाली कथाको यस प्राथमिक कालको उत्तरार्द्धतिर आइपुग्दा विशेषतः रोमान्सेली प्रवृतिका प्रेम र वीरताका द्योतकजस्ता अनेक विषयवस्तुमा केन्द्रित कथाहरू सार्वजनिक हुन आएका छन् । ती कथामा माध्यमिक कालीन प्रवृत्तिको पूर्वाभास पनि यहाँ सङ्केत भएका छन् । त्यस कालमा नेपाली कविताकाव्यका क्षेत्रमा मोतीराम भट्टजस्ता युवाकविको नेतृत्वमा शृङ्गारिक धारा सशक्त बन्दै गएको स्थितिलाई सङ्केत गरिएको सन्दर्भ प्रकटमा आएको छ । साहित्यमा गतिशीलता देखिँदै गएको र नेपाल बिस्तारै युगतर्फ प्रवृत्त हुँदै गयो । भारतको बनारसबाट प्रकाशनमा आएको **सत्यनारायण व्रत कथाह (१९४६)** र **गोर्खा हास्य मञ्जरी (१९५२)** जस्ता पुस्तकाकार कृतिहरू प्रकाशित भए । त्यस बेलाका अधिकतर लेखकहरू महनारञ्जनात्मक तथा तिलस्मीपूर्ण कथातर्फ प्रवृत्त भएको देखिन्छ ।

नेपाली कथा साहित्यको इतिहासमा यो **प्राथमिक काल (१८२७-१९५७)** सम्म जम्मा १३० वर्षको समयावधि रहेको देखिन्छ । यस समयावधिमा अधिकांश कथा र कथाइतर कृतिहरू अनूदित रूपमा मात्र तयार भए पनि ती सबै प्रकाशनको

माध्यमको अभावमा पाण्डुलिपिको तहमा नै काम रहे । प्रस्तुत समयावधिमा समाजलाई नैतिक मर्यादा र धार्मिक उत्प्रेरणा दिने, उपदेशद्वारा मानवलाई आदर्शतिर उन्मुख गराउने खालका कृतिहरू नै लेखनमा आए ।

## नेपाली साहित्यको माध्यमिक काल (वि.सं. १९५७ देखि १९९१ सम्म)

प्रकाशन तथा मुद्रणको परम्परा आरम्भ भएपछि भने साहित्यले पनि नयाँ आयाम आत्मसात् गरेको देखिन्छ । यसको प्रभाव नेपाली कथामा पनि पर्न लागेको देखिन्छ । नेपाली कथाजगत्मा जुन प्रकारको गतिशीलता देखियो यसले उत्तरवर्ती कालका पूर्वलक्षणहरू देखा परेका छन् । यसै अवधिमा कथामा प्राथमिक कालखण्डका प्रवृत्तिका अवशिष्ट अभिलक्षणहरू र आधुनिक कालका प्रविष्ट लक्षणहरूको संयोजन भएका कथाहरूको स्थिति यस समयका कथाहरू देखिएका छन् । वि.सं. १९४३ मा बनारसबाट र १९५५ मा गोर्खाभारत जीवन र नेपालबाट **सुधासागर पत्रिका** प्रकाशमा आएका छन् । यी पत्रिकामा विशेष प्रकारको प्रतिनिधित्वको सन्दर्भ पनि उपस्थापन गरिएको सन्दर्भ पनि उपस्थापन भएको पाइन्न यी पत्रिकाहरू माध्यमिक कालको आरम्भको पृष्ठभूमिका तहमा मात्र लिन सकिने स्थिति रहन्छ ।

१९५८ वि.सं. मा काठमाडौंबाट साप्ताहिक रूपमा गोरखापत्र समाचार पत्रिकाको प्रकाशन आरम्भ भयो । यस पत्रिकाको प्रकाशनपछि भने यसका विभिन्न अङ्कमा विविध विषय र प्रवृत्तिका कथाहरू प्रकाशनमा आए । यसपछिको स्थितिमा भने नेपाली कथाले पनि प्रकाशनको अवसर प्राप्त गऱ्यो । पत्रपत्रिकाजस्तो आधुनिक सञ्चार माध्यम प्राप्त गर्ने स्थिति देखियो । परिणामस्वरूप एकातिर यस विधाको संरचना निर्माण हुने स्थिति देखियो भने अर्कातिर समाज सापेक्ष प्रभावलाई पनि कथाले आफूमा समाहित गर्न थाल्यो । गोरखापत्रमा प्रकाशित भएका कथाहरूमा नवीन चेतना र नयाँ शिल्पगत अभिव्यक्तिको प्रयत्न पाउनुपर्ने कारण यही नै बन्यो । मुद्रण, सञ्चार माध्यम, पत्रकारिता तथा बौद्धिक प्रेरणा आधुनिक जीवनशैलीका आवश्यकता हुन् तैपनि त्यस समयको नेपालको दारुण सामाजिक अवस्था तथा हीनराजनीतिक परिस्थितिका कारण राष्ट्रिय वातावरण पनि स्वच्छ हुन सक्ने स्थिति देखिएन । जसका कारण गोरखापत्रमा प्रकाशित भएका कथाहरूले आधुनिक कथाविधालाई आत्मसात् गर्न नसकेको अवस्था देखियो । तर यसै पत्रिकाले नेपाली कथापरम्परालाई पुरातन प्रवृत्तिबाट नयाँ दिशातर्फ उन्मुख गराएर माध्यमिक प्रवृत्तितर्फ उन्मुख बनाएको देखिन्छ ।

वि.सं. १९५८ देखि १९९० सम्मका जम्मा ३२ वर्षका अवधिमा गोरखापत्रमा लगभग ६० वटा जति कथाहरू प्रकाशित भएका छन् । विषयवस्तुका दृष्टिले ती कथाको वर्गीकरण गर्दा केही विशेषताका आधार पाँचवटा कित्तामा विभाजन गर्न सकिन्छ । तिनलाई निम्न प्रकारका कित्तामा राखेर अभिमत प्रकट गर्न सकिन्छः

(१) **सामाजिक विषयमा केन्द्रित कथाः** प्राचीन प्रपञ्च (१९६२), प्रत्यागमन (१९६७), माला (१९६८), दालिमा (१९६८), सुकुलगुण्डाको कहानी (१९६९), हीराको औँठी (१९७०), अशिक्षिता जानकी (१९७२), हराएको औँठी (१९७२), बूढाको विवाह (१९७४) जस्ता कथाहरूले सामाजिक सन्दर्भलाई कथाले कथ्य बनाएका छन् ।

(२) **मनोरञ्जनमा केन्द्रित कथाः** यस समूहमा पर्ने कथामा हास्य चेतना प्रयोग भएको छ । त्यस्ता कथाहरूमा उटपट्याङ (१९५९), हँस्सी (१९६२), ठट्टावाज (१९९८), बदला (१९७६) जस्ता कथाहरू यस समूहमा रहेका छन् । यिनले नेपाली कथा साहित्यका यस कालखण्डका कथाहरू यस सन्दर्भमा उल्लेख्य विषय बनेका छन् ।

(३) **धार्मिक, पौराणिक तथा सांस्कृतिक कथाः** प्रस्तुत समूहमा प्राप्तव्यमर्थं लभते मनुष्य (१९५९), भिक्षुकको हृदय (१९६८), धर्मात्मा (१९६८), सच्चा वैराग्य (१९६८), स्वर्गको साँचो (१९७१), विरक्त विज्ञानानन्द (१९७३), कार्यको फल (१९७८) लगायतका काथाहरूमा धर्म, संस्कृति र पुराणका सन्दर्भहरूले कथाको रूप प्राप्त गरेका छन् ।

(४) **नैतिक तथा औपदेशिक कथाः** प्रस्तुत समूहमा पर्ने कथाहरूमा नीति तथा उपदेशका सन्दर्भहरू कथ्य बनेका छन् । त्यस्ता कथाहरूमा पतिव्रता चरित्र (१९५९), नीचता र उदारता (१९७२) जस्ता कथाहरूमा मानवीय आदर्श र तिनका प्रभाव जीवनमा आचरणका स्थितिलाई लक्षित गरेका छन् ।

(५) **तिलस्मी तथा जासुसी कथाः** यस समूहमा रहेका कथाहरूमा रहस्यात्मक तथा तिलस्मीपूर्ण प्रस्तुतिमा केन्द्रित कथा पनि देखिएका छन् । यस्ता कथाहरूमा विचित्र जासुस (१९६१), भूतलीला (१९६३) जस्ता कथाहरू पनि गोरखापत्रमा प्रकाशित भएका छन् र यिनले कथामा प्रवेश भएको तिलस्मी तथा जासुसी प्रवृत्तिको प्रतिनिधित्य गरेका छन् ।

(६) **विविध विषय सन्दर्भका कथाहरूः** यस प्रकारका कथाहरूको उपस्थितिले विविध विषयका सन्दर्भको उपस्थिति देखाएको छ । विनाशकाले विपरीत बुद्धि (१९५९), कुकुरको किस्सा (१९५९), अद्भुत मनुष्य (१९६९) जस्ता कथाहरूले अनेक विषय क्षेत्रलाई उपस्थापन गर्ने काम गरेका छन् । यस प्रकारको चिन्तनको अवस्था पनि यहाँ प्रकट भएको देखिन्छ ।

यस सन्दर्भमा प्रस्तुत गरिएका धेरैजसो कथामा आदर्श चिन्तनको पक्ष, नीति तथा मर्यादाको आग्रह प्रबल बनेको देखिन्छ । यीमध्ये अधिकांश कथामा संस्कृत कथापरम्परा प्रभाव नपाइने होइन तापनि यसमा नेपालबाहिर जापान, फ्रान्सजस्ता ठाउँहरूका कथाहरू पनि यस पत्रिकामा अनूदित रूपमा प्रकाशित भएका छन् ।

नेपाली कथाका पाठकलाई सर्वप्रथम पाश्चात्य समाजका कथासँग परिचित गराउने पत्रिका पनि यही गोरखापत्र नै हो भन्ने विषयलाई पनि प्रमाणका रूपमा फ्रान्सेली कथाकार गी द पोपासाको कथा माला (१९६८) अनूदित रूपमा प्रकाशित भएको पाइन्छ । नेपाली कथा परम्परामा यस पत्रिकाको सबैभन्दा ठूलो योगदान रहेको छ ।

सामाजिक विषयवस्तुमा आधारित कथाहरूको प्रकाशन भएको पाइन्छ । त्यस्ता कथाहरू भावुक आदर्श चिन्तनको परिधिभित्र सीमित भए तापनि त्यहाँ परम्परागत समाज अवस्था प्रस्तुत भएको मानिन्छ ।

यस प्रकार कथाको प्रकाशन दार्जिलिङबाट गङ्गाप्रसाद पादरीको सम्पादनमा १९५८ सालमै प्रकाशित **गोर्खे खबर कागज** पत्रिकाबाट पनि भयो । यस पत्रिकामा कथाहरू यति र यस्ता प्रकाशन भए भन्ने तथ्य चाहिँ प्राप्त भएको छैन । प्रधानले केही मौलिक कथा लेखेर यसै पत्रिकामार्फत प्रकाशित गरेका छन् । साथै अनुवाद गरेर पनि प्रकाशमा ल्याएका छन् । त्यस्ता कथाको केही उदाहरण **सैद** भन्ने मान्छेको रेशमी बुनाइको विषयमा (१९६६), **आलिबोओसेर** नाउँ गरेका मान्छेको ऋणको विषयमा (१९६७), नैटिङ्गल अर्थात् मीठो गीत गाउने चराको विषयमा (१९६७), बाँसको कथाहा (१९७०), हाँसको नराम्रो चल्लाको कथा (१९७१), एक बतौरे साथी (१९७३) आदि रचनाहरू यिनका कथात्मक कृति हुन् । यिनमा नीतिचेतना प्रबल रूपमा प्रकट भएको पाइन्छ ।

कथाको विकासमा र आधुनिकतातर्फ उन्मुख गराउनमा सबल भूमिका निर्वाह गर्ने पत्रपत्रिकाको नाम पनि उल्लेखनीय रहेको छ । यस क्रममा बनारसबाट प्रकाशनमा आएको माधवी (१९६५) पत्रिकामा खि.ना.सा. नामक व्यक्तिको **एक औपदेशिक कथा (१९६५-६६),** राममणि आ.दी.को **पातिव्रत्य प्रभाव (१९६५)** र पं. तारानाथको **सुलोचना वृत्तान्त (१९६५-६६)** जस्ता नीति तथा उपदेशमूलक नारी चरित्रप्रधान कथाहरू प्रकाशित भएका छन् । त्यस्तै अर्को गोर्खाली (१९७२) पत्रिकामा विज्ञानविलास उपनामबाट सिर्जना गर्ने पद्मनाभ सापकोटाको उपन्यास शीर्षकको कथा प्रकाशित भएको छ । यस कथामा पनि नैतिक उपदेशको सन्दर्भ प्रबल छ । १९७४ मा दार्जिलिङको खर्साङबाट प्रकाशित पत्रिका चन्द्रिकामा पनि बङ्गाली स्रष्टा जलधर सेनको **वकीलको भाग्य (१९७५)** शीर्षकको कथा पार्वतीदेवीबाट अनुवाद भएर प्रकाशनमा आएको छ । यसै पत्रिकामा गदाधरको एक कथाको आधारमा शेषमणि प्रधानद्वारा अनूदित **बेलायतको कथा** शीर्षकको कथा पनि प्रकाशित भयो । नेपालभन्दा बाहिरबाट प्रकाशित भएका यी विभिन्न पत्रिकामा विशेषतः आदर्शमा केन्द्रित भएर पाठकसमक्ष आएका सन्दर्भहरू कथा बनेर प्रस्तुत बनेका छन् ।

पत्रपत्रिका प्रकाशनको क्रममा गोरखापत्रको प्रकाशनदेखि लिएर १९८९ को दार्जिलिङको नेपाली साहित्य सम्मेलनको प्रकाशनसम्मका तीन दशक अवधिमा विभिन्न पत्रिकामा निकै लोकप्रिय कथाहरू प्रकाशन भएका छन् । अधिकतर

कथाहरू आदर्शचिन्तनमा केन्द्रित छन् । यसका अतिरिक्त पुस्तक आकृतिमा पनि कथाको प्रकाशन भएको पाइन्छ । यसले पाठकलाई कथातर्फ आकृष्ट गराएको देखिन्छ । यस्ता कथाहरू प्रायः अनूदित थिए र तिनको मूल स्रोत संस्कृत, अङ्ग्रेजी, हिन्दी उर्दू तथा फारसी थियो । यस्ता कृतिहरूमा रतनसिंह गुरुङको **आउटपोष्टको कथा' (१९७१),** विज्ञानविलासको **'प्रियम्वदा (१९७३),** अज्ञात लेखकको **शकुन्तलोपाख्यान (१९६५), गुनकेशरी रानीको कथा (१९७० तिर),** शम्भुप्रसाद ढुङ्गेलका **आतिम ताइको कथा (१९८१), गुलबकावली १९८१-१९८६),** सदाशिव शर्माको **वीरबल कौतुक (१९८२)** लगायतका सामग्रीहरू आज उपलब्ध छन् । माध्यमिककालीन कथा प्रवृत्तिको एउटा पक्षलाई यस्ता कथाकृतिहरूले प्रस्तुत गरेका छन् । यति हुँदाहुँदै पनि ऐतिहासिक विकासक्रमका आधारमा भने गोर्खासंसारको प्रकाशनदेखि दोस्रो चरणको पूर्वाधार तयार भएको देखिन्छ ।

देहरादुनबाट १९८३ वि.सं.मा प्रकाशित भएको गोर्खासंसार (साप्ताहिक) पत्रिकामार्फत निकै भावुक तथा आदर्शमा केन्द्रित मौलिक कथाहरू सामाजिक विषयमा केन्द्रित भएको देखिन्छ । यस्ता स्रष्टामा कथाकार रूपनारायण सिंहका **परिवर्तन (१९८३), अन्नपूर्णा (१९८३)** जस्ता स्वच्छन्दतावादी कथाहरू प्रकाशित भएका छन् । त्यस्तै लाहुरे उपनामबाट कथा सिर्जना गर्ने सूर्यविक्रम ज्ञवालीको **देवीको बलि (१९८३)** र ठाकुर चन्दनसिंहका **पुनः संयोग (१९८३) र छलिया (१९८५)** जस्ता कथाहरू पनि प्रकाशनमा आएको देखिन्छ । यस्ता कथाहरूले मध्यकालीन प्रवृत्तिको अवशिष्टतालाई क्रमशः न्यूनीकरण गर्ने र नवीन प्रवृत्ति शिल्प र चेतनालाई चाहिँ क्रमशः ग्रहण गर्दै जाने स्थिति देखाएका छन् । गोर्खासंसार पत्रिकामा दिव्यकुमारी कोइराला, भीमबहादुर लिम्बू इष्ट, रामसिंह बहादुर, सुन्दरी भामा चालिसे आदिका कथाहरू सुधारवादी र उपदेशप्रधान कथाहरू प्रकाशित छन् । कथा विधाको सबलतापूर्वक निर्वाहका निम्ति गोर्खासंसारका कथाहरू अभिमुख हुनु ऐतिहासिक र परम्परागत शृङ्खलीकरण गरिनु ऐतिहासिक महत्त्वको कुरा हो । त्यस्ता कथाहरू संस्कृतिको आख्यान परम्पराबाट क्रमशः मुक्त हुँदै नेपाली संस्कृतिगत मूल्यसँग सम्बद्ध हुने प्रयत्नको दिशातिर उन्मुख भएको सन्दर्भ स्पष्टताका साथ देखिन्छ । यसरी नेपाली कथाको माध्यमिक कालको परम्परा पटाक्षेपित भएको देखिन्छ ।

## आधुनिक काल (१९९२ देखि हालसम्म)

मध्ययुगीन प्रवृत्तिको पूर्णतः पटाक्षेपित भएपछि सामाजिक शैक्षिक तथा सांस्कृतिक जागरणको प्रतिफलका रूपमा नेपाली कथाले सामाजिक यथार्थवादको चिन्तनलाई आधार बनाएर आधुनिक कथाको नयाँ अनुहार देखायो । यसप्रकारको वैशिष्ट्य आरम्भ गर्ने काम काठमाडौँबाट प्रकाशित शारदा मासिकले गऱ्यो । यस पत्रिकामा प्रकाशित कथाहरूमा आधुनिकता पाश्चात्य चिन्तनमा विकसित बनेको

यथार्थवादकै प्रभावमा विकसित बनेको देखिन्छ । यसका अतिरिक्त साहित्यको समाजशास्त्रलाई आधार मानेर विवेचना गर्दा समाजशास्त्रीय चिन्तन र मनोविश्लेषणात्मक चिन्तन भएका नेपाली कथामा आधुनिकतावादका यी दुई महत्त्वपूर्ण आधारभूत सिद्धान्त स्थापित भए । यस सन्दर्भमा आधुनिक नेपाली कथा विशेषता र प्रवृत्तिका आधारमा तीन चरणमा विभाजित बन्न सक्ने देखिन्छ । तिनलाई मूलतः यसरी व्यवस्थापन गर्न सकिन्छः

(१) यथार्थवादी प्रवृत्तिको चरण (१९९१-२०१९)
(२) प्रयोगशील प्रवृत्तिको चरण (२०१९-२०३६) र
(३) समसामयिक प्रवृत्तिको चरण (२०३७ पछि)

**यथार्थवादी धारा (१९९१-२०१९):** सामाजिक यथार्थवादी धाराका स्रष्टाहरूमा एकातर्फ बहिर्मुखी र अर्कोतर्फ अन्तर्मुखी यथार्थताको चिन्तनमा विकसित बन्दै गएको यो चरण एकातर्फ गुरुप्रसाद मैनालीको केन्द्रीयतामा र अर्कातर्फ विश्वेश्वरप्रसाद कोइरालाको केन्द्रीयतामा विकसित बनेको देखिन्छ । यी दुईमध्ये मैनालीको केन्द्रीयता बहिर्मुखी सामाजिक यथार्थ र कोइरालाको केन्द्रीयता अन्तर्मुखी यथार्थले गतिशीलता प्राप्त गरेको देखिन्छ । समाजका बाह्य आदर्श, परिवेश, परिवार, समाज, संस्कृति, संवेदनाका आधारहरू र नैतिक आदर्शहरूबाट कथाको स्थिति प्रस्तुत गर्ने काम भएको छ । यस सन्दर्भका स्रष्टाहरूमा गुरुप्रसाद मैनाली, गङ्गाविक्रम सिजापति, पुष्करशमशेर, रुपनारायण सिंह, पूर्णदास श्रेष्ठ, भीमनिधि तिवारी, हृदयचन्द्रसिंह प्रधान, कृष्णबम मल्ल, कृष्णप्रसाद चापागाइँ लगायतका कथाकारका कथाहरूमा सामाजिक आदर्श र जीवन मर्यादाहरूको संवेदनाको अवस्था निकै स्पृहणीय रहेको देखिन्छ । यस कित्ताका समाजका विसङ्गत चिन्तनलाई कथाको केन्द्र बनाउने स्रष्टाहरूमा लक्ष्मीप्रसाद देवकोटा, शिवकुमार राई, केशवलाल कर्माचार्य, पूर्णप्रसाद ब्राह्मण, शङ्कर कोइराला, दौलतविक्रम बिष्ट, अच्छा राई रसिक आदिले कथाका माध्यमबाट संस्कारका रूपमा स्थापित भएका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको केन्द्रीयता सिर्जित मनोविश्लेषणात्मक कथाको सिर्जनाका तहमा रहेका मानव मनोजगत्का आन्तरिक आलोडन र विलोडनका सन्दर्भहरूको प्रकटीकरणका तहमा सिर्जित कथाहरूमा रहेका सन्दर्भलाई कथाको स्वरूप दिने कथाकारहरूमा बालकृष्ण सम, भवानी भिक्षु, गोविन्दबहादुर गोठाले, विजयबहादुर मल्ल लगायतका कथामा मनोविज्ञानका विविध पक्षहरू यस प्रकारका कथामा कथ्य बनेर आएका छन् । यस प्रकारको स्थिति वि.सं. २००७ सम्मको अवस्थाले स्पष्ट गरेको छ । यस समयसम्मका कथाले नेपाली सामाजिक तथा मानसिक संरचनाका तहका प्रवृत्तिलाई प्रतिनिधित्व गरेका छन् ।

२००७ सालपछिको समयमा कथाचेतनामा केही विशेषता बदलिएका

छन् । २००७ सालको क्रान्तिपछिको समयमा कथामा माथिका बहिर्मुखी र अन्तर्मुखी कथा चिन्तनको स्थितिमा यथार्थले अझ नयाँ आयाम विस्तार गर्दै गएको देखिन्छ । शासनसत्ताका सङ्कीर्ण चिन्तनले दिएका प्रताडनाबाट क्रमशः मुक्ति चेतनाको आविर्भाव भएका कारण नेपाली जनजीवनले आर्थिक तथा सांस्कृतिक मुक्तिको अनुभव गर्न थालेको स्थिति २००७ पछिको समयमा देखियो । देश राजनीतिक अनुदारताको बन्धनबाट मुक्तिबोध गर्न लागेको र सांस्कृतिक उदारताको वरणमा स्वतन्त्रताको स्थिति आविर्भाव भएका कारण सर्जकको प्रतिभाचेत पनि विकसित बन्दै गएको देखिन्छ । नेपाली कथाको प्रवृत्ति तथा चिन्तनमा समाजवादी यथार्थवादी चिन्तनको प्रयोग हुन लागेको स्थिति यस समयमा गहन ढङ्गले प्रतिष्ठित बन्दै गएको देखिन्छ ।

मनोवैज्ञानिक र समाजपरक चिन्तनको समीकृत गरेर कथा सिर्जना गर्ने कथाकारहरूमा रमेश विकललाई अग्रणी प्रतिभाको रूपमा लिन सकिन्छ । यस सन्दर्भमा उपस्थित भएर कथा सिर्जना गर्ने तारानाथ शर्मा, भवानी घिमिरे, बालकृष्ण पोखरेल, मदनमाणि दीक्षित, चूडामणि रेग्मी, गोविन्दप्रसाद लोहनी, देवमणि ढकाल, बिन्दुप्रसाद नेपाली, डी.पी. अधिकारी, कृष्णप्रसाद सर्वहारा लगायतका कथाकारहरू समाजवादी यथार्थवादको चिन्तन गर्ने कथाकारका रूपमा उपस्थित भएका छन् । यस प्रकारका कथाकारका प्रवृत्तिहरू मनोविज्ञान र समाजविज्ञानसँग समायोजित बनेर अभिव्यक्त भएका छन् । यस कालखण्डमा कथाको विकासका निम्ति अनेक संस्था र शैक्षिक संस्थाहरू पनि क्रियाशील बनेका छन् ।

२००७ सालपछिको स्थितिमा २०२० सम्मको अवधिमा नेपालमा विश्वविद्यालयको स्थापना भयो । प्रकाशनका पनि ठूलाठूला संस्थाहरू पनि गठन भए । पत्रपत्रिका पनि प्रकाशित हुँदै गए । नेपालको राजनीतिक वातावरणमा पनि उदारताको स्थिति देखियो । यस अवधिको पछिल्लो चरणमा पञ्चायती राजनीतिक व्यवस्थाको आरम्भ भइदिनाले वैचारिक स्वतन्त्रतामा केही सङ्कुचन आए तापनि २०१० सालमा प्रकाशित प्रगतिको प्रकाशनले नयाँ गति प्रदान गरेको देखिन्छ । यसै समयमा धरती, रूपरेखा, रचना, हिमानीजस्ता पत्रिकाले पुराना तथा नयाँ पुस्ताका कथाकारहरू यसै दशकमा देखिएका छन् । यस क्रममा सोमध्वज बिष्ट, इन्द्रबहादुर राई, पोषण पाण्डे, पुष्कर लोहनी, कुमार ज्ञवाली, प्रेमा शाह, परशु प्रधान, कुमार नेपाल आदि कथाकारका कथा सिर्जनाको स्थितिलाई प्रदर्शन गर्न सकिने देखिन्छ । यी कथाकारहरू कथामा तत्कालीन समयको सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिकजस्ता अनेक विषयको सूक्ष्म अभिवीक्षण गरेर कथा सिर्जना गर्नेतर्फ देखिएका छन् । यस दशकमा कथामा यौनतत्त्वको अपराधिक मनोविकृतिको प्रयोग भएको देखिन्छ । यस समयका कथामा बौद्धिक प्रयोगको सन्दर्भतर्फ निकै रूचि देखाएको पाइन्छ ।

आधुनिक नेपाली कथा परम्पराको यस दोस्रो चरणलाई यथार्थवादी धाराको चरण भन्नु नै सान्दर्भिक हुन्छ । यसले व्यक्तिका बाह्य तथा आन्तरिक दुवै चेतनाका यथार्थलाई विश्वसनीय बनाएर प्रकटमा ल्याउनु यस चरणका कथाको विशेषता हो । यस प्रवृत्तिले नेपाली समाजसापेक्ष तथा संस्कृतिसापेक्ष जीवन मूल्यलाई बाह्य तथा आन्तरिक यथार्थका विम्बलाई उपस्थापन गर्न पनि यस चरणले क्षमता आर्जन गरेको देखिएको छ । वास्तवमा कथाले यथार्थ जीवनका सन्दर्भलाई प्रस्तुत गर्ने काम यस स्थितिका कथाले सम्पन्न गरेको देखिन्छ ।

**प्रयोगशील प्रवृत्तिको चरण (२०१९-२०३६):** यस चरणको डेढ दशकभन्दा अधिक समयको प्रारम्भदेखि नै आधुनिक नेपाली कथाको इतिहासमा यसलाई नयाँ प्रवृत्तिको चरणका तहमा राखेर हेर्न सकिने स्थिति देखिन्छ । यसको तात्पर्य के थियो भने आधुनिक कालको पहिलो चरणको कथासिर्जना प्रवृत्तिप्रतिको विकर्षण र नयाँ प्रवृत्तिप्रतिको आकर्षण । त्यसकारण यस दशकमा नेपालभित्रका नेपाली कथाकारमा मात्र होइन भारतीय नेपाली कथाकारहरूको सघन उपस्थिति भएको दार्जिलिङमा समेत परम्पराविरोधी अभियान पनि लेखनमा देखापरेको छ । यो स्थिति तेस्रो आयामेली आन्दोलन (२०२० तिर) का माध्यमबाट आरम्भ भएर नेपाली कथामा एकाएक आमूल परिवर्तन आयो । यसको परिणाम अमूर्त कथाको प्रवर्तन भयो भने नेपालभित्र चाहिँ **राल्फाली अभियान (२०२३ तिर), अस्वीकृत जमात (२०३५ तिर), अमलेख (२०२६), बुटपालिस आन्दोलन (२०३० तिर)** लगायतका अभियानसँग जोडिएका नेपाली कथामा नयाँ र सवशिष्ट र जटिलतातिर उन्मुख भएको देखिन्छ । कथाकारहरू नवीनतातर्फ आकर्षित भएको देखिन्छ, अझ नवचेतना, नयाँ धारणा, नवदृष्टि, नवपरिप्रेक्ष्यप्रति तिनीहरूको सर्वाधिक आकर्षण रहेको देखिन्छ । यसकारण यो कालखण्ड नयाँ परम्परा प्रयोगशील प्रवृत्तिको चरणका रूपमा चर्चित बनेको समय बन्यो ।

आधुनिक नेपाली कथाको यस चरणले आस्तित्व पहिलोपल्ट इन्द्रबहादुर राईको तेस्रो आयामको प्रवृत्तिले सूत्रपात गरिदियो । इन्द्रबहादुर राईले कथामा वस्तु मात्र होइन वस्तुताको उपयोग हुन्छ भन्ने अभिमत प्रस्तुत गरे भने नेपालमा चाहिँ जीवनको विकृति तथा विसङ्गति एवम् निःसारता तथा आन्तरिक संवेदनाले पूर्ण जीवनको, काल तथा युगबोधतर्फ कथाकारको आकर्षण गरिएको सन्दर्भ स्थिति प्रकट भएको देखिन्छ । यस प्रकारका स्रष्टाहरू पारिजात, देवकुमारी थापा, मोहनराज शर्मा, गीता केशरी, मनुब्राजाकी, विश्वम्भर चञ्चल, ध्रुवचन्द्र गौतम, परशु प्रधान, भाउ पन्थी, जगदीश घिमिरे, शैलेन्द्र साकार, सनत् रेग्मी, ध्रुव सापकोटा, भुवन ढुङ्गाना आदिले यस समयको प्रतिनिधित्व गर्दै जटिल जीवन चिन्तन केन्द्रित कथाहरू लेख्ने काम गरेका छन् । वैयक्तिक जीवनका कुण्ठामा अल्झिएका जीवनलाई पराजयको स्थिति भोग्न बाध्य भएको मानसिको दुर्भाग्यको कथा यी कथाकारहरूले सिर्जना गरे । अनेक विसङ्गति र विरोधहरूका माझ दुःखपूर्ण जीवन बाँच्दै अस्तित्वको खोजमा निरन्तर सङ्घर्षरत मानवको कथा पनि यी कथाकारहरूले प्रकट गरेका छन् ।

नेपाली कथाका माध्यमबाट सामाजिक तथा संस्कृतिक संरचनाका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य तथा विद्रोह प्रकट गर्ने र स्वतन्त्रता प्राप्तिका निम्ति भएका विद्रोहपूर्ण प्रयासका जीवन्त प्रस्तुति यस चरणका कथाको वैशिष्ट्य पनि देखा परेको छ । खगेन्द्र सङ्ग्रौला, हरिहर खनाल, पद्मावती सिंह, भागीरथी श्रेष्ठ, हिरण्यकुमारी पाठक, राजव, नारायण ढकाल, पूर्ण विराम, देवेन्द्रप्रसाद शाह, ऋषिराज बराल, किशोर नेपाल, अनिता तुलाधर जस्ता कथाकारहरूले यस पृष्ठभूमिमा युगीन यथार्थलाई कथामा सुम्बद्ध बनेका छन् । कथाकारहरूमा भावुकता बौद्धिक सचेतता तथा युगबोध बढी पाइने हुनाले तिनीहरूका कथा आख्यानहरू विवरणात्मक भन्दा बढी विचारात्मक भएका भएका छन् ।

वि.सं. २०२० को दशकमा यौन कथा निकै विशेष लोकप्रिय रह्यो । या कालका कथाकारहरूले समय तथा युगीन तथा जटिल परिस्थिति सिकार भएको मान्छेका मानसिक तथा यौनकुण्ठा र समस्यालाई गम्भीर रूपबाट प्रस्तुत गरेका छन् । यसका साथै प्रस्तुत दशकमा विभिन्न मानवीय सङ्कट र विश्वजनीन सन्त्रासबाट पीडित मानसिकको मानसिक अवस्थामा केन्द्रित रहेर पनि कथाकारहरूले कथा सिर्जना गरेका छन् । यस नयाँ परम्परामा कथाको परम्परागत शैलीहरू भत्किँदै गएको र कथाकारले अकथात्मकताको परिधिमा प्रवेश गरेको सन्दर्भ प्रकटमा आएको देखिन्छ । यसप्रकार प्रयोगशीलता अर्थात् नवीनतम प्रवृत्ति र शैलीका कथाका माध्यमबाट सिर्जनाका सन्दर्भमा नवचिन्तनको चित्र तथा चरित्रको उपयोग भएको स्थिति देखियो ।

समयले ल्याएका परिवर्तित मूल्यको प्रभावका आधारमा रहेका वैशिष्ट्यको परिचयलाई सुरक्षित राख्दै अन्तर्राष्ट्रिय परिस्थितिको पनि अनुविम्बित गर्ने काम गरेका छन् । यिनै विशेषताको प्रभावस्वरूप यी कथाकारहरूले नेपाली कथाका संरचना र रूपविन्यास दुवै पक्षलाई तीव्र गतिमा गतिशील बनाइदिए । यस प्रकारका प्रवृत्तिलाई प्रोत्साहन गर्ने प्रतिभाहरूमा पुष्कर लोहनी, गोपाल पराजुली, कविताराम, वनमाली निराकार, इस्माली, ध्रुव मधिकर्मी, सन्तोष भट्टराई, किशोर पहाडी, अमरकुमार प्रधान, विजय चालिसे, इन्दिरा प्रसाई, महेशविक्रम शाह, लव गाउँले आदि कथाकारहरू पोषक बनेका छन् । यस प्रवृत्तिमा आत्मोन्मुखी र बहिर्मुखी चिन्तनको प्रभाव देखिए पनि सापेक्षित रूपमा अधिकतर प्रयोगशील, विचारप्रधान तथा दार्शनिक चिन्तनको पक्षलाई अनुशरण गर्ने दृष्टितर्फ अभिवृत्त कथाहरूको उपस्थिति देखिन्छ । चिन्तनको गम्भीरता, विचारको द्वन्द्वात्मकता, प्रस्तुतिको नवीनता यस चरणका कथाको विशेषता रहेको छ ।

**समसायिक प्रवृत्तिको चरण (२०३७ पछि):** नेपाली कथाको पछिल्लो चरणलाई समसामयिक प्रवृत्तिका सन्दर्भमा लिनु सान्दर्भिक हुन्छ । यस चरणका कथामा केही नयाँ र विशिष्ट तवरका कथागत प्रवृत्तिको उपस्थिति देखिन्छ । यस

चरणका कथाका मूलभूत प्रवृत्तिलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छः

एक्लो जीवनको नियति र यसको परिणामप्रतिको चिन्ता,
स्वतन्त्रताको प्राप्तिका निम्ति सङ्घर्ष र विद्रोह,
विसङ्गतिपूर्ण अवस्थाप्रतिको तीव्र व्यङ्ग्य,
सामाजिक तथा सांस्कृतिक मानकताप्रतिको उपेक्षा,
आर्थिक जटिलताका कारण आत्मपराजयको अनुभूति,
जीवन बाँच्नुको कठिनाइको बोध,
गम्भीर बौद्धिक चेतनाको अभिव्यक्ति,
स्वैरकल्पनाको प्रयोग तथा प्रदर्शनप्रति अभिरुचि,
विश्वजनीन सन्दर्भप्रतिको सचेत प्रस्तुति,
आञ्चलिक रङ्गको प्रस्तुतिप्रतिको सचेतता,
प्रगतिशील चेतनाको विस्तार र प्रकटीकरण,

यसरी पछिल्लो चरणका कथाहरूमा नवीनतम प्रवृत्तिचेतनाको विशेष प्रभाव रहेको छ । यस प्रवृत्ति र चिन्तनका कथाकारहरूका कथामा काल तथा परिवेश सापेक्ष चिन्तनगत प्रवृत्तिलाई अधिकतर सचेततासाथ विषय र चिन्तनको संयोजन गरेर सिर्जना गर्ने काम भएको छ । पुरानो कथा सिर्जनागत परिपाटीप्रतिको मोहभङ्ग हुँदै गएको हुनाले कथा विधाको संरचनात्मक गतिशीलताको स्थितिमा पनि स्रष्टाले ध्यान दिएका छन् । नयाँ शैलीमा नवीनतम संरचना र चिन्तन प्रक्षेपण गर्ने आधारमा नेपाली कथाको नयाँ आकृति तथा चिन्तनगत संवेदनाका तहहरूले जीवन्तता प्रदान गरेका छन् ।

## उपसंहार

नेपाली कथा साहित्यको परम्पराको इतिहास दुई शताब्दी लामो फड्को मारेको आजको सन्दर्भमा यसको विकास प्रक्रिया आफ्नै किसिमको रहेको छ । कथामा सामाजिक सन्दर्भका आधारमा सांस्कृतिक, शैक्षिक, आर्थिक, राजनीतिक लगायतको सन्दर्भ र त्यसमा आएको परिवर्तनको प्रभाव विस्तार भएको देखिन्छ । आरम्भतिरको अवस्थाका नेपाली कथामा संस्कृतको प्रभाव देखिन्छ । आगन्तुक दृष्टिले अरवी, फारसी, हिन्दी र उर्दूका केही कथाहरू नेपालीमा अनुवाद भएर कथाको आफ्नो आधरशिला तयार भएको छ । यस समयमा अङ्ग्रेजी कथाले पनि प्रवेश पाउन लागेको सन्दर्भ यहाँ उपस्थापन भएको छ । बिसौं शताब्दीको अन्तिम दशकतिर आइपुग्दा कथामा पाश्चात्य प्रभावलाई समेत आत्मसात् गरेका कारण नै कथा विधा क्रमशः गतिशील हुँदै गएको सन्दर्भलाई कथाले नै साक्ष्य गरेका छन् ।

निष्कर्ष के हो भने नेपाली कथाका आयतनभित्र विश्वकथाका विभिन्न प्रवृत्ति र विषयको ग्रहण सचेत रूपमा प्रयोग भएका छन् । नेपाली समाजको पछिल्लो

चरणमा विकसित बनेका राजनीतिक, सांस्कृतिक विसङ्गति र तिनबाट जन्मिएका द्वन्द्वहरू विम्बित बनेका कथाहरूको सिर्जना व्यापक देखापरेको छ । समाज र जीवनशैलीको गतिशीलताका बिच पनि नेपाली कथाले आफ्नो मौलिकताको स्थापनामा कत्ति पनि चुक नभइकन गतिवान् बनिरह्यो । इतिहासबाट के सिद्ध हुन्छ भने नेपाली कथा साहित्यमा प्रवृत्ति र चिन्तनका भिन्नभिन्न परम्परा र संरचनात्मक शिल्पयुक्त कथाको निर्माण भयो । कथाको सिर्जनाका सन्दर्भ नेपाली कथाको समसामयिक चरण निकै समृद्ध र सम्पन्न रहेको देखिन्छ । यो क्रम वर्तमानमा अझ उर्वर बनेर रहेको देखिन्छ ।

❖ ❖ ❖

# तिजका गीत : हिजो र आज

सीताकुमारी न्यौपाने (धिताल)

तिज अर्थात् नेपाली सनातनी महिलाको महान् पर्व । धार्मिक रूपमा आराध्यदेव शिव र पार्वतीको पूजा-आराधना, व्रत-उपवास गर्ने रूपमा तिज पर्वको महत्त्व छ । धार्मिक रूपमा मात्र नभई सामाजिक तथा सास्कृतिक दृष्टिले पनि यसको छुट्टै र विशेष महत्त्व छ । वर्षदिनभर अरू बेलामा पुग्न नपाए पनि तिजमा जसरी भए पनि माइत पुग्ने, आमा र दिदीबहिनीसँग भेटघाट गर्ने उनीहरूले बनाएको मिठोमसिनो (दर) खाने रूपमा पनि पर्व परिचित छ । विवाहित चेलीले कर्मघरमा भोगेका र अविवाहितले माइतीमै आफू अन्यायमा परेका कुराको पेटारो फुकाउने बेला पनि हो । कसैको डर र लाजविनै यी विषयलाई गीतको भाकामा उनेर उन्मुक्त भएर नाच्ने अवसरको रूपमा पनि नेपाली समाजमा तिज प्रसिद्ध छ ।

पहिलेपहिले तिजका लागि भनेर माइतीबाट बुबा वा दाजुभाइले चेलीलाई लिन जाने चलन थियो । त्यसो त तिजको दुई दिनअघि नै पनि बुबाको मुख हेर्ने दिनका लागि चेली माइत पुग्थे । अलि अघि पहाडी क्षेत्रमा बुबाको मुख हेर्ने भन्ने चलन वा संस्कृति थिएन । यो संस्कृति काठमाडौं उपत्यकाबाट फैलिएर अहिले त देशव्यापी भइसकेको छ । तिजको पूर्वसन्ध्या भनौं वा तयारी (दर खाने) को दिन चेली माइत पुग्छन् । आमा, सहोदर दिदीबहिनी, फुपू, काका-बडाबाका छोरी मात्र होइन सँगै हुर्केका गाउँका दौंतरी एकैसाथ भेट्न पाउनु चेलीका लागि अवर्णनीय अवसर हो । यसरी जम्मा भएका चेलीले वर्ष दिनभर आफूले भोगेका कुराका पेटारो फुकाउँदै अरूको कुरा सुन्दै रमाइलो गर्छन् ।

बेलुकी भएपछि आमा, फुपू र दिदीबहिनीको हातले बनाएका खिर, ढकने, गुँदपाक, सेलपुरी, तरकारी अचार र मौसमी फलफूल खाँदै मध्यरात बित्छ । भोलिपल्ट व्रत बस्न गाह्रो हुन्छ भन्दै आमाले छोरीहरूलाई थपीथपी खुवाएको दृश्य कम्ती रमाइला हुँदैन । अझ कतिपयले राति उठेर फेरि दर खाएको वा दर खान उठ्दा बिहान भइसकेको अनुभव पनि हामीमध्ये कतिपयले सँगालेका छौं।

बिहान सबेरै उठेर नुहाइधुवाइ गरेर सौभाग्यसूचक वस्त्र र श्रृङ्गारका सामग्री पहिरिएर उपवास (व्रत) सुरु गर्ने चलन छ । 'कोभन्दा को राम्री' भनेझैं सिंगारिएर शिवालयमा पुगी पूजाअर्चना गर्ने र मन्दिर परिसर वा नजिकैका देउरालीमा नाचगान

गर्ने क्रम सुरु हुन्छ । तिजका गीत गाउने क्रम ऋषिपञ्चमीको दिनसम्म रहन्छ । यी गीतमा चेलीले कर्मघरमा श्रीमान्, सासूससुरा, देवरनन्द आदिले दिएका पीडाको वर्णन हुन्छ । कतिपय सन्दर्भ दुःख मात्र नभई सुखका प्रसङ्ग पनि आउँछन् । परिवारका सदस्यलाई व्यङ्ग्य पनि गरिन्छ । समाजका अन्य सन्दर्भ पनि तिजको गीतमा उठाइन्छ ।

हामी सानो हुँदा सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका आसपास पनि यस्तै किसिमका गीत रन्किन्थे । यी गीतमा विशेषगरी छोरी भएर जन्मेकै आधारमा बुबाआमा र दाजुभाइले गर्ने गरेको विभेदप्रति गुनासो हुन्थ्यो, कटाक्ष हुन्थ्यो । एउटा गीतको अंश -

गोदावरी फूलै फुल्यो कोपिला तोडेर,  
तिजका गीत गाउँछु म तुक्का जोडेर ।  
घुम्दै र फिर्दै आएको जोगीलाई  
चौकुने टपरीमा सिदा बरी लै।

कि त दिनु बाबाले भाइसरह अंश,  
कि त दिनु बाबाले बिदा बरी लै ।  
भाइसरह अंश त मिल्दा पनि मिल्दैन,  
घरबार गरेर बस बरी लै ।

माइतीघरको दासी बन्नसम्म बनियो,  
आज मलाई आँगनीमा डोली ठडियो ।  
आँगनीको डिल पनि धान सुकाउन चाहिन्छ,  
जाऊ छोरी आफ्नै घरमा अंश पाइन्छ ।

पराइघर जाउँला आँगनीमा बसौँला,  
कसको मुख हेरेर भित्र पसौँला ।  
स्वामीको मुख हेरुँ भोकाएको बाघझैँ,  
सासूज्यूको मुख हेरुँ बल्दो आगोझैँ ।

थाप थाप नन्दज्यू मुठीभरि रुपैयाँ,  
छाड छाड नन्दज्यू जान्छु भँडार ।  
यो घरको सम्पत्ति सबै मेरो हुनेछ,  
मैले खटाएको तिम्ले खानु पर्नेछ ।

बाबाले दिएको शिरफूल दाइजो,
कहाँ राखौं कहाँ राखौं भयो बरी लै ।
घरमा राखौं भने स्वामी सोझा छैनन्,
माइतीमा राखौं त आमा छैनन् ।

मेरो आमा नभाको भगवानले हेरेर,
स्वामी सोझा नभएको सौता भएर ।
सौताले लगाउँछे मुटु छेडी वचन,
झड्केलाले लगाउँछ अंश बरी लै ।

जब तिज आउँथ्यो, तब घरमा गरेका दुःखकष्ट सबै कुरा बिर्सिएर चेलीको रमझम गर्ने बेला हो तिजमा माइतीघरमा गएर आफ्नो मनको कुरा आमाको छेउमा बसेर गन्थन गर्ने चेलीको कत्रो धोको हुन्छ । त्यो धोको पुऱ्याउन नपाएका गुनासो गीतको माध्यम पोखिएको हुन्थ्यो ।

तिजको बेलामा सबै जान्छन् मेलामा,
म चेलीको आँसु झऱ्यो दैला ठेलामा ।
तिजको बेलामा सबै जान्छन् माइत,
मेरो मात्र माइत जाने छैन साइत

न्याउली चरी करायो निगालाको झाङमा,
मलाई सम्झी नरोउ है आमा झम्के साँझमा ।
तिजमा पनि नपठाउने कस्तो पाइछु घर पनि,
रुँदै-रुँदै पकाउ आमा साँझमा दर पनि ।

यो त भयो विवाहिताले माइतबाट पनि अधिकार नपाएको र कर्मघरमा सासू, श्रीमान् र सौताबाट पाएको बुहार्तनका कुरा। छोरीले पनि पढ्नुपर्छ, अघि बढ्नुपर्छ भन्ने सन्दर्भमा अविवाहित चेलीले यस्ता गीत गाउँथे-

छोरा स्कुल पठायौ, छोरी घाँस कटायौ,
हाम्रो चाहिँ अन्धकारमा जीवन बितायौ ।
एक हात छोरा हो, अर्को हात छोरी,
केही छैन फरक बराबरी हो ।

हामीले नि पढ्न हुन्छ कुसी माथि बसेर,
छोराले लाए हुन्छ घरको कसिङ्गर ।

स्कुलमा गएर क-ख सिक्ने बेलामा,
आफूभन्दा ठूलो डोको बोकी मेलामा ।

छोरी पढ्न भनेर क्याम्पस खोले राजाले,
कस्ले भाइ हेर्छ र भने बाबाले ।
कति विकास गरिसके अरु देशका नारीले,
हामीलाई छाडेन घाँसको भारीले ।

पढौं पढौं दिदीबहिनी डर मान्नु छैन,
एक मात्र हातले ताली बज्दैन ।
कति पीडा पऱ्यो होला पिंजडाको चरीलाई,
उस्तै पीडा भोग्नुपर्ने हामी छोरीलाई ।

कति नारी पुगिसके मङ्गल ग्रह चन्द्रलोक,
हामीलाई भने सधैंभरि अशिक्षाको रोग ।
पढौं पढौं दिदीबहिनी डर मान्नु छैन,
एक मात्र हातले ताली बज्दैन ।

चेलीले कर्मघरमा बुहार्तन भोग्नुपर्ने अवस्था पहिलेजस्तो अहिले अलि नहोला । विद्यालय जान वा अघि बढ्नका लागि अभिभावकसँग रोइकराइ गर्नुपर्ने अवस्था पनि छैन । तर नारीका दुःख पीडाका स्वरूप बदलिएका छन् । परिवार र समाजदेखि विद्यालय र कार्यालयमा हुने हिंसा कहालीलाग्दा छन् । भनिन्छ- समाज जस्तो हुन्छ, त्यहाँका गीतसङ्गीत पनि उस्तै हुने हो । गीतसङ्गीत, नाचगान समाजकै प्रतिविम्ब हुन् । ती कुरा अहिलेको तीजगीतमा आउनुपर्ने हो । कमै आएका छन् ।

अहिले तिजको गीत र नाचमा आएका कतिपय परिवर्तन स्वीकार गर्न नसकिने खालका छन् । तीजका आसपास निस्कने यस्ता गीतलाई तीज गीत भन्ने कि नभन्ने भन्ने द्विविधा छ । डेढ महिनादेखि पार्टी प्यालेस र ब्याङ्क्वेटमा खाइने दरमा गाइने होस् वा सामाजिक सञ्जालमा राखिएका गीत हुन् ती अधिकांश हेर्न र सुन्न लायकका हुँदैनन् । सञ्चारमाध्यम र सामाजिक सञ्जाल यूटयूबमा दुईअर्थी र अश्लील किसिमका गीतले प्राथमिकता पाएका छन् । सामाजिक सञ्जालमा 'भ्यूज' बढाउने र पैसा कमाउने नाममा हाम्रो मौलिक संस्कृति विकृत बनाइँदैछ । दाजुभाइको बिचमा मात्र होइन हामी दिदीबहिनी मात्र बसेर सुन्दा पनि जिब्रो टोक्नुपर्ने अवस्था छ । तिजको दुई तीन महिनाअघि तिजगीतका नाममा आउने यस्ता सामग्रीले संस्कृति जगेर्नामा कुनै सहयोग पुऱ्याउने देखिँदैन ।

हो, समय परिस्थितिसँगै तिजमा गाइने भाका, नाचको शैलीमा परिवर्तन आएको छ, आउँछ । तर द्विअर्थी अश्लील र सभ्य समाजका अगाडि बसेर सुन्न गाह्रो हुने गीतलाई कसरी लिने ? के हामीले नयाँ पुस्तालाई यस्तै विकृत गीतसङ्गीत नाचगान देखाउने वा सिकाउने हो ? अवश्य पनि होइन । त्यसैले कस्ता गीतलाई तिजको गीत भन्ने, कस्तालाई नभन्ने भन्ने छुट्याउन आवश्यक छ । संस्कृतिको आड लिएर फैलाइने यस्ता विकृतिलाई सबै मिलेर बहिस्कार गर्नुपर्छ । हाम्रो देश विभिन्न संस्कृति र परम्पराले धनी छ । चाडपर्व, तिनमा गरिने क्रियाकलाप, गाइने गीत (पर्व) हाम्रा अमूल्य सम्पत्ति हुन् । यिनको मौलिकता जोगाउन कलाकारदेखि दर्शक-स्रोतासम्म सबै सचेत बन्नुपर्छ ।

*सानोठिमी, भक्तपुर*

❖ ❖ ❖

# चिसो आगो

भावना खड्का

भोको पेट
नाङ्गा पैताला
टिलपिल आँखा
बन्द ओठ
रुन्चे अनुहार

म नियालिरहेछु एक बालक
जो कुरिरहेछ आफ्नै आमाको चिसो शरीर
शायद एक अन्तिम आशा,
आमा उठ्नेछिन्, न्यानो काखमा राख्नेछिन्
र खुवाउनेछिन् तातो माम
वा निराशा,
आमा कहिलै नउठ्ने कुराको भेउ र
नमेटिने भोकको डर

म बुझ्दिन
ती कलिला आँखाको डर
बन्द ओठको नीरव भाषा
मौनता भित्रको चिच्याहट
किनकि,
म अन्धो छु
देख्दिन अरूको भोक र शोक
म बहिरो छु
सुन्दिन अरूको क्रोदन

तर यस क्षण
म देखिरहेछु,
केहि छिनमै
दन्किनेछ आगो

जलाउनेछ त्यो चिसो शरीर
र तातो आगोको भुङ्ग्रोमा जल्नेछन्
केहि कलिला सपना, रहर र आशा
म सुनिरहेछु
आगोको मौन चिच्याहट

र
केही बेरमै फेरि उठ्नेछ
आगोको एउटा चिसो लप्को
जसमा यति सामर्थ्य बाँकी रहने छैन
जसले
जलाउन सकोस्
त्यो सानो मनमा उठेका प्रश्नहरूको महासागर

ती प्रश्न
जसले
ढ्याङग्रो ठोक्नेछन्
म जस्तै बहिराहरूको कानमा
भोक, शोक र रोगको प्रश्न
नाङ्गा पैतालाहरूको प्रश्न
बन्द ओठहरूको प्रश्न

र त्यो एक लप्को आगो अरू चिसिँदै जानेछ
तिम्रो मन जसरी............

❖ ❖ ❖

# ज्ञानगुणका कुरा

सन्तकवि रामचन्द्र न्यौपाने

ज्ञानजस्तो कुनै हुन्न लेखौं काव्य महान् जति,
हुने हो ज्ञानले मुक्ति, सुध्रिन्छ ज्ञानले मति । ।।१।।

नखुले ज्ञानका आँखा शास्त्रले दिन्छ लाभ के ?
अन्धो मानिसका लागि ऐनको हुन्छ काम के ? ।।२।।

धर्म सगरमाथा हो विना ज्ञान चढिन्न त्यो,
जति महान् गरौं कर्मविना धर्म अडिन्न त्यो । ।।३।।

जसको कर्मजस्तो छ उस्तै मिल्ने न हो फल,
सधैं बाँच्न यशस्वी भै चाहिन्छ धर्मको बल । ।।४।।

कला र ज्ञान ठूलै हुन कसैले नबुझे पनि,
हीराको मूल्य घट्दैन सुनचाँदी पुजे पनि । ।।५।।

हुन्न ज्ञानविना मुक्ति कर्मकाण्ड सिके पनि,
मह नै गुणकारी छ चिनी धेरै बिके पनि । ।।६।।

मान्छेको जन्म पाएर के छ अर्थ सुती रहे ?
परमार्थ बिगारेर स्वार्थ साध्नै जुटी रहे । ।।७।।

जालझेल गरी आज दोष छल्न सके पनि,
ढाँट्न, छल्न कसैलाई सहिँदैन मरे पछि । ।।८।।

कसी लाउँछ मान्छेको ज्ञान, गुण र कर्मले,
महान बन्छ सधैं मान्छे सीप, दया र धर्मले । ।।९।।

*वनवासी, लमजुङ*

❖ ❖ ❖

# सपनाहरू

पवन आलोक

जीवन न हो
अनगिन्ती सपनाहरू छन्
अँध्यारा सुरुङहरूबाट
उज्यालो तर्फको यात्रा गर्ने सपना
नदीहरूलाई पछ्याउँदै
समुद्रसम्म पुग्ने सपना
यात्रा गर्दागर्दै
हिमालको चुचुरोसम्म पुग्ने सपना
आकाशका तारा जुन छुने सपना
तदर्थ जिन्दगीलाई
लयमा ल्याउने सपना
सपना कति कति
चाहना कति कति
जिउने क्रममा
सपना त देख्नुपर्छ
तर
सपनाका बिस्कुनलाई
हावाले उडाएर
रित्तो रित्तो भएको
एकल यात्री म
खाली हात, खाली खुट्टा लिएर
कहाँ पो पुगिएला र ?
समय चिप्लिरहेछ
तर गर्नु छ धेरै
पुग्नु छ धेरै टाढा
तर खै समय ?

*कालिकास्थान, काठमाडौं*

❖ ❖ ❖

# दुई कविता

अमित शाक्य

## सलहेश

वर्षौंभरको धैर्यता अनि पर्खाइमा कतै
साँची राखेको मुस्कान त्यही एक दिनको थियो ।
कठोर घाम पानी अनि तुफानको चुभनमा कतै
बाँची राखेको धड्कन त्यही एक दिनको थियो ।

न नियत बदलें, न बदलियो नियतिले ।
पाउनु कति न थियो, तर गुमाए त्यति नै ।
वर्षौंको धैर्यताको फल भइदिन्छ क्षणिक,
जसरी साँच्छ एक नागले झैं आफ्नो मणिक ।

कमजोरी पीडा लुकाई आफैं हाँसेको त्यस एकदिन ।
दर्शक भएर पराइ, तर मुकदर्शक बन्ने नजिक सोचेको
पर्याप्त छ, भइसक्यो, अब मुर्झाइ जान फेरिको दिन
टिपी जाने कुरामा जिजीविषा नै कहाँ छ र बचेको ।

## उपेक्षा

दुखाइमा त्यो हाँसो अट्टहासको ।
हेर्दछु तिरस्कार सहित उपहासको ।
छाती टेकीकनको त्यो नाच छ निर्मम ।
हे दैव, सदैव असह्य भयो हर्दम ।

खिल झिक्दा उल्टै विषको खोपण ।
के चिताँए, तर अनेक दोषारोपण ।
कति कति उध्रिए, कति कति मात्र सिलाउने ।
तातो बालुवामा पानी, सधैं वाफ बनी बिलाउने

लाचारीपनमा अड्किएको ती पितामह झैं,
लेउ र झारले कुरुपेको त्यो सुन्दर दह झैं,
आफ्नै प्रतिबिम्ब लाग्ने मात्र भारी ।
के चाहिँ जिते आखिर आँफैदेखि हारी

❖ ❖ ❖

# प्रेमको उत्सर्ग

शशीश्री आचार्य

अन्धकारका भीर उक्लिँदै गर्दा
तिमी उज्यालो छर्ने हात जस्तै लाग्छौ,
जीवनका बन्द गल्लीहरूमा बाटो देखाइदिने
एउटा सानो तर गहिरो दियो झैं लाग्छौ
सूर्यका सुवर्ण ज्वालाभित्र तिमीले नै
आश्वासनको उज्यालो घोली दिन्छौ
र जुनको रजत छायामा
तिम्रो स्पर्शले चुपचाप म पग्लिरहन्छु
साँघुरा समयका कन्दरामा
तिमी धैर्यको नाजुक फूल फुलाई रहन्छौ,
जहाँ विरक्तिएको अँध्यारोलाई मेटेर
सुगन्ध बिस्तारै फैलिदै जान्छ।

सपनाका हिम-शिलाहरू
तिम्रो विश्वासले पग्लिँदा
भाग्यका ढुङ्गे पर्खालमा
उज्यालो रेखाहरू
आफैं लेखिन थाल्छन्।
पतनका पाखा उक्लँदै जाँदा
तिम्रै साहसको स्वर प्रखर भएर बोल्छ,
र भोलिको सुनौलो विहान आशाको
नीलाचर बनेर क्षितिजमा फैलिन खोज्छ
टुप्पो-घरका साना झ्यालहरूमा
घामको ज्योत्स्ना भरिँदै जान्छ
र जीवनको फन्के बाटामा
तिमी र म एउटै सपनाको
यात्रु जस्तै अगाडि बढिरहन्छौं ।

समर्पणका पवित्र शिराहरू
मनभित्र गुञ्जिएका छन्,
र स्वर्गको प्रेमिल रूप जस्तै
हामी निरन्तर बन्न चाहन्छौं
एकअर्कामा बाँचिरहने,
एक अर्कामा टिकिरहने
सूक्ष्म उज्यालो भाव
कुना कन्दरा अनि
बारीका कान्ला र गरा
भीरभार अहँ केही
कहीँ रोकिदैनौं हामी

हाम्रै वरिपरिका हिमशृङ्खला
बिछट्टै सुन्दर देखिन्छन्
हो हामी दुई पनि यिनै
हिमशृङ्खला
कान्ला र गरामा
प्रितको गीत गुनगुनाउँदै
हर्षको लेपन लगाई
आफ्नै धुनमा कुदिरहन्छौ
निरन्तर.........।

म तिम्रो छातीमा
विरहको धुन गुनगुनाउँदै
निरन्तर तिम्रै समिपमा रहन पाउने
सुन्दर सपना देख्दै तिमीसँगै
हातमा हात राखेर
आलिङ्गनमा रमाउँदै
गगनलाई पछ्याउँदै मस्त हुँदै
टाढा टाढा क्षितिजको बाटो
निहार्दै हिंड्दै जान्छु
तिमी पुनर्मिलनको
पर्खाइमा अघि बढ्दै जान्छौ

त्यसैले अनन्त, आत्मा परन्त
म तिम्रै हुने साधना गर्दछु
तिमी ममै समाहित हुँदैछौ
प्रेमको उत्सर्गमा उक्लँदै गर्दा
म तिमीमा समाहित हुन्छु
तिमी ममा समाहित हुन्छौ
अनि हामी दुईको प्रेम यात्रा
निरन्तर चलिरहन्छ चलिरहन्छ
निरन्तर........ यस्तै गरी ।

*बौद्ध कुमारीगाल, काठमाडौं*

❖ ❖ ❖

# कहालीलाग्दो खबर

चूडामणि काफ्ले

आमा हुँ
सृष्टिले अभिभारा सुम्पेको छ मलाई
अहिले किन किन सबैतिर अन्धकार मात्र देखिरहेकी छु
किन किन अपशकुन मात्र लागिरहेको छ मलाई
दाहिने आँखा मात्र फर्फर फर्फर गरिरहेको छ मेरो
बिहान हतार हतार स्कुल गएको मेरो बाबु
अहिलेसम्म घर फर्केको छैन
म बाटामा आँखा ओछ्याएर बसेकोबस्यै छु
उसलाई मनपर्ने परिकार पकाएर प्रतीक्षारत छु
ड्याम ड्याम बन्दुक पड्केको आवाजले
मुटुमा च्वास्स घोच्छ, हृदयमा नमिठो पीडा थप्छ
ओहो ! किन यस्तो हुन्छ मलाई
हे दैव ! मेरो बाबुलाई केही नहोस्
ऊ हाँस्तै 'आमा !' भन्दै मलाई अँगाल्न आओस्
मैले पकाएका परिकार मिठो मानेर खाओस्
उसका मधुर मुस्कानमा म रमाउन सकूँ
हे दैव ! आज किन आकाशमा चिल र गिद्धले कावा  खाएका होलान् ?
कालो बादल मडारिएर किन गर्जेको होला ?
वातावरण किन कोलाहल बनेको होला ?
मेरो बाबुलाई केही नहोस्
उसका हातमा हतियार छैन
बन्दुक र पेस्तोल छैन
छ त पुस्तक र कापीले भरिएको झोला
उसको मनमा कुत्सित धारणा र कलुषित विचार छैनन्

छ त केवल मातृभूमिको सुन्दर तस्विर
बाटो हेर्दाहेर्दै मेरा आँखा थाक्छन्
सबै सुन्दर सपना अवसादमा बदलिन्छन्
मेरो मुटुको टुक्रा 'आमा ! भोक लाग्यो' भन्दै आउँदैन
आउँछ त केवल दुःखद दुर्घटनाको कहालीलाग्दो खबर !
'गोली लागेर तपाईंको छोरो अस्पतालमा सिकिस्त छ'
भन्ने अकल्पनीय समाचार !!
मेरा कानले सुन्नै नसक्ने पीडादायी समाचार !!

❖ ❖ ❖

# यौटा जल्लाद समयको विपक्षमा

विवेक दुलाल क्षेत्री 'दमक'

यदि निर्दोष आँखाहरूमा
खुसीको वर्षा ल्याउनुको सट्टा
दुःखको कुवा खन्न उताउलो भइरहेछ
क्यालेन्डर भने

यदि वाक स्वतन्त्रताको मधुर स्लोगन सुन्न नसकेर
निरपेक्ष विकल्पको बिरुद्धमा
कर्कश आवाज निकाल्न तमतयार छ हरेक पल भने

यदि प्रेम, माटो, भाषा र संस्कृतिलाई पूजा गर्न छोडेर
उदण्डताको ध्वजापताका जडित
सङ्कीर्ण सोचको पाषण मूर्ति बनाइरहेछ दशक भने

माफ गर्नुस् महोदय !
त्यो बेला मेरो सारा श्रम, पसिना
र शरीरमा एकमुठी सास छउञ्जेल
म उभिदिनेछु
यौटा जल्लाद समयको बिपक्षमा ।

*दमक बजार, बगैंचामार्ग, झापा*

❖ ❖ ❖

# तिम्रो ढोका अघिल्तिर

✍ अनमोलमणि

कोही अलमलिएको हुनसक्छ अघिल्तिर
एकपल्ट ढोका खोलेर त हेर !

ढोका खोल्यौ भने देख्नेछौ
तिनका छाला घामले डढेर गहुँगोरो भएका हुन सक्छन्
अझ कसैका छालाको रङ त निक्खर कालो पनि हुन सक्छ
तिनको छालाको रङ तिम्रो छालाको रङसित दुरुस्त नमिल्न सक्छ
कसैका आँखा चिम्सा होलान्
कसैका ओठ भद्दा असुहाउँदिला ठूला पनि होलान्
तिनको अनुहारको बनोट तिम्रोसित नमिल्न सक्छ
तर नभुल्नू तिमीले त्यो मान्छेकै रङ हो
नभुल्नु तिमीले त्यो मान्छेकै बनोट हो
अलि गहिरिएर एकछिन हेऱ्यौ भने पक्कै देख्नेछौ तिनको अनुहारमा
तिम्रो आफ्नै अनुहारको छाया ।

हुन सक्छ कसैका आँखामा भयको आँसु
कसैको आँखामा खुसीको आँसु पनि हुन सक्छ
जस्तो होस् आँसु झर्ने बाटो त सबैको उही गाला नै हो
बिचरा आँखालाई के थाहा आँसुको रङ कस्तो हुन्छ
विचरा गालालाई के थाहा कस्तो आँसु बगिरहेछ
अलि नियालेर हेऱ्यौ गालामा लागेको त्यो आँसुको दाग
तिमी प्रष्ट हुनेछौ त्यो मान्छेकै आँसु हो
आँसुको रङ संसारमा एउटै हुन्छ
चाहे त्यो दुःखमा बगोस् या सुखमा ।

तिनको सुटकेशबाट आउन सक्छ अनौठो गन्ध
त्यो पसिनाको पनि हुन सक्छ
त्यो मसलाको पनि हुन सक्छ
तिनले केहीगरी ढकढकाए भने तिम्रो ढोका
गहिरिएर हेर तिमीले पक्कै पत्ता लाउनेछौ

लामो यात्राको थकानमा खानाको साटो
स्मृतिहरू मात्रै चपाएर आएको भोको मान्छे कस्तो हुन्छ ?
जिब्रोले फरक स्वाद कहाँ यति छिट्टै स्विकार्छ र ?

कलेटी परेका ओठहरू थुकले भिजाएर
उस्तै परे बोलिदिन सक्छन् उनीहरू आफ्नै भाषा
अथवा डरैडरमा बोले भने तिम्रो भाषा
तिमीलाई अनौठो लाग्न सक्छ तिनको जिब्रोको लय
र तिमीलाई यो पनि लाग्न सक्छ
किन सही कोणबाट सही ठाउँमा बटारिएन
र निस्किएन तिम्रो भाषा तिनले बोल्दा तिम्रैजस्तो लयात्मक ध्वनि
नबुझेर तिनको ध्वनि
पत्तै नपाइ चाउरिन सक्छ तिम्रो निधारको छाला
उचालिन सक्छ तिम्रो कुम
र चुपचाप उभिइरहन सक्छौ तिमी ढोकाअघि
गहिरिएर सुन्यौ भने
तिनको अस्पष्ट, अमिल्दो र अप्ठेरो लाग्दो गरी फट्केको जिब्रोको ध्वनिमा
पाउनेछौ तिमीले हार्दिकता र स्नेह
अझ त्योभन्दा पनि गहिरिएर सोच्यौ भने
सम्झिन सक्छौ तिमीले त्यो ध्वनिमा
वर्षौं अघि तिमीले भुलेको तिम्रो पूर्खाको भाषा ।

तिनीहरू आएका हुन सक्छन् दूरदूरबाट
तिमीलाई त्यो अर्कै ग्रह पनि लाग्न सक्छ
तिनले ढाकेका हुन सक्छन् आफ्नो अनुहार, टाउको वा पैताला
पहिरिएका हुन सक्छन् तिमीले कहिल्यै नदेखेको पहिरन
किनभने तिनलाई त्यही आफ्नोपन प्यारो छ, जस्तो तिमीलाई छ ।

नानीहरू सुतेका हुन सक्छन् तिनको काँधमा
वृद्धहरू थाकेर लखतरान हुन सक्छन्
तिर्खाएका वा भोकाएका हुन सक्छन्
उनीहरूलाई थाहा नहुन सक्छ
कसरी बजाउने ढोकाको घण्टी
कसरी खोल्ने ढोका
कसरी गर्ने अभिवादन

कसरी सोध्ने सञ्चो बिसञ्चो
किनभने उनीहरू शून्यमा हुन सक्छन्
उनीहरूले पल्टाउनै बाँकी छ
नयाँ जीवनको नयाँ अध्यायको पहिलो पाना ।

तिमीलाई डिस्टर्ब लाग्यो भने पनि
एकछिन हातको पुस्तक पन्छाएर
एकछिन मोबाइलको स्क्रिनबाट आँखा हटाएर
एकछिन बिरालोको खेलकुद बन्द गरेर
एकछिन कुद्दै गरेको कुकुरलाई अड्याएर
एकछिन सोहोर्दै गरेको हिउँ नफ्याँकेर
एकछिन कानबाट इअरफोनको ठेडी झिकेर
गहिरिएर हेर तिनको अनुहार
पक्कै तिमीले देख्नेछौ त्यहाँ
आफ्नै पूर्खाको छाया
जो आएका थिए आप्रवासी हुन सयौं वर्षअघि यसैगरी
हिँड्दै, थाक्दै, अडिँदै यहाँसम्म
सयौं माइल यात्रा गरेर ।

❖ ❖ ❖

# विचारका लहर या जिन्दगीका रहर ?

✍ शुभेच्छा मरासिनी

यो गरौँ या त्यो गरौँ
एउटा गऱ्यो अर्को अपुग लाग्छ
अर्को गऱ्यो अर्को अपुग
थाहा छैन यो के हो ?
जिन्दगीको यात्रा हो
या भनौं आफैंभित्रको ।

मन अडिग छ, तन अडिग छ
लक्ष्यसँगै, कोरिएका ती गन्तव्यसँगै
तर पनि बेलाबेलाको हुटहुटी किन
अनायासै बहिरहने तातो हावाको वेग जस्तै
मडारिदै आएको कालो बादल जस्तै
अस्वाभाविक चञ्चलता किन ?

बाध्न खोज्छु, सम्हाल्न खोज्छु
अन्तर्मनमा गुम्सिएका
आजीवनको यात्रामा
हिमालजस्तै अटल बनेर
वृक्षजस्तै दयालु र परोपकारी बनेर
प्रत्यासित तरङ्गहरू
र नियन्त्रण गर्न खोज्छु
ती तरङ्गमा लुकेका सम्बन्धहरू ।

आफ्नै प्रश्न आफ्नै जवाफ
तर पनि प्रश्नै प्रश्न किन
जति उत्तर त्यति नै प्रश्न किन ?

सायद यसैमा लुकेका छन् होला
जिन्दगीका रहर
अनि ती रहर पूरा गर्ने अनगिन्ती लहर।

जीवनको यात्रामा
हिमालजस्तै अटल बनेर
वृक्षजस्तै दयालु र परोपकारी बनेर
मानवसेवामा जुट्दै
अघि बढुन् मेरा ती रहरहरू
पूरा होउन् विचारका लहरहरू।

❖ ❖ ❖

# जति फुर्सद उति याद

✍ सुभाष अर्याल

तिमी पर
म वर,
पराइ हुन् या नातागोता
वरपरमा भएका पनि अहिले वार र पार भए
तर तिमी र म
न पराइ न नातागोता
वरपरमा पनि कहिल्यै नभएकाले होला
ती यादहरूका याद
सामाजिक दुरीको हुकुमीले पनि
न आज वार भए न पार भए ।
यादहरू त त्यसै यसै सिमानामा अलपत्र भए ।।

ती याद सायद,
वर र परको केही समीकरणको उपज थिए र त होला
बनाउँदैछन् वरबाट अनवरत लस्कर लागेका ताँती
चाहँदैछन् वर र परलाई जोड्ने रेखा बनेको जाती ।
थाहा छैन मलाई ती याद जन्मेको मिति
त्यसैले त कोरिएनन् तिनका चिना र जानिएन थिति।
तर पनि तिनको कस्तो कर्मनिष्ठ नीति
समात्न खोज्छन् आफ्नै मतिको गति ।
र यता मलाई मिल्दछ फुर्सद जतिजति
तिनैको सम्झनाले अत्याउँछन् अति।
तिनै यादको सम्झनाले अताउछन् अति ।।

यादहरू पनि कस्ता,
मन मरेर पनि माया नमरेजस्ता
सजीव भन्ने कि निर्जीव भन्ने
प्राणसित प्राणको अस्तित्व लिएर पनि
न कहिल्यै प्रौढ हुने न गौण हुने
जहिल्यै वर र परको प्राणलाई नार्न मात्रै खोज्ने

बन्दाबन्दीको वेगसित झन्झन् ओइरो पार्न मात्र खोज्ने ।
सायद यादलाई पनि याद नहुँदो हो,
वरको यादसित पर एन्टीबडी बनिसकेको भए
यादको याद पनि याद जस्तो हुँदैन
जसरी चियाविना
चियाको स्वाद चिया जस्तो हुँदैन ।

सिमसिम बर्सिने पानीले जसरी सम्झाउँछ बालीको खेती
झिमझिम पार्ने आँखीले पनि फर्फराउँछ यादकै याद अति ।
यादको त नियति नै यस्तो,
न सम्हालिएर राख्छन् वरै बस्ने थाति
न छोडिगएर राख्छन् परै पुग्ने हुती ।
चलायमान ती यादहरू चाहन्न म कठपुतली बनाउन
विद्यमान संघर्षको कहरमा जाउन् आफ्नै अस्तित्वमा रमाउन ।
तर प्रिय,
ती यादहरूलाई पनि सङ्क्रमित भएजस्तो
आखिर तिनैको संवाहक आफू पनि बिर्सेजस्तो
यो कहरमा पनि कस्तो तिम्रो रहर
रोक्छ्यौ तिनलाई किन सिमानामै लहर ।
मुर्मुरिएका ती मुरीमुरी यादहरू,
सक्थे होलान् सीमा नाघेर पर जान पनि
बस्थे होलान् बीमा सम्झेर डर नमानी पनि
तर चाहेनन् यादहरू पनि अनुशासनको घेरा तोडी जान
लाग्दो हो यिनलाई पनि अबको गेट खुकुलो हुन्छ भन्ने भान ।
थुप्रिदैंछन् वरैबाट अलपत्र परेरै पनि
परैबाट पनि परिपत्र आउँछ भनी ।

मलाई पनि आशा छ प्रिय,
अब यी यादहरू वरबाट देख्दछु म जति
परैबाट तिमी पनि अवश्य देख्दछु म त्यति ।
फुर्सद होस् या व्यस्त सम्झनाले बनाउँदैनन् अब यो दुर्गति
प्रतीक्षा गरौं
परलाई पनि वरलाई झैं तिनै यादको सम्झना हुनेछ उति ।
परलाई पनि वरलाई झै तिनै यादको सम्झना हुनेछ उति ।।

*भीरकोट-५, स्याङ्जा*

❖ ❖ ❖

# ए ! जिन्दगी

देवराज खरेल

पानी भनूँ भने
यति शुष्क छ जीवन
समयसित बग्दैन
घाम भनूँ भने
घाम पनि होइन
बोकेर उज्यालो
घामसँगै दौड्न सक्ने
तुफान भनूँ भने
दौडेर पुग्न सकिएन कतै
उक्लन बाँकी उज्यालो
समयले च्यातेको
टुक्राटुक्रा कागज जस्तै
के यो जिन्दगी
तपस्या हो
समाधि हो
समय शृङ्खलाको
परिचालक मात्र हो
वा
निरर्थक अभ्यास हो
ए ! जिन्दगी
एकछिन उभिन
चौबाटोमा
फाटेको जिन्दगी
राखेर साक्षी
सोध्नु छ
अलिकति तुफान
अलिकति घाम
अलिकति जून
अलिकति पानीसित
भिजेको जिन्दगी
जीवन बाँच्नुको अर्थ

*हेटौंडा-५, मकवानपुर*

❖ ❖ ❖

# आमाको छुट्टी

✍ गोपालकुमार मैनाली

"मम्मी पानी तातेन ?
नुहाएर ट्युसन जानुपर्नेछ
ढिला भइसक्यो !"
छोरी आफ्नो कोठाभित्रैबाट
ठूलो स्वरले आमालाई सोध्छिन् ।

"आमा अहिलेसम्म चिया पाकेन ?
खान मन लागिसक्यो ।"
मोबाइल छेउमा राख्दै
छोराले ओढ्ने भित्रैबाट
आमालाई आफ्नो माग फर्मायो ।

"थर्मसमा तातोपानी तयार छ ?"
मर्निङ वाकबाट फर्केर
तौलियाले अनुहार पुछ्दै
श्रीमान्‌को प्रश्न तेर्सियो।

"मम्मी मेरो आज मर्निङ ड्युटी छ
लुगा मेसिनमा हालेको छु
सुकाइदिनु होला है !
हजुरको नातिको आज
नुहाउने पालो छ
म गएँ।"
डाक्टर बुहारीको आदेशात्मक अनुरोधले आमालाई चसक्क घोच्यो ।

आमाले प्रत्युत्तर विहीन
सबैका चासो र उर्दी सुन्नुभयो
प्रतिक्रियाको घुटको पिएर।

एउटा कागज खोज्नुभयो
लेखुभयो
र आफू सुत्ने कोठा बाहिर
सबैले देख्नेगरी
टाँसिदिनुभयो ।

कागजमा लेखिएको थियो -
"आज मई दिवस"
विश्वव्यापी रूपमा
सबै मजदुरको छुट्टी हुन्छ
म यो घरकी
बेतलबी मजदुर हुँ
वर्षमा एक दिन
मेरो छुट्टी हुन्छ ?

*काठमाडौं*

❖ ❖ ❖

# एक विधुर वृद्धको कथा

✍ केशवराज खनाल

सन्तान थे रहरका कलिला मुहार ।
बन्थे यिनै नयनका रसिला जुहार ।।
निःस्वार्थ स्नेह उनका प्रतिवर्षनाले।
हुर्के मिठो रहरले, खुसले, मजाले।।
।।१।।

वात्सल्य प्रेम निज हृत्तलमा पवित्र।
सन्तान शिक्षित बनाउन लक्ष्य एक।।
बल्दो थियो तर उपाय थिएन राम्रो।
संघर्षमै बितिहाले कति वर्ष हाम्रो।।
।।२।।

जाँगर थियो प्रखर, आँट थियो अदम्य।
लाग्थ्यो म फोर्छु कटिलो पहरो गढ्याम्म।।
त्यो बैंस-जोससित होस् लिएर साथ।
सत्कर्मले सकल तुष्ट थियो समाज।।
।।३।।

संघर्षका दिन कडा कटिला बिताएँ।
जग्गा-जमीन-धन आर्जनमा रमाएँ।।
प्यारी सुशील-प्रमदासित प्रेम साथ।
सन्तान-वास सजिलो घर त्यो बनाएँ।।
।।४।।

शिक्षा दिलाउँछु म सन्ततिमा भनेर।
झारेर नित्य पसिना-गत आय सारा।।
शिक्षातिरै सब लगानी गरें सहर्ष।
सन्तान शिक्षित हुँदा भरिलो भविष्य।।
।।५।।

पारेर हात जब स्नातकको उपाधि।
जोडी मिलाई नव-दम्पत्ती-सूत्र बाँधी।।
आशा थियो अब कुनै व्यवसाय गर्लान्।
जागिरिले कि सुखका दिन ल्याउलान्।।
।।६।।

बस्तै थिए जब दुई महिना नपुग्दै।
जापान जान भनी एक उड्यो भुरूक्कै।।
यू.के. म जान्छु भनी झट्ट उडेर अर्को।
जोडीहरू पनि लगे सँगमा सरक्क।।
।।७।।

छोरीहरू पनि सबै घरतर्फ लागे।
हाम्रा बुढ्याइँ कि त दुर्दिन झर्न लागे।।
गल्दै गयो तन बुता सब निखिएर।
हल्लिन्छ दाँत शिरमा भरियो तुषार।।
।।८।।

प्यारी गइन् अमरको पुर दिव्यधाम।
पर्दैन भोग्नु उनले दुःख यो तमाम।।
यो देह छैन कसिलो सब झोलिँदैछ।
यो चर्म चाउरी परी खुकुलो हुँदैछ।।
।।९।।

ती बैँसका सकल जोस कता हराए।
लौरो छ मित्र अब यी पद लरखराए।।
चस्मा विना नयनले रति देखिँदैन।
थोरै सुनिन्छ तर कान खुला हुँदैन।।
।।१०।।

बढ्दो छ श्वास अति वक्ष भयो खलाँती।
को सुन्छ गनगन कुनै जन छैन साथी।।
मिल्दैन छोड्न रति औषधिका पुलिन्दा।
को देख्छ रातभरि यी तकिया भिजेका।।
।।११।।

यी पाखुरा जब बलिष्ठ थिए अगाडि।
बारीभरी सब थिए ढकमक्क बाली।।
बाँझा भए अब बढ्यो सबतर्फ झाडी।
बाँच्ने कसोरी अब हो कुन आस पाली।।
।।१२।।

पैसा त आउँछ सुरुबुरु खर्च गर्न।
माया किनौँ म कसरी मन चित्त भर्न।।
रूच्दैन गाँस, छ सधैँ मनमा अशान्ति।
हे दैव प्राण कि त लेउ कि देउ शान्ति।।
।।१३।।

*बाहुनडाँगी, झापा*

❖ ❖ ❖

# जीत मृत्युको

✍ स्वस्तिका गैरे

जिन्दगी रहन्छ मृत्युको मुखमा
कहिले यथार्थ त कहिले वास्तविकतामा
सासको फेरो रोकिन्छ कहाँ ?
मृत्यु कसको नजिक छ कस्लाई थाहा यहाँ ?

वृक्षबाट झर्छन् ओइलाएका पातहरू
एकदिन छोड्नैछ आफन्तका साथहरू
रसिला नयन हुन्छन् सहभागीका
कलिला सपना भिजेर बगे परेलीमा।

मुढामा सुतेर हावामा बिलाउने हो,
कहाँ खोज्ने मृतकलाई हाँसीहाँसी बिदाइ गर्ने हो ।
सबैले दिन्छन् मनबाट श्रद्धाञ्जली,
पाप होइन पुण्य गरौं भएर मनकारी ।

कसलाई थाहा उसको मनमा के छ के छ,
सायद मृत्युको पो बन्दैछ कि साथी ।
जीत आखिर मृत्युकै हुने हो,
हाँसी हाँसी गरौं उसको बिदाइ माथि ।।

*भरतपुर १२, चितवन*

❖ ❖ ❖

# छटपटी

✍ इन्द्रकुमार श्रेष्ठ सरित्

बाटोमा, पँधेरोमा
यताउता, जताततै भेटिन्छ्यौ तिमी
तर भेटिए पनि थाहै नपाई
फेरि किन छुट्टिन्छौ तिमी

कहिले हातै समाउन आएझैं लाग्छ
कहिले कानमै साउती गरेझैं पनि लाग्छ
सपना हो कि यो विपना हो ?
आशाका क्षणभङ्गुर पलहरू
निमेषमैं निराशामा बदलिन्छ ।

तिम्रै मनमा बास बसुँ भनेर नसोचेको कहाँ हो र ?
तिम्रै छहारीमा ओतिन
मन नभएको पनि कहाँ हो र ?
मिलेर पनि सबैथोक
खै किन हो एक न एक थोक मिल्दैन
तिमीसम्म पुग्ने गोरेटो
अलि फराकिलो किन हुँदैन ?

यो पो तिमी हौ कि ?
त्यो पो तिमी हौ कि ?
यथार्थ र भ्रमले द्विविधामा पार्दा
म हो र होइनकै बिलखबन्दमा हुन्छु ।

आशाको त्यान्द्रो टुट्ने पो हो कि ?
सम्बन्धको धागो मक्किने पो हो कि ?
चुँडिन सक्ने आशाको त्यान्द्रोलाई
म आशाको लिउनले लिप्छु ।
म छु नि तेरो लागि भनेर
न्यानो आत्मियता साट्छु ।

भेटिएपछि छुट्टिनु छैन मलाई
गमलामै भए पनि फूल्न छाडिदिन्छु जीवनलाई
एकमुखे रुद्राक्षको खोजीमा झैं कहिलेसम्म
भौतारिनुपर्ने हो ?
कहिले सकिन्छ होला यो यायावर यात्रा
अँध्यारोलाई चिर्दै म उज्यालो खोजिरहेछु
घर होस् कि याक्सा - भेटिएपछि
म स्नेहले कति-कति सुम्सुम्याउँनेछु ।

*तरहरा, सुनसरी*

❖ ❖ ❖

# दुई कविता

कुन्दनकुमार पन्त

## रङ्ग र तरङ्ग

रङ्गबाट उत्पन्न हुने तरङ्गहरू
र
तरङ्गबाट उत्पन्न हुने रङ्गहरू
कति भिन्न छन् मान्छेहरूका
सोचहरू
नियन्त्रित र स्वतन्त्र
जिन्दगी
स्वाधीन र पराधीन
स्वतन्त्रता
तर,
रङ्ग र तरङ्गका भेद नै छुट्ट्याउन नसकी
अल्झन्छन्
चेतना निष्क्रिय धारणाले ग्रसित
मान्छेहरू
अस्तित्व भ्रममै
बिलाउँछन् ।

## गतिशील

हिजो जन्मेर हुर्के पनि
आज बाँचेपछि
आजकै मान्छे हुन सक्नुपर्छ
समयको गतिशीलतासँगै
धारणा र सोच बदल्नुपर्छ
अन्यथा,
अस्तित्व नै सङ्कटमा पर्न सक्छ ।

*पकनाजोल, काठमाडौं ।*

❖ ❖ ❖

# एल्गोरिदमको मान्छे

सुधन सुवेदी

शान्तिको कुरा गरियो,
प्रोफाइलमा बुद्ध राखियो,
दुई हरफ भित्री शान्तिका।
केही लाइक आए,
एउटा कमेन्ट,
एउटा सेयर।

मन शान्त भयो कि नोटिफिकेसन ?

फेरि अर्को पोस्ट,
हार नमान्ने,
लडिरहने,
योद्धा बन्ने।

लडाइँ कससँग हो ?
आफ्नै औँलाले स्क्रिनसँग।

मोबाइल हातमा छ,
अब हात मोबाइलमा छैन,
मान्छे मोबाइलभित्र छ।

किताबका पाना नपल्टाएको धेरै भयो,
तर फिडको अन्तिम पोस्ट
एकैछिन पनि छुट्दैन।

घुमन्ते भनिन्छ,
तर पाइला भन्दा
स्क्रोल धेरै हिँड्छ।

आइडियाको कारखाना भनिन्छ,
विचारभन्दा प्रम्प्ट धेरै जन्मिन्छन्।

एल्गोरिदमले देखाएकोमा हाँस्छौं,
एल्गोरिदमले देखाएकोमा रिसाउँछौं,
एल्गोरिदमले देखाएकोमै मत बनाउँछौं।

सल्लाह धेरै दिन्छौं, साथ कम ।
कमेन्ट धेरै गर्छौं, कुरा कम ।

संसार औँलाको टुप्पोमा छ,
तर आफ्नै मन पहुँचबाहिर।

अनलाइन हरदम, आफू अफलाइन।
जोडिएका सबैसँग,छुट्टिएका आफ्नैसँग।

एल्गोरिदमले
हामीलाई पढेन,
हामीले नै
आफ्नो जीवन
उसलाई पढ्न दियौं।

*कीर्तिपुर, काठमाडौं*

❖ ❖ ❖

# अब बाटो बिरालो होइन, मानिस काट्छ

मिथिलेश आदित्य

कहिल्यै भनिएको थियो -
'बिरालोले बाटो काट्यो भने अशुभ हुन्छ ।'
हामीले मानेका थियौं -
उसको चालमा लुकेको छ दुर्भाग्य,
उसको आँखामा झिलिमिली गर्छ अन्धविश्वास,
र उसका पन्जाबाट उठ्ने स्वरले फुट्छ सपनाको सिसा।
हामी डराइरह्यौं -
त्यो सानो, निर्दोष प्राणीबाट,
जसको अपराध केवल यति थियो -
कि ऊ हाम्रो बाटो हुँदै गएकी थिई।
तर सत्य यो हो -
अब बिरालो होइन, मानिस बाटो काट्छ।
त्यो मानिस -
जसको मुस्कानभित्र लुकेको हुन्छ छलको चादर,
जो हात मिलाउँदा औंलाभित्र लुकाउँछ काँडा,
र जसका आँखाभित्र बस्छ अपनापन होइन,
स्वार्थको झिलमिल।
बिरालो त केवल गुजर्छ -
जस्तै बादल, विना आवाज,
जसलाई थाहा हुन्छ आकाशको दिशा,
धरतीको राजनीति होइन।
तर मानिस त बबण्डरझैं गुजर्छ -
जो साथमा बोक्छ विश्वास, अपनत्व र सहजता सबै उडाएर।
अब बाटोमा बिरालो होइन डर लाग्छ मानिसबाट -
किनभने ऊ मुस्कुराएर पनि बोल्छ डरको भाषा,
र माया भन्ने नाममा खडा गर्छ शंकाको पर्खाल।
म पनि कहिल्यै डरन्थें -
बिरालोबाट होइन, आफ्नै जस्तो मानिसबाट।

सायद त्यसैले मैले आफ्नै भित्र दबाएँ त्यो बिरालो -
जो केवल गुजर्न चाहन्थी, विना आवाज, विना स्वार्थ।
तर पनि हामी हिँडिरहेछौं -
आफ्नै साहसको बलमा,
जस्तै दियो आँधीमा टिमटिमाउँछ तर निभ्दैन।
हामी उठ्दछौं -
स्वर्गको सिँढीमा होइन,
आफ्नो साहसको माटोले गढिएका बाटोहरूमा।
हामी बुझ्दछौं -
शुभ बाटोमा होइन, शुभ मनुष्यमाझ बस्छ उज्यालो,
जो हिँड्दा हिँड्दै अरूका लागि छोड्छ
विश्वास, माया र मानवताको छाप।
बिरालोले कहिल्यै कसैको भाग्य बदलेन -
ऊ त सधैं आफ्नै लयमा गुज्रिरही, आफ्नै विश्वासका साथ।
साँचो त यो हो -
भाग्य उसैले बदल्छ
जो आफ्नै भित्र लुकेकी त्यो निर्दोष बिरालोलाई
जिउँदो राख्न सक्दछ -
जुन सरलता, सहजता र निष्कपटताको प्रतीक हो।
हरेक मानिसको भित्र एक बिरालो हुन्छ -
जो विना स्वार्थ गुजर्न चाहन्छ,
जो कसैको बाटोमा अवरोध होइन,
केवल आफ्नै उपस्थितिको छाया हो।
तर जब यही बिरालो मानिसमा रूपान्तरण हुन्छ -
त्यसका पन्जामा बस्छ चालाकी, ईर्ष्या र डर।
भाग्य उसैले बदल्छ -
जो यो भित्री रूपान्तरण रोक्न सक्दछ,
जो आफ्नो भित्रको बिरालोलाई निर्दोष राख्न सक्दछ,
र आफ्नो मानवतालाई छल र स्वार्थको अँध्यारोबाट
जोगाउन सक्दछ।
उही साँचो विजेता हो -
जो भित्रको मानिसलाई नम्रतामा,
र भित्रको बिरालोलाई प्रेममा रूपान्तरण गर्न सक्दछ।
उहाँ जान्दछ -
शुभता बाटोमा होइन,

भित्रको सरलतामा बस्छ।
र यही हो सबैभन्दा कठिन परीक्षा -
कि भित्रको घृणालाई ममतामा बदल्न सक्नु,
डरलाई विश्वासमा,
र बाटोलाई फेरि शुभ बनाउन सक्नु।
सायद कुनै मोडमा फेरि एउटा बिरालो गुज्रला -
न डराउँदै, न ठम्किँदै।
र हामी मुस्कुराउँला -
यो सोच्दै कि अब बाटो अशुभ छैन,
मानिस फेरि मानिस बनेको छ।

*विराटनगर, नेपाल*

❖ ❖ ❖

# ज्ञान सन्मार्ग पाऊँ

मोहन मरासिनी

ज्ञानी ध्यानी सरल विनयी स्वाभिमानी स्वभाव
निःस्वार्थी निश्छल र समता सत् सदाचार भाव ।
मीठो बोली वचन जनता माझ सत्कर्म गर्दै
बित्थे बाबा ! दिन हजुरका ज्ञानको ज्योति छर्दै ।।

आफ्नो ठाने विनय र दया त्यो सदाचारलाई
आँटी ज्ञानी नरम बन है भन्नुहुन्थ्यो मलाई ।
बस्ती-बस्ती घर-घर पुगी फाँट फोक्टा जगाई
आफ्नो आर्को नभन जनता हुन् सबै भाइ भाइ ।।

शिक्षा पाएँ सकल जनको मर्मको ख्याल राख्ने
अत्याचारी मन मगजका दम्भ दुर्भाव फाल्ने ।
ऐले आई छलकपटको भावना जाग्न थाल्यो
बाबा ! मेरो मनमगजमा स्वार्थले वास पायो ।।

मान्छे भै मानव मन बुझी मस्त भै रम्न पाऊँ
दुःखीका दर्द र दमनको कष्ट सारा हटाऊँ ।
इच्छा हो यो तर सब भुलें माथ यो चल्मलायो
बाबा ! मेरो मन मगजमा स्वार्थले वास पायो ।।

काहाँ पाऊँ अब हजुरको आत्म ज्योति प्रकाश
काहाँ पाऊँ सरल ममता वत्स वात्सल्य भाव ।
बाबाआमा ! म अबुझ भएँ ज्ञान सन्मार्ग पाऊँ
अर्को अर्को जुनि हजुरकै कोखमा जन्म पाऊँ ।।

*तिलोत्तमा-३, रुपन्देही*

❖ ❖ ❖

# गजल

राजनविक्रम थापा

मन दुखेरै हो आमा रुने भनेको
माटै रैछ गरिबले छुने भनेको

धनीलाई त बनेको छ अस्पताल
निर्धोलाई नै त हो थुने भनेको

पानी महँगो छ र किन्न गारो भो
आँसुले नै त हो मुख धुने भनेको

आश र त्रासमा बाँच्ने बानी परेसी
सायद मझधारमै हो हुने भनेको

माथि रहने त सबै महँगा भइदिए
हामी मात्रै त हो चानचुने भनेको

*गोरखा-३ गोरखा*

❖ ❖ ❖

# गजल

छविलाल भण्डारी

अब त कर्णालीमा पनि दुःख गर्न नपरे हुन्थ्यो
सुत्केरीले छटपटाई भीरपाखामै मर्न नपरे हुन्थ्यो ।

समृद्धिका सपनाले ठूला-ठूला जहाज चढ्दै गर्दा
स्कुल जाँदा विद्यार्थी तुइनबाट झर्न नपरे हुन्थ्यो ।

तिमी टाउको दुख्दा पनि विदेश जाऊ जानलाई
मैले बेम्यादी सिटामोलले पेट भर्न नपरे हुन्थ्यो ।

छरौँ बीउ गरौँ मेहनत बाँझो खेत झुलाउँदै
उसको नाकाबन्दीले अभावमा पर्न नपरे हुन्थ्यो ।

उब्जाऔँ चिया निर्यात गरौँ आत्मनिर्भर अर्थतन्त्र
बाको ऋण बोकी सात समुन्द्र तर्न नपरे हुन्थ्यो ।

कोशी गण्डकी सलल प्रकृतिको काखमा बसी
सधैँ विरहका कथाले ज्ञान छर्न नपरे हुन्थ्यो ।

❖ ❖ ❖

# ग्रेनाइट पहाडमा मौन संवाद गरिरहेका चार पूर्वराष्ट्रपति

✍ मुरारीराज मिश्र

दिउँसो टण्टलापुर घाम लागे तापनि अक्टोबर महिनाको अन्तिम सातामा नै यहाँ जाडोले बिस्तारै टाउको उठाउन थालिसकेको थियो । घना जङ्गल र दश हजार भन्दा बढी ताल भएको अमेरिकी राज्य भनेर चिनिने मिनिसोटा सामान्यतया चिसो हुने ठाउँमा गनिन्छ ।

यहाँका धेरै तालहरू, मध्य जाडोयाममा निकै बाक्लो हिउँ जमेर तालमाथि नै हिँड्न मिल्ने हुने रहेछन् । हिउँ जमेपछि सरकारले तोकेका यस्ता तालहरूको बिचमा निश्चित समयका लागि क्याम्प बनाएर पिकनिक मनाउने, हिउँमा प्वाल पारेर बल्छी थापी माछा मार्ने लगायतका गतिविधि समेत गर्न पाइनेरहेछ ।

हामी यहाँ आएको केही दिनपछि, घुम्न जाने ठाउँको सूची बनाउँदै गरेकी छोरी सम्पदाले "अबको दुई सातापछि हिमपातको सम्भावना छ । त्यसपछि जाडो बढेर जान सकिन्न, त्यसैले ढिलो नगरिकन गइहाल्नुपर्छ" भन्दै भ्रमणको हतारो देखाइन् । साउथ डकोटास्थित चार जना पूर्व राष्ट्रपतिको टाउको कुँदिएको पहाड माउन्ट रसमोर र नेसनल प्रेसिडेन्सियल वाक्स म्युजियम घुम्न जाने कार्यक्रमको सन्दर्भमा उनले यो कुरा भनेकी थिइन् ।

"हामी त तिमीहरूको पछि-पछि लाग्ने न हो, जता-जता लान्छौ त्यतै जाउँला ।" मैले हाँस्दै भनें । हुन पनि, वरिपरिको क्षेत्रमा पैदल घुम्नु र नजिकै पसलमा सामान किन्नु जस्ता सामान्य कामबाहेक सवारीसाधन चलाउन नजान्ने र भाषामा पोख्त नभएका मानिसले विभिन्न सहरमा एक्लै भ्रमणमा जानु प्रायः असम्भव नै हुन्छ यहाँ ।

अन्ततः छ दिनपछि भ्रमणमा जाने कार्यक्रम तय भयो । हामी बसेको ठाउँ मिनियापोलिसबाट ६०० माइलभन्दा पर पर्ने माउन्ट रसमोर जान आउन कम्तीमा पाँच दिन लाग्थ्यो । छोरी र ज्वाईं भ्रमणको आवश्यक तयारीमा लागे । माउन्ट रसमोर जाने दुई दिनअघि ज्वाईंको आँखामा अकस्मात् इन्फेक्सन देखियो । जाने तरखरमा रहेका हामी धर्मसङ्कटमा पऱ्यौं । श्रीमतीजीले त "भैगो अहिले नजाऊँ, ज्वाईंलाई ठीक भएपछि जाँदा भइहाल्छ नि !" भनेकी थिइन् । तर "भ्रमणको सबै बुकिङ भइसकेको र अहिले यात्रा रद्द गर्दा मौसमका कारण पछि जान नमिल्ने हुन

सक्ने भएकाले जानु नै उचित हुन्छ" भन्ने ज्वाईंको सल्लाह मानेर, २२ अक्टोबर २०२४ को बिहान नौ बजे मनमा केही खल्लो मान्दै हामी चारजना श्रीमती कल्पना, छोरी सम्पदा, छोरा कौशल र म यात्राका लागि घरबाट गाडीमा निस्कियौं।

मौसम सफा थियो । बाहिर घाम लागिरहेको भए तापनि वातावरण तात्न सकेको थिएन । हल्का हावा चल्दै थियो । केही बेरमा गाडीले मिनियापोलिसको व्यस्त सडक पार गरी साउथ डकोटा जाने हाइवेमा प्रवेश गऱ्यो । हाइवेका दुवैतर्फ आँखाले भ्याएसम्म खेतीयोग्य खाली जग्गा देखिए । जग्गामा कतै मकै टिपेर बाँकी रहेका ढोड (मकैको सुकेका बोट) कतै खेतीका लागि खनजोत गरेर छोडेका र कतै गाईका बथान चरिरहेका देखिए ।

बाटोका दुवैतिर सयौंको सङ्ख्यामा हावाबाट बिजुली निकाल्ने 'विन्ड मिल (पवन पङ्खा)' घुमिरहेका देखिन्थे । यहाँको विद्युत् आपूर्तिको प्रमुख स्रोत यिनै विन्ड मिल रहेछन् । प्रकृतिले जहाँ जे स्रोत दिएको छ, त्यसैलाई सदुपयोग गरेर देश समृद्ध पार्ने हो । यहाँ निकै चल्ने हावालाई बिजुलीमा परिणत गरेको देखेर जलस्रोतको धनी देशको बासिन्दा मलाई आफ्नो देशले अझैसम्म पनि प्राकृतिक वरदान स्वरूप प्राप्त जलस्रोतको समुचित उपयोग गर्न नसकेकोमा पीडाको अनुभूति भयो ।

सवारी चालक फ्रेस हुँदै रोकिँदै यात्रा गरून् र दुर्घटना नहोस् भन्ने कुरालाई ध्यानमा राखेर बाटोमा प्रत्येक ७०-८० माइलको फरकमा सुविधासम्पन्न रेष्ट एरियाहरू बनेका थिए । यो देखेर काठमाडौं बाहिर यात्रा गर्दा बाटोमा शौच लाग्दा झाडी वा कुनाकाप्चामा जानुको विकल्प नभेटेको मलाई अचम्म लाग्यो । आराम, शौच र खानपिनका लागि ती रेष्ट एरियाहरूमा उपलब्ध सुविधाको पटकपटक उपयोग गर्दै हामी अघि बढ्दै गयौं । झण्डै २८५ माइल पार गरेर साउथ डकोटाको सबैभन्दा ठूलो सहर सु-फल्स पुग्न हामीलाई करिब पाँच घण्टा लाग्यो ।

पानीको बहाव ठूलो नभए तापनि अचम्म आकृतिका ढुङ्गामाथि बनेको झरना आकर्षक देखिन्थ्यो । फल्स एरिया अवलोकनका लागि यहाँ टावर पनि थियो । आजको रात यतै बिताउने कार्यक्रम रहेको र यहाँ आउनुअघि नै होटेल बुक गरिसकेकाले कोठामा सामान राखेर साँझपख फल्स पार्क र बजार क्षेत्र घुमघाम गरियो । यहाँको बजार पुराना गहना, फर्निचर लगायत प्राचीन, पुरातन वस्तुहरू र सङ्कलन योग्य विभिन्न सरसामानका लागि प्रसिद्ध रहेछ ।

भोलिपल्टको हाम्रो यात्रा यहाँबाट ऱ्यापिड सिटीसम्मको थियो । बिहान आठ बजे नै नास्ता खाएर निस्केका हामी सु-फल्सबाट ७३ माइल परको मिचेल सहर १ घण्टा १० मिनेटमा पुगियो । यो सहरमा सन् १८९२ मा स्थापना भएको विश्वको एक मात्र कर्न प्यालेस (मकै दरबार) संग्रहालय रहेछ । निःशुल्क प्रवेश

पाइने कर्न प्यालेसभित्र मकैबाट निर्मित वस्तुहरू, मकैका परिकार र मकैको महत्त्व झल्काउने विभिन्न कुराहरू प्रदर्शनका लागि राखिएका थिए ।

कर्न प्यालेसको अवलोकन पछि खाना खाएर यात्रा जारी राख्यौं। हाइवे आँखाले देखुन्जेल सिधा र समथर थियो । बाटोका दुबैतिर खेती गर्न खनजोत गरेर तैयार गरेका जमिन थिए । यतातिर भने मिनिसोटाका जस्ता ठूला तालहरू नभएर सानासाना पोखरीहरू मात्र देखिए । हाइवेमा कतैपनि चौबाटो जोडिएका देखिएनन् । अर्को बाटोले हाइवेलाइ क्रस गर्न, ती बाटोका दुवै साइडलाई हाइवेभन्दा करिब १०० मिटर जति परबाट हल्का उकालोजस्तो बनाएर हाइवेको ठीक माथि पुल बनाइएको थियो । जसले गर्दा सवारीसाधनले सबैतिरबाट निर्वाध र अनुशासित रूपमा चल्न पाएका थिए ।

हाइवेमा रेष्ट एरियाबाहेक मानव बस्ती र पसलहरू कतै देखिएनन् । नेपालमा हरेक सडकमा जोडिएका पसल, होटेल र घरहरू देख्दै आएको मैले यस्तो दृश्य देखेर अनौठो महसुस गरें । झण्डै ८० माइलको गतिमा गाडी कुदिरहेको थियो । झ्यालबाट हावाका कारणले हल्लिएका रुख र प्राकृतिक दृश्य मनमोहक देखिन्थे । पाताल देश भनिने अमेरिकाको भूभागमा श्रीमती र छोराछोरीको साथमा गरिएको लामो सडक यात्राले मलाई भने मनभित्र अवर्णनीय सुखानुभूति भइरहेको थियो ।

मिचेलबाट हिँडेको चार घण्टापछि दिउँसो तीन बजेतिर २२० माइल टाढा पर्ने साउथ डकोटाको व्यस्त सहर र्‍यापिड सिटी पुगियो । बुक गरेको होटेल पुगेर कोठामा सामान राखेर फ्रेस भयौं । भोक लागिरहेको थियो । खाजा खाएर केहीबेर आराम गरेपछि सहर घुम्न निस्कियौं । यहाँको एउटा नेपाली रेष्टुरेन्टमा रातिको खाना खायौं । बागलुङतिरबाट आएका रेष्टुरेन्ट सञ्चालक भाइसँग गफगाफ गर्दा बेग्लै रमाइलो महसुस भयो । केही क्षणको लागि हामी नेपालमा नै छौं भन्ने भान पर्‍यो ।

२४ अक्टोबरका दिन बिहान होटेलमा ब्रेकफास्टपछि र्‍यापिड सिटीबाट करिब २५ माइल पर पर्ने ब्ल्याक हिल्समा रहेको माउन्ट रसमोर जान निस्कियौं । नेपालको जस्तै घुमाउरो बाटो, डाँडाकाँडा, घना जङ्गल, विभिन्न प्रजातिका रुखहरू भएको र मौसम पनि उस्तै लाग्ने यो क्षेत्र अग्लो चट्टानमा खोपिएका चार अमेरिकी राष्ट्रपतिहरूका टाउकोका कलाकृतिका लागि प्रसिद्ध छ ।

यहाँस्थित सन् १९२५ मा स्थापित माउन्ट रसमोर राष्ट्रिय स्मारकभित्र पर्ने ब्ल्याक हिल्सको टाकुरोमा चार जना अमेरिकी पूर्वराष्ट्रपतिहरू जर्ज वासिङ्टन, थोमस जेफरसन, अब्राहम लिङ्कन र थियोडोर रुजवेल्टका टाउकोका ६० फिट अग्ला आकर्षक मूर्तिहरू खोपिएका छन् । ग्रेनाइट पहाडको टुप्पोमा बनाइएका ती

आकृतिहरूका कारण साउथ डकोटाको यस क्षेत्र, अमेरिकाको प्रमुख पर्यटकीय गन्तव्य मध्येको एक बनेको छ ।

हामी पुग्दा निकै स्वदेशी र विदेशी पर्यटकहरू त्यहाँ पुगिसकेका थिए । केही भीड भए पनि कुनै हल्लाखल्ला थिएन । सबैजना शान्त र अनुशासित रूपले स्मारक नियाल्दै गरेका देखिन्थे । नेपालका पर्यटकीय स्थलमा जाँदा देखिने होहल्ला, तँछाडमछाड, उच्छृङ्खल गतिविधि र फोहोर सम्झिएँ, फिस्स हाँसो उठ्यो । हामी पनि पर्यटकको हुलमा मिसियौँ । निकैबेर लगाएर त्यहाँको अवलोकन गऱ्यौँ । तस्विर खिचियो ।

ती मूर्तिहरू स्मारक क्षेत्रको दृश्यावलोकनका लागि तोकिएको स्थानबाट झण्डै ५०० मिटरको दुरी परको पहाडमा अवस्थित थिए । झट्ट हेर्दा, ग्रेनाइट पहाडमा खोपिएका ती चार पूर्वराष्ट्रपतिहरू इतिहाससँग मौन संवाद गरिरहेका झैं लाग्थे । समुद्र सतहभन्दा १,७४५ मिटर उचाइमा रहेको यस स्मारक क्षेत्र १,२८० एकड एरियामा फैलिएको छ । संयुक्त राज्य अमेरिकाको आन्तरिक विभागको ब्यूरो अन्तर्गतको यो स्मारक हेर्न विश्वभरबाट वर्षमा २० लाखभन्दा बढी मानिस यहाँ आउने गरेका रहेछन् ।

माउन्ट रसमोरको पहाडमा कुँदिएका चार अमेरिकी राष्ट्रपतिहरूलाई अमेरिकाको स्थापना, वृद्धि, संरक्षण, विकास र स्वतन्त्रताका सिद्धान्तहरूको प्रतीक मानिएको छ । जसमध्ये जर्ज वासिङ्टनलाई स्वतन्त्रताको सङ्घर्ष र गणतन्त्र संस्थागत, थोमस जेफरसनलाई देशको क्षेत्रीय विस्तार, अब्राहम लिङ्कनलाई राज्यहरूको स्थायी संघ र सबै नागरिकहको समानता तथा थियोडोर रुजवेल्टलाई विश्व मामिलामा संयुक्त राज्य अमेरिकाको बीसौँ शताब्दीको भूमिका र आम मानिसको अधिकारका लागि पुऱ्याएको योगदानको आधारमा छनोट गरिएको थियो । स्मारकभित्रको हलमा यी मूर्तिहरू खोप्दाको इतिहासको डकुमेन्ट्री देखाइँदै थियो । त्यसबेला प्रयोगमा ल्याइएका सामानको प्रदर्शनी पनि भइरहेको थियो । साथै, तत्सम्बन्धी पुस्तक, स्मारकका चिह्न र कपडा बिक्री कक्ष पनि सञ्चालित थिए ।

यहाँपछिको हाम्रो गन्तव्य माउन्ट रसमोरबाट करिब दुई किमि परको दुरीमा रहेको, हालसम्मका सबै अमेरिकी राष्ट्रपतिका मैनबाट निर्मित मूर्ति राखिएको द नेसनल प्रेसिडेन्सियल वाक्स म्युजियम थियो । अनलाइन टिकट काटेर म्युजियमभित्र पसेपछि बेग्लाबेग्लै कक्षमा सबै अमेरिकी राष्ट्रपतिको जीवनी, कार्यकालका महत्त्वपूर्ण तथा अविस्मरणीय क्षण, अफिसियल भेटघाट र कार्यशैली झल्किने अहिले नै बोल्लान् झैं लाग्ने, मैनबाट बनेका एकसय भन्दा बढी पूर्ण कदका मूर्तिहरू देख्न पाइन्छ । यी मूर्तिहरू कलाकारिताको अद्वितीय नमूना पनि हुन् । यहाँ, प्रत्येक दृश्यको सन्दर्भ र इतिहास वर्णन गर्ने स्वचालित अडियोसमेत सुन्न पाइन्छ ।

एक घण्टा जति समय म्युजियममा बिताएर हामी निस्कियौं। जाडो सिजन सुरु हुन थालेका कारण बाटोका दुवैतर्फका अधिकांश पसल, रेष्टुरेन्ट बन्द थिए । फाट्टफुट्ट खुलेका पसल बाटोका रमणीय दृश्य नियाल्दै न्यापिड सिटी फिर्ता भयौं । खाना खाएर दिउँसो ड्रागन पार्कलगायतका स्थानका घुमघाम भयो ।

२५ अक्टोबरको बिहान ब्रेकफास्ट पछि फिर्ती यात्रा सुरु भयो । निकै तीव्र गतिमा हावा चलिरहेकोले मौसम चिसो थियो । रेष्ट एरियामा गाडीबाट निस्कँदा हावाको वेगले उडाउला जस्तो हुन्थ्यो । समय समयमा विश्राम गर्दै दिउँसो सु-फल्सस्थित होटेलमा पुगियो । बेलुकीपख सपिङ मल, बजार र पार्कतिर घुमघाम भयो । नजिकैको इन्डियन रेष्टुरेन्टमा खाना खाएर राति होटेल फर्कियौं । थकाइले होला राति मज्जाको निन्द्रा पऱ्यो । भोलिपल्ट बिहान ब्रेकफास्ट पछि नै बजे सु-फल्सबाट हिंडेका हामीले साँझ चार बजे मिनियापोलिसस्थित घर पुगेर पाँच दिने रोमाञ्चक र अविस्मरणीय यात्राको बिट माऱ्यौं ।

*उमामहेश्वर मार्ग, कुमारीगाल, काठमाडौं*

❖ ❖ ❖

# सौन्दर्यले भरिएको शैलुङमा साहित्य सम्मेलन

**✍ मणि लोहनी**

कालापानीमा बिउँझिदा बाहिर अँध्यारै थियो ।

पर्दा हटाएर झ्याल खोल्दा बाहिरको चिसो फुत्त भित्र छिऱ्यो । बदलामा कोठामा बलेको बत्तीको एक मुठ्ठी उज्यालो बाहिर ओर्लियो ।

दोलखाको यो कालापानी शैलुङको आधार शिविर हो । मोबाइलको घडीमा बिहानको पाँच बजेर १२ मिनेट गएको रहेछ ।

"सिरकबाहिर त जता छोयो त्यतै चिसो छ त !" म फुसफुसाउँछु । मुखबाट धुँवाजस्तै वाफ आउँछ ।

"के एक्लै भुतभुताएको ?" अर्को बेडमा टाउको छोपेर सुतिरहेका जयदेव भट्टराई सोध्छन् । उनी साहित्यिक अन्वेषक हुन् । पछिल्लो ४० वर्षदेखि अनवरत नेपाली साहित्यको श्रीवृद्धिमा तल्लीन छन् । लामो समय गोरखापत्रको शनिवासरीय र मधुपर्कको सम्पादनमा बिताएका उनी अहिले आरब्धका सम्पादक छन् ।

"लौ हेर ! यस्तो चिसोमा झ्याल खोलेको । लगाउनु । नत्र जमिन्छ ।" उनले भने ।

"अब जाने हो दाजु । उठ्नुस् । दाह्री काट्नुस् । म त तयार भइसकें ।"

यतिखेर हामी २९ सयको मिटरको उचाइमा छौं । हिजोको रात हामी यहाँ आएर बास बसेको । एक दर्जनभन्दा बढी होटल र रिसोर्टहरू रहेको कालापानीका चार वटा होटल हाम्रै साथीहरूले भरिएका छन् । गोरखापत्र संस्थानले पहिलो पटक आयोजना गरेको 'गोरखापत्र साहित्य सम्मेलन-२०८२' का लागि कालापानीमा गाँस र बासको भव्य व्यवस्था थियो ।

साँझ छिप्पिएर रात परुञ्जेल हामी आगो तापेर बस्यौं । आलु र मासु पोल्दै खाँयौ । चिसो सिरेटो नचलेको होइन । बेलाबेलामा शीतले भिजाउन खोजेको पनि हो । तर निरन्तर बलिरहेको आगो, तात्तातो मासु र आलुको अघि चिसो धेरै चलमलाउन सकेन । बरु पछि कोठमा छिरेपछि भने न्यानो हुन धेरै बेर लाग्यो ।

३,१५० देखि ३२०० मिटरको उचाइमा रहेको शैलुङ पुग्नु छ,

केहीबेरमा ।

प्रकृति र अध्यात्मको दोभान हो, शैलुङ ।

तामाङ भाषाको शब्द 'शैलुङ'को नेपाली अर्थ हुँदो रहेछ, सय थुम्का । धानको थुप्रोजस्ता थुम्काहरू छन् रे त्यहाँ । त्यो हेर्नुछ । ती सयथरी थुम्कामा चढेर हेर्नुछ सेताम्मे हिमालहरू । र बिर्सिनुछ दैनिकीका क्रममा भोगेका थकाइ र बोझहरूलाई ।

बिहानीको खाजा र कफी पिएर कालापानीभन्दा अलि माथि रहेको शैलुङको प्रवेशद्वारमा पुग्दा बिहानको सात बजिसकेको थियो । साथमा छन् कार्यक्रममा सहभागी ठूलै टोली । बिहानै कालापानी टोल विकास संस्थाले साहित्यकार र पत्रकारहरूलाई फूलको माला लगाइ दिएका थिए । पञ्चेबाजाको धुनसँगै बजार परिक्रमा गराउँदै शैलुङसम्म नै उनीहरू हामी सँगसँगै थिए ।

यहीँबाट सुरु भयो सिँढीयुक्त फराकिलो बाटो । यसलाई मिनी ग्रेटवाल भनिँदो रहेछ । हिँड्दा र यहाँबाट हेर्दा दुवैमा आनन्द आउने । अघिपछि ठूलो लस्कर । बाजागाजा र नाचगान । बिहानै हिँड्नेहरूमा साहित्यकार रञ्जना निरौलाको टोली अगाडि थियो । सायद उनीहरू त पुगिसके होलान् टुप्पैमा ।

**'मिनी ग्रेटवाल'मा मनमगन**

शैलुङ गाउँपालिकाको अघिल्लो जनप्रतिनिधिले बनाएका रहेछन्, यो सिँढीयुक्त बाटो । गज्जब बनेको छ । हिँड्न मज्जा आउने । वरिपरिका अग्ला पहाड र सेता हिमालहरू हेर्दै हिँड्नुको मजा नै बेग्लै । 'मिनी ग्रेटवाल' भनिने सिँढीयुक्त बाटोको मध्यमा पुगेपछि खुशीको सीमा नै रहेन । यहाँबाट देखिँदो रहेछ अग्ला होचा पहाडी मनमोहक थुम्काहरू । पर सेताम्मे हिमाल र अलि तल हामीले छाडेर आएका कालापानीका रङ्गीन होटल र बस्ती ।

रेडियो नाटकका सिद्धहस्त कलाकार मदनदास श्रेष्ठ, कवि राधेश्याम लेकाली, लेखक साथी तुलसीहरि कोइराला, जयदेव दाजु र म केहीबेर फोटाहरू खिच्छौँ । फोटो खिच्नु त बहाना हो । यहाँबाट धीत मरुन्जेल हेर्छु- श्वेत हिमाल र काला/हरिया पडाडहरू । मानिसका इच्छाजस्तो लमतन्न फैलिएका नीला आकाश र त्यसमा बेलाबेलामा देखिने सेता बादलका फूलहरू ।

**भीमसेनको तरवारमा दवेको शक्ति**

'मिनी ग्रेटवाल' भनिने सिँढीयुक्त बाटो छाडेर अघि बढेपछि आउँछ महादेव गुफा । डाँडाको एउटा ओढारमा बसेका रहेछन्, शैलुङेश्वर महादेव । महादेवको दर्शन गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास छ । यो विश्वासलाई हामीले किन तोड्नु ? मन्दिर नजिकै गोदावरी र धर्म नामका दुइटा गुफा पनि रहेछन् । गोदावरी गुफामा

हरेक १२ वर्षमा मेला लाग्दोरहेछ । रमाइलो त के भने त्यहाँ दूध कुण्ड पनि रहेछ ।

३,१५० मिटरको उचाइमा रहेछ भीमसेनको तरवार । ढुङ्गामा तरवारको आकृति देखिन्छ । किम्बदन्तीमा भनेझैं भीमसेनले नेपाल मण्डल प्रवेश गर्दा यहाँ तरवार बिसाएकै होलान त ? तर तागत र शक्तिको प्रतीक भीमसेनको तरवारमा पुग्दा हाम्रा शक्ति भने दबिइसकेका थिए । थाकेर लखनतरान भइसकेका थिए ।

**शैलुङ डाँडाका आकर्षक ढुङ्गा र लुङ्दार**

डाँडामा तीन वटा ठूला ढुङ्गा छन् । बाघ, गाई र गँगटो आकारका । हेर्दै मन प्रफुल्लित र आल्हादित हुने । भित्रै कताकताबाट शान्ति मिलेजस्तो अनुभूति । थकाइ त कता हो कता बिलाउँछ । त्यति मात्र होइन, बौद्ध मन्त्र लेखिएका झण्डा अर्थात् धर्ज्यू र लुङदारले डाँडालाई रङ्गीन बनाएको छ ।

"मलाई यी साह्रै मन पर्छन् । एकताका त यसलाई घरको कौशीमा राख्नुपर्‍यो भनेर बौद्धमा गएर किनेरै ल्याएको थिएँ ।" रङ्गीन लुङ्दार देखाउँदै मैले भने ।

"मलाई पनि मन पर्छ दाइ ।" श्रीबाबु कार्कीले भने । यिनी कविता र निबन्ध लेख्छन् । मलाई यिनको निबन्ध धेरै मन पर्छ । पछिल्लो समय निबन्धमा पढ्नैपर्ने नाम हो- श्रीबाबु कार्की । हामीलाई खादा लगाइदिँदै आउँछिन एउटी शेर्पिनी महिला । उनी चैत्यका गुरुकी श्रीमती रहिछिन् । भनिन्, "गुरु काठमाडौं जानुभएको छ । मैले नै लगाइदिएँ । पछि उनी मेरो नजिकै आइन, शैलुङको चैत्यमा बत्ती बाल्दा काठमाडौंको स्वयम्भूनाथ र बौद्धनाथमै बालेसरह पुण्य मिल्छ ।"

**धर्ती स्वर्ग शैलुङ**

तन र मन दुवै ऊर्जाले भरिन्छ । ३,१५० मिटर उचाइ कटेपछिको आनन्द वर्णनातीत छ । डाँडामा नीलो आकाश, चम्किलो घाम र हिमाली सौन्दर्यको अभूतपूर्व मिठास भेटिन्छ । अझ सूर्योदय, सूर्यास्तमा कस्तो सुन्दर देखिदो हो ?

"सूर्योदयमा त बिहान गज्जब नै देखियो नि ।" निबन्धकार रञ्जना निरौलाले भनिन्, "किलोका किलो सुन पगालेको जस्तो पँहेलोले पूरै लालीमा फैलिएको थियो ।"

शैलुङको मुख्य थुम्को चाँहि दोलखाको शैलुङ गाउँपालिका र रामेछापको दोरम्बा गाउँपालिकामा पर्दोरहेछ । यहाँबाट देखिने पहाडका तरेली र हिमाली शृङ्खलाको के कुरा गर्नु । कति हुन् कति हिमाल । पश्चिमको अन्नपूर्ण, मनास्लु, लमजुङदेखि गणेश हिमाल, लाङटाङ, गौरीशङ्कर, सगरमाथा र नुम्बुरसम्म दर्जनौं हिमालहरू। हेरिरहुँ जस्तो ! क्यामेराले खिचिरहुँ जस्तो !

कुनै अग्ला त कुनै होचा । जुन थुम्कामा चढेर हेरे पनि देखिने सेताम्मे हिमाल र पहाडका लोभलाग्दा तरेलीहरू । समुन्द्री सतहदेखि ३२ सय मिटर उचाइमा रहेको शैलुङ डाँडा हिउँदमा हिउँले सेताम्य बन्दोरहेछ । ३२ सय मिटरको उचाइमा एउटा ठूलो मैदानमा १०० फरकफरक आकृतिका थुम्का भएकाले नै यसलाई शैलुङ भनिएको रहेछ ।

**आँखै बिझाउने 'भ्यू टावर'**

यो भ्यू टावरको राजनीति के हो ? म बुझ्दिन । यो उचाइमा किन चाहियो टावर ? यी सबै थुम्का आफैंमा टावर हुन् । यहाँ कसले कसलाई छेक्छ र ? आँखाले भ्याउन्जेल जताततै छन् मनमोहक दृश्यहरू ! आँखा नचिम्लिएसम्म केहीले पनि छेक्दैन । यस्तो ठाउँमा ठडिएको छ फलामको बढेमानको भ्यु टावर । यो किन चाहियो होला ? शैलुङ आफैंमा प्राकृतिक भ्यू टावर हो । यहाँ बनेको फलामे संरचनाले आँखै बिझायो । त्यसो त पछिल्लो दश वर्षमा देशभर बने असङ्ख्य भ्यू टावरहरू । अधिकांश ती उचाइमा नै बने । र धेरैलाई बिझाइरहे ।

**जैविक विविधताको भण्डार**

वनजङ्गल, जडीबुटी, जङ्गली जनावर र चराचुरुङ्गीको भण्डारै हो, शैलुङ । दश वर्ग किलोमिटरमा फैलेको शैलुङमा एक दर्जन सामुदायिक वन छन् । त्यहाँ १०८ भन्दा बढी किसिमका जडिबुटी पाइँदोरहेछ । साथमा किसिम किसिमका जनावर र चराचुरुङ्गी । तर बिहान हिँडदा हामीले एउटा पनि देखेनौं ।

**आस्थाको पुञ्ज**

किम्बदन्ती अनुसार तत्कालीन बौद्ध गुरुले मुठीमुठी चामल राखेका थिए । त्यही मुठी बढेर थुम्का बनेको रे ! डाँडामा चैत्य, गुरु पद्मसम्भवका पाइला र शैलुङेश्वरको मन्दिर छ । त्यसैले हिन्दू र बौद्धमार्गीको साझा तीर्थस्थल बनेको छ, शैलुङ । जनै पूर्णिमाअघि बौद्धमार्गीको भीड लाग्छ भने बाला चतुर्दशीमा हिन्दूको । पितृको सम्झनामा बत्ती बालेर बौद्धमार्गी मन्त्र जप्छन् । हिन्दू सत्बीज छरेर पितृ तार्छन् । त्यसैगरी कुशेऔंशी, जनैपूर्णिमा र ल्होसारमा पनि यहाँ मेला यहाँ लाग्छ । सरकारले घोषणा गरेको नेपालको सय वटा प्रमुख पर्यटकीय गन्तव्यमा परेको शैलुङ प्रकृतिको सुन्दर सिर्जना मात्र होइन, हिन्दू र बौद्धमार्गीको साझा तीर्थ पनि हो ।

**ऐतिहासिक गोरखापत्र साहित्य सम्मेलन**

शैलुङको मुख्य चैत्यसँगै भव्य कार्यक्रमको आयोजना भयो । गोरखापत्र दैनिकका कामु प्रधान सम्पादक जुनारबाबु बस्नेतको सभापतित्वमा सम्पन्न कार्यक्रममा शैलुङ गाउँपालिकाका अध्यक्ष रिमलबाबु श्रेष्ठ, वडा नम्बर ८ का अध्यक्ष धनबहादुर तामाङ, टोल विकास संस्थाका अध्यक्ष रुद्र थपलिया, समाजसेवी सोभित उप्रेती

लगायतको उपस्थिति थियो ।

कार्यक्रममा स्थानीय कवि, विद्यार्थीवर्ग र काठमाडौंबाट आएका कविहरूले आ-आफ्ना रचना वाचन गरी गौरीशङ्कर हिमाललाई टाढैबाट साक्षी राखेर मनोरमस्थल शैलुङलाई साहित्यमय बनाएका थिए।

रचना वाचन गर्ने कविहरूमा सुभाषचन्द्र पौडेल 'भीमफेदीया', नन्दु उप्रेती, रञ्जना निरौला, विमुन्स पौडेल, अञ्जना पौडेल, त्रिभुवनचन्द्र वाग्ले, लक्ष्मी चौधरी, राजु महत, तीर्थ अधिकारी, जानुका राई, अमरदीप सुनुवार र बालकृष्ण थपलिया लगायत थिए ।

गोरखापत्र संस्थानका महाप्रबन्धक लाल ऐरीले भने, "यो ऐतिहासिक सम्मेलन हो । हामीले अहिलेसम्म जे जति साहित्यिक कार्यक्रम गऱ्यौं मधुपर्कका नाममा गऱ्यौं । तर भाषा साहित्यको क्षेत्रमा गोरखापत्रको योगदान पनि कम छैन । त्यही भएर यसपालि यो साहित्य सम्मेलन गरेका हौं ।"

**गाउँपालिकामा भव्य स्वागत**

भ्रमण टोलीलाई शैलुङ गाउँपालिकाका अध्यक्ष रिमलबाबु श्रेष्ठले गाउँपालिका प्राङ्गणमा भव्य स्वागत गरे । उनले शैलुङको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्त्वबारे जानकारी दिए । "तपाईंहरूको भ्रमणले यस क्षेत्रको पर्यटन व्यवसायमा उल्लेखनीय योगदान पुग्ने विश्वास लिएको छु ।" उनले भने ।

बोल्न खप्पिस मेरा मित्र र मधुपर्कका सम्पादक त्रिभुवनचन्द्र वाग्लेले पनि प्वाक्क जवाफ फर्काइहाले, "साहित्यकारहरू काठमाडौंबाट रित्तै हात आए पनि यहाँबाट फर्किंदा मुटुभरि शैलुङको माटोको सुगन्ध, मिठो सम्झना र आँखाभरि सुन्दर दृश्यहरू बोकेर जानेछन् ।"

❖ ❖ ❖

# चैते हिउँमा भैरवकुण्ड यात्रा

**लक्ष्मण कार्की**

हिँड्नु मानिसको चर्या नै हुनुपर्ने हो । तर, सवारी साधनले भरिपूर्ण सहरमा त मज्जाले हिँड्न पनि डाक्टरले भन्नुपर्ने वा रोगले अँचेट्नुपर्ने अवस्था आएको देखिन्छ । हिँड्नु मस्ती हो कि सास्ती ? यसबारे आ-आफ्नै तर्क हुन सक्लान् । वर्तमानमा हिँड्नु पौरखको कुराजस्तो पो हुन पुगेको छ । उसो त हाम्रा सहरमा हिँड्ने ठाउँ र हिँडौं-हिँडौं लाग्ने वातावरण पनि कहाँ छ र ? हिँड्नु अर्थात् शरीरका पाटपुर्जामा जमेको खिया टक्टक्याएर, नटबोल्ट कस्नु, अङ्गहरू अर्जाप्नु र बोधो हुँदै गएको दिमागमा पाइन भर्नु हो । त्यसैले त मौका मिलाएर हिँड्ने लत गजबको हुन्छ । मिल्ने साथीहरूको छरितो टोली बनाएर हिँड्नुको मज्जा हिँड्नेले मात्रै थाहा पाउँछन् । समूहमा मात्र होइन, आफैंलाई सुन्दै र मनभित्र गुन्दै गरिने एकल लमक-लमकको स्वाद पनि बेग्लै छँदैछ ।

०००

सिरक फालेर जुरुक्क उठ्दा घाम झलमल्ल थिए । ज्यान पनि चङ्गा ! केहीबेर अघिसम्म दुखेको टाउको सिटामोलले बिसेक बनाएछ । "उठ् यार, जाउँ अब ।" सँगै सुतेको साथी राजुलाई बोलाएँ । "ह्या नजाउँ सर यार," झिँजो मानेको स्वरमा सिरकबाट मुखधरी ननिकाली उसले थप्यो, "माथि नै पुगेर पनि हेर्ने यही हिउँको थुप्रो मात्रै हो रे, कुण्ड हेर्न नपाइने रैछ त !"

"हुन त हो कि, तर यति आइसकेर पनि माथि नपुगी के फर्किनु हाउ !" मैले उसको सिरक तान्दै भनें, "अब डेढ दुई घण्टा त हो रे नि, उठ् मुला ।"

"हो त !" ऊ पनि जुरुक्क उठ्यो ।

हामी झट्पट् तयार भयौं । तयार हुनु पनि के नै थियो र लुगा सबै लगाएरै सुतिएको थियो । गोडामा जुत्ता र आङमा ज्याकेट सिउरिनु न थियो । झोला त्यही घरमा राखेर उकालो लाग्यौं । चोकरमोकरबाट भैरवकुण्डका लागि उकालो चढ्दै गर्दा पारिलो घामले आङमा आनन्दको ऊर्जा भरिदिएको थियो । हामी अघिल्लै दिन दिउँसो एक बजेतिरै चोकमोकरमा बास बसेका थियौं । आखिर धपेडी केका लागि गर्नु थियो र ? निखँदो चैत भए पनि अचानक परेको हिउँले बाटो हिउँमय छ । चोकमोकरमा भर्खरै बनाएको एउटा टहरोमा हाम्रो बास बस्यौं । जस्ता पाताले बेरेको र जस्ता नै ओडाइएको टहरोमा चारैतिरको चिसोले हामीलाई दिनुसम्म दनक

दिएको थियो ।

काठमाडौंबाट हिँडेको तीन जनाको टोलीमा अहिले दुई जना मात्र छौं । चोकरमोकरबाट बिहान झिसमिसेमै हिँड्ने र भैरवकुण्डबाट उदाउँदो सूर्य हेर्ने योजना थियो । तर बिहान हिँड्ने बेला राजु र मेरो टाउको दुखेका कारण हामीले माथि जाने कि नजाने भनेर हल्का ल्याङ्ल्याङ् गरेपछि साथी रमेश सायन चाहिँ एक्लै उकालो लागेको थियो ।

हामी उकालो फटाफट लाग्यौं । हामीलाई के थाहा थियो भने सायनलाई हामी माथि नै भेट्न सक्छौं । ऊ हामीजति हिँड्न सक्दैन । पछि पछि छुटेपछि ऊ भन्छ, "मलाई त एक्लै हिँड्दा मजा आउँछ ।" आखिर हार्न नचाहनु मानिसको स्वभावै जो हो । 'वस्तुभाउ खेद्नु पछि लागेर मानिस खेद्नु अघि लागेर' भनेजस्तो सायनले पनि अल्छी गरेको भए हामी त्यहींबाट फर्कन पनि सक्थ्यौं, तर ऊ हिँडेकाले पनि हामी उकालो लाग्न हौसियौं ।

परपर देखिने हिमाल हेर्दै र हिउँले ढाकेको बाटो हुँदै हामी उकालै उकालो लाग्यौं । केहीबेरपछि भैरवकुण्ड पुगेर फर्किएकाहरू भेटिन थाले । उनीहरू बोडो शानसँग फर्किरहेका थिए । कोही ओरालोमा हिउँमा सिलिपिती खेल्दै झरिरहेका थिए त कोही फोटो र भिडियो खिच्दै र रमाउँदै रिल्स, टिकटक र इन्स्टा बनाइरहेका थिए ।

हामी भैरवकुण्ड पुग्नै लाग्दा फर्कंदै गरेको अवस्थामा भेटियो साथी सायन । ऊ हामीलाई देखेर झसङ्ग भयो । उसलाई हामी आउँला वा त्यहाँ भेटिउँला भन्ने लागेको रहेनछ । हामीलाई छोडेर हिँडेकोमा हामीले दुई चार व्यङ्ग्यवाण मार्‍यौं । ऊ हाकाहाकी भन्छ, "सबैले आफ्नो लागि नै यात्रा गर्ने हो, मलाई यात्रामा कचकच गर्ने मान्छे मन पर्दैन । मिलेसम्म सँगै जाने हो तर कसैको मिलेन भने अरूको पनि यात्रामा अवरोध पुर्‍याउनु हुँदैन ।" कुरो ठिकै पनि हो सबैलाई मनाएर र मिलाएर जाने भन्ने हो भने यात्रा नै गोलमाल भइजान्छ । कसको के मिल्दैन कसको के ? कसरी सबै मिलाउने ?

वरपर पहाड अनि चौरको बीचमा रहेको र निकै आकर्षक यो गन्तव्यमा जनै पूर्णिमामा विशेषतः हिन्दू धर्मावलम्बीको भीडभाड लाग्ने रहेछ । तर अहिले अरू बेला पनि पुग्ने मानिस धेरै हुने गरेको स्थानीय बासिन्दा बताउँछन् । काठमाडौंबाट नजिकका पदयात्राका रुटमध्ये भैरवकुण्डलाई एउटा उत्तम रुटका रूपमा रोजाइमा पर्दै गएको पाइन्छ ।

हामी पुग्दा भने हिउँले ढपक्कै ढाकेकोले भैरवकुण्डको 'सेप' मात्र देखिन्थ्यो । हिउँ नहुँदो हो त यहाँका फराकिला खर्कमा लडिबुडी गर्दै यात्रालाई थप रोमाञ्चक बनाउन सकिन्थ्यो । तर हिउँ परेको बेला त्यहाँ पुग्दाको बेग्लै अनुभव भने हामीले

गर्न पायौँ । स्वाँस्वाँ गर्दै त्यहाँ पुगेकाहरू वरपरका पोजमा फोटो भिडियो खिच्न व्यस्त देखिन्थे । हामी पनि यो कर्म सकेर फर्कियौँ । बाटोमा स-साना नानी बोकेका आमाहरू पनि उकालो लागिरहेका थिए । कसैलाई रित्तै हिँड्न पनि सकस कसैलाई नानी बोकेर पनि सहज । आखिर जिन्दगी भनेकै यही त हो ।

ooo

फर्केर हामी चोकरमोकरमा हिजो बास बसेकै होमस्टेमा पुग्यौँ र चिया बिस्कुट खायौँ । झोला बोकेर ओरालो झर्‍यौँ । साँझ झमक्क हुँदा हामी बगाममा बसेकै होमस्टेमा घुस्रियौँ । जहाँ हामीले जाँदाको पनि पैसा तिरेकै थिएनौँ । दाइ-भाउजूले फर्केर एकैपटक पैसा दिनु भनेका थिए । यसले फर्कदा पनि हामी उनीहरूकै ग्राहक हुने सुनिश्चितता थपेको थियो भने हामीलाई उहाँहरूले गरेको विश्वासले मख्ख पारेको थियो ।

बगाम, छगाम गाउँमा विदेश त्यसमा पनि फ्रान्स र अमेरिका नगएको घर विरलै हुने रहेछन् । होमस्टे सञ्चालक फुर्वाले भने, "घरको चार पाँच जनासम्म गएको छ सर ।" फुर्वाकै परिवारलाई उदाहरण दिने हो भने पनि उनका पाँच जना छोराछोरी परदेशमा छन् । दुई छोरी अमेरिका र दुई छोरा फ्रान्स । एउटा छोरा भारतको मेघालयस्थित एउटा गुम्बामा बौद्ध धर्म अध्ययन गरिरहेका रहेछन् । आठ वर्षकी कान्छी छोरी पेमा डोमालाई काठमाडौँको बोर्डिङ स्कुलमा बोर्डस गराइदिएका रहेछन् । साह्रै फरासिली र रमाइली उनी स्वयम्भूको एउटा स्कुलमा बस्न थालेको पनि दुई वर्ष हुन लागेछ । उनलाई पढाउन काठमाडौँ राख्नुको विकल्प नभएको फुर्वा र उनकी श्रीमतीले बताए । अब त बानी लागिसकेको उनीहरूको भनाइ थियो । आठ वर्षकी पेमाले चाहिँ काठमाडौँको स्कुल र होस्टेलमा रहँदा आमा-बुबाको सम्झनाले हुरुक्कै बनाउने बताइन् । "रुन्छु नि के गर्नु ?" आमा बुबाको याद आउँदा के गर्छौ ? भन्ने प्रश्नमा उनले जवाफ दिएकी थिइन् । दाइ-दिदीको पनि याद आउने भए पनि उनीहरूसँग सम्पर्क गर्ने कुनै साधन नभएको र बेलाबेला आमाबाले स्कुलमा फोन गर्दा बोल्न पाउने त्यसैमा नियास्रो मेटाउनुपर्ने बाध्यता उनले सुनाइन् । उनका कुरा सुन्दै मैले मेरो छोरी जुनलाई सम्झिएँ । घरबाट अलिकति पनि बाहिर निस्कँदा डराउने म जुनलाई बोर्डस गर्नुपर्‍यो भने पठाउन सकुँला ? मैले मेरै मनलाई सक्छु भन्न सकिनँ ।

सात जना छोराछोरी भएको परिवारमा श्रीमान्-श्रीमती मात्र छन् । घरमा पाहुना आएका बेला एक जना भतिजले सघाउने गरेका छन् । फुर्वा भन्छन्, "अहिले हामी त भर्खर बिहे गरेको जस्तो पो भयो सर ।" गाउँमा पहिलेको तुलनामा विकास धेरै पुगे पनि गाउँ रित्तिएकोमा उनलाई गुनासो छ । निर्वाहका लागि गाउँ छोड्नुपर्ने बाध्यता नभए हुन्थ्यो भन्नेमा उनले जोड दिए । छोराछोरी परदेसिएपछि भैरवकुण्ड घुम्न आउने पाहुना नै छोराछोरी र परिवारका सदस्य जस्ता हुने गरेको फुर्वा

दम्पतीले सुनाए । अति नै कम्करी यो दम्पतीले चोकरमोकरमा पनि होमस्टे खोलेको छ भने बगामको अहिलेको घर नजिकै पनि अर्को होमस्टे खोल्न लागेका रहेछन् ।

भोलिपल्ट सखारै हामी काठमाडौंको गाडी चढेर फर्कियौं । सिट प्याक भइसकेकाले हामी चालक छेउको बनोटमा जोडेर बनाइएको सिटमा उल्टो बस्यौं । बसाइ पनि असहज भएको अनि फटाफट काठमाडौं फर्किहाल्नुभन्दा बाह्रबिसेमा झरेर खानपान गरी अर्को गाडी चढेर जाने मतो मिलाएपछि बाह्रबिसेमै झऱ्यौं ।

"बाह्रबिसे बजार कुनै समय कस्तो गुल्जार थियो", सायन उत्साही सुनियो, ''त्यसबेला यहाँ दुई तीन हजार तिरेपछि आइफोन पाइन्थ्यो नि ।" मतलब, आइफोन नै त होइन तर हेर्दा आइफोन जस्तो देखिने कुनै जिनिसलाई दुई तीन हजार तिरेर किन्न पाइने रहेछ । तर त्यसबेला नेपालमा अहिलेजस्तो छ्याप्छ्याप्ती नभइसकेको आइफोन बोकें भनेर अरूलाई झुक्याउन वा शान दिन बाहेक त्यसको कुनै काम नहुने । हुन त उसबेला आइफोनबारे मानिसलाई के नै थाहा थियो र अहिलेजस्तो ! तैपनि मानिसको रहर न हो । ऊसँग कुनैबेला तातोपानी बजारलाई आधार मानेर सिन्धुपाल्चोकका उत्तरी गाउँमा ट्याक्टर बेचेको अनुभव पनि रहेछ । खासाको नाका तातोपानीबाट सबैभन्दा नजिकको नेपाली बजार भएकाले पारिपट्टिका सबै सामान पाइने कुराले ऊसलाई खुबै तानेको रहेछ ।

हामी खाना खान बसेको चरिकोट भोजनालयमा झुरुप्प बसेर केही पाका बाहरूको टोली चिया खाँदै गफिँदै थिए । गफिइरहेका उनीहरू देशको राजनीतिक अवस्था र अब केही हुने आशामा केन्द्रित सुनिन्थे । वैशाखको पहिलो दिन भएकाले म माधवप्रसाद घिमिरेको वैशाख कविताको भिडियो बनाउँदै थिएँ । एक जना रौसे बा पछाडिपट्टि आएर ध्यान दिएर सुन्न थाले । बेला बेला बुढी औंलो उचाल्दै खुसी भएको जनाउ दिन थाले । केहीबेरमा हामीले बासँग पनि गफगाफ गऱ्यौं । श्लोकमार्फत नै धेरै कुरा भन्ने बाले बिहेमा जगाइने खाँडोदेखि भनिने 'शिलोक'सम्मका रमाइलो पारामा कुराकानी भयो । बाहरूले गाउँ रित्तिँदै गएको अनुभव सुनाए । अब गाउँ भरिभराउ बनाउन असम्भव जस्तै रहेकोमा उनीहरू दुःखी सुनिए । गाउँका आधा जति घरमा त अहिले ताला लागिसकेको कुरा सुनाउँदै गर्दा बाहरूका आँखा टिलपिल भएका थिए । आफू भने हातपाउ बसेर करै लागे मात्र नत्र सहर नजाने निधोमा रहेको बाहरूले बताए । बाहरूले बताएको यथार्थ हरेक गाउँको हो । गाउँगाउँमा विकास पुगेको तथ्याङ्क आइरहँदा गाउँ रित्तिँदै गएको अचम्मको अवस्था छ हाम्रो अहिले ।

ooo

४,२५० फिट हाराहारीको उचाइमा रहेको भैरवकुण्ड सिन्धुपाल्चोकमा पर्छ । काठमाडौंबाट तीन दिनमै पुगेर फर्कन सकिने यो ठाउँमा चार दिन बिताउँदा सुविस्ता होला । खासगरी कामकाजी र टाढाको यात्राका लागि समय मिलाउन

नसक्ने/नभ्याउनेका लागि भैरवकुण्ड एउटा रमाइलो र छरितो गन्तव्य हो । खर्चको हिसाबले पनि भैरवकुण्ड यात्रा महँगो छैन ।

काठमाडौंको जडिबुटीबाट सिधै बगामसम्मको गाडी पाइन्छ, बिहान नौ बजेतिर । सिन्धुपाल्चोकको बाह्रबिसे हुँदै साँझ पाँच बजेतिर पुगिन्छ बगाम । नत्र बाह्रबिसेसम्म बिहानै गाडीमा गएर, त्यहाँ खाना खाजा खाएर बाह्रबिसे घुमेर काठमाडौंबाट आउने गाडीमा बगाम पुग्दा पनि भयो । गाडी रिजर्व गरेरै वा आफ्नो गाडी/मोटरसाइकलमा पनि जान सकियो ।

बगाममा होमस्टे मनग्य छन् । बगाम तल्तिर अर्को गाउँ छ छगाम । हरिया जस्ताका छानाले छाएको झुरुप्पको छगाम गाउँ निकै सुन्दर छ । छगाम वा बगाम जता बसे पनि भयो । सवारी साधन त्यहाँभन्दा माथि बाघमारासम्म लैजान सकिन्छ । तर ट्रेकिङको मर्म साकार पार्न पनि बगामबाट हिंड्दै जानु राम्रो मान्छन्, धेरै जना ।

जङ्गलको बाटो उकालै उकालो हिंड्ने सिंढी बनाइएका छन् । बाटोमा चिया, बिस्कुट र चाउचाउ खान पाइने एकाध ठाउँ भेनिन्छन् । सामान्यतया छ घण्टा हिंड्न नसके अलि बढी घण्टा लाग्न सक्ने उकालो बाटो कटेपछि पुगिन्छ चोकरमोकर । जहाँ त्यही छगाम र बगामका बासिन्दाले होटल खोलेका छन् । बगामबाट यही चोकरमोकर पुगेर बास बसे पनि भयो वा हिंड्ने ह्याउ भए भैरवकुण्ड नै पुगेर चोकरमोकरसम्म फर्किन पनि सकियो । चोकरमोकरबाट भैरवकुण्ड हिंड्न सक्ने मानिसका लागि पुग्न डेढ दुई घण्टा हो । फर्कन त्योभन्दा कम समयले पुग्छ ।

❖ ❖ ❖

# तिलिचो ताल पुग्दा ........

✍ पूर्ण मौराती

बर्सेनि कम्तीमा एउटा यात्रा गर्ने भन्ने मूल आशयका साथ अघि बढेको हाम्रो अभियानमा यस पटकको रोजाइ तिलिचो ताल बन्यो । भाइटीकाको दिन टीका लगाएर हिंड्ने भन्ने पूर्वतयारीका साथ जुट्यो, हाम्रो टोली । सुरुमा आठदेखि १० जनाको टोली तयार भए पनि अन्तिममा हिंड्ने बेलामा भने चार जना मात्र भयौं । सुरुको केही समय तिलिचो जाने भनी योजना बनाउनुभएको तर विशेष कारणवश जान नमिलेका साथीहरूलाई सम्झना गर्दै करिब २:५० मा हाम्रो यात्रा सुरु भयो । त्यस रातको हाम्रो बसाइ लमजुङको सदरमुकामस्थित गेटवे हिमालय रिसोर्टमा भयो ।

## पहिलो दिन

हाम्रो पहिलो दिनको यात्रा मनाङ जिल्लाको सदरमुकाम चामे हुँदै खाङ्सारसम्म पुग्नुपर्ने थियो । लगभग ११२ किलोमिटरको दूरी पार गर्नुपर्ने थियो । 'हाइड्रोपावरको जिल्ला' भनेर चिनिने लमजुङदेखि मलेवर, भूलभूले, रामबजार, स्याँगे हुँदै जगत गाउँमा खाना खाने मेसो मिल्यो । तिलिचो हिमाल उद्‌गमस्थल रहेको मर्स्याङ्दी नदीको तिरतिर पछ्याउदैं लागिरहेको साँघुरो अनि अप्ठ्यारो बाटाहरू पार गरिरहँदा आउने मनमोहक बुङ, अक्टोपस साथै विभिन्न झरनाहरूले मन तरङ्गित हुन्थ्यो । च्याम्चे, खोत्रो, धारापानी, कोटो, चामे, स्वर्गद्वारी, ढुकुरपोखरी, हुम्दे, राँका, मनाङ गाउँ हुँदै करिब ३,७०० मिटर उचामा अवस्थित खाङ्सारमा हाम्रो दोस्रो रातको बसाइ भयो । खाङ्सारस्थित पोताला होटेलमा कतिपय घुमन्ते तिलिचो पुगेर फर्किसकेका, कतिपय तिलिचो जानलाई गएका त कतिपय माथि जान नसकेर फर्किएकाहरू बास बसेका रहेछन् । उहाँहरूको अनुभव सुन्दा डर, त्रास, भय एकैपटक आउँथे, मनमा जुन किसिमको उत्साह अनि उमङ्ग थियो तिलिचोको, ती सबै हराउँथे । तिलिचो आफैंमा एउटा साहसिक यात्रा हो भन्ने त सुनिरहेकै हो, त्यहाँ पुगेर जे सुनियो, त्यो कुराले आत्मबल घट्नु त स्वाभाविकै थियो । भोलिपल्ट ट्रेकिङ सुरु गर्नुपर्ने भएकोले त्यस रात खाना खाई समयमै आराम गरियो ।

## दोस्रो दिन

सुस्केरा हाल्दै हिमालबाट बहिरहेको चिसो हावासँगै निद्रा खुलेपछि तातो चियाको चुस्की लिएर हामीले आफ्नो पाइला अगाडि बढायौं । बेलुका जतिसुकै डर, त्रास

भए पनि बिहान उठ्दाको उत्साह प्राकृतिक मनोरम दृश्यले भरिसकेको थियो । खाङ्सारदेखि बिहान करिव ७:३० तिर हामी यात्रा सुरु गऱ्यौं। बाटोमा हिँड्दै गर्दा बगिरहेको खोलाको छेउमा जमिरहेको ढिस्काहरू देख्दा चिसो भएको अनुभूति हुन्थ्यो । हिँडाइको पहिलो दिन भएको हुँदा हामीलाई हिँड्न सजिलो लागिरहेको थियो । लगभग ३६० डिग्री नै हिमालको दृश्य हेर्दै हिडिरहँदा थकान, दुखाइ केही पनि महसुस हुन्थेन । बिहानी यात्रा सुरु भएसँगै हामी लाग्यौं- श्रीखर्कतर्फ । करिब दुई घण्टाको पैदलयात्रा पछि श्रीखर्क पुगियो । निश्चल मन भएकी साहुनी दिदीको आतिथ्यले त्यहीँ खाना खाएर जाने निधो गरियो, त्यसो गर्दा हामीलाई केही समय आराम गर्ने मेसो पनि भयो । आतिथ्य जुन किसिमको थियो, त्यहीअनुसारको स्वाद खानामा त थिएन । तैपनि मिठै मानेर खाइयो । तर खाना धेरै बेरसम्म टिकेन, हामीमध्येकै एकजना साथीलाई खाना खाएर हिँडेको केही समयमै वान्ता भयो । साहुनी दिदीको आतिथ्य सत्कार जस्तै खाना मिठो हुँदो हो त यात्रामा अझै उल्लास हुन्थ्यो होला, हामी हल्का अतालिन थालेका थियौं किनकि उचाइको यात्रामा वान्ता राम्रो सङ्केत होइन । एकछिन साथीलाई आराम गर्न लगायौं । हामीले पनि आराम गऱ्यौं । केहिबेरको आरामपछि थोरै राहत महसुस भएपछि पुनः हिँड्न थाल्यौं । केही अगाडि बढिसकेपछि दायाँ अनि बायाँ गरी दुई बाटोहरू देखिए । स्थानीयसँग बुझ्दा दायाँको बाटो बायाँको तुलनामा छोटो तर अप्ठ्यारो भएको भन्ने जनाउ पाएपछि बाँयाको बाटोतर्फ लागियो । बिचमा आराम गर्दै हिँड्दै गर्दा हाम्रो गति मन्द भइसकेको थियो ।

हामीलाई तिलिचो बेसक्याम्प साँझसम्म पुगे पनि हुने भएकोले हतार नगरी आराम गर्दै हिँड्न थालियो । हामी तिलिचो जाँदा सबैभन्दा खतरा मानिने पहिरोमा पुग्दै थियौं । हल्का हावा चल्न थालेपछि त्यो पहिरोमा माथिबाट सानासाना ढुङ्गामाटोका टुक्राहरू खस्न थाल्थे । हामीहरू पहिरोमा पुग्दा हावा नचलेको भए पनि माथिबाट हल्का पहिरिरहेको थियो । कुनैकुनै ठाउँमा पहिरो झरेर बाटोको डोब मेटिएको हुन्थ्यो, हामी माथिबाट फेरि पहिरो खस्ला भनेर सकेसम्म छिटो पन्छाएर बाटो बनाउँदै हिँड्थ्यौं । जति गाह्रो भएको भए पनि सक्दो चाँडो पहिरो पार गरियो । पहिरो पार गरेर एकछिन थकाइ मार्न बसियो । त्यतिबेलासम्म तिलिचो बेस क्याम्प देखिएको थिएन । थकाइले लखतरान भइसकेका हामीलाई बेसक्याम्प नदेखिँदा अत्यास लाग्न थालिसकेको थियो । जतिजति अगाडि बढ्यो उतिउति बेस क्याम्प अगाडि सरेजस्तो लाग्ने ! केही बेर पाइला चालेपछि भने बेस क्याम्प देखेदेखे जस्तो भयो । जसोतसो बेस क्याम्प पुगेर 'मुनलाइट' भन्ने होटेलमा बास बस्ने निधो गऱ्यौं हामीले । होटेलमा हामी मात्र थिएनौं । तिलिचो पुगेर फर्केका यात्रीहरू पनि त्यहीँ बस्न आइपुगे । उनीहरूलाई तिलिचो पुग्ने बाटोको अवस्थाबारे सोधखोज गरियो । तीमध्ये धेरै प्रतिक्रिया 'गाह्रो छ !' भन्ने नै हुन्थ्यो । तैपनि यहाँसम्म आइपुगेपछि अब जसरी पनि तिलिचो पुग्नुहोला भनेर हामीलाई उनीहरूले ढाडस

दिए । जे भए पनि भोलिको यात्रा के होला, कसो होला भन्ने कौतुहलता हाम्रो मनमा रहि नै रह्यो । फर्केर आएका यात्रीको अनुभव सुन्दा तिलिचो पुग्नुअघि लगभग डेढ घण्टा हिउँमै हिँड्नुपर्ने रहेछ । भोलिपल्ट सबेरै हिँड्न थाल्ने योजना बुनेर हामी सुत्ने तरखरमा लाग्यौं । राति राम्रो निद्रा परेन ।

## तेस्रो दिन

माथि उक्लने तयारीमा जुटेका यात्रीहरूका होहल्लाले निद्रा छिट्टै खुल्यो । त्यतिबेला धेरै जना उकालो लाग्न थालिसकेका थिए । अघिल्लो दिन विरामी परेका हाम्रो टोलीका एक जना साथीले भने आफू माथि उक्लेर जोखिम नउठाउने सङ्केत गरे । अनि उनलाई तल झर्न लगाएर हामी उकालोतर्फ लम्कन थाल्यौं । जतिजति उकालो चढ्यो उतिउति हिमालको नजिक पुगेझैं लाग्थ्यो । सिरेटोको उस्तै कडा झट्का ! हिँड्न नसकेर थकाइ मार्न बस्दा केही साथीलाई घरिघरि 'म किन आएँ हुँला !' जस्तो महसुस पनि हुन्थ्यो।

हिँडाइका क्रममा बेलाबेला मनमोहक दृश्यले आकर्षित गर्थे । त्यो देख्दा क्यामराको लेन्स सोझ्याइहालौं जस्तो लाग्थ्यो पनि । तर चिसोका कारण क्यामरा खोलिहाल्न जाँगर चल्थेन । कति फोटो मात्रै खिच्नु ! यस्ता दृष्य त आफैंले हेर्न पाए पो भन्ने इच्छा पनि पलाउँथ्यो । चिसो झन् बढ्दै गएपछि हिँड्न गाह्रो भइरहेको थियो । चार-पाँच पाइला हिँडेपछि सास बढ्न थाल्थ्यो । बल्लतल्ल बाइस घुम्तीसम्म पुगियो, त्यसपछि उकालो देख्दा एकपटक त फर्कौं जस्तो लाग्न थालेको थियो । यत्रो कष्ट गरेर यहाँसम्म आइपुगेपछि आँट दरिलो बनाइयो । बेलाबेलामा थकाइ मार्दै हिँड्न थालियो । उकालो चढिसकेपछि हिँउको बाटो सुरु भयो । अब भने अहिलेसम्म लागेको थकाई, पीडा सबै बिर्सन थालियो । जता हेर्‍यो त्यतै हिँउ परेकोले यात्रा गर्नुको आनन्द बेग्लै थियो । पहिल्यैदेखि जमेर बसेको हिउँमा भने थोरै चिप्लो हुन्थ्यो । हिउँमा ट्रेकिङ जुत्ता नलगाएकाहरू बढी चिप्लन्थे, उनीहरूलाई त गाह्रो भएको हुँदो हो, तर हेर्दा रमाइलो महसुस हुन्थ्यो । वरपर पुरै हिउँको बीचमा आफूलाई पाउँदा त हिमाल चढिरहेझैं महसुस हुन्थ्यो । रमाइलो गरेर हिँड्दाहिँड्दै लगभग डेढ घण्टाको हिउँको यात्रा गरेको बाटो बितेको पत्तै भएन । हिउँको सप्को ओढेको विश्वकै अग्लो स्थानमा (४,९१९ मिटर उचाइ) रहेको तिलिचो तालको पहिलो आवरण देख्दा केही सेकेण्ड त सासै रोकिएझैं महसुस भयो । तस्विरमा मात्रै देख्न पाइएको स्वर्गको टुक्राझैं लाग्ने तिलिचोलाई आँखै अगाडि देख्दा सम्पूर्ण थकान अनि पीडा सबै एकाएक हराएर गए । देशको राष्ट्रिय झण्डा फहराएर पृष्ठभूमिमा निश्चल अनि सफा निलो तालसहित तस्विर लिइरहँदा स्वर्गीय आनन्द पाइरहेका आँखाहरू तालबाट अन्यत्र सर्न कदापि खोज्दैनन् । हातमा कप समातेको मिनेटभरमै चिसिने चियाको चुस्की लिँदै ताल अवलोकन गर्दै गर्दा दुनिया अर्कै लाग्थ्यो । तथापि बहिरहने चिसो हावाले आँत छियोलिरहेको भएर केही समय बसेर

तस्विरहरू लिइसकेपछि फर्कन थाल्यौं ।

बेस क्याम्पमा फोन सम्पर्क नहुने भए पनि केही उकालो चढेपछि भने टावर देखाउन थालेको थियो । बेस क्याम्पदेखि फर्कन लागेका साथीसँग बल्लतल्ल सम्पर्क भएपछि उनले पनि यात्रा सुरु गरेछन् भन्नेमा ढुक्क भइयो । उकालोमा करिब चार घण्टाभन्दा बढी समय लागेको बाटो फर्कदाँ भने २ घण्टा १५ मिनेटमा झरिसकेका थियौं । माथि गएर फर्कंदा भने मनमा एक किसिमको आनन्द आइरहेको थियो किनकि तिलिचो ताल पनि जानुपर्ने लिस्टबाट पुगिसकेको लिस्टमा गइसकेको थियो । बेस क्याम्पमा फर्किसकेपछि हामीमध्येको एक जना तल ओर्लिसकेका साथीसँग बस्नेगरी उही दिन नै खाङ्सार आइपुग्ने गरी फर्किइयो । अर्को दिन बिहानै बेस क्याम्प बसेका साथीहरू तल फर्किएपछि खाङ्सारदेखि पुनः जिप चढेर बीचमा रहेको एग्रो मनाङ प्रा. लि., पिसाङमा अवस्थित स्याउ फार्म अवलोकन गरेर बेशीसहर आएर अन्तिम रात बिताएपछि भोलिपल्ट पोखरासम्म आएर हाम्रो छोटो अनि मिठो यात्रा छिट्टै अर्को यात्रा गर्ने जमर्कोका साथ छुट्टिएको थियो ।

अन्त्यमा, तिलिचो तालको अनुभव तितो-मिठो जेजस्तो भएपनि पुगेर फर्कदाँसम्म प्राकृतिक सौन्दर्यले बिर्सन बाध्य बनाउँछ । उक्त यात्रामा कतिपय स्थानमा नेटवर्कको पहुँच नभएकोले कसैलाई गाह्रो, अप्ठ्यारो पर्दा आपतकालीन उद्धारसमेत पाउन नसकेको घटना भएको सुन्दा नेटवर्कको पहुँच विस्तार गर्न सके अझै उत्तम हुने थियो । समग्रमा, तिलिचो ताल ट्रेकिङ रुट आफैंमा एउटा साहसिक यात्रा हो । उचाइको हिसाबले पनि उच्च अनि बाटोको हिसाबले पनि कठिन मानिने तिलिचो, धर्तीको एउटा सुन्दर उपमा हो । प्रकृतिमा रमाउने जोकोही एक पटक पुग्नैपर्ने ठाँउ हो, तिलिचो ताल । हिमाल, पहाड अनि ताल सम्पूर्ण अनुभव एकैपटक लिन मिल्ने प्रकृतिको अनुपम उपहार हो - तिलिचो ताल ।

❖ ❖ ❖

# अकल्याण्डको सेरोफेरो

✍ युवराज नयाँघरे

राति गरेको फोनको उत्तर बिहान आयो ।

"नमस्ते । सर बोल्नु भा हैन ?"

"हजुर बोल्दैछु ।"

"बेलुकी म व्यस्त भएँ । दिदीले हजुर आउने कुरा भन्नुभाथ्यो । अहिले काँ बस्नु भा छ ? "

भाइ सञ्जय मेरो थालमा पाउरोटी, किबीका चोइला, अण्डा थपिरहेथे । उनी भान्सामा, म बाहिर बरण्डामा बर्गरको बुजो चपाउँदै मैले भाइलाई उत्तर फर्काएँ, "म त एन्निस मोर रोडमा छु ।"

"अनि रुपेश भाइको चैं कहाँ नि ? " मैले कफी सुर्काएर सोधें ।

यतिन्जेलमा बर्गरको अर्कै उरुङखात भाइले मेरो थालमा ठड्याइसकेथे । म असिनपसिन भएथे- थालको परिकार बुत्याउन । भुँडी चर्केर पल्लै छेउ पुग्न लागेथ्यो तर सञ्जय भाइको पिरती पग्लिरहेथ्यो झन्-झन् ।

"आज बाह्र बजेसम्मलाई फुर्सद छु । तयार हुनु होला । पाँच मिनेटमा आइपुग्छु ।" रुपेश भाइले फोन राखे ।

म ठूला-ठूला गाँस हालेर ढोका बाहिर उभिएँ । सञ्जयले डोऱ्याएर सडकसम्मै पुऱ्याइदिए । त्यतिन्जेलमा सडकपारि एउटा चिल्लो गाडी आएर तेर्सिइसकेथ्यो । वारि फर्के सञ्जय । पारि भेटिएका रुपेशसँग वेगिएँ म ।

सरर्र दगुरे लगत्तै घर आई त गयो भाइ रुपेशको । सानो चिटिक्कको । फूलका बोट, हरिया अग्ला रुख, सफा र सुकिलोले घरजम गरेको, चिटिक्कसँग सजिएको भाइको घर ।

त्यत्तिमै म खुसी भएँ ।

अकल्याण्डको यो भीडभाडमा पनि मलाई माया गर्ने, आदर गर्ने, सम्मान र हार्दिकता पोख्ने भाइ रुपेश र बुहारी ओजस्वी पाएर छाती उचालियो एक बित्ता- खुसी, गौरव र उमङ्गले ।

"भोकै त निस्कनै हुन्न ।" ओजस्वीले कर गरिरहिन् ।

"भर्खरै खाएर आएको हुँ ।" मैले हातै जोडें ।

"अघिको ब्रेकफास्ट । अहिलेको लन्च ।" उनले बिहान खाएको परिकारै झन् अग्ल्याएर मेरो सामुन्ने तेर्साइन् ।

सङ्कट पर्‍यो । नखाऊ दिनभरिको शिकार, खाउँ कान्छा बाउको अनुहार-हविगत भयो मेरा लागि ।

अनि औँलाले चुँड्दै-चुँड्दै खाएँ । त्यतिन्जेलमा रुपेश भाइको पढाइ, उनको पेसा, बुहारीको माइत, मावल र पढाइसम्म सोध्न भ्याएँ ।

"छोरा, खोइ त ?"

"छोरो स्कुल गा'छ । बेलुकी घुमेर आउँदा ल्याउनु पर्छ ।" रुपेशले भने ।

मैले सरर्र कोठा हेरेँ- भान्सा, शौचालय, बाबु खेल्ने झोलुङ्गो, पढ्ने कम्प्युटर सहितको टेबल । सोफा, सानो पुस्तकालय, एउटा कुनामा पूजाकोठा । भित्तामा नेपाली झण्डा । ओछ्यान कुनातिर ल्यापटप ।

भरिपूर्ण कोठा र भरिभराउ जीवन सभ्यता । भरिलो पारिवारिक सक्रियता ।

सडकसँगै जोडिएको सुन्दर, शान्त र आनन्दको घर । उत्तरपट्टि कौसी जस्तो खुल्ला र फराकिलो पटाङ्गिनी ।

भित्र र बाहिर गरेर मैले दिएको खानेकुरा खाइसकें ।

"नयाँघरे फेला परिस् । तेरो पेट त बर्गरल्याण्ड भो आज ।"अनि मुस्काएँ आफैं ।

अगाडि अकल्याण्डका एभोन्डेलाका घरहरूको आलोकले हृदय प्रसन्न भयो । हावा सिरसिर र घरी-घरी पानीका थोपासँग २० नोभेम्बरको बिहान शान्त, सुखद र स्निग्ध पाइरहेथें म ।

००० 

भाइले गाडी हुइँक्याए ।

हिजो बेलुकी त झल्याकझुलुक देखिएको अकल्याण्ड अब म नजिकैबाट देख्न थालें । मैले कल्पनै नगरेको सुन्दरता, आकलन नै नगरेको सफा, विश्वासै नगरेको विकास र अन्दाजै नगरेको भव्यताले छाती ढुकढुकिएको छ मेरो ।

ओहो कति सुन्दर ! सफा बाटाहरू, सुकिला घरआँगन, साना तर होचा

सुरक्षित बारहरू, हरियालीले छपक्कै ढाकेको अकल्याण्ड सहर । हामी घरैघरको ताँती नाघिरहेका छौँ । स-साना सहरहरू एकपछि अर्को आइरहेका छन् ।

रुपेशको अनुहारमा एउटा बेग्लै गम्भीरता, शान्त र मौनता छ । उनी यो सहरमा आइरहेको परिवर्तनलाई नजिकैबाट निहालिरहेको बताउँछन् ।

"यो पुल ३-४ वर्ष मात्रै बनेको ।"

"यो आठ लेनको सडकै पूरा भर्खरै-भर्खरै भएको हो ।"

"यो रेल स्टेशन केही वर्षअघि बनेको हो ।"

"यो घुमाउरो अकासे सडक बनेकै धेरै भएको छैन ।"

रुपेश भाइका कुरा सुन्छु । विकास, प्रगति, लक्ष्य र समर्पणले गति लिइरहेको देख्दा मेरो छातीमा कोलाहल हुन्छ । नगर्नेहरू अरुलाई धारे हात लाएर बस्छन्- गर्नेहरू आफ्नै एक थोपो पसिना भए नि चुहाइरहन्छन् ।

अहिले अकल्याण्डको विकास र गति, उन्नति र प्रगति, समृद्धि र वैभव देख्दा यस्तै कुरा उर्लिरहेका छन् छातीभरि ।

बिहानै छ ।

बाटोभरि गाडीका ताँती । भर्खरै खुलिरहेका पसलहरू । बाटो किनारमा उभिएका हरिया र सुरिला रुखहरू । सूचनाको सर्लक्कै लेखाइ ।

१५ मिनेट जति वेग मारेपछि हामी मूल सिटीतिर पुगेका थियौँ ।

ठूला-ठूला आलिशान घरहरू छन् । रेल छ । सुकिला र फराकिला सडक छन् । गगनचुम्बी महलसँगै उन्नति अग्लिएको छ । तैपनि बनिरहेको देख्छु- अझै पनि ।

"बन्न बाँकी केही छैन त भाइ ?" अनि खसखस पोखें मैले ।

"पूरा त कहिले पो होला र ? मान्छेले सन्तोष मानेका दिन सबै सकिन्छ । सन्तोष नमानी रहँदा झन्-झन् प्रगति हुने रहेछ नि !"

मैले यतिन्जेल एक-दुई वटा अकल्याण्ड स्काइ टावरका फोटाहरू किलिक्याइसकेथें । भीड छलेर फोटो किल्किल्याउनै महाभारत ।

"यहाँ मुनिबाट रेलमार्ग बन्दैछ ।" भाइले देखाए ।

ooo

यताउता, यताउता गर्दै हामी गइरहेथ्यौं । बाटैमा काठमाडौं लेखिएको पाटी देखेपछि म त्यत्तिकै बुल्किएँ । खुसी, उल्लास र आनन्दीले चम्किएँ ।

"सहर त हेरौंला नै । आज टावर पनि चढौं ।" मैले केही भन्नुअघि नै टावर भित्र हामी पसिसकेका रहेछौं ।

त्यसको भित्तोमा लेखिएको इतिहास पढें खराखरी- 'सन् १९९४ सेप्टेम्बरमा शिलान्यास गरिएको यो टावर १९९७ जुलाईमा खुला गरिएको हो ।'

"चढ्ने र ?" मैले भित्र पसेर यताउता हेर्दै सोचें ।

"अकल्याण्ड आउनु र स्काइ टावर नचढ्नु नि कतै हुन्छ र ?" उल्टै रुपेश भाइको खप्की आयो ।

नेपाली केटाकेटीहरू यो कक्षमा मनग्गे भेटिए । टावर चढ्नेको भीड झन् धेरै थियो । टावरभित्रै मनग्गे पसलहरू थिए । सजिसजाउ गरिएका कोठा जस्तै अनेकौं कक्षहरू थिए ।

"एउटा चिनोसम्म नलगी जाने त ?"

एक जना भाइ हाम्रा छेउमा आए । उनले नेपाली बोलेको सुनेर म चाहिँ रमाएँ । नेपाल छोडेर हजारौं किलोमिटर पर पुग्दा अर्को नेपाली भेट्ने बित्तिकै भावुक भइहाल्ने म कस्तो तरल मनको हुँला ?

"माथि फोटो खिच्नु होला ।" टावर चढ्ने टिकट र फोटो खिच्ने टिकटको डलर तिरेपछि हामी लाइन लाग्यौं ।

केही भारतीय, मलेसियाली, चिनियाँ र युरोपेली गोरी युवतीको हुलसँगै हामी हुइँकियौं मास्तिर । भुइँबाट ३२८ मिटर अग्लो टावर सुइँय्यऽऽ गयो । बीसौं तला पुग्नासाथ मेरो कान स्वाट्ट बन्द भयो ।

ooo

सेकेण्ड पनि पूरा नहुँदै ४० तले टावरमा हामी उत्रियौं । १,०७६ फिट अग्लो टावर तलबाट हेर्दा टुप्पोमा सानो गुफा देख्थें । संसारको २८ औं अग्लो टावरमा यसको गणना हुँदोरहेछ ।

"भाइ मेरो त कानै बन्द भो त ?" माथि उत्रेपछि मैले भनें ।

"एक सेकेण्डमा एक तल्ला हुइँकिदा कान मात्रै होइन कत्तिका आन्द्राभुँडी नै चुँडिन बेर लाउन्नन् ।" भाइले यसोभन्दा सकी-नसकी मुस्काएँ म ।

हरियो र पहेंलो रङ बेला-बेलामा पोतिने रहेछ यो अग्लो टावरमा । खासगरी राष्ट्रिय पर्व र अवसरमा यी रङ पातिने जानकारी अघि मैले तलै पढेथें ।

ओहो ! कति भव्य । कति गजब । कति अद्भूत । कति सौम्य । कति दिव्य । कति विराट ।

टावरबाट चारैतिर हेर्दै मेरा आँखाले बोलिरहेका शब्द हुन् यी । माथिबाट शिशाले छ्रापिएको रहेछ । तल हेर्दा अकल्याण्ड सहरमा गुडिरहेका मोटर, कार, बीसौं तले अट्टालिक भवनका टुसाहरू मेरा पैतालामुनि देखिन्थे । डरले आच्छु-आच्छु भयो मन ।

पैतालामुनि यताउता हिँडिरहेका मान्छेको सिलिङबिलिङ हुल देखेर झन् उकुसमुकुसिएँ म । अनि भित्तैतिर आएर परपरसम्म फैलेको अकल्याण्ड सहर हेर्न थालें ।

०००

अकल्याण्ड सहर चारैतिर समुद्रले घेरिएको रहेछ । समुद्रका अनेकौं चोसाचोसीले धकेलिएर अकल्याण्डको रूप अद्भूत देखिन्थे । क्लेभेडन, विचल्याण्डस, केमेउ, वाइटाकेरे आदि प्रमुख सीमा विन्दु माने पनि अन्य थुप्रै सामूहिक सिमाना छन् अकल्याण्डका ।

चारैतिर सामुद्रिक छाल, ज्वारभाटा र लहरले अँगालिएको अकल्याण्ड दोस्रो ठूलो सहर रहेछ न्युजिल्याण्डको । सिटी अफ सेइल्स नामले पनि अकल्याण्ड चिनिने रहेछ ।

"अकल्याण्ड त ज्वालामुखी माथि बसेको छ नि !"

भाइ सञ्जयले भनेको पनि अहिले म सम्झिरहेको छु । राता-राता पहाड र ज्वालामुखीका लाभा जताततै कुदिरहेका लाग्ने भीर, खोच, चुचुराले अकल्याण्डले छेकबार गरिरहेका छन् ।

सेइल्स अर्थात् कपडे नाउ ।

कपडाको सहयोगले पानीमा हुइँकिने नौकालाई अङ्ग्रेजीमा 'सेइल्स' भनिन्छ । लाखौंका सङ्ख्यामा अकल्याण्डका सामुद्रिक किनारमा त्रिपाले कडा कपडाले छानो हालिएका नाउहरू यहाँको जीवनसँग गाँसिएका छन् । व्यापार, मनोरञ्जन, ढुवानसँगै जलविहारका गतिविधिसँग यी डुङ्गाहरूको प्रयोग गरिन्छ ।

मैले टावरबाट निहालिरहँदा अकल्याण्डको इतिहास सुन्न मन गरें । भाइ रुपेशले चारैतिर फैलिरहेको यो विराट सहरलाई औंलासँग दगुराएर मलाई चिनाइरहेथे ।

न्युजिल्याण्डको एक तिहाइ जनसङ्ख्या बस्दोरहेछ, अकल्याण्डमा । यो सहर न्यानो, उर्बर, यातायातले सुगम र सुरक्षित भएकोले पनि यति धेरै आवादी भएको मानिने रहेछ ।

कुनै बेला सुनखानी भएकाले चिनियाँहरूको ओइरो लागेको यो सहरमा

पछिपछि खेतीपाती, व्यापार, माछा उद्योगको आकर्षणले अरूहरू पनि तानिएछन् । सन् १९०० मा ६० हजार जनसङ्ख्या भएको अकल्याण्डमा अहिले १६ लाख ९३ हजार छ भन्थे रुपेश भाइ ।

बेलाइतीहरू अकल्याण्डमा आएपछि यो सहरले बिस्तारै समृद्धि कायम गरेको तथ्य भेटिन्छ । पहिलो समयमा काठको व्यापार यही सहरबाट गर्ने रहेछ न्युजिल्याण्डले ।

०००

दक्षिणबाहेक अरू तीनै दिशाका समुद्रसँग नाता छ- अकल्याण्डको । उही समुद्रको सुन्दरता, सङ्गीत र सौम्यताले तानिएर लाखौं घुमन्ते ओर्लेछन् रे अकल्याण्डमा ।

मैले आँखा नझिम्क्याइ अकल्याण्ड घेर्ने समुद्रको विराट लहर हेरिरहें । विशेषगरी पश्चिमपट्टि रहेको हार्बरब्रिज हेर्दा सानो झोलुङ्गे पुल देखिए पनि यो अकल्याण्डको विशाल पुलमध्ये पर्दोरहेछ ।

समुद्रका लहरमा गइरहेका ठूला-ठूला पानीजहाजको ताँती पूर्वतिर मनग्गे देखिन्थे । उत्तरतिर र पश्चिमतिर स-साना सेता लमतन्ने त्रिपाल हालिएका यार्चहरू अनन्त देखिन्थे ।

पानीका छालमा तलमाथि भएर वेगिइरहेका डुङ्गाका लस्करमा अकल्याण्डको उज्यालो, खुसी र आनन्दीले खित्का छोडेर गइरहेको लाग्थ्यो । यो न्युजिल्याण्डको एउटा प्रगति, एउटा उमङ्ग र एउटा शान्तिको आवाज पनि हो भन्ने ठानिरहेको थिएँ म ।

०००

"भाइ, के छ यो सहरमा मन उम्काउन नदिने ?" अघिल्लो दिन सञ्जय भाइलाई मैले सोधेको थिएँ ।

"कमाएको धन पनि मन लगाएर खर्चिन पाउने दुनियाँ छ दाइ यो सहरमा ।" सञ्जयका कुराले धेरै अर्थ बोलेथ्यो ।

समुद्रको अनन्त लहरले घेरिएको छ अकल्याण्ड । पहाडको अँगालोले छेकिएको छ अकल्याण्ड । धर्तीको अथाह स्नेहले बेरिएको छ अकल्याण्ड । यही अकल्याण्डलाई असल, परिपक्व र कुशल व्यवस्थापकीय नेतृत्वले हाँकिरहेको पाएँ ।

अकल्याण्डसँग इतिहास, जीवविज्ञान, व्यापार, कृषि र खानीमा पर्गेलिन नसक्ने तथ्य छन् । मलाई हेर्न र पुग्न मन छ कति-कति ।

अनि सोधें रुपेश भाइलाई । उनले औंला भाँच्दै भने- "सिलो पार्क, टे वेरो

ब्रिज, द क्लाउड, ब्रिटो मार्ट, गस फिसर ग्यालरी, द नर्दन क्लब, अल्बर्ट पार्क, क्लक टावर, सिभिक थिएटर, द सेन्ट जेम्स, टोर अ टामाकी, ओल्ड गभर्मेन्ट हाउस, टाउन हल यति पुग्न सके जाती ।"

मैले भाइका कुरा सुनेर भनें- "भुइँबाट पुग्न सकिन्छ, सकिन्न थाहा छैन । यहाँबाट भए पनि केही ठाउँ देखाइदिनु होला ।"

भाइले सबै देखाउन सकेनन् । सिङ्गो सहरले निलेका यी भवन, महल र घर अरु नयाँ-नयाँ गगनचुम्बी निर्माणले निलिएका थिए । इतिहास, कानुन, संस्कृति र वाणिज्यका यी गौरवशाली ठाउँलाई अकल्याण्ड सहरको आधुनिकताले खर्लप्पै निलेको थियो ।

एक घण्टा जस्तो टावरको वरिपरि घुम्दै समय बितायौं । आँखा नगल्ने, मुटु नथाक्ने र धुकधुकी नसुस्ताउने भए पनि समयले आफू शिथिल भएको इशारा दिइसकेथ्यो । अनि हामी ४० सेकेण्डमै तल झर्‍यौं ।

अकल्याण्डका बैंसालु रूपले ठुँगिरहेथ्यो मेरो छातीमा निरन्तर... निरन्तर... ।

❖ ❖ ❖

# राराका झझल्काहरू

✍ उमाकान्त थपलिया

'स्वर्गकी अप्सरा' उपमा पाएकी 'रारा ताल' पुग्ने हाम्रो अभिलाषा करिब तीन वर्ष अघिदेखिकै थियो । कार्यालयका सहकर्मीहरू म, रेवती र गेदासहित रञ्जु, देवी र सरस्वतीको छ सदस्यीय टोली काठमाडौंको बालाजु, कलङ्की र थानकोटमा जम्मा भएर २०८२ फागुन २६ गते सुर्खेततर्फ प्रस्थान गऱ्यौं। कर्णाली प्रदेश यातायातको रात्री बसले चार घण्टाको यात्रापछि चितवनको चुम्लिङटारमा १० बजे खाना खान रोक्यो । हामी पनि ओर्लियौं र एकछिन फ्रेस भयौं । राजमार्गका होटेलको खानाको गुणस्तर राम्रो नहुने, त्यसमाथि बसका यात्रुलाई छनोटको अवसर नहुने ठाउँमा खाना खानुपर्ने र टाढाको यात्रामा राजमार्गको होटेलको खाना अस्वस्थकर हुने आशङ्काबीच हामीले घरबाटै खाना खाएर यात्रा सुरु गर्ने निधो गरेका थियौं । केही खानेकुराको जोगाड हामीले घरबाटै गरेका थियौं ।

बसका कर्मचारी र अन्य यात्रुले खाना खाइसकेपछि बस गन्तव्यतिर अगाडि बढ्यो । बसमा पछाडिका केही सिट खाली भएकाले कोही सुत्नका लागि पछाडितिर लागे । रातिको यात्रा भएकाले जसोतसो निदाउन खोज्नुको विकल्प थिएन । म चाहिँ राजमार्ग आसपासका सहरबस्तीको पहिचानका लागि पनि गाडीको गतिअनुसार घरिघरि आँखा मिच्दै झ्यालबाट चियाउँदै बस रोकिएको समयमा कारणसहित समूहका साथीहरूलाई सूचना सम्प्रेषण गर्दथें । हामी मुग्लिङ, नारायणगढ, बुटवल, कोहलपुर हुँदै २७ गते मध्याह्न १२ बजेतिर सुर्खेत पुग्यौं। नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयका प्रमुख मित्र राजनजीले आफ्नै कार्यालयको गेष्टरुममा बस्ने व्यवस्था गरिदिनु भएकोले बास बस्न हामीलाई समस्या भएन ।

भोलिपल्ट सुर्खेतबाट रारातर्फ प्रस्थान गर्ने हाम्रो भ्रमण तालिका थियो । तर, कुन सवारी साधनमा कसरी रारा पुग्ने भन्ने पिरलो सुरु भयो । गाडीको व्यवस्था मिलाउन सबैले आ-आफ्नो ठाउँबाट पहल गऱ्यौं । ३५ वर्षअघि महिला विकास कार्यालय, दैलेखमा कार्यरत रहँदाका सहकर्मी हरिबहादुर बस्नेतको सहयोगमा एउटा स्कर्पियो जिपको व्यवस्था गऱ्यौं । गाडीको प्रबन्धपछि ढुक्क भइयो । त्यसपछि बुलबुले ताल र काँक्रेविहारको भ्रमणसँगै देउती बज्यैको मन्दिरमा रारा यात्रा सफलताको कामनासहित दर्शन गरी आफ्नै कार्यालयको पाहुनाघरमा बास बस्यौं ।

फागुन २८ गते बिहान छ बजे हामी सुर्खेतबाट हिड्यौं । कर्णाली

राजमार्गको बाङ्गेसिमल, बड्डीचौर, तल्लो डुङ्गेश्वर, राकम कर्णाली, सेरीघाट, मान्म हुँदै कर्णाली नदीको सुर्खेत, दैलेख र कालीकोट खण्डमा पर्ने कर्णाली र तिला नदी खण्डका साँघुरा, घुम्ती, भीर, पहाड, उकाली-ओराली सडकका अप्ठ्यारा बाटोमा मुटुको धड्कन घटाउँदै चुपचाप लाग्ने र सहज बाटोमा गफिँदै र हाँस्दै २०९ कि मि यात्रा पार गर्दै हामी कालीकोटको नाग्म पुग्यौं र स्थानीय पञ्चकोशी होटेल एण्ड लजमा बास बस्यौं ।

भोलिपल्ट फागुन २९ गते उही समयमै हामी नाग्मलाई छोडेर अगाडि बढ्यौं । हिमा नदीको बायाँ तिरैतिर जुम्लातर्फ हिमा, सिंजा र कनकासुन्दरी गाउँपालिकाका गोठीज्यूला, भूलभूले र मुगुको छायाँनाथ नगरपालिकाको पीना, ताल्चा हुँदै दिउँसो दुई बजे सल्लेरी (रारा ताल जाने मुलगेट) पुग्यौं । त्यहाँबाट पैदल हिंड्नुपर्ने भएकोले हामीले लेकबेसी होटेलमा झोला, ब्यागहरू राखेर रारा तालको अवलोकनका लागि प्रस्थान गऱ्यौं । हल्का झोलामा एक जोर कपडा लिएर करिब एक घण्टाको उकालो, तेर्सो र फेरि ओरालो यात्रापश्चात् चारैतिर पहाडको काखमा लमतन्न तैरीरहेकी 'स्वर्गकी अप्सरा'को स्पर्शले मनै प्रफुल्ल र शान्त महसुस भयो । तर आफैंलाई उडाएर पारि किनारामा पुर्याउला जस्तो गरी चिसो हावाको वेगले बासस्थानको आवश्यकता महसुस गरायो । तालपारि गएर रात बस्ने हाम्रो पूर्व योजनालाई मौसम परिवर्तन र थकाइका कारण हामीले रद्द गऱ्यौं । त्यसपछि रारातालालाई फोटो र भिडियोमा कैद गरेर पुनः सल्लेरीकै होटलमा बास बस्न आइपुग्यौं, हामी ।

लामो समयदेखि प्रतीक्षारत रारा तालको अविस्मरणीय प्रत्यक्ष दृश्यावलोकन, बिहान नाग्मबाट आउँदा बाटोमा देखिएका संसारको सबैभन्दा अग्लो स्थानमा हुने कालीमार्सी धानखेतीका लागि प्रख्यात सिंजाफाँट, स्याउका बोट, ठूला-ठूला समथर पाटन, जुम्लाको भूलभूलेदेखि मुगुको पीनासम्मका अक्करे भीरको साँघुरो बाटोको यात्रालगायत कर्णाली यात्राका क्षणलाई सम्झँदै होटेलको फलामे आधुनिक चुल्होमा आगो ताप्दै, आपसमा कुराकानी गर्दै सिमीको दालसँग चौंरी गाईको घिउ हालेर मार्सी चामलको भात मिठो मानेर खायौं । हामीले खाना खाइसकेपछि होटेल सञ्चालक नरेन्द्र शाहीले ठूलो थालमा सगरमाथाको चुचुरो आकारमा मार्सी भात पस्केर खान थालेको देखेर हामी आपसमा कुराकानी गर्दै थियौं । सायद उनले हाम्रो भेउ बुझेछन् क्यारे !' 'मेरो त आहारा पनि हात्तीकै जस्तो छ, हजुर !' उनले हाँस्दै भने । शाही यतिमा मात्र रोकिएनन् । थप प्रष्ट पार्दै भने, 'मसँगै खाना खाँदा हजुरहरूको भोजन बढ्ला भनेर मैले हजुरहरूले खाइसकेपछि खाएको हुँ । मलाई लाग्यो 'अन्न किन फाल्नु' भनेर बचेजति सबै खाए । सायद कम बचेको भए पनि त्यसैमा चित्त बुझाउँथे होला । हामीसँग गफिँदै उनी भन्दै थिए, 'न फलफूल, न खाजा ! मार्सी नै हो मुगुमा राजा !' फलामे चुल्होमा दाउराबाट आगो बलुञ्जेल आधुनिक प्रविधिको प्रयोगले भान्सादेखि बाथरुमसम्म तातोपानी प्रयोग गर्न पाइने व्यवस्थाले हाम्रो यात्रामा सहजता

थपेको थियो ।

भोलिपल्ट हामी जुम्लामा बास बस्नेगरी सल्लेरीबाट फर्कंदै थियौं । फर्कंदा ताल्चा विमानस्थलको अवलोकन गर्ने हाम्रो पूर्व निर्धारित योजना थियो । त्यही योजनाअनुसार ताल्चा विमानस्थलको दृष्यावलोकन गरियो । त्यहाँबाट पाँच कि.मि. उत्तरतर्फ डाँडामाथि लमतन्न फैलिएको गमगढी बजार प्रष्टसँग देख्न सकिने रहेछ । राराबाट जुम्ला, खलङ्गा जाने बाटो डाँफे लग्ना पासबाट सिधा पर्ने भए पनि हामी अघिल्लो दिन नाग्मबाट गएकै बाटो पीना, भूलभूले, गोठीज्यूला, नाग्म हुँदै तातोपानी, खलङ्गा १२४ कि.मि. यात्रा गरी चार बजे जुम्लाको सदरमुकाम खलङ्गा पुग्यौं । जुम्लाको सिंजा उपत्यका र तातोपानी, खलङ्गामा खेतीयोग्य र समथर जग्गा एवम् कालोपत्रे मोटरबाटोको सुविधाले भित्री मधेशमा भ्रमण गरिरहेको आभास हुन्थ्यो । सिंजा उपत्यकामा हिमा नदीको पानी सिँचाइ सुविधाका कारण मार्सी धानको खेतीले हामीजस्ता यात्रुको मनै लोभ्याउने खालको थियो । हिमा नदीमा काठको पुलमाथि पूर्व राजा वीरेन्द्र र रानी ऐश्वर्यसहित परिवारका अन्य सदस्यको सम्झनामा काठमा कुँदिएको शालिक (प्रतिमूर्ति) र नदीपारीको डाँडामा कोरिएको नेपालको आकर्षक चुच्चे नक्साले कलात्मक झल्को दिएको देखिन्थ्यो ।

खलङ्गास्थित 'चन्दननाथ बाबा'को नामबाट स्थापित चन्दननाथ मन्दिरको दर्शन गरेपछि चन्दननाथ सहकारी संस्थाद्वारा सञ्चालित 'अर्ग्यानिक मिनी मार्केट'मा जुम्लाको सिमीको दाल, उवा, जौको सातु, चिनो, भटमास, स्याउको सुकुटी, फापरको पिठो, अल्लोको कोटको कपडा आदि खरिदारी गरेर खलङ्गा बजार घुमियो । धार्मिक र ऐतिहासिक रूपमा प्रख्यात चन्दननाथ मन्दिरमा प्रत्येक वर्ष दसैंको घटस्थापनाका दिन ५२ हात लामो काठको लिङ्गो ठड्याउने परम्परा विशेष महोत्सवका रूपमा मनाइने गरेको रहेछ । लिङ्गो स्थापना गर्ने क्रममा कुनै घटना भएमा अशुभ सङ्केतका रूपमा लिने प्रचलन रहेछ । हामीले जुम्ला बजार र जुम्लामा रहेका स्याउ र ओखरका बोटलाई 'बाइबाइ' गर्दै तिला नदीको किनारैकिनार अगाडि बढ्यौं । खलङ्गाबाट पुनः तातोपानी, तिला हुँदै ३१ कि.मि. फिर्ती यात्रा गरी जुम्ला र कालीकोटको सीमाना नाग्माको अघिल्लो दिन बास बसेको पञ्चकोशी होटेलमा आइपुग्यौं ।

चैत १ गते बिहान साँढे छ बजे हामी नाग्मबाट सदरमुकाम मान्मतर्फ प्रस्थान गऱ्यौं । साँघुरो पहाड, अक्करेको भीरको बाटो राँचुली, भात्तडी, जुविधा, सेराबाडा, पिली हुँदै ५३ कि.मि. यात्रापछि नौ बजे कालीकोटको मान्म (खाडाचक्र) आइपुग्यौं । कर्णाली राजमार्ग मान्म बजारभन्दा तलबाट गएकोले बजारको भ्रमण पैदलै गरियो र हिमचुली कृषि सहकारी संस्थाद्वारा सञ्चालित अर्गानिक पसलमा थप स्थानीय खाद्यान्न खरिद गऱ्यौं । मौसम प्रतिकूल हुँदै गएकोले फिर्ती यात्रालाई हामीले निरन्तरता दियौं । नाग्मबाट कालीकोटको मान्म आउँदा तिला नदीमाथि

पुल राख्नका लागि नदीको ठूलो ढुङ्गामाथि कंक्रिटको पिलर हालेर विकासको नयाँ नमूना अलपत्र पारेको देखियो । कालीकोटमा कुनै पनि पेसा व्यवसायमा संलग्न व्यक्ति, गोठाला, भरिया, पैदलयात्रु, बजारमा किनमेल गर्ने मानिसहरू प्रायः कालो कोटको पहिरनमा देखिएकोले सायद 'कालीकोट' नाम रहेको होला भन्ने महसुस गरियो ।

मान्मबाट ओरालो बाटो हुँदै तिला नदीको सेरीघाटबाट कर्णाली नदीको तिरैतिर राकमतर्फ आउँदा अछाम जाने बेलीब्रिजको आकर्षक पुलमा केही फोटो कैद गर्न भ्यायौं, हामीले । यही पुललाई पृष्ठभूमिमा राखेर महिलागणले 'टिकटक' बनाउन समेत भ्याए । हामीमध्ये केहीले अछाम टेकेका थिएनन् । अछाममा पाइला राख्ने रहरमा अछामस्थित पञ्चदेवल विनायक नगरपालिकाद्वारा निर्मित 'स्वागत गेट'सम्म पुगेर अछाम जिल्लालाई समेत बिदाइ गर्दै हामी अघि बढ्यौं । दैलेखको राकम कर्णालीस्थित होटल हिमांशुमा मिठो खाना खाएर अघि बढेपछि कर्णाली राजमार्गलाई दायाँ छाडेर दैलेखतर्फको मध्यपहाडी राजमार्ग पूर्व-दक्षिणतर्फ लाग्यौं । साइगाउँ हुँदै सिँगौडी, सात्तला, जम्बुकाँध, पादुका, दुल्लु, जलजले, दैलेख बजार, चुप्रा, माथिल्लो डुङ्गेश्वर, गुराँसे हुँदै मान्मदेखि १८९ कि.मि.को यात्रापछि साँझ वीरेन्द्रनगर, सुर्खेत पुग्यौं । यात्राका क्रममा दैलेखको जलजले जहाँ केही वर्षदेखि उत्खननको पर्खाइमा व्यग्र प्रतीक्षा गरिरहेको अपार प्राकृतिक ग्यास भण्डारस्थल प्रत्यक्ष देखिन्थ्यो ।

दैलेख बजार जहाँ म तीन दशक पहिले राष्ट्रसेवकको रूपमा चार वर्ष बसेकोले पनि सुर्खेतदेखिको विगतको पैदल यात्रालाई सडक यात्राले थपेको सहजीकरण, रोमाञ्चक, विकास र परिवर्तनसँगै यथार्थ अनुभूति गर्ने धेरै वर्षदेखिको दैलेख भ्रमण गर्ने धोको पूरा भएकोले पनि म औधी खुसी थिएँ । दैलेख बजारबाट सुर्खेत आउँदा साँझपखको मौसमले हामीलाई चुनौती थपिरहेको र गुराँसेमा राताम्मै फूलेका गुराँसको काखैमा बसेर फोटो कैद गर्ने हाम्रो चाहनालाई मूर्तरूप दिन चालक शङ्कर भाइले चट्याङको गतिमा फोटो लिइसकेछन् । उनले हामीलाई गुराँसेमा छिनमै कुहिरो उघ्रिने र छिनमै छोप्ने भएकोले मौकाको फाइदा पनि त्यहीअनुसार लिन सुझाइरहेका थिए । हामी गुराँसेमा पुग्दा राताम्मे देखिएको गुराँसका फूलहरू गाडीबाट बाहिर निस्कँदा उनले भनेझैं बादलुको घुम्टोले छोपिइसकेछ ।

हामी यात्रुहरूको भावनाअनुसार चालक भाइले पनि 'ढाँटे मरी जाम, ए लुरी तम्रै माया लाग्छ', 'स्याउली बजारमा तानातान भो हानाहान भो मलाई देखेर', 'फूल्यो गुराँस भनौं कि नभनौं एउटा कुरा छ', 'राराताल घुम्न जान मन लाग्या'छ मुर्माडाँडा चढिकन हेर्न मन लाग्या छ, राईज्यूमा जान्छौ कि नाइँ तमी भनन' जस्ता अनेकौं कर्णालीका काखा र पाखाका गीतले हाम्रो निद्रालाई दूर गराउने औषधि मात्र नभएर कर्णाली यात्रालाई अविस्मरणीय बनाएका थिए । सुर्खेतदेखि कर्णाली राजमार्गको

बाटो हुँदै रारताल जाने मुलगेट सल्लेरीसम्मको यात्रामा ३०२ कि.मि. र दैलेखतर्फबाट सुर्खेत आउँदा ३३५ कि.मि. गरी जम्मा ६३७ कि.मि. कर्णाली यात्रा गरिएछ ।

यो यात्रा थाल्नुपूर्व रारासम्म कसरी पुग्ने भनेर हामीले केही अनुभवी यात्रुसँग सरसल्लाह गरेका थियौं । कसैले जहाजमा जुम्ला पुगेर त्यहाँबाट गाडीमा जान उपयुक्त हुने सुझाव दिए भने कसैले मुगुको ताल्चासम्म जहाजमै जान सल्लाह दिए । धेरै जनाले चाहिँ गाडीमै जाँदा कर्णालीको भौगोलिक अवस्थितिको अवलोकन गर्न पाइने सुझाव दिएकोले यही विकल्प रोजेको उचित ठहरिएछ । जहाजको विकल्प छनोट गर्दा जुम्ला र ताल्चा विमानस्थलबाट रारासम्म समयमा गाडी नपाइने र फर्कंदा पनि समयमा जहाज वा गाडी नपाइने समस्या त्यहीं पुगेपछि थाहा भयो ।

भोलिपल्ट काठमाडौं फर्कने 'भिजिट कर्णाली' रात्रीबसको टिकट लिएर मुगु, जुम्ला, कालीकोटमा सङ्कलन गरेका आ-आफ्ना सामानका सङ्केतसहित एक-एक वटा बोरामा राखेर कर्णालीको कोसेलीसहित चैत २ गते काठमाडौं प्रस्थान गर्‍यौं । राति नौ बजे बाँकेको ढकेरीस्थित 'पानस हाइवे टच' होटेलमा खाना खानका लागि बस रोकियो । हामी पनि विकल्पविहीन भएकोले मन लागी-नलागी त्यही होटेलमा खाने निधो गर्‍यौं । तर खानाको कमजोर गुणस्तरले हामी सबैको मन चाहिँ खिन्न पार्‍यो। चैत ३ गते काठमाडौं पुग्यौं । हाम्रो सात दिने कर्णाली घुमघाममा खस राज्यको राजधानी सिंजा उपत्यकालगायत मुगुको राराताल र दैलैखका ऐतिहासिक, भौतिक तथा पुरातात्विक स्थलहरूको प्रत्यक्ष अवलोकन गरी २०८२ लाई बिदा गरियो ।

❖ ❖ ❖

# सङ्घर्ष, नारीशिक्षा र प्रेरणाको पुञ्जः अङ्गुरबाबा जोशी महाकाव्य

✍ ज्ञाननिष्ठ ज्ञवाली

## १. विषयप्रवेश

महाकाव्यकार हिरालाल कँडेल (भारद्वाज) द्वारा रचित 'अङ्गुरबाबा जोशी (२०८२)' जीवनीपरक महाकाव्य हो । यस महाकाव्यमा लेखकले सङ्घर्षको अलोकमा नारीशिक्षाको सगरमाथा चुमेकी शिक्षासेवी, समाजसेवी, अध्यात्मप्रेमी अङ्गुरबाबा जोशीलाई मूल नायिकाका रूपमा प्रस्तुत गरेका छन् । यसभन्दा अगाडि राष्ट्रसन्त स्वामी परमानन्द (२०७९), योगी नरहरिनाथ (२०७९), डा. स्वामी प्रपन्नाचार्य (२०८२) जस्ता महाकाव्य प्रकाशित गरेका लेखकका भजन, कविता, गीत, बालगीतहरू पनि प्रकाशन भएको पाइन्छ । प्रस्तुत महाकाव्यमा एउटी नारीले घर, परिवार, शिक्षा, स्वास्थ्य, समाज, देश, परदेश, धर्म, अध्यात्मजस्ता अनेक पक्षमा कस्तो सङ्घर्ष गरी कसरी सङ्लग्न भएर कस्तो सफलता प्राप्त गर्न सक्छिन् भन्ने सन्दर्भलाई काव्यात्मक प्रस्तुति दिई देखाएको पाइन्छ । यहाँ मूलतः सर्गगत कथ्य सन्दर्भलाई उजागार गरी सङ्घर्षपछि उद्देश्य प्राप्तिको मूल विचार प्रस्तुत गरिन्छ ।

## २. सर्गगत सन्दर्भ

"ग्रन्थादौ, ग्रन्थमध्ये, ग्रन्थान्ते च मङ्गलम् आचरेत्" अर्थात् ग्रन्थको सुरुमा बीचमा र अन्तमा मङ्गलाचरण हुनुपर्छ भन्ने पूर्वीय काव्यमान्यतालाई महत्त्व दिई महाकाव्यको सुरुमा मङ्गलाचरण शीर्षक राखिएको छ । यसमा सरस्वती, महाकाली, दुर्गा देवीको प्रार्थना गरिएको छ । काव्य रसिलो, भरिलो, भव्य होस् भन्ने कामना छ । आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौड्याल लगायतका कवि लेखक साहित्यकारहरू तथा सन्तहरूको स्मरण गरिएको छ । नमूनाका रूपमा एउटा उदाहरण यस्तो छ :-

सरस्वती महामाया सिद्धिबुद्धि प्रदायिनी
महाकाली ¤ महालक्ष्मी ¤ कौमारी ¤ सुखदायिनी

(मङ्गलाचरण, श्लोक एक)

सर्ग एकमा 'पूर्वप्रसङ्ग' शीर्षक दिई काव्यको आराधना गरिएको छ । सरस कविता मगमग होओस् भनिएको छ । नेपाल राष्ट्रलाई विश्वभर सगर्व चिनाउन

सकियोस् भन्ने कामना छ । नेपाल राष्ट्रलाई विश्वभर सगर्व चिनाउन सकियोस् भन्ने कामना छ । कुमार्गमा नलाग्ने, सुविचार राखेर अटल हुने, अग्रजहरूको सम्मान गर्नुपर्ने, सभ्य सुसंस्कृत र मधुर हुनुपर्ने भाव श्लोक चौध, उन्नाइस, बिस, एक्काइस, तेइस, चौबिस, पच्चिस र छब्बिसमा रहेको छ । पाल्पा जिल्ला काव्यनायिकाको जन्मस्थान भएकाले त्यसको महिमागान गरिएको छ । कव्यनायिका अङ्गुरबाबाको कथाको सङ्केत र उनको कुलघरानाबारे श्लोक सत्ताइस, अठ्ठाइस र उनान्तिसमा गरिएको छ । पितापुर्खा र अध्यात्मको सङ्केतका रूपमा श्लोक तेत्तिस आएको छ । जमिनदार भए पनि जनताका दुःखकष्ट बुझ्ने, मानवीय भावना भएका, राजकीय ठाँटबाँट भए पनि लोकप्रिय जनसेवक, दुई पत्नी र सात सन्तान भएका, जीवनको अन्त्यतिर काशीबास लागेका अङ्गुरबाबा जोशीका हजुरबाबा ताराप्रसाद पन्तको वर्णन गर्दै अन्त्यमा काव्य नायिकाबारे यस्तो सङ्केत गरिएको छ :

सङ्घर्ष गर्ने अनि लड्न सक्ने
लडे नि झट्टै अघि बढ्न सक्ने
त्यस्ता अनौठा प्रतिभाहरू हुन्
कैयौं सुनौला इतिहास रच्ने

(सर्ग एक, श्लोक चवालिस)

सर्ग दुईमा 'जन्मविवरण' शीर्षक दिई वि.सं. १९८८ (उन्नाइस सय अठासी) हरिशयनी एकादशी तुलसी रोप्ने दिन शनिबार माता दीपकुमारीका कोखबाट दोस्रो सन्तान दोस्री छोरीका रूपमा अङ्गुरबाबाको जन्म भएको प्रसङ्ग छ । छोराको आशामा भएको परिवारमा छोरी जन्मेपछि खासै खुसी नछाएको, कडा अनुशासनमा बस्नुपर्ने परिवारको सन्दर्भका साथै सानी छोरीलाई धाईआमा द्वारिकाका साथ छाडेर अङ्गुरबाबाकी आमा आफ्ना पतिसँग जमिन्दारीमा जानुपर्दाको विरहवेदनामा करुण रसको नदी बगेको प्रसङ्ग श्लोक उनान्चालिस, त्रिचालिस, सतचालिस र पचासमा आएको छ । यति भए तापनि भाग्यवादी चिन्तन प्रस्तुत गर्दै (श्लोक एकचालिस, छयालिस) यहाँ यो परिस्थिति हुनुका पछाडि भावीको लेखा मानिएको छ । एउटा श्लोक साक्ष्यका रूपमा यस्तो छः

मनको पिर बढ्नाले, बोझिलो जिन्दगी भयो
जे गर्नु गर्छ भावीले, भन्ने त्यो भावना भयो

(सर्ग दुई, श्लोक एकचालिस)

काव्यनायिका अङ्गरबाबा जोशीको शैशवकालको दुःखपूर्ण अवस्थाको मर्मस्पर्शी प्रस्तुति पढ्दा पाठकका आँखाबाट अश्रु वर्षा हुने स्थिति यस सर्गमा छ ।

सर्ग तीनमा 'शैशवावस्थामै आमाछोरीको विछोड' शीर्षकमा काव्यनायिका छोरी अङ्गुर र आमा दीपकुमारीको विछोडकै सन्दर्भ रहेको छ । यसो हुनुका कारण

भाग्य, दैव वा भावीकै खेल भनी श्लोक एक, पाँच र सातमा भाग्यवादी चिन्तन आएको छ । आमाछोरीको वियोग, व्यथा, वेदना, पुनः मिलन धाई आमाले आमाका काखमा छोरी सुम्पेको दृश्य (श्लोक सत्ताइस र उनानतिस), आमाछोरीको मर्मस्पर्शी सुखद मिलन (श्लोक बत्तिस र तेत्तिस), बाबुको स्नेह (श्लोक उनानपचास), सबै आफन्तको मायाममता, सानी छोरीलाई धाईआमाका जिम्मा छाडेर जाँदा आमाछोरीको पीडा र बाबुको पश्चात्तापसमेत प्रस्तुत गर्दै यो सर्ग समापन भएको छ ।

सर्ग चारमा 'शैशवकाल' शीर्षकको सुरुमा सभ्य, भव्य परिवारको बारेमा महाकाव्य लेख्न लागेको सङ्केत छ । काव्यनायिका अङ्गुरबाबाको कथा अगाडि बढेको छ । बाल्यकालका दुःखका प्रसङ्गहरू आएका छन् । आमासँग भेट भएको मर्मस्पर्शी वर्णन श्लोक नौमा गरिएको छ । भाग्यकै कारण तेस्रो सन्तान छोरा जन्मिएको तेह्र महिनामै आमाको काखबाट धाईआमाका काखमा जानुपरेको स्थितिलाई भाग्य वा दैवको खेल भनी श्लोक बाइसमा वर्णन गरिएको छ । छोरा जन्मेपछि दुःखको अन्त्य हुने सामाजिक मान्यतालाई श्लोक पच्चिसमा उल्लेख गरिएको छ । छोराछोरीमा देखिएको भेदभावपूर्ण सामाजिक अवस्थाको सङ्केत छ । काव्यनायिकाको शारीरिक तथा अन्य आनीबानीको चित्रण गरिएको छ । १९९० सालको भूकम्पको भयावह स्थिति र मूलतः धाईआमाले काव्यनायिकालाई बचाएको सन्दर्भ उल्लेखनीय छ । शैवव र बाल्यकालमा काव्यनायिकाको जीवन सङ्कटपूर्ण भएको तर त्यो टरेको स्थिति दर्शाउँदै यो सर्ग समापन भएको छ ।

सर्ग पाँचमा 'बाल्काल' शीर्षकमा काव्यनायिका अङ्गुरबाबाको सानैदेखिको सङ्घर्ष र त्यसको सङ्केत छ । आफ्नै साहस, हिम्मत र आँटले उठेकी नारीको गाथा, बाबुआमा, भाइबहिनी, दिदी, काकाकाकीसँग राम्रो व्यवहार गर्ने बुझक्की व्यक्तित्व भनी श्लोक पाँचमा गुणगान गाइएको छ । सपरिवार वर्णन गर्ने क्रममा अङ्गुरबाबकी आमा दीपकुमारीको विवाहमा दाइजोका रूपमा ल्याइएकी द्वारिका धाईआमाको सेवाभाव र समर्पणको कथाका साथै तत्कालीन समाजमा सेवा गर्ने सुसारे धाईआमा पनि दाइजोमै दिइने चलनलाई श्लोक पन्ध्रमा चर्चा गरिएको छ । आमाभन्दा धाईआमासँग आफ्नो शैशवकाल व्यतित गरेकी अङ्गुरबाबा र धाईआमाको समीप्यको चर्चा श्लोक सत्रमा गरिएको छ । काव्यनायिका अङ्गुरबाबा भए पनि धाईआमाको महत्त्वलाई विशेष रूपमा उल्लेख गरिएको छ । अङ्गुरबाबाले धाईआमाका साथै चार भाइबहिनी तथा अन्य दौतरीहरूसँग बिताएको, अङ्गुरबाबालाई थ्यलिसिमिया माइनर रोग लागेको, रेडियो मार्ट औषधी सोन गरेको, शारीरिक दृष्टिले अङ्गुरलाई होच्याइएको तर परिवार राम्रो भएको, तत्कालीन समयमा नाटक हेर्ने, तेलकासा, लुकामारी खेल खेल्ने, साथीभाइसँग रमाउने, खानेकुराहरू खाने, कहिले साथीसाथी बीच झगडा हुने जस्ता अङ्गुरबाबाका बाल्यकालका घटना आएका छन् । अङ्गुरबाबाकी माइलाबाकी छोरीले छोरो पाउँदा भएको भेटघाट, दिदी घरबारे भएपछि उनका घरमा भेला भएर गरिएको रमाइलो, बाल्यकालमै खरो स्वभाव, त्यहाँ बोलिने भाषा, विचित्रका गाथाका

साथै काव्यनायिकाको चरित्रचित्रणका दृष्टिले समेत यो सर्ग महत्वपूर्ण रहेको छ ।

सर्ग छमा 'किशोरावस्था' शीर्षकमा काव्यनायिकाको किशोरावस्थाको वर्णन गर्ने क्रममा तत्कालीन समयमा केटा मान्छेले जस्तै जाँगे लगाएर फुटबल खेलेका कारण अङ्गुरबाबाले झेल्नु परेको अप्ठ्यारो, जसले जे भने पनि पिताजीले गर्नुभएको सहयोग अविस्मरणीय रहेको (श्लोक सोह्र), पछि सामाजिक व्यवस्थाकै कारण अङ्गुरले फुटबल खेल्न छाडेको, भाइहरूले गायत्री मन्त्र जपेको देखेर आफूले पनि शिवरात्रीको मेलामा गएर आफ्नै पैसाले गायत्री मन्त्र भएको सरस्वतीको तस्विर किनेर ल्याई मन्त्र कण्ठस्थ सुनाउँदा बडामुमाले सबैका सामु झपारेका कारण नारी र पुरुषबीच ठूलो भेदभाव रहेको कुरा बुझेकी अङ्गुरबाबा खिन्न भएका प्रसङ्गहरू तत्कालीन समाज बुझ्न महत्त्वपूर्ण रहेका छन् । दिदी अङ्गुर र भाइ बीचको युवासुलभ झगडा, अरूले दिदीलाई सोझी, लाटी, गोज्याङ्ग्री, जुम्सी, भकभके, फर्सी भन्ने गरेको स्थिति, आफन्तसँगको भेटघाट, कुराकानी, धार्मिक आध्यात्मिक घरपरिवार भएको सन्दर्भका साथै भगवान् श्रीराम भक्त अङ्गुरबाबाको आध्यात्मिक चरित्रलाई विशेष पुष्टि गर्दै यो सर्ग समाप्त भएको छ ।

रामभक्त अङ्गुरलाई चिनाउने एउटा साक्ष्य यस्तो :-

गरेर भक्ति रामको शक्ति पाएर हुर्किन् रे
राम आराध्य मानेर नित्य पूजन गर्थिन् रे

(सर्ग छ, श्लोक पैसट्ठी)

सर्ग सातमा 'मधेशयात्रा' शीर्षकमा अङ्गुरबाबाको सङ्घर्षशील जीवनकथालाई समेटिएको छ । जीवनमा आइपर्ने दुःखसुख, आँसुहाँसो, आपतविपत् उतारचढाव, बाढीपैह्रो, मानअपमान जस्तो परिस्थितिमा समदर्शी भई अगाडि बढ्नुपर्ने सन्देश (श्लोक आठ) का साथ जाडोयाममा आफ्ना पितासँग अङ्गुरबाबा मधेसतिर गएको, मानवसेवा गरेको, थानकोटदेखि कुलेखानी हुँदै अमलेखगञ्जसम्म पैदलै यात्रा गरेको, त्यसपछि रेलयात्रा अनि रक्सौल, नौतनवा सिमरासम्मको यात्राका विविध प्रसङ्ग यहाँ आएका छन् । मधेसको मौजामा बिताएका समय सन्दर्भ, आफन्तहरू, इष्टमित्रहरू, मधेसवासीहरूसँगको सान्निध्य, काशीयात्रा तथा त्यहाँ बसाइका प्रसङ्गहरूसहित यो सर्ग समाप्त भएको छ ।

सर्ग आठमा 'प्रारम्भिक शिक्षा' अन्तर्गत अङ्गुरबाबाको प्रारम्भिक शिक्षा प्राप्तितर्फको सन्दर्भ छ । छोरालाई मात्र पढाउने, छोरीले पढ्न नपाउने, भेदभावपूर्ण समयमा उनका पिताजीले छोरीलाई पनि पढाउनुपर्छ भन्ने मान्यता राखी अगाडि बढ्ने प्रेरणा दिएको (सर्ग आठ, श्लोक आठ) पढ्ने हौसलाका साथै घरमै गुरुहरूको व्यवस्था गरिदिएको, यस्तो वातावरण पाएर अङ्गुर पढ्न अल्छी भए पनि राम्रो पढेको, अझ अङ्ग्रेजी विषयमा झनै राम्रो गरेको सन्दर्भ, दरबार स्कुल पढ्न जान नपाए पनि घरमै प्रारम्भिक शिक्षा विशेष रूपमा अगाडि बढाएको (श्लोक बत्तिस) घटनाहरू

नारीशिक्षाको प्रयासका दृष्टिले निकै महत्त्वपूर्ण रहेका छन् । यस क्रमसँगै यो सर्ग समाप्त भएको छ ।

सर्ग नौमा 'दाम्पत्य' शीर्षकमा तत्कालीन समाजमा सानै उमेरमा विवाह गरिदिने चलन, केटी माग्न आउने र अनेक तर्कवितर्क हुने स्थितिको चर्चा छ । एघार वर्षकी अङ्गुरबाबाको विवाह बलराम जोशीसँग हुने पक्का भएपछिको स्थितिभन्दा अगाडिका अनेक प्रसङ्ग, तत्कालीन अवस्थाको वैवाहिक स्थितिको वर्णन (सर्ग नौ, श्लोक एकचालिस, बयालिस, चौवन्न, सन्ताउन्न) रहेका छन् । विवाहपछि बाबुले छोरी अन्माउनु, मामाले बेहुला बोक्नु, छोरी बिदाइ गर्दा पीडा हुनु, दुलही भित्र्याएपछि पाथी भर्ने लगायतका कार्य गर्नु, बेहुलीले सबैलाई चिनजानसहित ढोगभेट गर्नु, साँझपखको भोजनको प्रसङ्ग वर्णन गर्नु यस सर्गका कथ्य विषय हुन् । यसै गरी दुलही भएर भित्रिएपछि घरपरिवारलाई रिझाउनु, अङ्गुरबाबाकी सासू आमाजस्तै हुनु (श्लोक सतासी), सपरिवार मिलेर बस्नुसम्मका घटनासाथ यो सर्ग समाप्त भएको छ ।

सर्ग दसमा 'औपचारिक शिक्षा' शीर्षकमा सुरुमा अङ्गुरबाबाकी आमाले उनलाई घरगृहस्थी राम्ररी गर्नु भनी शिक्षा दिएकी छन् (सर्ग दस श्लोक सात) । यसपछि अङ्गुरबाबा विवाहपछि तीन वर्ष माइत बस्नु, फेरि पढाइमा लाग्नु, श्रीमान्सँग कथा सुन्नु, श्रीमान्श्रीमती दुवैले पढेर औपचारिक शिक्षा हासिल गर्नुपर्छ भन्ने कुरा चल्नु, घरमै राम्ररी पढ्नु, २००४ सालमा एस्.एल्.सी. दिएर बडासासू ससुरा भएको ठाउँ बनारस जानु, परीक्षाफल प्रकाशित भएपछि एस्.एल्.सी. मा दुवैजना उत्तीर्ण हुनु यस सर्गका कथ्य सन्दर्भ हुन् । साथै छोरीलाई पढ्न नदिने तत्कालीन समाजमा अङ्गुरबाबाले आई.ए. पढ्न नपाउनु (सर्ग दस, श्लोक पैंतिस), यस्तो स्थितिमा घरमै गुरुहरूलाई निमन्त्रणा गरी पढ्नु, आफ्ना श्रीमान्सँग पनि पढेर परीक्षा दिई आई.ए. पास हुनुजस्ता सन्दर्भहरू मनन गर्दा काव्यनायिका अङ्गुरको शैक्षिक यात्रा हरेक शिक्षाप्रेमी मूलतः नारीहरूका लागि सङ्घर्षकै आलोकमा गन्तव्यको पहिचानका दृष्टिले प्रेरणादायी छ । उनलाई समाजले जे भने पनि मुमा, सासू र बुबाले गरेको सहयोग र प्रेरणा झन् प्रेरणादायी (सर्ग दस, श्लोक त्रिचालिस, सतचालिस) बनेको सन्दर्भसहित यो सर्ग समाप्त भएको छ ।

सर्ग एघारमा 'स्नातक यात्रा' शीर्षकमा अङ्गुरबाबा सङ्घर्ष गरेर आई.ए. पास भई बी.ए. पढ्न नेपालमा सम्भव नभएका कारण सासू, बुबा र श्रीमान्को सल्लाहअनुसार काखे छोरो सासूका जिम्मा लगाएर बनारस हिन्दु विश्वविद्यालयमा पुगेको सन्दर्भ छ । त्यहाँ पनि निकै सङ्घर्ष गरेर स्नातक उत्तीर्ण गरेको (सर्ग एघार, श्लोक चौध र बिस) विषयसन्दर्भसँगै यो सर्ग समाप्त भएको छ ।

सर्ग बाह्रमा 'स्नातकोत्तर यात्रा' शीर्षकमा सङ्घर्षकै आलोकमा अङ्गुरबाबा र उनका पतिले एम्.ए. उत्तीर्ण गरेको (सर्ग बाह्र, श्लोक तेह्र) सन्दर्भ छ । यहाँ नारी भएर सङ्घर्ष गरी पढ्नु, स्नातकोत्तर कक्षामा सत्तरी जना केटा र चार जना केटीमध्ये

एक अङ्गुरबाबा हुनु, कक्षाभित्र र बाहिर केटाहरूसँग बोल्ने अवस्था नहुनु, यस्तैमा एकदिन एउटा केटाले अङ्गुरबाबालाई मन पराउँछु भन्नु, यस्तो घटनाले उनी दुःखी हुनु, विवाहित हुँ- छोरो र श्रीमान् छन् भन्दा पनि केटो एक्कासि घरमै पुग्नु, सबै कुरा घरमा भन्नु, अङ्गुरबाबाले राजनीतिशास्त्रमा छात्रवृत्ति प्राप्त गरी एम्.ए.गर्नु, उनका श्रीमान्ले एम्.एस्सी. उत्तीर्ण गर्नु, भाइले कानुन पढ्नु, अङ्गुरबाबाले पद्मकन्या कलेजमा पढाउन थाल्नु, फेरि बी.एल्. को पढाइमा लागेर घरबाटै पढी कलेजमा उत्तीर्ण हुनु (सर्ग बाह्र, श्लोक साठी) जस्ता अनेक घटनाहरूसहित यो सर्ग समाप्त भएको छ ।

सर्ग तेह्रमा 'अध्ययनका लागि वेलायतयात्रा' शीर्षकमा सुरुमा नेपालको शैक्षिक स्थिति, शिक्षा क्षेत्रको भेदभाव र शिक्षा प्राप्त गर्न नेपालीले भोग्नुपर्ने जटिल परिस्थिति (सर्ग तेह्र, श्लोक दुई) बारे चर्चा गरिएको छ । यस्तो परिस्थितिमा अङ्गुरबाबा र उनका श्रीमान् कोलम्बो प्लानअन्तर्गत वेलायत पढ्न जाने सोच बनाउनु, त्यसका लागि प्रयास गर्नु, सुरुमा श्रीमान्ले मात्र छात्रवृत्ति प्राप्त गर्नु, विभिन्न प्रयासपछि अङ्गुरले अगाडि बढाउनुजस्ता घटनाहरू रहेका छन् । अङ्गुरबाबाले नेपाललाई संसारभर चिनाउने अठोट गर्नु, श्रीमान्-श्रीमती अलगअलग ठाउँमा बसेर पढ्नुपर्दा स्थिति झन् जटिल बन्नु, एकआपसमा सल्लाह गरेर हरेस नखाई अगाडि बढ्ने अठोट गर्नु, प्रोफेसरहरूको उचित मार्गनिर्देशनले पढाइमा अब्बल हुनु, त्यहाँको संस्कार, धर्म, चालचलनबारे चर्चा गर्नु, पढाइ पूरा गरेपछि नेपालमै फर्केर सेवा गर्ने भावना बोकी स्वधर्म र स्वराष्ट्र नै महान ठान्दै स्वदेश यात्रा गर्नु (सर्ग तेह्र, श्लोक एक सय छ) सम्मका घटनाका साथ यो सर्ग समाप्त भएको छ ।

सर्ग चौधमा 'मातृभूमि नेपाल आगमन' शीर्षकमा अङ्गुरबाबा र उनका श्रीमान् बलराम बनारसमा आमाबुबासँग दुई दिन बसेपछि मातभूमि नेपाल आगमन भएको घटना छ । आफ्नो घरपरिवार, छोराछारीसँगको लामो समयपछिको भेटघाट-भलाकुसारी, आफन्तसँगको भेट, छोराछोरीसँग रामायण पढ्यौ कि पढेनौ भनी गरिएको जिज्ञासा, बजारमा गएर छोराछोरीका लागि गरिएको किनमेल र वेलायतबाट प्राप्त ज्ञान नेपालमा फैलाउने विचार गर्दासम्मका घटनाक्रमसहित यो सर्ग समाप्त भएको छ ।

सर्ग पन्ध्रमा 'पद्मकन्या र अङ्गुरबाबा जोशी' शीर्षकमा अङ्गुरबाबाले पद्मकन्या कलेजमा पुनः प्राध्यापन कार्य थालेको मूल सन्दर्भ छ । यसका साथै सबैबाट सहयोग पाएर कार्य प्रारम्भ गरेको, युवराज्ञी रत्नसँग कलेजमा भेटघाट, राजा त्रिभुवनको शासनकालको चर्चा, नाम चल्दै र प्रसिद्धि बढ्दै गएका प्रसङ्गसहित यो सर्ग समाप्त भएको छ ।

सर्ग सोह्रमा 'नेपालको पहिलो महिला प्रिन्सिपल' शीर्षकमा अङ्गुरबाबा जोशी पद्मकन्या कलेज तथा नेपालकै पहिलो महिला प्रिन्सिपल बन्न सफल भएपछि प्रा. तीर्थप्रसाद ढुङ्गाना गुरुप्रतिको गुरुभक्ति, प्रा. अम्बिकाप्रसाद अधिकारी, प्रा. शिवगोपाल

रिसाल, आनन्दराम मल्ल आदिको सहयोग र सद्भाव ग्रहण गर्दै अगाडि बढेर अङ्गुरबाबा सफल प्रिन्सिपल बनेको, महिला सङ्गठन खोलेर सेवा गरेको, सबैलाई मिलाएर कार्य गरेको, शिक्षाको विकासमा अहोरात्र खटेको (सर्ग सोह्र, श्लोक पाँच) जस्ता अनेक सन्दर्भहरूसहित यो सर्ग पूर्ण भएको छ ।

सर्ग सत्रमा 'पद्कन्या कलेजको आफ्नै भवन' शीर्षकअन्तर्गत पद्मकन्या कलेज आफ्नै भवन बनाएर सरेको प्रसङ्ग छ । प्रिन्सिपल अङ्गुरबाबा जोशीको अथक प्रयास, अन्य विभिन्न व्यक्ति तथा संस्थाहरूको विशेष सहयोग र सद्भावबाट कलेजले आफ्नै जग्गा र भवन निर्माण गर्न सफल भएको ऐतिहासिक गौरवमय क्षणको वर्णन गरिएको छ । यस दृष्टिले श्लोक बाइस र पैंतीस बढी उदाहरणीय छन् । यसै क्रममा यो सर्ग समापन भएको छ ।

सर्ग अठारमा 'विज्ञान तथा लोकगीत सञ्चालन' शीर्षकमा आफ्नै भवनमा पद्मकन्या कलेज सरेपछि प्रिन्सिपल अङ्गुरबाबा जोशीले विज्ञान र लोकगीतको कक्षा सञ्चालनका लागि गरेको सङ्घर्षको कथा समेटिएको छ । यस सन्दर्भमा सेवा आयोगको छलफल, नीतिनियम र विशेषज्ञको चयन आदि कुराहरू आएका छन् । लोकसंस्कृतिको रक्षा गर्नुपर्ने सन्दर्भमा (सर्ग अठार, श्लोक तेह्र, पन्ध्र) विशेष जोड रहेको छ । मन्त्रीको अनावश्यक सोर्सफोर्सको प्रसङ्ग र सत्कर्म गर्दा मन्त्रीको पनि डर नमानी अडिग भएर अगाडि बढ्नुपर्ने अनेक सन्दर्भसहित यो सर्ग समाप्त भएको छ ।

सर्ग उन्नाइसमा 'सामाजिक कार्य र अतिरिक्त क्रियाकलाप' शीर्षकमा प्रिन्सिपल अङ्गुरबाबाको प्रयासबाटै एकातिर छात्राहरूलाई गाउँमा लैजाने अनि सामाजिक कार्य गराउने परिपाटि बसालिएको (सर्ग उन्नाइस श्लोक सात) सन्दर्भ छ भने अर्कोतिर कलेजमा अतिरिक्त क्रियाकलाप गराउने व्यवस्थाको वर्णन गरिएको छ । यसका साथै प्रिन्सिपल आफैले कक्षा लिने, नैतिकता, व्यावहारिकता, सेवाभाव, व्यवहार निपुणताजस्ता कुराहरू सिकाउने, विज्ञ वक्ताहरूलाई आमन्त्रण गरेर प्रवचन दिन लगाएका घटनाहरू छन् । केन्द्र शमशेरकी छोरी चाँदनी राणा पछि राजा वीरेन्द्रकी श्रीमती पद्मकन्याकै छात्रा भएको, उनलाई पनि अतिरिक्त क्रियाकलापमा भाग लिन सल्लाह दिएको, धनी गरीवको भेदभाव हटोस् भनेर घरबुना खद्दरको गेरु रङको धोती र ब्लाउज पोसाक बनाएको जस्ता अनेक प्रसङ्गसहित यो सर्ग समाप्त भएको छ ।

सर्ग बिसमा 'नारीशिक्षाको महत्त्व' शीर्षकमा नारीशिक्षाको महिमालाई उजागार गरिएको छ । नारी शिक्षित भए सबै राम्रो हुने अङ्गुरबाबाको विचार (सर्ग बिस, श्लोक बाह्र) काव्यात्मक शैलीमा आएको छ । यस क्रममा अङ्गुरबाबाले नारीशिक्षाका लागि गरेको योगदान, सङ्घर्ष, उतारचढावको स्थितिमा पनि संयमित बनाएको अवस्था, शिक्षण संस्थाको अवलोकनका लागि महिलाको प्रतिनिधित्व गर्दै

दिल्ली भ्रमणलगायतका सन्दर्भसहित यो सर्ग समाप्त भएको छ ।

सर्ग एक्काइसमा ‘तारा गाउँ विकासको स्थापना’ शीर्षकमा अङ्गुरबाबा जोशीले शैक्षिक क्षेत्रको अठार वर्षे लामो सेवाबाट राजीनामा दिई सेवानिवृत्त भएपछिका सन्दर्भहरू आएका छन् । वेलायती संविधान अध्ययन गरेका कारण नेपालको संविधान मस्यौदा समिति सदस्य बनेर होस् वा विश्वविद्यालय सभाको सदस्य पदमा रहेर होस् महत्त्वपूर्ण कार्य गरेकी उनले तारा गाउँ विकास समिति खोलेर पर्यटकीय क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । विभिन्न उतारचढावका बीच आफूले गरेको कार्य सम्पन्न पश्चात् तारा गाउँ रिसोर्टको भवन निर्माण, तारा गाउँको अध्यक्ष आफू र सदस्यसचिव निर्मला पोखरेललगायत अन्य सदस्यहरू संलग्न रहेर नेपाली संस्कृति, रीतिरिवाज, खानपानलाई विश्वमै प्रचारप्रसार गरेको, पछि त्यो स्थान हायात इन्टरनेसनल कम्पनीको अधिनमा रहने गरी तारा गाउँ रिजेन्सी होटल लिमिटेड भएको, अध्यक्ष र सदस्यसचिवले खुसीसाथ पद छाडेर बसेको सम्मका घटनाका साथ यो सर्ग समाप्त भएको छ ।

सर्ग बाइसमा ‘विभिन्न संघसंस्थाको स्थापना’ शीर्षकमा अङ्गुरबाबा संलग्न भएका संघसंस्थाको सन्दर्भ छ । योगी नरहरिनाथ, धरणीधर कोइराला, खेमराज केशवशरण, तारामान सिंह स्वार, दीर्घराज कोइराला, डा. गोविन्द टण्डन, डा. विहारीलाल श्रेष्ठ, डा. चिन्तामणि योगी, निर्मला श्रेष्ठ, निर्मला पोखरेल, चाँदनी जोशीजस्ता अनेक व्यक्तित्वहरूसँगको सहयोग र सहकार्यमा विभिन्न संघसंस्थामा रहेर सेवा गरेको, आफू छयासी वर्षको उमेरमा पुग्दा छात्राहरूका लागि मात्र गार्गी गुरुकुल खोलेको, साथै प्रस्तुत महाकाव्य लेख्ने प्रेरणा अङ्गुरबाबाकी चेली सह-प्राध्यापक निर्मला पोखरेलबाट प्राप्त भएको (सर्ग बाइस, श्लोक छयालिस) सन्दर्भसहित यो सर्ग समाप्त भएको छ ।

सर्ग तेइसमा ‘विभिन्न पुरस्कारको स्थापना’ शीर्षकमा मूलतः अङ्गुरबाबा कृतज्ञ बन्दै स्थापना गरेका विभिन्न पुरस्कारहरूको सन्दर्भ छ । यसका साथै हाम्रो वैदिक सनातन धर्मको महत्त्व उजागर गर्न विशेष योगदान गरेको, सुखदुखमा साथ दिने श्रीमान् डा. बलराम जोशीको मृत्युपश्चात् उनकै नाममा पुरस्कार स्थापना गरेको, आमा, बुबा, ससुरा, भाइका नाममा समेत पुरस्कार स्थापना गरेर उदाहरणीय कार्य गरेको (सर्ग तेइस, श्लोक एकतिस र चौतिस) चर्चासँगै यो सर्ग समाप्त भएको छ ।

सर्ग चौबिसमा ‘गुरुभेट’ शीर्षकमा अङ्गुरबाबाले सच्चा गुरु खप्तडबाबालाई प्राप्त गरेको सन्दर्भ छ । उनी खप्तड क्षेत्र विकास समितिको सदस्य बन्नु, राम्ररी कार्य सम्पन्न गर्नु, काठमाडौंको शिवपुरीमा खप्तडबाबाको दर्शन पाउनु, शिक्षामा चरित्रिक शुद्धता र नैतिकताका विषय राख्नुपर्नेमा संवाद हुनु, खप्तडबाबाको प्रवचनबाट प्रभावित हुनु, आफ्ना श्रीमान्को पनि खप्तडबाबालाई गुरु बनाउने इच्छा हुनु, खप्तडबाबाको देहावसान हुनुसम्मका घटनापश्चात् यो सर्ग समाप्त भएको छ ।

सर्ग पच्चिसमा 'अङ्गुरबाबा अभिनन्दन ग्रन्थ' शीर्षकमा अङ्गुरबाबालाई महान् नारीप्रतिभाका रूपमा चिनाइएको छ । उनले गरेका सङ्घर्षमय जीवनकथालाई सङ्क्षेपमा प्रस्तुत गर्दै मूलतः अङ्गुरबाबा अभिनन्दन ग्रन्थ प्रकाशन समिति गठन, अभिनन्दन ग्रन्थमा लेखरचना तयार गर्नेहरूका नामहरू उल्लेख गरेर कृतज्ञ बन्दै अङ्गुरबाबालाई नारीहरूकी सगरमाथा भनी महिमागानसाथ (सर्ग पच्चिस, श्लोक पैतालिस) यो सर्ग समाप्त भएको छ ।

सर्ग छब्बिसमा 'तत्त्ववोध' शीर्षकमा काव्यनायिका अङ्गुरबाबाका विचारलाई प्रस्तुत गरिएको छ । गुरुका अनुकम्पाले काव्यनायिकालाई तत्त्वबोध भएको र त्यसलाई जीवनमा उतार्नुपर्ने सन्देश छ । यस क्रममा आत्मा, परमात्माको चिन्तनका साथै योग, ध्यान, प्रणायाम, स्वाध्याय र भक्तिका माध्यमबाट तत्त्वबोध भएको चर्चा छ । जीवन, जगत्, जन्म, मृत्यु, धर्म, ज्ञान, विज्ञान, नाता, धन, नाफा, घाटा, नीति, नियम, कल्पना, सपना, श्रद्धा, प्रेम, वाचा, बन्धन, प्रतिबद्धता, ऐक्यबद्धता, संहार, हार आदि अनेक विषयमा गरिएको बोध उल्लेख छ । काव्यनायिकामा तत्त्वबोध (सर्ग छब्बिस, श्लोक सत्र, अठार, बाइस) बारे व्यापक चर्चा छ । अद्वैत ब्रह्म तत्त्वबाहेक केही छैन (सर्ग छब्बिस, श्लोक अट्ठाइस, अठ्चालिस, त्रिपन्न) भनिएको छ । महाकाव्यमा मनबारे (श्लोक बैसट्ठी, त्रिसट्ठी, चौसट्ठी), धर्म र परोपकारबारे (श्लोक सतसट्ठी, अठसट्ठी, एक सय आठ), विद्याबारे

(श्लोक पचहत्तर), नेपाल र नेपालीबारे (श्लोक त्रियासी, चौरासी, पचासी, छयासी, सतासी),

नारीपुरुषबारे (श्लोक अठासी, उनान्नव्बे, नव्बे) पदप्रतिष्ठाबारे (श्लोक त्रियानव्बे, चौरानव्बे), सन्तोष असन्तोषबारे (श्लोक एक सय तीन) चर्चा गर्दै समयको महत्त्व बुझ्नुपर्ने कुरामा जोड दिँदै सर्ग समापन गरिएको छ ।

सर्ग सत्ताइस 'समापन' शीर्षकमा रहेको छ । यसमा काव्यनायिका अङ्गुरबाबाका सद्गुणावलीको महिमागान गरिएको छ । करुणा, माया र दयाकी खानी, मधुर बोली भएकी, पीडामा पनि बोलेर हाँसेर अगाडि बढ्ने सङ्घर्षशील नारी, अशिक्षाबाट शिक्षातिर अँध्यारोबाट उज्यालोतिर लम्केकी महान् नारी (सर्ग सत्ताइस, श्लोक एक्काइस, उनान्तिस) भनिएको छ ।

काव्यनायिकाका महान् विचार (श्लोक चालिस) प्रस्तुत गर्दै उनका आमाबाबु, श्रीमान् सबैले छाडेर परलोक गएपछि वृद्ध शरीर हुँदा मन उदाङ्गो भएको, शक्ति घट्दै गएको, सुखदुःख जीवनका अनिवार्य तत्त्व भएको चर्चा गरिएको छ । अङ्गुरबाबाको हृदयघातका कारण दुई हजार सतहत्तर साल असार कृष्ण चतुर्दशीका दिन इहलीला समाप्त भएको कारुणिक दृश्यसहित यो सर्ग समापन भएको छ ।

## ३. निष्कर्ष

अङ्गुरबाबा जोशी महाकाव्य मूलतः सङ्घर्षको आलोकमा नारीशिक्षाको सर्वोच्च प्राप्तिलाई मूल कथ्य बनाइएको कृति हो । एक सङ्घर्षशील महान् नारी चरित्रलाई केन्द्रमा राखेर यसको सर्गगत सन्दर्भ प्रस्तुत भएको छ । यसमा वैदिक धर्म, दर्शन र संस्कृतिको अपूर्व सङ्गम पाइन्छ । पौरस्त्य दर्शनका कर्म, भाग्य, दैवका सन्दर्भहरू आएका छन् । वैदिक सनातन दर्शनको प्रभाव र प्रेरणाको हिसाबले यसको अध्ययन गर्न सकिन्छ । संसार (सर्ग तीन, श्लोक नौ, दस, चौबिस, सर्ग चार, श्लोक एकचालिस), ईश्वर (सर्ग तेइस, श्लोक दुई) चिन्तनका दृष्टिले उल्लेख्य छन् । नारीशिक्षाको महिमा र महत्त्वलाई उजागर गरिएको छ । त्रि.वि., पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौंको शैक्षिक इतिहास र अङ्गुरबाबा जोशीको सङ्घर्षले खारिएको जीवनवृत्तका साथै जीवन सङ्घर्षमा अगाडि बढ्न यो महाकाव्यले विशेष प्रेरणा दिएको छ ।

## सन्दर्भसूची

कँडेल, हिरालाल, (२०७९), राष्ट्रसन्त स्वामी परमानन्द, देवघाटः संस्कृत छात्र परिषद् ।

कँडेल, हिरालाल, (२०८२), डा. स्वामी प्रपन्नाचार्य, काठमाडौंः विश्व हिन्दु महासंघ ।

कँडेल, हिरालाल, (२०८२), अङ्गुरबाबा जोशी, काठमाडौंः निर्मला पोखरेल ।

*बत्तीसपुतली, काठमाडौं*

❖ ❖ ❖

# वक्रपुराणः पाठकीय अध्ययन

✍ सूर्य चापागाईं

## १. पुस्तक परिचय

देवीप्रसाद चापागाईंको 'वक्रपुराण' नेपाली साहित्यमा हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह हो, जसलाई फित्कौली अनलाइन मिडियाले २०८२ भदौमा कलङ्की, काठमाडौंबाट प्रकाशन गरेको हो । चापागाईंका यसअघि प्रकाशित कृतिहरू बुर्कुसी (२०६६), उपरखुट्टी (२०७४), कुम्भकर्णको डायरी (२०७८), बड्कौंला (२०७८) ले उनलाई समकालीन हास्यव्यङ्ग्यको क्षेत्रमा सशक्त पहिचान दिलाइसकेका छन् । २०८१ मा प्राप्त 'फित्कौली राष्ट्रिय हास्यव्यङ्ग्य निबन्ध पुरस्कार' ले उनको सिर्जनात्मक यात्रा थप दृढ बनाएको देखिन्छ ।

## २. लेखक र कृतिको पृष्ठभूमि

साहित्यकार देवीप्रसाद चापागाईंको जन्म सिन्धुपाल्चोक जिल्लाको थाङ्पालधाप भन्ने गाउँमा भएको हो । २०२९ साल कात्तिक १८ गते जन्मिएर दुरुह यात्रा पार गर्दै आजका मितिसम्म आइपुग्दा उनले नेपाली साहित्यका फाँटमा राम्रो परिचय बनाउन सफल भएको देखिन्छ । उनको साहित्यिक कृति 'वक्रपुराण' ले हालका व्यङ्ग्य प्रवृत्तिहरू, सामाजिक रूपान्तरण, राजनीतिक असन्तुलन र मानवीय स्वभावका अनेक तहलाई नयाँ दृष्टिमा अवलोकन गर्न मार्ग प्रदर्शन गरेको छ । वि.सं. २०६६ देखि अनवरत रूपमा कृतिहरू प्रकाशित गर्दै पाँचौं कृतिका रूपमा 'वक्रपुराण' सम्म आइपुग्दा उनको सिर्जनशीलताले उनलाई पाठकसामु घनिष्ट सम्बन्ध स्थापित गर्दै ल्याएको प्रस्ट हुन्छ । यस निरन्तरताले सम्मान मात्र होइन, उनलाई राम्रै प्रेरणा पनि दिएको छ भन्न सकिन्छ ।

## ३. प्रस्तुतिका विशेषता

पुस्तकको आरम्भमा प्रकाशक नरनाथ लुइँटेलको टिप्पणी 'चापागाईंको चकचकले चमत्कार सिर्जना गर्न सकोस्' ले पुस्तकको प्रारम्भिक वातावरण तयार पारेको छ । यस्ता प्रशंसात्मक पङ्क्तिबाट पुस्तकको संस्थागत र सांस्कृतिक छवि निर्माणमा सहयोग पुगेको कुरा प्रष्ट हुन्छ ।

## ४. मानव स्वभावका तहहरूको व्यङ्ग्यात्मक अवलोकन

कृतिको प्रारम्भमै लेखकले मान्छेका अन्तर्य र बाह्य व्यक्तित्वबीचको विरोधाभासलाई तीक्ष्ण रूपकद्वारा प्रस्तुत गरेका छन्, 'कोही प्याजजस्ता, कोही तरुलजस्ता ।'प्याज काट्दा आँखा पोल्ने, तरुल बाहिर कर्कश र भित्र मुलायम, यी उपमाहरू हास्यभन्दा धेरै मनोवैज्ञानिक तथ्यहरू हुन् । मानवीय व्यवहार र समाजमा व्याप्त द्वैध चरित्रलाई उजागर गर्नु निबन्धको सफलता हो ।

## ५. निबन्धहरूको पाठकीय विश्लेषण

'बिर्सने रोग' र कन्जुस्याइँ' दुवै निबन्धले लेखकको सूक्ष्म सामाजिक अवलोकन र व्यङ्ग्यात्मक दृष्टिलाई एकसाथ उजागर गर्छन् । ट्वाँ परेर मुख बाउने' टुक्काले गफ सुन्दा मुखमा झिँगा पसेर निस्केको पनि थाहा नपाउनेहरूको बानी सम्झाउँछ । बिर्सने प्रवृत्तिलाई निबन्धकार रोग मात्र होइन, कहिलेकाहीँ जिम्मेवारीबाट भाग्ने 'डिस्काउन्ट' जस्तो व्यवहारका रूपमा पनि चित्रित गर्छन् । त्यस्तै, 'टिसर्टहरू नि भ्याङ्लाङ्ग परेका हुन्थे' जस्ता केही पदका प्रयोगले व्याकरणको दृष्टिमा केही असङ्गत बनाएको भान हुन्छ भने 'सिरान तान्दा पुछार खाली' जस्ता परम्परागत विम्बले समाजमा व्याप्त अभावको मनोविज्ञान, अव्यवस्थाको व्यङ्ग्यात्मक प्रतिनिधित्व गर्छ । यी दुई निबन्धमा देखिन आएको भाषिक खेल, दृश्यात्मकता र व्यावहारिक सङ्केतले दैनिकीका कमजोरी र मानवीय स्वभावका विरोधाभासलाई एकै साथ प्रभावकारी रूपमा सतहमा ल्याइदिएको पाइन्छ । केही 'याइँ'हरू यस खण्डले हास्यव्यङ्ग्य शैलीमा प्रयोग हुने 'याइँ' प्रत्येयको प्रयोग र त्यसको प्रभावलाई व्यक्त गरेको छ । 'चतुऱ्याईं', अल्छ्याईं', अहमत्याईं', छुच्चाईं', घमण्ड्याईं' जस्ता शब्दहरू पठनमा अलि छुच्चो लाग्न सक्छन् ।

दर्शकदीर्घा खाली हुनेगरी मञ्चमा अतिथि बोलाउने कार्यक्रम सञ्चालकको प्रवृत्ति देख्दा भित्रभित्रै जङ् चल्छ अनि जुरुक्क उठेर हिँडौँजस्तो लाग्छ ।' पृष्ठ ३८ मा उल्लेख गरिएको यस प्रसङ्गले दर्शकलाई आन्तरिक रूपमा असन्तुष्ट बनाउने र कहिलेकाहीँ कार्यक्रम छोड्न प्रेरित गर्ने भावलाई मिश्रित शैलीमा प्रस्तुत गरेको छ । यहाँ हास्यको स्रोत केवल शब्दको खेल मात्र नभई व्यवहार र सामाजिक अवस्थाको असंवेदनशीलता हो ।

'नहिँड्ने' शीर्षकमा जति नै बसेर समाधान खोज्छु भन्नेहरू पनि शौचालयदेखि प्रतीक्षालयसम्म बागदरबारदेखि स्यालदरबारसम्म, सिंहदरबारदेखि बाखीदरबसरसम्म, ह्यातुङ्देखि नायगरासम्म जीवनको स्वाद पाउन हिँडेकै छन् । शरीरका सबै अङ्गले हिँडेरै कार्यसम्पादन गर्दै शरीरभरिको व्यवस्थापन गरेकै छन् । मन कति छिटो कुदेको होला ! एकछिनमा कहाँ कहाँ । माइत जाने बुहारी र ससुरालबाट फर्केको ज्वाइँको हिँडाइ पनि विश्लेषणयोग्य छ ।

'मूर्खको औषधि छैन' भन्ने उक्ति चरितार्थ गर्दै 'मूर्खोपिचार' शीर्षक गुणरत्नमालाको श्लोक उद्धृत गर्दै भन्छ- 'सबको औषधि दैवले रचिदियो बिर्सेछ कि मूर्खको' । कुनै ग्रथले छोडेन मूर्खलाई । मान्छेले आफूबाहेक कतिलाई मूर्ख बनायो ! ग्यालिलियो, आइन्स्टिन, डार्बिन, कालिदास कोही अछुतो रहेनन् । अरूलाई मूर्ख बनाउनेहरू पनि एक न एक दिन मूर्खको उपाधि लिन सफल भएकै छन् । हितोपदेशको 'पयःपानं' श्लोक किन अपूर्ण ? आफूबाहेक अरूलाई मूर्ख भन्नेले गीताको कर्मयोगलाई पनि मूर्ख्याइँ शास्त्र भन्लान् भन्ने पीर लेखकको छ ।

'कुरा खेलाउने बानी'ले एसपको कथामा एउटा किसानकी छोरीको कथा झल्झली सम्झाउँछ । त्यस केटीले पनि अचम्मै कुरा खेलाई र अन्त्यमा ढुङ्गामा अझाटिएर दूध सहितको भाँडै चकनाचूर पारी । भन्नाले कुरा खेलाउनु प्रत्युत्पादक पनि छ तर कुरा खेलाएरै नेपालीहरू अरू देशका भन्दा बाठा भए भन्दै लेखक पनि के कम, आधुनिकदेखि उत्तरआधुनिक युगसम्म पुग्छन् । लेखक सुकरातदेखि यक्ष युधिष्ठिर संवादसम्म पुग्छन् । जर्मनी, फ्रान्स, बेलायत, जापान सप्पै घुम्छन् र कुरा खेलाएरै आनन्दित हुन्छन् । पृथ्वीमाथिका सातलोक र तलका सातलोक सबै विचरण गर्छन् । पाथीराम, चम्चाराम बुइँगलकृष्णजस्ता पात्रका मनसम्म पुग्छन् र तिनको नामसँग कामको तादात्म्य भेट्टाउँछन् । यसरी कुरा खेलाउनु आफैंमा ऊधर्वगामी चेत भएको उनको ठहर छ ।

भैरव अर्यालको व्यङ्ग्य शैलीले भरिएको 'गफ प्रयत्न कि यथार्थ ?' शीर्षकको पाठमा समय, प्रयत्न, नेतृत्व र सामाजिक चेतनाका विविध तहलाई व्यङ्ग्यात्मक र दार्शनिक दृष्टिले उद्घाटित गरिएको छ । यस लेखमा 'आज-हिजो-अस्ति-भोलि'को साङ्गोपाङ्ग सम्बन्ध प्रस्तुतिसँगै समयको मिहिन चलायमानता देखाइन्छ । लेखकका दृष्टिमा आज जन्मिन हिजोले वेदना भोगेको छ, हिजो अस्तिका कर्तव्य पूरा गरेर जन्मिएको हो र आज फेरि भोलिलाई जन्माउन अहोरात्र प्रयत्नरत छ । यस्तो समयशृङ्खलाको व्याख्याले पाठ व्यङ्ग्यभन्दा बढी निबन्धीय र दार्शनिक गहिराइतर्फ मोडिएको देखिन्छ । तर 'कर्म गर फलको आशा नगर' भन्नुभन्दा निराशापूर्वक कर्म नगर, बरु फलमा तिम्रो अधिकार छैन भन्न पाए हुन्थ्यो ।

निबन्धकार स्पष्टै भन्छन्- प्रयत्नविहीन गफ सम्भव छैन। गफमै पनि सत्य हुन्छ, किनकि पृथ्वी र समय त निरन्तर घुमिरहेकै तथ्य हाम्रासामु छन् । महिना, ऋतु, वर्ष, युग हुँदै ब्रह्माको दिनसम्म फैलिँदै जाने समयचक्रलाई लेखकले प्रश्नका रूपमै रोकेका छन् । यस यात्राको अन्त्य वा अर्थ के हो रु रेशमकिराको कोकुन तोडेर निस्कनैपर्ने वैज्ञानिक दृष्टान्तले पाठको मूल शिक्षा झनै स्थापित गर्छ- 'परिश्रम नगरी कुनै रूपान्तरण सम्भव छैन ।' कोकुन नफोडे मर्छ, जीवन पाउँदैनस् त्यसैले आत्मविकासका सबै ढोका प्रयासले मात्र खुल्छन् । यही सन्दर्भमा लेखकले आधुनिक प्रविधिको यात्रा- टुकटुके मोबाइलदेखि 'प्रोम्याक्स' सम्म - मानव प्रयत्नको

प्रतीकका रूपमा उभ्याउँछन् । देवकोटाको 'के नेपाल सानो छ ?' जस्तो निबन्ध, न्युटनको ९९ प्रतिशत परिश्रमपछि बाँकी एक प्रतिशतका लागि गरेको अथक प्रयास - यी सबै उदाहरणले प्रयासविहीन महानता जन्मिँदैन भन्ने निष्कर्षलाई पुष्टि गर्छन् ।

नेताका कुरा के गर्नु ? नेतृत्वको पक्षका लागि लेखकको व्यङ्ग्य झनै धारिलो बन्छ - पिँडालु रोपेर आलु खोज्ने मूर्खता, लक्ष्यविहीन 'वाद'का कोलाहलले अरण्ययात्रा गर्न मन लागे पनि समस्यासँग जुध्ने दृढता छ लेखकमा । भैरव अर्यालका 'नेता १०१' का व्यङ्ग्यचित्र यहाँ समानान्तर रूपमा गुञ्जन्छन् । समाजको एक पुरानो रोग 'अरूका आङको भैंसी देख्ने' प्रवृत्ति पनि लेखकले तीक्ष्ण रूपमा देखाएका छन् । आइन्सटाइनको सापेक्षतावादलाई मार्क्सवादको धरातलमा उभ्याउन खोज्नु वा विचारधारालाई अन्धो रूपमा देख्नु जस्ता अभ्यासले समाजलाई आफ्नै पासोमा पारिरहेको टिप्पणी अत्यन्त मार्मिक छ । मतान्तर त सबैमा हुन्छ जुन महेन्द्र र बीपीमा पनि थियो तर मतान्तरलाई वैचारिक उचाइमा होइन, व्यक्तिगत आक्रोशमा परिणत गर्ने कमजोरी प्रस्टै देखाइएको छ । निबन्धकारको अनुमान छ - देशवासीहरूले आफ्ना गल्तीहरू शिलामा लेखेर मन्दिरमा चढाउने दिन आएपछि मात्र उनीहरूमा सायद सद्बुद्धि फर्किन्छ ।

'उखान कि पद्यलय ?' शीर्षकको निबन्धमा अर्थ न वर्थ गोविन्दे गाई, टाउको दुख्या औषधि नाइटामा लाई, ठाउँ न ठहर बुढीको रहर, सबको औषधि दैवले रचिदियो बिर्सेछ कि मूर्खको, न भूतो न भविष्यति, विनाशब्द कुकुर भुक्दैन मूलाको फेदमा हात्ती लुक्दैन, उहिलेका कुरा खुइले जस्ता दर्जनौं उखान पढ्दा मनै फुरुङ्ग बनाउँछ । जीवनमा आफूलाई सफल बनाउने ध्येय छ भने उखानलाई झर्को नमानी प्रयोग गर्नुपर्ने सल्लाह छ ।

'पशुपतिको निर्णय' बेजोडकै व्यङ्ग्य वर्षा गराउन सफल पाइन्छ । नन्दीले पशुपतिसँग वैमनस्य गर्दा स्वाभाविकै हो । आफूले सृष्टि गरेका प्राणीले मैमत्याइँ गर्दा पशुपतिलाई रिस उठ्नु स्वाभाविक नै हो । उनी मन्दिरबाट बाहिर के निस्कन्छन् अनि देखिन्छ चर्तिकला ! आर्यघाट गँजडी र पियक्कडहरूको अवसान केन्द्र बनेको र सुटमा सजिएर कपाल मुण्डन नगरी तर्पन गर्नेहरूले कर्मकाण्डको धज्जी उडाएको, मन्त्रोच्चारमा पुरोहितहरूको मनोमानी, पुस्तक विमोचनमा नचिनेका मान्छेलाई पुस्तक भिडाउने परम्परा, पसलेहरूको अवस्था र दुर्दशा, पार्टीप्यालेस र जग्गा दलाली गर्नेहरूको अकुत सम्पत्ति आदि सबैमा पशुपतिको एक पात्रका रूपमा दृष्टिगोचर भएको छ । नेतृत्व नभएको देशमा कसरी अराजकता छाउँदोरहेछ भन्ने गहिरो उदाहरण नन्दीको मनोमालिन्यबाट प्रस्ट हुन्छ भने अन्तमा पशुपतिको मन्दिरमा प्रवेशबाट अब शान्ति आउला भन्नेमा आशावादिता पाइन्छ ।

'इतिवृत्ति' मा इतिवृत्तिलाई इतिहासभन्दा जेठो सावित गरिएको छ । समलिङ्गी विवाह, अर्थोपार्जनमा अपनाइने सम्बन्ध विच्छेद, तडकभडक जीवनशैली

आदिलाई इतिहासमा समेट्न नसकेर यी सबै विषयलाई इतिवृत्तिको ठूलो धोक्रोमा हालिएको छ । इतिहासले समेट्न नसकेका घटना दुर्घटनालाई इतिवृत्तिको पोल्टामा हाल्दा न्याय होला भन्ने निबन्धकारको अनुमान छ । कोकशास्त्र र पश्चिमा मनोविज्ञान सबै इतिवृत्तिमै ठोकिन्छन् । इतिहास त केवल एक ठाडो वर्णनालक निबन्ध मात्रै हो ।अर्थात् लेखन विधा सबै इतिहास, बाँकी अपठित, निरक्षर, विकलाङ्ग आदि सीमान्तकृतको भोगाइ चाहिँ इतिवृत्तिमा समेट्नाले यो इतिहासको पनि दाजु पुष्टि भएको छ । जिउँदाको बेलिविस्तार इतिहास र पूर्वजन्म, पुनर्जन्म समेटिएको इतिवृत्ति भन्ने उनको ठहर छ । इतिहासले इतिवृत्तिसँग जोरी खोज्नु हात्तीको मुखमा जीरा जस्तै हो भन्दै उनी गिद्ध र मान्छेको दृष्टान्त ल्याएर मान्छेको अन्तर्य केलाउन एकदम खप्पिस पुष्टि हुन्छन् ।

दैले 'द' को डुक्र्याइँमा उमेरसँगै मानिसले क्लिष्ट भाषिक चयन गरेकोबाट सुरु भई 'द' अक्षरको आलङ्कारिक बान्की प्रस्तुत गरिएको छ । उपनिषद्मा पनि प्रजापतिले 'द' को अनेकार्थी प्रयोग गरेजस्तै शब्दहरू केवल वाक्य बन्दैनन् अक्षरहरूसमेत हास्यव्यङ्ग्यात्मक शैलीमा सिन्के नृत्य गर्छन् ।

'गफको बान्की' मा गफको न पूर्ण विरोध छ, न पूर्ण समर्थन नै । सत्यको नजिक पुऱ्याउने गफलाई गोदावरीको माला लगाई सिन्दुर घसिदिने उनको कुराले बुद्धले पनि सत्य बोल्न नसकेर मौन भएका थिए भन्ने कथाको स्मरण गराउँछ । गफलाई रोचक, आकर्षक र प्रभावकारी बनाउन शैली, प्रस्तुति र विषयवस्तुले भूमिका खेल्छ । अझ लाक्षणिक गफले त मानवसमाजमा उत्प्रेरणा नै ल्याउँछ । हिजो जिम्मल मरे, आज म मरेँ भन्दा गफ गर्ने मान्छे त जिउँदै छ भनेर गफ सुन्नेले प्रतिक्रिया गरेछ । कुरो हिजो बाँदरले जिम्मलको र आज उसको मकै खाएछ । दुध पातलो हुँदा गाई, भैंसीले बढी पानी खाएछ भन्ने वक्रोक्ति, ९९ मा एउटा मरे २० हुन्छ भन्ने पुरोहित्याइँको पाखण्डको राम्रै चिरफार छ । गफ केवल गफ हुन्न, समाजप्रतिको यथार्थ र कटु आलोचना समेत हुन्छ । गफ गर्न पनि शैली चाहिन्छ । गफका अनेक वर्गीकरण छन् । चियागफ, दौँतरीगफ, नेतागफ, नातागफ आदि । हिजो आज त गफ सुन्नेले चियाको पैसा तिनुपर्ने हुनाले गफ निकै महँगा सावित भएका छन् । 'उप' हरूको अवतारमा विकल, पिँडाली र अर्यालको उपाख्यान चेतन प्रवाह शैलीमा रचित छ । लेखकले प्रस्तुत विचारमा मानवले 'आज' को महत्त्व नबुझ्ने आदतलाई तीक्ष्ण व्यङ्ग्यसहित समालोचनात्मक ढङ्गमा उजागर गरेका छन् । दिनुपर्दा आजलाई हेप्ने तर लिनुपर्दा यही आज सधैँ आए हुन्थ्यो भन्ने मानवीय विडम्बना, चार्वाकीय भोगवादी सोचसँग जोड्दै समयप्रतिको हाम्रो गैरजिम्मेवारी र ढिलासुस्तीलाई प्रहार गरेका छन् । भैरव अर्यालको 'जय भोलि' सम्झाउँदै उनले वर्तमानलाई हेला गर्ने प्रवृत्तिले विगत र भविष्य दुवैप्रति भ्रम सिर्जना गरेको देखाउँछन् ।

यतिमात्र नभई, अङ्ग प्रत्यारोपणको बढ्दो मोह र त्यसमा लुकेको मानवीय घमण्डमाथि पनि कटाक्ष गर्न लेखक चुक्दैनन् । ईश्वरपछि आफूलाई उच्च ठान्ने तर झुक्किने स्वभाव नछोडेका मानिस र विज्ञानका नाममा पुराना भाँडा बेचेर नयाँ किनेझैं अङ्ग बदल्ने आवेगलाई उनले तीव्र आलोचनामा उतारेका छन् । अन्ततः अङ्ग मात्र होइन, अहिले बुद्धि नै प्रत्यारोपण गर्नुपर्ने अवस्था आएको बताउँदै मानव सभ्यताको नैतिक र बौद्धिक सङ्कटतिर औंल्याएको छ । अङ्ग फेदर्फिर्दै अब बुद्धि नै फेर्नुपर्ने खाँचो डाक्टरलाई नै चुनौती बनेको छ ।

'अपवाद' शीर्षक लेखमा लेखकले साधारणपन भत्किँदा जन्मिने असाधारण स्वरूप 'अपवाद' लाई प्रभावशाली समालोचनात्मक ढङ्गमा व्याख्या गर्छन् । वाद, परम्परा र बहुमतको कठोर घेराभित्र एक कोण च्यातिँदा उत्पन्न हुने भिन्न चेतना नै अपवाद हो भन्ने भाव लेखमा प्रखर रूपमा उभिएको छ । माघमा गुराँस फुल्नुदेखि बहुमत छोडेर अल्पमत रोज्नुजस्ता उदाहरणले अपवाद कुनै मानिसले बनाउने होइन, परिस्थितिले जन्माउने शक्तिको रूपमा देखाइन्छ । देवकोटा, रिमाल, गोर्की, टल्स्टोय र झमकजस्ता स्रष्टाको उपस्थितिले अपवादले महानतालाई समेत रूपान्तरण गरिदिन सक्ने सत्यलाई स्पष्ट पार्छ। नेपाली भाषाको सतीत्वमाथि देवकोटाको व्यङ्ग्य, रिमालको नामोच्चारणविनै कविता सुनाउने शैलीजस्ता क्रियाले अपवादलाई विद्रोह होइन, सिर्जनशील रूपान्तरणको मूल स्रोतका रूपमा चित्रित गर्छन् । अन्ततः लेखकले अपवादलाई दोष होइन, भाषा, साहित्य र समाजलाई नयाँ ऊर्जा दिने अपरिहार्य उत्प्रेरकका रूपमा स्वीकार्न आग्रह गर्छन् ।

खेतीको आद्योपान्त' मा अक्षरको खेती, राजनीतिक खेती, कर्मकाण्डीय खेती, अर्थोपार्जन खेती, इन्द्रियोपुरण खेती, मदमात्सर्योन्मुख खेती र नाटकोन्मुख खेती गरी सातखाले खेतीको बेलिविस्तार लगाइएको छ ।

'कालको विधान' लेखमा लेखकले मान्छेको अमरता-लालसामाथि तीक्ष्ण व्यङ्ग्य गर्दै कालको अनिवार्यता उजागर गर्छन् । काल र बिर्सिने रोगको कुनै औषधि छैन भन्ने कथनले मानवीय सीमितताको कटु सत्य देखाउँछ । ब्रह्माले खरानीबाट बनाएको मान्छे सास पाए पनि श्रापबाट नबच्ने मिथक प्रयोग गरी लेखकले मानव अस्तित्वको दुर्बलता र क्षणभङ्गुरता रेखाङ्कित गर्छन् । मान्छेले विज्ञान र अहङ्कारका बलमा काललाई थुन्न खोजेको व्यङ्ग्यात्मक चित्रणले आधुनिक सभ्यताको भ्रममाथि चोट पुऱ्याउँछ । अन्ततः लेखकको निष्कर्ष छ- काललाई छलेर बाँच्न खोजे पनि सबैले यमपुरीको संविधान मान्नै पर्ने शाश्वत सत्यबाट कुनै मान्छे बच्न सक्दैन ।

## ६. राजनीति, विकृति र दुष्प्रवृत्तिमाथिको प्रहार

वक्रपुराणको गहिरो शक्ति नै राजनीतिक व्यङ्ग्यमा निहित छ । विकृत राजनीति,

कुव्यवस्था, दुष्प्रवृत्ति, स्वेच्छाचार र अलोकतान्त्रिक आचरणमाथि लेखकले गरेका प्रहारहरू कोमल हास्यभित्र लुकेका कठोर आलोचना हुन् । यी व्यङ्ग्यहरू मनोरञ्जनका आवरण भए पनि मूलतः चेतनामूलक राजनीतिक हस्तक्षेप हुन्, जसले पाठकलाई वास्तविकता बुझ्न बाध्य बनाउँछ ।

## ७. शैली, अनुभव र दृष्टिको परिपक्वता

चापागाईंका व्यङ्ग्यहरू दैनिकीको वास्तविक धरातलबाट जन्मिएका छन्, तर तिनको अभिव्यक्ति गम्भीर अध्ययन, दीर्घ अनुभव र भाषिक चुस्तीमा आधारित छ । हाँसो यहाँ औषधि पनि हो र शल्य-उपकरण पनि । यही विशेषताले वक्रपुराणलाई केवल 'हँसाउने' पुस्तक होइन, सामाजिक सतहको चिरफार गर्ने आलोचनात्मक साहित्यको स्तरमा उभ्याइदिएको छ ।

## ८. निष्कर्ष

वक्रपुराण नेपाली हास्यव्यङ्ग्य साहित्यमा समकालीन समाजको विडम्बना, राजनीति, मानवीय प्रकृति र दैनिकीका सूक्ष्म तहहरूलाई प्रस्ट्याउने एक महत्त्वपूर्ण कृति हो । हाँसोका माध्यमबाट गम्भीर यथार्थ उजागर गर्ने चापागाईंको शैलीले पाठकलाई हसाउँदै सोच्न बाध्य बनाउँछ- एक सफल व्यङ्ग्यले जस्तै ।

*धनकुटा*

❖ ❖ ❖

# नेपाली महाकाव्यको इतिहास र विश्लेषणः एक विहङ्गम दृष्टि

डिल्लीराम मिश्र 'कलमजीवी'

विशेषतः नेपाली साहित्य इतिहासका अनेक विधा-उपविधा एवम् रूप-स्वरूपमध्ये महाकाव्य सिर्जना पनि एक उन्नत विधा हो । साहित्यशास्त्रअनुसार देवता वा धिरोदात्त गुण भएको क्षेत्रीय नायक भएको एक रस प्रधान भई अरू सबै रस समावेश भएको आठभन्दा बढी सर्ग भएको वृहत्काव्य हो- महाकाव्य । यसमा श्रृङ्गार, वीर, शान्तमध्ये एक प्रधान रस हुन्छ, तर अरू रसहरूले पनि बीचबीचमा प्रवेश गरेका हुन्छन् । अझ भनौं धर्म, अर्थ, काम मोक्ष यी सबै या यीमध्ये एक वर्ग हुन्छ । कुनै एक सर्ग भिन्नभिन्न छन्दको भए तापनि अरू प्रत्येक सर्ग एकै छन्दको हुनुपर्दछ । महाकाव्यको सैद्धान्तिक विमर्श पनि यही हो । नायक पात्रको विजय वा पराजयमा कुनै उन्नत जातिको उत्थान वा पतन समावेश भएको, अनेक उपकथा वा दिव्य एवम् अदिव्य पात्रहरू भएको विस्तृत र भव्य कथानक भएको छन्दोवद्ध काव्यको जनाधार भावमय कथासुत्रमा उनेर कविताको शैलीमा बाँधिएको ऐतिहासिक वा काल्पनिक काव्यात्मक वृहत् रचना नै एक उत्तम महाकाव्यको पहिचानको आधार हो । महाकाव्यको नेपाली परम्परासँगै नेपाली कविताका मुहान र महाकाव्यको परिवेश अध्ययन गर्दै जाँदा मौलिक काव्य परम्पराको युगसम्म पुगिन्छ । नेपाली कविताको प्रारम्भ पनि लोकसाहित्यकै भावभूमिबाट उठेको हो र महाकाव्यको पदचाप पनि त्यही जनाधार र जनजीवनकै विन्दुबाट खोजिएका छन् । नेपालको राष्ट्रिय एकताका स्तम्भ पृथ्वीनारायण शाहको वीरता पक्षमा सम्बोधन गरेर कवि डा. ओमवीरसिंह बस्न्यातद्वारा लेखिएको **पृथ्वी महाकाव्य** र शान्तिका अग्रदुत गौतम बुद्धको जीवनीमा आधारित भएर कवि चन्द्रप्रसाद न्यौपानेकृत **गौतम बुद्ध महाकाव्य** यसका जीवन्त उदाहरण हुन् ।

नेपाली कविता, काव्य र खण्डकाव्यको जगमा महाकाव्यको समग्र संरचना प्रतिविम्बित भएको छ । यसको मर्म र सैद्धान्तिक दृष्टिकोण पनि यही रूप-स्वरूपमा नेपाली महाकाव्य साहित्यमा झङ्कृत हुँदै आएको अवस्था हो । कवि एवम् अध्येता चन्द्रप्रसाद न्यौपानेद्वारा लिखित **नेपाली महाकाव्यको इतिहास र विश्लेषण** शीर्षकृत बृहत् ग्रन्थबाट नै यसको दिशाबोध प्रष्ट भएको छ । नेपाली कविता र काव्यका क्षेत्रमा चन्द्रप्रसाद न्यौपाने कविस्रष्टा र युगद्रप्टा व्यक्तित्व हो । नेपाली महाकाव्य शृङ्खलामा यसको इतिहासको स्वरूपलाई त्यसकै विश्लेषणद्वारा प्रष्ट पार्ने उत्कृष्ट कर्म

उनीबाटै सम्भव भएको छ । नेपाली महाकाव्यको समग्र जनाधार भूमिमा प्रवेश गरेर कविले यसको साङ्लोपाङ्गो लगाउने सघनकार्य गरेका छन् । उनीद्वारा व्याख्या र विश्लेषण गरिएको प्रस्तुत महाकाव्य नेपालीमा लेखिएका महाकाव्यहरूको क्रमबद्ध ऐतिहासिक अभिरेखाङ्कन र समग्र सूचनामुलक विश्लेषणसँग सम्बन्धित अनुसन्धानात्मक ग्रन्थ हो, जुन नेपाली महाकाव्यको इतिहासमा दुर्लभ प्राप्ति पनि हो । महाकाव्यको एक विषय मात्र बयान गर्ने काव्यलाई खण्डकाव्य भनिएजस्तै महाकाव्य यसको बहुसिर्जनारूपी अवधारणा हो । त्यसैले महाकाव्य र खण्डकाव्य दुवैमा लेखकको व्यक्तित्व साक्षात् प्रकाश हुन सक्दैन । महाकाव्य सर्गसर्गमा विभक्त हुन्छ भने जस्तै महाकाव्यको वियोगान्त नाटकसँग धेरै भन्दा धेरै समानता छ । यसमा कथावस्तुको रचना निश्चय नाटकको जस्तो हुनुपर्दछ । सजीव प्राणीको जस्तो एकताले गर्दा उचित आनन्द दिलाउने तुल्याउनको निम्ति आदि, मध्य, अन्त्य भएको आफैंमा परिपूर्ण एक घटनामा महाकाव्य निर्भर रहन्छ ।

**विषयप्रवेश**

नेपाली साहित्यअन्तर्गत नेपाली महाकाव्यको इतिहासलाई आमपाठक एवम् अध्येता सामु परिचित गराउने उद्देश्यले सिर्जना तथा अनुसन्धान क्षेत्रका एक अथक साधक चन्द्रप्रसाद न्यौपानेकृत नेपाली महाकाव्यको इतिहास र विश्लेषण पुस्तकको निर्माण भएको हो । नेपाली महाकाव्यको इतिहास तयार गर्ने अध्ययनका क्रममा कवि रमेश मल्लले संवत् १८२२ मा **मदन दीपिका महाकाव्य** लेखेका रहेछन्, जुन महाकाव्यको पाण्डुलिपिलाई यसका अध्येता मोहनप्रसाद खनालले सम्पादन गरेर संवत् २०७३ सालमा प्रकाशन गरेको देखिन्छ । कवि चन्द्रप्रसाद न्यौपानेको सघन अध्ययनमा त्यहाँदेखि २०७८ साल भदौसम्म भेटिएका २३२ कविका ४३२ वटा महाकाव्यको इतिवृत्तान्तलाई नेपाल प्रज्ञा प्रतिष्ठानले संवत् २०७९ सालमा प्रकाशन गरेको हो । नेपाली महाकाव्यको इतिहासको सन्दर्भ र प्रसङ्ग वैदिककाल हुँदै अर्थात् वेदका रचना सिर्जना तथा श्रुति परम्पराबाट लिखित परम्परा हुँदै आजको काव्यिक अभिलेखन रेखाङ्कनको सुरुआत भएको हो, तर यसका साथै वेदकालीन समयअघि के कति र के कस्ता काव्य सिर्जना भए तीन सबै अज्ञात नै छन् । वेदकालदेखि लौकिक कालसम्म या वर्तमान कालसम्मका काव्यिक कालक्रमको शृङ्खला हजारौं वर्ष पुरानो छ । प्राचीन संस्कृत वाङ्मय नै नेपाली महाकाव्यको जगत जननी हो । कवि चन्द्रप्रसाद न्यौपानेको महाकाव्यको विश्लेषणात्मक आधार लिने हो भने नेपाली भाषामा जे जति महाकाव्य सिर्जना भए, सैद्धान्तिक हिसाबले तिनको अधिकांश लेखन संस्कृत भाषाका आचार्यहरूकै प्रतिपादित सिद्धान्तबाट अनुप्राणित छ । यस क्रममा भारवि र कालिदास आदिको युगपश्चात्को समयलाई आधुनिककाल मानिएको छ, जुन संस्कृत भाषाको काव्यकालीन शृङ्खला पनि हो ।

प्रस्तुत नेपाली महाकाव्यको इतिहास र विश्लेषण ग्रन्थ प्रकाशनका क्रममा

विभागीय मन्तव्य राख्दै प्रा.डा. हेमनाथ पौडेल लेख्छन्, छन्दकविका रूपमा सुपरिचित चन्द्रप्रसाद न्यौपानेले लोकलयमा सिर्जना गरिएको पालुवा खण्डकाव्यबाट यात्रारम्भ गरी निरन्तर कविता-काव्य सिर्जना गर्दै चन्द्रयुग बृहत्तर महाकाव्यसम्मको सिर्जनयात्रा गरेका छन् । उनले पिङ्गल शास्त्रीय प्रायः सबै छन्दको प्रयोग नेपालीमा गरेका छन् भने कैयौं नयाँ छन्दको समेत निर्माण गरी कविता काव्यको सिर्जना गरेका छन् । उनमा नेपाली महाकाव्यहरूका सम्बन्धमा गहिरो अध्ययन र सूचना रहेको छ । यसैको परिणाम प्रस्तुत अनुसन्धानात्मक कृति हो ।

नेपाली महाकाव्यको इतिहासलेखन तथा अध्ययनका क्रममा २३२ जना कविका ४३२ वटा महाकाव्यको नाम, प्रकाशन वर्ष एवम् तिनका श्लोकसङ्ख्या र अक्षरसङ्ख्यालाई समेत समेट्ने काम यस महाकाव्यको इतिहास आलेखनमा भएको छ । उनले आफ्नो अध्ययनमा समेटेका यी महाकाव्यमा कुल ८ लाख ७ हजार २०९ श्लोक र ३ करोड ४७ लाख १ हजार ५४६ अक्षर रहेको तथ्य उल्लेख गरेका छन् । यो तथ्य साधना साहित्यिक माहोलमा यस्तो गणितीय हिसाबकिताब निकाल्नु आफैंमा चुनौतीपूर्ण सवाल त हुँदै हो, यी ४३२ वटा साना-ठूला महाकाव्यहमध्ये चन्द्रप्रसाद न्यौपानेको चन्द्रयुग महाकाव्यले श्लोक सङ्ख्या र अक्षर सङ्ख्यामा क्रमशः ५.७२ र ६.२५ प्रतिशत अंश ओगटेको छ, जुन असीमित आधार हो । उनको चन्द्रयुग महाकाव्यमा ४६ हजार २१८ श्लोकसङ्ख्या र २१ लाख ६८ हजार २९७ अक्षरसङ्ख्या रहेको छ । चन्द्रयुग बृहत्तर महाकाव्यको प्रथम प्रकाशन संवत् २०७१ सालमा भएको हो ।

नेपाली महाकाव्य साहित्यमा **सोल्मू महाकाव्य** लेखेर संवत् २०५३ सालमा प्रकाशन गरेका कवि चन्द्रप्रसादले तत्पश्चात् **प्रत्याघात, सिमाना, गौतम बुद्ध, मान्छेको यात्रा, सिपाही, म, अरनिको** लगायत चन्द्रयुग जस्तो बृहत्तर महाकाव्य उनले लेखिसकेका छन् । नेपाली महाकाव्यको इतिहास लेखन र सम्पादनका क्रममा उनले असीमित अध्ययन, श्रमसीप र अनुसन्धानमा चमत्कारी लगानी प्रस्तुत गरेका छन् । उनले चन्द्रयुग जस्तो महाकाव्यलाई साङ्गोपाङ्गो दिनका लागि यस महाकाव्यको अध्ययनमा श्रमसाध्य लगानी गरेका छन् । यसै सिलसिलामा कुन महाकाव्य कति ठूलो सानो र कसकसका बारेमा लेखिएको छ ? आदि इत्यादिसँगै युगको प्रतिनिधित्व गर्ने खालका महाकाव्यहरू लेखिएका छन् कि छैनन्, महाकवि कस्तो र कसलाई भन्ने ? आदि प्रसङ्गका सवाल पनि प्रस्तुत महाकाव्यको इतिहास निर्माणमा उब्जिएका वा उठान भएका विषयवस्तु हुन् । संस्कृत वाङ्मय वा अन्य भाषाको तुलनामा नेपाली महाकाव्य किन स्तरीय बन्न सकेका छैनन् भन्ने जस्ता अनेकन तर्कनाहरू नेपाली महाकाव्यका अध्येताहरूबाट सुनिने गरेका जिज्ञासाहरू पनि हुन् । वास्तवमै कस्ता छन् त नेपाली महाकाव्य र यसको इतिहासप्रति अध्येता चन्द्रप्रसादको लगाव, मोह र जिज्ञासा झनै बढेर गयो । उनी महाकाव्य लेखन क्षेत्रमा कविस्रष्टा भएकै कारण अन्य स्रष्टाद्वारा लेखिएका महाकाव्यहरू उनले खोजीखोजी अध्ययन गर्न थाले,

जसको फलस्वरूप नेपाली महाकाव्यको इतिहास र विश्लेषणले एउटा मूर्त, तर कालजयी स्वरूप प्राप्त गऱ्यो । उनको भीमकाय अध्ययन, जुन आज आम नेपाली पाठक र अध्येताहमाझ दर्बिलो रूपमा प्रस्तुत भएको छ । समयको कालक्रममा विभिन्न कोणबाट नेपाली महाकाव्य सम्बन्धमा गरेका पीएचडीसम्मका शोधपत्रहरूको अध्ययन उनले अध्ययन प्रयोगशालामा गरेका थिए । उनले झण्डै २०० शीर्षकका संस्कृतकाव्य-महाकाव्यको रचनाविधिको अध्ययनपश्चात् उनी नेपाली महाकाव्यको अध्ययनतर्फ अभिप्रेरित भएका हुन् ।

नेपाली महाकाव्यको इतिहासको अभिलेखीकरणका क्रममा २३२ जना कविका ४३२  वटा महाकाव्यहरूको लेखन तथा कालक्रमिक अध्ययनपश्चात् आधाभन्दा बढी महाकाव्यहरू पूर्वीय काव्यपरम्पराको सैद्धान्तिक आधारमा लेखिएका छन् भने २५ प्रतिशत महाकाव्य धार्मिक एवम् प्राचीन पौराणिक विषयवस्तुलाई लिएर  लेखिएका भेटिन्छन् । यस्तै  ७५-८० वटा  महाकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित छन् । महाकाव्यको अध्ययन विश्लेषणको क्रममा नौ वटा महाकाव्य बुद्धसम्बन्धी विषयमा लेखिएका छन् । यस्तै अरू महाकाव्यहरू राष्ट्र, राष्ट्रियता वर्गद्वन्द्व, भूगोल, खगोल स्वैरकल्पना, स्रष्टाजीवनी, परराष्ट्र, वंशावली र आत्मगाथालगायत विविध सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएका छन् । प्रस्तुत ग्रन्थमा समेटिएका जति पनि महाकाव्य छन्, ती सबै महाकाव्यको विधागत सिद्धान्तका आधारमा लेखिएका छन् । विशेषतः नेपाली महाकाव्यहरू परम्परित शास्त्रीय वार्णिक छन्द, परम्परित शास्त्रीय मात्रिक छन्द, नेपाली वार्णिक छन्द र स्वमुक्तलय छन्दबाट प्रेरित छन् ।

प्रस्तुत महाकाव्यको विहङ्गम अध्ययन गर्ने क्रममा यसका अध्येता चन्द्रप्रसादद्वारा हरेक महाकवि एवम् महाकाव्यकारका सङ्क्षिप्त परिचय, महाकाव्यको विषयवस्तु, छन्दगत श्लोक सङ्ख्या आदि विषयमा विवेचनात्मक चर्चा परिचर्चा गरिएको छ । कवि रमेश मल्लद्वारा वि.सं. १८२२ मा लेखिएको **मदन दीपिका** महाकाव्य अध्ययनका क्रममा पहिलो भएको छ । नेपाली महाकाव्य सम्बन्धका दुर्लभ अध्येता चन्द्रप्रसाद न्यौपानेका अनुसार अहिलेसम्म पहिलो मानिएको उदयानन्द अर्ज्यालको **पृथ्वीन्द्रोदय** महाकाव्य अध्ययनका क्रममा दोस्रो शृङ्खलामा परेको छ । पृथ्वीन्द्रोदय महाकाव्य राजनीतिक र सामाजिक विषयवस्तुमा आधारित महाकाव्य हो । पृथ्वीन्द्रोदय महाकाव्यको प्रकाशन वि.सं. १८४५ सालमा भएको हो । यो नेपाली महाकाव्यको इतिहास र विश्लेषण नेपाल प्रज्ञा प्रतिष्ठानको साहित्य (पद्य-काव्य) विभागको परियोजनामा आधारित छ । मूलतः ९३६ पृष्ठाकारमा फैलिएको यस महाकाव्यलाई चार खण्डमा विभक्त गरिएको छ । यस महाकाव्यको प्रथम खण्डमा महाकाव्य सिद्धान्तअन्तर्गत चार वटा सैद्धान्तिक दृष्टिकोणसँगै उपशीर्षक रहेका छन् । यस्तै दोस्रो खण्डमा नेपाली महाकाव्यको इतिहास रहेको छ । यसअन्तर्गत ३२ वटा उपशीर्षकद्वारा महाकाव्यको विहङ्गम दृष्टिकोण निकै खदिलो

स्तरमा बेली विस्तार गरिएको छ । महाकाव्यको पृष्ठभूमि र प्राचीनकाल हुँदै अन्तिम उपशीर्षकमा नेपाली महाकाव्य र महाकाव्यकार लेखन तथा प्रकाशनको कालक्रमिक अध्ययन गरिएको छ ।

नेपाली महाकाव्य र महाकाव्यकारको परिवेशलाई लिएर तेस्रो खण्डमा कविका नामावली, महाकाव्यका शीर्षक र तिनका पृष्ठहरूको सन्दर्भ उठान गरिएको छ । यसबाट कुन महाकाव्य कति पृष्ठाकारको छ भन्ने तथ्यको जानकारी प्राप्त हुन्छ । सबैभन्दा सानो पृष्ठको महाकाव्य रमेश मल्लको मदन दीपीका हो, जुन ९९ पृष्ठ एवम् सबैभन्दा ठूलो मुक्ति शर्माको पाण्डवायण ८६८ पृष्ठको छ । पृष्ठ सङ्ख्यालाई सानोबाट क्रमशः राखिएको छ । पुस्तकलेखन र प्रकाशनको कालक्रमअनुसार महत्त्व दिएर यसलाई मिलाइएको छ । अर्कोतर्फ उपसंहार र सन्दर्भसामग्री अन्तर्गत ८९९ देखि ९३६ पृष्ठको घनत्व रहेको छ । यस महाकाव्यको उल्लेखनीय पक्ष र महत्त्व के छ भने हरेक काव्यमा रहेका मूल श्लोकका अक्षर सङ्ख्या र श्लोक सङ्ख्यालाई एकरूपतामा ल्याएर सबैभन्दा बढीदेखि कम श्लोक भएका महाकाव्यका सूची अत्यन्त सुझबुझ र कुशल अध्ययनका साथ प्रस्तुत गरिएको छ । यो सानो अध्ययन, मेहनत र श्रमसाध्य कलाकौशल विना कदापि सम्भव देखिदैन । यसरी बढीदेखि कम श्लोक सङ्ख्याको आधारमा महाकाव्यसूचीको टिपोट क्रमशः कवि र महाकाव्यको नाम, प्रकाशनमिति, श्लोकसङ्ख्या र अक्षरसङ्ख्यालाई राखिएको छ जसको प्रतिनिधित्वमा ४३२ वटा महाकाव्यहरू रहेका छन् । यसमा सूचीकृत भएका महाकाव्यहरूमध्ये चन्द्रप्रसाद न्यौपानेको चन्द्रयुग वृहत्तर महाकाव्य र सानोमा देवेन्द्र लम्सालको पेनाल रहेका छन् । नेपाली महाकाव्य लेखनपरम्परा र प्रकाशनका कालक्रमिकताको दृष्टिकोणतर्फ अवलोकन गर्दा महाकाव्यको लेखन सुरुवाट राजनीतिक एवम् सामाजिक मौलिक विषयवस्तुलाई आधार मानेर लेखिएको देखिन्छ ।

नेपाली साहित्य निहारिकामा आफ्नो सहज सहभागिता जनाउने उद्देश्यअनुरूप कवि चन्द्रप्रसाद न्यौपानेले संवत् २०४९ सालमा पहिलो प्रकाशन कृतिको रूपमा नयाँ घर शीर्षकको कथा सङ्ग्रह सार्वजनिक गरेका हुन् । त्यहाँदेखि आजको समयसम्म आइपुग्दा उनले झण्डै दर्जनभन्दा बढी कृतिहरू नेपाली साहित्य वाङ्मय भण्डारलाई समर्पित गरिसकेका छन् । नेपाली वाङ्मय साहित्यमा कथा, उपन्यास, स्थान परिचय, कविता, काव्य, खण्डकाव्य, समालोचना, निबन्ध, शोधग्रन्थ, बृहत्तरकाव्य, महाकाव्य, यात्रा संस्मरण र इतिहास विधामा निरन्तर तर अविछिन्न रूपमा उनले कलम चलाउँदै आएका छन् । उनको अध्ययन, अनुसन्धान र समालोचकीय क्षेत्रले महाकाव्यले जस्तै उर्बरता प्रदान गरेको छ । राजधानी बाहिर चौतारामा बसेर एउटा शिक्षक पेसाको माध्यमबाट साहित्य सिर्जनामा यति समर्पित भएर लागि पर्ने थोरै सर्जकहरूको मापनमा उनी पर्छन् । नेपाली साहित्यको विविध विधा-उपविधा र क्षेत्रमा योगदान पुऱ्याएबापत् विभिन्न साहित्यिक र सामाजिक

संस्थाहरूले उनको कर्मपूजन कार्यलाई सम्मान गरेका छन् ।

दुःखी प्रकाशन, चौतारा, सिन्धुपाल्चोकले संवत् २०५१ सालमा आयोजना गरेको जिल्लास्तरीय कविता प्रतियोगितामा उनले प्रथम पुरस्कार प्राप्त गरेका थिए । यही आधार विन्दुबाट आरम्भ भएको हो, उनको मान सम्मान र पुरस्कारको यात्राले आज ३२ वर्ष पूरा गरेको छ । त्यहाँदेखि २०८२ सालसम्म आइपुग्दा यस क्षेत्रमा उनलाई ४८ वटा सम्मान पुरस्कार प्राप्त भएको छ ।

यसअन्तर्गत उनले राष्ट्रिय शिक्षा पुरस्कार २०६० हुँदै नन्दलाल पद्मकुमारी नेपाल साहित्य कलासम्मान तथा पुरस्कार, क्षेत्रीय प्रतिभा पुरस्कार, यती साहित्य पुरस्कार, बाबा ओमविरसिंह वस्न्यात पुरस्कारलगायत भद्राकुमारी घले सेवासदनबाट प्रदान गरिएको कृष्णबहादुर घले साहित्यिक पुरस्कार जस्ता १६ वटा राशिसहितका पुरस्कार उनले प्राप्त गरेका छन् । यीलगायत उनलाई ३२ वटा सामाजिक तथा साहित्यिक संस्थाले २०५५ देखि २०८२ सालसम्म सम्मान र अभिनन्दन गरेका छन् ।

नेपाली वाङ्मय र साहित्यमा उपाधि दिने परम्परा पनि निरन्तर चल्दै आएको स्रष्टा-सम्मानको एउटा प्रक्रिया हो । युवाकवि मोतीराम भट्टले आफ्ना अग्रजकवि भानुभक्त आचार्यलाई आदिकविको उपाधि दिए जस्तै स्थानीय तहको एक आधिकारिक संस्था जिल्ला विकास समिति सिन्धुपाल्चोकद्वारा संवत् २०६० सालमा चन्द्रप्रसाद न्यौपानेलाई सर्वप्रथम नेपाली साहित्यमा अरनिको राजमार्ग भन्ने गरिमामय उपाधि दिएर कविको सम्मान गरिएको छ । यस्तै अरू आठ वटा संस्थाले विभिन्न मितिमा उनलाई सम्मानको उपाधि दिएका छन् । गतिशील युवा समूह, सिन्धुपाल्चोकले २०६२ मा नेपाली साहित्यमा आश्चर्यको उपाधि दिएको छ भने २०६४ मा सुनकोशी सङ्गीत कला प्रतिष्ठानले महाकवि र २०६६ मा जुनियर रेडक्रस सर्कल, चौताराले युगीन साधकको उपाधि दिएको छ । यस्तै २०६६ सालमै आत्मनिर्भर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सिन्धुपाल्चोकले द्रुतकविको उपाधिबाट सम्बोधन गरेको छ । बृहत्तर सिन्धु साहित्यिक सम्मेलन, चौताराले २०७५ मा सतीसाल एवम् २०७९ मा चेरब स्मृति प्रतिष्ठान, भक्तपुरले महाकविको उपाधि प्रदान गरेको छ । लोकसम्मृद्धि दिशाबोध नेपालद्वारा २०८१ मा उनलाई द्रुतछन्दकविको उपाधिले विभूषित गरिएको छ । आजको यस्तो पूर्वाग्रही समाजमा कसैले कसैलाई कुनै उपाधि दिँदैनन्, तर चन्द्रप्रसाद न्यौपानेका यी उपाधि नेपाली साहित्य भण्डारमा उनले गरेको निस्वार्थ सेवाभाव र कर्मजन्य साधनाको सार्थक उपज हुन् ।

## अध्ययन विधि

नेपाली महाकाव्य लेखनको प्रारम्भिक समय वि.सं. १८२२ सालदेखि २०७८ भदौसम्मको अवधि २५६ वर्षको हुँदोरहेछ । यसलाई कविले निम्नचरणबाट

समयको वर्गीकरण गरेका छन्, जसानुसार वि.सं. १८२२ देखि १९९९ सालसम्म १७७ वर्षको अवधिका ११ वर्षहरूमा नौ जना कविका ९ वटै महाकाव्य लेखिए भने ४ कविका ४ वटै महाकाव्य प्रकाशित भए । त्यस्तै उनले वि.सं. २००० देखि २०४९ सालसम्मलाई विकासकाल मानेका छन्, जहाँ ५० वर्षको समयावधिका ४३ वर्षमा ५३ जना कविका ८२ वटा महाकाव्य लेखिए र सोही अवधिमा ४१ कविका ६८ वटा महाकाव्य प्रकाशित भए । कवि चन्द्रप्रसाद न्यौपानेले २०५० देखि २०७८ भदौसम्मलाई विस्तारकाल मानेका छन्, जहाँका २९ वर्षमा १७१ जना कविका ३३२ वटा महाकाव्य लेखिए जसमा १८७ जना कविका ३५१ वटा महाकाव्य प्रकाशित भए । खोज अध्ययन अनुसन्धानका क्रममा कतिपय महाकाव्यहरू छुट्न गएको प्रसङ्गमा केही महाकाव्य थपघट हुन सक्ने तथ्यप्रति पनि लेखक सजक देखिएका छन् । यस प्रकारको अध्ययन विधिबाट महाकाव्य लेखनको कालक्रम बढी बैज्ञानिकपरक छ भन्ने बुझिन्छ ।

नेपाली महाकाव्यको इतिहास लेखनमा महत्त्वपूर्ण योगदान दिएका कवि चन्द्रप्रसाद न्यौपानेद्वारा प्रस्तुत महाकाव्यको अध्ययन विधिका सन्दर्भमा व्यक्तिकेन्द्रित, व्यावहारिक, प्रभाववादी, व्याख्यात्मक र विवरणात्मक पद्धति यसको अध्ययन विधिमा प्रवेश गराएका छन् । त्यसैले नेपाली महाकाव्यको इतिहासलाई व्यावहारिक समालोचनाको रूपमा चिनाएका छन् । उनले नेपाली महाकाव्यसम्बन्धी जुन किसिमको अनुसन्धान गरेका छन्, त्यसबाट नेपाली साहित्यको एउटा पाटो बलियो भएको छ । अनुसन्धानको वस्तुगत भाषाशैली र विधि वा पद्धतिको सैद्धान्तिक पक्षलाई समेत आत्मसात गरेका छन् भने अर्कोतर्फ सैद्धान्तिक अवलम्वनविना नै पनि अनुसन्धान, कृतिको विश्लेषण र प्रतिभा-साधकहरूका प्रवृत्तिको मूल चुरो समातेर अध्ययन विधिको खाका प्रस्तुत गर्न सकिन्छ भन्ने केही उदाहरण उनले प्रस्तुत गरेका छन् । नेपाली महाकाव्यको अथ-इति समेटिएको यस ग्रन्थले नेपाली महाकाव्य साहित्यका क्षेत्रमा खोज अनुसन्धान परम्परालाई निरन्तरता दिएको छ, र महाकाव्यसम्बन्धी अनुसन्धान र अभिलेखीकरणको बलियो आधार तयार भएको छ । नेपाली महाकाव्यसम्बन्धी अध्ययन, अनुसन्धान परम्पराको थालनीको स्पष्ट रेखाङ्कन भएको यससम्बन्धी व्यवस्थित मानकग्रन्थको आधारभूमि हो, प्रस्तुत महाकाव्यको इतिहास ।

अन्ततोगत्वा, नेपाली महाकाव्यको इतिहास र विश्लेषण ग्रन्थमा सामग्रीको अध्ययन, अनुसन्धान र सङ्कलनका लागि तत्सम्बन्धी विज्ञहरूको परामर्श तथा पुस्तकालयीय अध्ययन विधि पद्धतिलाई अवलम्बन गरेको देखिन्छ । नेपाली महाकाव्यसम्बन्धी भीमकाय ग्रन्थ तयार गर्दा प्राइमरी र सेकेण्डरी दुवै सामग्रीको प्रचुर उपयोग कविले गरेका छन् । यस्तो कष्टसाधना र कर्म साधनाभित्र यस ग्रन्थको शीर्षकसँग सम्बन्धित संस्कृत भाषाका मूल ग्रन्थहका भाष्य र व्याख्याहरूको पनि मिहीन अध्ययन गरेर समग्र सामग्रीको सङ्कलन गरिएको छ । प्रस्तुत

महाकाव्यसम्बन्धी संस्कृत आचार्य पाश्चात्य आचार्य, हिन्दी आचार्य र नेपाली आचार्यहरूका सैद्धान्तिक दृष्टिकोणको अनुसरण विधि पनि यस महाकाव्यमा गरिएको छ । पाश्चदर्शनको वर्तमान समयसापेक्ष विश्लेषण गरी लेखिएका नेपाली, हिन्दी र संस्कृत आदि भाषाका ग्रन्थहरूको पनि अध्ययन गरी सामग्रीहरू सङ्कलन गरिएको छ । अन्य विधि र पद्धतिका लागि सातवटा महाकाव्यका साथै अनुरोधपश्चात् अध्ययनका लागि सामग्रीस्वरूप प्रज्ञा पुस्तकालय, केशर पुस्तकालय र मदन पुस्तकालयका अध्ययन सामग्री पनि यसमा सङ्कलन गरिएको छ । सामाजिक सञ्जाल, विभिन्न वेबसाइटको अध्ययन पनि यसमा गरिएको छ । उनको यो अनुसन्धान र अध्ययन विधि गुणात्मक प्रकृतिको छ । सङ्कलित सामग्रीहरूको सत्यापन गरेर निचोड निकाल्न परिचयात्मक, विवेचनात्मक वा विश्लेषणात्क पद्धतिको अवलम्बन गरेर तथ्यपरक र प्रामाणिक अनुसन्धान गर्ने प्रयत्न गरिएको छ ।

**उपसंहार**

प्रस्तुत, नेपाली महाकाव्यको इतिहास र विश्लेषणको प्रसङ्ग चलिरँहदा महाकाव्यको लेखन तथा प्रकाशनको कालक्रमिक अध्ययनको विहङ्गम दृष्टिमा नेपाली महाकाव्य र महाकाव्यकारहरूको भव्य उपस्थिति एकैसाथ भएको छ । नेपाली महाकाव्यको क्षेत्रमा बृहत्तर र समर्पित अध्ययन एवम् लेखन इतिहासमा अहिलेसम्म भएको थिएन, जुन उत्तम कार्यको श्रेय कवि चन्द्रप्रसाद न्यौपानेले प्राप्त गरेका छन् । कवि न्यौपानेले एकलव्य रूपमा सिङ्गो संस्था बनेर जुन कार्य सम्पन्न गरे त्यसको लागि सम्बन्धित संस्थाहरूबाट सम्मानको कदर हुन सकेको देखिँदैन । नेपाली महाकाव्य अध्ययनको आधारविन्दु वि.सं. १८२२ देखि लेखन प्रारम्भ भएको तथ्यले पुष्टि गर्दछ । यस अवधिमा ४३२ वटा महाकाव्यको लेखनले २५६ वर्ष लामो इतिहास निर्माण गरेको छ । छोटै र सङ्क्षिप्त रूपमै भए पनि महाकाव्य र तिनका सिर्जनाका बारेमा हरेकको दुर्लभ तस्विरसहित परिचय दिन खोज्नु कठिन तपस्या त हुँदै हो । त्यसमा अध्ययनका सिलसिलामा सबै महाकाव्यको चरित्र, प्रवृत्ति र महाकाव्य लेख्नुको औचित्य सन्दर्भलाई धैर्यतापूर्वक प्रस्तुत गर्ने क्षमता राख्न सक्नु एउटा कविको समपर्णभाव हिमशृङ्खला जस्तै हो । महाकाव्यको वर्गीकरण गर्दा उनले श्लोक सङ्ख्याको आधारमा ठूला र साना महाकाव्य, सहलेखनका महाकाव्य, विषय र पात्र छनोटको आधारमा महाकाव्य, पौराणिक-धार्मिक विविध विषयका महाकाव्य, वुद्ध विषयक महाकाव्य, इतिहास-राजनीतिक विषयक महाकाव्य, जीवित नायक विषयक महाकाव्य, सामाजिक समसामयिक विषयक महाकाव्य, फरकफरक नायक दोहोरिएका महाकाव्य तथा सरकारी प्रकाशन संस्थाबाट सार्वजनिक भएका नेपाली महाकाव्यहरूको सधन नालीबेलीलाई चिनाउने एक उत्साहप्रद एवम् अनुकरणीय कार्य यस महाकाव्यमा भएको छ । यसरी नेपाली महाकाव्यमाथि केस्राकेस्रा केलाउने उत्तम काम कवि चन्द्रप्रसादबाट सम्भव भएको छ । एउटा व्यक्तिको इच्छाशक्तिमा कति काम हुन सक्छ भन्ने जीवन्त उदाहरण नेपाली महाकाव्यको इतिहास र विश्लेषण ग्रन्थ नै

सर्वपक्षीय प्रमाण हो ।

फुलिपिङ कल्लेरी, सिन्धुपाल्चोकमा संवत् २०२४ कात्तिक २८ गते जन्मेका चन्द्रप्रसाद न्यौपानेका नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा नेपाली महाकाव्यको इतिहास र विश्लेषण एवम् छन्दकवि कोश जस्ता उच्चकोटीका ग्रन्थ प्रकाशित छन् भने अहिले उनको छन्दकोश प्रकाशनको चरणमा छ । कुनै पनि क्षेत्रलाई चिनाउन ठाउँ विशेष र व्यक्तित्वको विशेष भूमिका रहन्छ । उदाहरणको रूपमा तनहुँको चुँदीरम्घा आफैंमा सुन्दर भूगोल हो । त्यसलाई सबै नेपालीहरूका सार्वजनिक जीवनमा परिचित गराउने काम कवि भानुभक्त आचार्यको व्यक्तित्वले गरेको हो भनेजस्तै कवि केदारमान व्यथित व्यक्तित्वलगायत अग्रजहरूले बढी परिचित गराएको सिन्धुपाल्चोक जिल्लालाई पछिल्लो चरणमा कवि चन्द्रप्रसाद न्यौपानेले परिचय थपेका छन् । उनले संवत २०८१ सालमा जिल्लाको समग्र ऐतिहासिक सन्दर्भलाई लिएर इतिहासमा सिन्धुपाल्चोक नामक ग्रन्थ प्रकाशन गरेका छन् । यस स्तुत्य लेखनकार्यबाट उनले आफू जन्मेको ठाउँ र आफ्नो भूगोलको सम्मान गरेका छन् । आफू जन्मेको गाउँठाउँ, समाज र भूगोलप्रतिको मायाममता कहिल्यै पनि रुखो र विरानो हुँदैन भन्ने शास्वत तथ्यलाई उनले एक हदसम्म प्रमाणित गरिदिएका छन् ।

❖ ❖ ❖

# अनुहारहरू जो झझल्कोमा आइरहन्छन्

✍ बिमल भौकाजी

**बालकृष्ण सम**

तीसको दशकको मध्यसमयतिर हुँदो हो मैले बालकृष्ण समलाई देखेको । बडो सुकिलो गेटअप ! त्यो गेटअप यति आकर्षक हुन्थ्यो कि आज पनि सम्झँदा म रोमाञ्चित हुन पुग्छु । धेरै पटक उनलाई मैले देखिनँ होला तर जब-जब देख्थैं, उनी सदैव दौरासुरुवाल लगाएर हिँडेको देख्थैं । उनले लगाएको दौराको फेर निकै लामो, झण्डै घुँडाभन्दा पनि मुनिसम्मको हुन्थ्यो । अझ आकर्षक, त्यो दौराको सुर्कना पारिएको नाम्लापाते लामो तुनो गज्जबको लाग्थ्यो मलाई । प्रायः रिक्सामा सवार हुन्थे उनी । फेरि गज्जबको थियो उनको सवारीको स्टाइल पनि । रिक्सामा उनी एक्लै चढेका हुन्थे । जब रिक्सामा देखिन्थे रिक्साको ढकनी ह्वाङ्गै खोलेका हुन्थे । यति याद छ मलाई, रिक्सामा प्रत्येक पटक मैंने उनलाई भोटाहिटीको साझा भण्डार अगाडि देख्थैं ।

बालकृष्ण समको नामबाटै किन हो कुन्नि कहिलेदेखि म प्रभावित थिएँ, स्वयम्लाई थाहा छैन; अनभिज्ञतामा नै पनि मैले उनको 'मुकुन्द-इन्दिरा'का दुई पङ्क्तिलाई एउटा ठूलो कागजको पन्नामा कुनै महावाणीझैं लेखेर कोठाको भित्तामा टाँसेको थिएँ-

*हारेको छैन हामीले खै छातीमा कतै पनि*
*यहाँ गोली म पाउन्न खै म खै कहिले मरैं ।*

त्यसो त, उनलाई मैले देखेको बेला शायद उनको या उनीद्वारा सिर्जित साहित्यलाई मैले बुझ्न सक्ने मेरो उमेर नभएकै कारणले त्यो समयमा उनलाई साहित्यिक मञ्चहरूमा उक्लेको कहिल्यै देख्न पाइनँ । अन्य साहित्यकारबाट आज पनि सुन्ने गरेको छु, उनी अत्यन्तै प्रभावकारी ढङ्गले आफ्ना रचनाहरू पाठ गर्थे रे ! आहा, त्यो दृश्य हेर्न पाएको भए ! उनको वाचित आवाज सुन्न पाएको भए ! कल्पना गर्दैमा पनि रोमाञ्चित हुन्छु म ।

समजीको सन्दर्भ आउँदा पटक-पटक कवि पूर्ण वैद्यले भनिरहने गर्थे, "समजी अनौठो व्यक्तित्वका थिए । आफू ठूलो हुँ, महान् हुँ भन्ने अभिमान किञ्चित्

देखिन्नथ्यो उनको अनुहार वा बोलीवचनमा । अत्यन्तै विनम्र, अत्यन्तै सहज, दुवै हात जोडेरै बोल्थे ।" भद्र शारीरिक व्यक्तित्वका उनी, उनमा कवित्व त छँदै थियो, त्यसका अलावा नाटककार भएर निर्देशन गर्थे, नाटकमा खुद अभिनयसमेत गर्थे । कतिपयलाई थाहै छैन, उनी रङ्गसँग पनि बढी खेल्थे । चित्र बनाउनमा उनी अत्यन्तै निपुण थिए । शायद चित्रकारिता सम्बद्धहरूलाई थाहा हुनुपर्छ । आज, समजीद्वारा लिखित पुस्तकहरू आफू सामुन्ने पऱ्यो भने उनको अनुहार पहिले नै मस्तिष्कमा आइपुगिहाल्छ ।

## सिद्धिचरण श्रेष्ठ

सिद्धिचरण श्रेष्ठको सामीप्यमा म कहिल्यै भइनँ । कहीँ-कतै, सम्भवतः एकेडेमीको प्रेक्षालयमा कविता पाठ गर्दै गरेकोसम्म यदाकदा देखे-सुनेको हुँ । कविता वाचनमा अत्यन्तै कमजोर, गुनगुन गुनगुन एक्लै बोले जस्तो लाग्थ्यो मलाई । त्यसैले, जति पनि उनले वाचन गरेका कविता सुनें मैले कहिल्यै राम्रोसँग बुझिनँ र त्यही कारणले हुनुपर्छ उनको कविताप्रति कहिल्यै आकर्षित भइनँ । उनका बारेमा धेरै जनाबाट सुनेका धेरै खालका चाखलाग्दा कुराहरूप्रति भने म निकै आकर्षित रहें । जस्तो कि, काठमाडौं उपत्यकामा झमझम पानी परिरहेको बेला सुन्धारा-शहीदगेट नजिक एक कुनामा केही व्यक्तिहरू वर्षाबाट जोगिन ओत लागेर बसिरहेका थिए । ठीक त्यही समयमा उनी भने आफ्नो काखीमुनि छाता च्यापेर निथ्रुक्क भिज्दै हिंडिरहेका थिए । कति एकसुरे कवि होलान् !

कवि-कथाकार राजवले एक दिन सुनाएका थिए मलाई । अघिल्लो दिन नै युगकविले उहाँको घरमा कविता सुन्न आउन उनलाई अनुरोध गर्दै भनेछन्, "खाना खानेगरी नै आउनू है !" भोलिपल्ट बिहानै राजव उनको घरमा पुगे र धेरैबेरसम्मको सिद्धिचरणको एकल कविता वाचन सुनिरहे ।

*क्यारूँ म यो देशको निमित्त क्यारूँ*
*नाचूँ कि गाऊँ कि गला मिलाऊँ*
*काटेर आफ्नो शिर यो चढाऊँ*
*यो श्वास जम्मै यसैमा मिलाऊँ ।*

राजव एक्लो स्रोता मन्त्रमुग्ध सुन्दै गए । केही समयपछि, परिवारका एक सदस्यले सिद्धिचरणलाई "भान्छा गर्न आउनू" भनेर बोलाए । तत्काल उनले राजवलाई "एकछिन बस्दै गर्नुस् है, म खाना खाएर आइहाल्छु" भनेर उठे । एकैछिनमा खाना खाएर फर्किए र फेरि कविता सुनाउने क्रम जोडे । चुपचाप राजव भने उनका कविताहरूले पेट भरेर घर फर्किए ।

पूरै आठ दशकको उमेर बाँचेका युगकवि सिद्धिचरणले आफ्नो जीवनकालमा

अनगिन्ती कविता लेखे । छुट्टाछुट्टै कविताका अतिरिक्त पुस्तकाकारका रूपमा धेरै प्रकाशित छन् । यही क्रममा तत्कालीन राजा ज्ञानेन्द्रले जनताको नासो जनतालाई सुम्पेका छौं भनेर जब गद्दी छाडेका थिए, त्योभन्दा दशकौं पहिल्यै 'मङ्गलमान' खण्डकाव्यमा सिद्धिचरणले लेखेका दुई पङ्क्तिमा गज्जबको संयोग छः

*जनताको हक-नासो राजामाथि हुन्छ*
*जनताले मागेपछि फिर्ता दिनुपर्छ ।*

एक दृष्टिकोणले हेर्दा सच्चा कविहरू जो हृदयले लेख्छन्- तिनका लेखाइ देववाणीतुल्य हुन्छ भन्नेमा विश्वास नगरी रहन सकिन्न ।

**माधवप्रसाद घिमिरे**

माधवप्रसाद घिमिरेको नाम सुन्नेबित्तिकै एउटा नदी सुसाएको आवाज आएजस्तो लाग्छ । हिमाललाई हिमालभन्दा अग्लो बनाउन सक्ने खुबी उनको गीतमा रहेको महसुस हुन्छ मलाई ।

*नेपाली हामी रहौंला कहाँ नेपालै नरहे*
*उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे*

मैले जानेबुझेदेखि पछिल्लो समयमा राजधानीभित्र भइरहने साहित्यिक कार्यक्रमहरूमा सबैभन्दा बढी माधवप्रसाद घिमिरेकै आतिथ्य भइरहन्थ्यो । विशेषतः किताब लोकार्पणको कार्यक्रममा प्रमुख अतिथि/विशिष्ट अतिथिका रूपमा वा उनैलाई सम्मान गरिने कार्यक्रममा धेरै पटक देखिए-सुनिए । यस्तै साहित्यिक कार्यक्रमहरूमा उनीसँग प्रायः भेट भइरहन्थ्यो तर उनको समीप बसेर एकदमै थोरै पटक मात्र उनीसँग छोटकरीमा भलाकुसारी गर्ने अवसर प्राप्त भएको छ मलाई ।

उनीसँग नजिकै बस्दा केही पटक मैले करिब-करिब एउटै वाक्य बोलेको थिएँ, "तपाईंको अगाडि भएर भनेको मात्र होइन, साँच्चै नै तपाईं मात्र नेपालमा एउटा यस्तो स्रष्टा हुनुहुन्छ, पढ्दाखेरि जसको आजसम्म मलाई मन नपरेको कुनै पनि सिर्जना छैन । जति पढेको छु, कुनैभन्दा कुनै कमका छैनन् ।" अझ थपेको थिएँ, "यतिसम्म कि महाकविकै कतिपय मलाई मन नपरेका सिर्जनाहरू छन् ।"

"धन्यवाद तपाईंलाई ! यो तपाईंको मप्रतिको ठूलो सद्भाव र प्रेम हो ।" मलाई आफ्नो अङ्गालोमा लिँदै घिमिरेले दोहोऱ्याउने गर्थे । हुन पनि उनका सिर्जनाहरू यति खारिएका हुन्थे कि यसको रहस्य के होला भनेर मलाई सधैं ममा खुल्दुली भइरहन्थ्यो । शायद अन्य धेरैलाई यस्तै लाग्थ्यो । त्यसैले, उनले यो

खुल्दुली यसरी मेटाइदिने गरेका थिए, "म केवल लेख्छु मात्रै होइन, दसौं पटक लेख्दै-मेट्दै गर्छु । ठूलो साधना गरेर आफूलाई सन्तुष्टि भएपछि मात्रै त्यो छाप्न दिन्छु । कतिले मलाई- तपाईंको जस्तो रचना भए पनि हुन्छ, छाप्छु, दिनुस् न भन्छन् । तर, आफूलाई मन नपर्ने सिर्जना म छाप्दै छाप्दिनँ ।"

संवेदनाका हरफहरू उनले जति मार्मिक रूपमा कसले लेखे होलान् र ? 'गौरी' शोककाव्यको प्रसङ्ग होस् या मालती-मङ्गलेको प्रेम-पीडा होस् या 'मनको बाँध' चलचित्रमा उनले लेखेको- 'फूलको थुँगा बहेर गयो गङ्गाको पानीमा' लगायतका पङ्क्तिहरू होऊन्; जुनसुकै शब्दहरू मानव हृदयलाई नछुने खालका छैनन् । यो सत्य हो, जीवित अवस्थामा उनले राष्ट्र र उनका अनुयायीहरूबाट जति सम्मान पाए, त्यति अरू कसैले पनि पाएनन् ।

## सत्यमोहन जोशी

१०३ वर्षको आयुसम्म एउटा सार्थक जीवन व्यतीत गर्ने सौभाग्य विश्व इतिहासमै सम्भवतः सत्यमोहन जोशीले पाएका थिए । उनलाई देख्नासाथ मेरो मस्तिष्कमा सधैं एउटा शब्द चलमलाउने गर्थ्यो- 'सत्यजीवन'। बाल्यकालदेखि नै भलिभाँती परिचित यो शब्द मलाई किन स्मरणमा आउँथ्यो भने ठीक त्यस्तै मिल्दोजुल्दो शब्द थियो- 'सत्यमोहन' ।

त्यो यसकारण कि श्रीकृष्ण औषधालयद्वारा निर्मित 'सत्यजीवन' र सानो छँदा 'कपुरी क' वा 'दुई एकान दुई' सिकेको 'ठूलो वर्णमाला' को प्रयोग मैले त्यही एकै समयमा गरें । अलिकति टाउको दुख्यो, सत्यजीवन । अलिकति वाकवाक लाग्यो, सत्यजीवन । रुघा लाग्यो, सत्यजीवन या भनौं शरीरमा कुनै किसिमको सानोतिनो विकार पैदा भयो भने तत्काल औषधि थियो- सत्यजीवन । हुन पनि दुई-चार थोपा सत्यजीवन मालिस गऱ्यो वा पानीमा मिसाएर घुट्टक्क पिएपछि त्यो 'रामबाण' नै हुन्थ्यो । दुखेको, पोलेको सब छुमन्तर !

र, जबदेखि सत्यजीवनलाई जानें र सत्यमोहनलाई देखियो त्यहीबेलादेखि नै म सधैं दुविधामा परिरहें- 'सत्यमोहन कि सत्यजीवन ?' सत्यमोहन र सत्यजीवनको जन्म-समय एकै युगमा हुनु र सम्भवतः उस्तै मितिमा हुनु के संयोग मात्रै होला त ? भन्न सकिन्छ- सत्यमोहन र सत्यजीवनको शब्द-संयोग वास्तवमा केवल संयोग मात्रै होइन समयचक्रको एउटा रोमाञ्चक घटना नै हो । किनभने, सत्यजीवन सामान्य रोगीका निम्ति'औषधि' थियो त्यो, भने सत्यमोहन नेपाली संस्कृतिका 'डाक्टर' थिए, हामीलाई थाहा नभएका नेपाली कला-संस्कृतिका कयौं तथ्यहरूको विषयमा अनुसन्धान गरेर हामीलाई जानकारी गराएका छन् उनले । कालान्तरमा, 'ठूलो वर्णमाला' को लेखक सत्यमोहन जोशी हुन् भनेर अलि उमेर बढेपछि मात्रै ज्ञात भयो र मेरो मस्तिष्कमा बसेको त्यो छाप हराएर गयो ।

आश्चर्य !! शताब्दी पार गरेको उमेरमा पनि उनको श्रवणशक्तिमा कत्ति कमी आएको थिएन । त्यसबेलासम्म, टाढा हेर्नका लागि उनले चस्मा लगाएको फोटो कसैले खिचेको दाबी गर्न सक्दैनन् । हिंडडुल गर्न त्यतिञ्जेलसम्म कसैको सहारा चाहिएको थिएन, उस्तै परे अरूलाई डोऱ्याएर हिंड्ने तागत थियो उनमा । विगतका दशकौं पुराना कयौं महत्त्वपूर्ण घटनालाई सिनेमाका दृश्यझैं प्रस्तुत गर्ने अद्भुत क्षमता थियो उनमा । आफूले देखेका-भोगेका दैनिकीहरू विभिन्न सभा-समारोहमा अक्षरशः सुनाउँथे । शायद नेपालका धेरै साहित्यकारलाई थाहा छैन, उनी कवि पनि थिए ।

मेरा सपनाहरूको अल्बम
मेरो सङ्ग्रहालयको अमूल्य सङ्कलन...
पाएँ त तर अब मैले
यो मेरो पुच्छ्रेतारे जीवनमा
अल्बमभित्रका मेरा सङ्कलित सपनाहरू
केवल नियमित र अनियमित आकस्मिकताका
ठक्करहरू मात्र रहेछन् ।

जब कुनै पनि समय ललितपुर पुग्छु त्यस्तो बेला सत्यमोहन जोशीको झझल्को आउनु कुनै आकस्मिकता मान्दिनँ म ।

❖ ❖ ❖

# मायालु तिमी

✍ रामकाजी खाइजू

मायालु तिमी भन कहाँ कहाँ छौ ?।२।
आउँदैछु म भेटनु है ।२।
सपनीमा घरी आइरहन्छौ ।२।
मनको बह साट्नु है ।२।

मनको आवाज दिन्छु चिनेर बोलाउनु है ।२।
मायाको इशारा गर्छु देखेर मन बुझाउनु है ।२।
मेरो प्यारो मेरो प्यारो, अन्जान मायालु तिमी ।२।
खोजी गरिरहें भन तिमी कहाँ छौ ?।२।
आउँदैछु म भेट्नु है ।२।
सपनीमा घरी आइरहन्छौ ।२।
मनको बह साट्नु है ।२।

एक दिन त भेट हुन्छ यही आशमा बसेको छु ।२।
सपनीमै भए पनि तिमीसँग हाँसेको छु ।२।
मेरो प्यारो मेरो प्यारो, अन्जान मायालु तिमी ।२।
यो मनले भन्छ तिमी यहीं कहीं छौ ।२।
आउँदैछु म भेटनु है ।२।
सपनीमा घरी आइरहन्छौ ।२।
मनको बह साट्नु है ।२।

❖ ❖ ❖

# मृत्युको अघिल्तिर उभिएको मान्छे !

अनिता कोइराला

जीवनको यथार्थता र क्षणभङ्गुरतालाई अस्वीकार गर्दै मृत्युसँग विजय प्राप्त गर्ने मृगतृष्णा लिएर हिँडेको छ आजको मान्छे । अमरता प्राप्तिको होडमा लम्किएको मान्छेलाई थाहै छैन, अशान्तिको संसार निर्माण हुँदै गएको । मानव जीवनभित्रै ब्रह्माण्डको विराट रहस्य बोकेर हिँडेको मान्छे विश्वजित हुने तुच्छ लालसामा छ । मानव मस्तिष्कलाई बेवास्ता गर्दै दगुरेको छ- नवीन बौद्धिकताको खोजीमा ।

आफैंभित्रको सम्यक् दृष्टिलाई बन्द गरेर संसार जित्न हिँडेको मान्छे विक्षिप्त छ। आफैंभित्रको शान्तिको सागर अज्ञानताले पुरेर ऊ अशान्त छ । खोक्रो छ । अतृप्त छ । असन्तुलित छ । अराजक छ । अभिमानी छ । अन्त्यहीन इच्छा र अपूर्ण प्राप्तिको जुलुसमा विमूढ बन्दै गरेको मान्छे मृत्युको अघिल्तिर उभिएर हेर्न जान्दैन जीवनको सौन्दर्य । बुझ्न सक्दैन जीवनको विशालता । जीवनको वैज्ञानिकता ।

आफू नजिकैको सुन्दर संसार त्यागेर परको संसार जित्न हिँडेको मान्छेले सुन्न सक्दैन प्रेमको लय । त्यागको आनन्द । सहयोगको तृप्ति । समयको अनुगुञ्जन ।

तृष्णाको विशाल मरुभूमि हृदयमा उडाएर उदण्ड बन्दै गएको मान्छेको देश हुँदैन, जात हुँदै, सम्बन्ध हुँदैन अनि कसरी हेर्छ देशको मानचित्र ! सम्बन्धको गहिराइ ! कसरी हेर्छ जीवनको उज्यालो !

बडो दार्शनिक भएर लेख्दै छु । म लेख्न विवश छु । कारण यतिबेला मेरो हातमा कवि मणि लोहनीको कविता सङ्ग्रह 'मृत्युको अघिल्तिर' जो छ । जीवनजगत्को बोधले ओतप्रोत छन् लोहनीका कविताहरू । अझ भनौं कविको कलमले सत्यलाई बोध गरेको छ । कविले सन्तुलनको सिद्धान्तलाई बुझेर बडो शान्त, धीर र संयम किसिमले समय, समाज, सम्बन्ध र जीवनको सौन्दर्यलाई अनुभूत गरेर कविता कोरेका छन् ।

अरूलाई चिन्न सजिलो ठान्छ मान्छे । तर आफूलाई चिन्न नसक्दा ऊ भ्रमित भएको थाहै पाउँदैन । अनि दुःखको राग अलाप्दै जीवन सङ्गीतलाई बेसुर बनाउँदै हिँड्छ। आफैंले बनाएको जीवनको गलत तारको कर्कस घर्षणले ऊ अशान्त

बन्दै जान्छ । तनावको तलावमा नित्य डुबुक्ली मार्छ । जीवन नदी पौडिन नजानेर उकुसकुकुसमा पर्छ । मान्छेको मन बाढीको नदी हुँदै गएको अवस्थामा कवि हृदय बडो शीतल छ । संयमित छ । सन्तुलित छ । सत्यलाई स्वागत गरेको मान्छेले मृत्युलाई उत्सव बनाउँछ । मृत्युको निकट बसेर बजाउँछ जीवनको सुन्दर सारङ्गी । मृत्युलाई स्वागत गरेको मान्छे खिन्न हुनुपर्दैन । मृत्युलाई बुझेको मान्छेले महाज्ञान प्राप्त गर्छ । छोड्नु साधारण कुरा हैन । प्रतिकूलतामा मुस्कुराउन सक्नु । टुक्रिएका सम्बन्धहरूलाई पनि सम्मान गरेर समयकै जिम्मा लगाउनु साधारण कुरा हुँदै होइन । सम्बन्ध, समाजका घटनाहरू मात्र हैन जसले जीवन पनि छोड्नुपर्छ भन्ने बोधलाई आत्मसात् गर्छ । उसको जीवन उज्यालो हुन्छ । अँध्यारो र उज्यालोको अस्तित्वलाई बुझेको मान्छेले प्रतिकूलतालाई स्वीकार्छ र आनन्दको आकाश ओढ्छ । कविले भनेजस्तै मृत्यु अघिल्तिर उभिएको मान्छे परिचयको खोजीमा बडो चिन्तशील हुँदै दार्शनिक प्रश्न गर्न सक्छ ...........

*.......यहाँका मन्दिरहरूमा मान्छे भेटिन्छन् कि देवता*
*रङ्गको क्यानभासमा चित्र हो कि चेतना*
*दरबारमा बस्ने राजा हो कि जनताको छोरो*
*प्राचीन यी दरबार र मन्दिरहरूमा*
*किन भेटिन्छन् राजाका कमजोर पाइलाहरू*
*र त्यही पाइलाकै छेउमा उभिएर*
*किन गाइरहेछन् नेताहरूले, बिखण्डनको गीत ?*
*( पृष्ठ २९ )*

अहम्को महलमा अजिङ्गर बन्दै गएको मान्छे देशको नाममा संवेदनशील बन्नै सक्दैन । आफूमा लिप्त मान्छेले कदापि निर्माण गर्न सक्दैन सुशान्त संसार। सुखान्त सम्बन्ध । अशान्तिको आकाश ओडेको मान्छेले जीवनको उज्यालो बाल्नै सक्दैन । हेर्नै सक्दैन सत्यको सूर्य । भेट्नै सक्दैन जीवनको लय ।

शान्ति, आनन्द, हाँसो, खुसी माया, प्रेम, स्नेह, सद्भाव, सहयोग, क्षमा र अनुरागलाई जलाएर अग्रगामी पाइला चालेको यान्त्रिक मान्छे गाउन सक्दैन जीवनको सङ्गीत । कोर्न सक्दैन जीवनको अमूल्य चित्र । देख्न सक्दैन आमाको पीडा ।

तर मृत्युको अघिल्तिर उभिएको मान्छेले रेट्न जानेको हुन्छ लयबद्ध सङ्गीत। जीवनको सीमिततालाई स्विकारेको मान्छेले  समयको सत्यलाई बोध गर्छ र  सम्बन्धको पाठशालामा उभिएर भन्छ ...

*कसले भन्छ, बुढ्यौली पाकेको छ तिम्रो कपालमा*
*कसले भन्छ, ढल्किसकेको छ तिम्रो उमेर*
*जिन्दगीको जबरजस्त पहाड चढेपछि*
*पाएकी हौ, तिमीले हिमालको कञ्चनपना*
*सिँढीजस्तो टकटक उक्लिएर उमेरलाई*
*आफूभित्र भेटेको उचाइ, हो तिम्रो प्रौढता ... (पृष्ठ ५२ )*

समयलाई यसरी केलाएर हेर्ने दृष्टि लोप हुँदै गएको अवस्थामा छौं, हामी । नित्य नवीन सम्बन्धमा निरस हुँदैछ आजको मान्छे । सेलाउँदैछ पुरानो सम्बन्धको राप र ताप। हिजोको सुन्दर सम्बन्धमा हिउँको चिस्यान ओछ्याएपछि विद्रुप देख्न थाल्छन् आफैंले आफ्नो टाउकोमा सिउरिएको मखमली फूल । स्वार्थ पूरा भएपछि अप्रिय लाग्न सक्छन् सम्बन्ध । हिजोको रूप, रङ, सर समयको घाममा ओइलिँदै गएपछि टिप्न खोज्छन्- मुजा परेका हत्केलाहरूले पनि कलिला कोपिलाहरू । समयलाई स्वीकार्नु चानचुने कुरा होइन । मृत्युलाई जित्न समरमा हिँडेको मान्छेले सम्बन्धको यो सौन्दर्य हेर्न सक्दैन । हामीलाई साँच्चै मृत्यु बोध जरुरी रहेछ ।

'शरीरयोग' जानेपछि जान्ने पर्ने धेरै कुराहरू छोटिँदा रहेछन् ।

*.......जसरी पढिरहेछु म*
*आफ्नो जिन्दगीलाई*
*सर्वाङ्ग उघारेर आफूलाई पढ्न सकिन्छ*
*जीवन एउटा खुला किताब हो ।*
*लुकाएर पनि देखिने यथार्थहरू छन् मसँग*
*मसँग छ, छोपेर पनि फैलिने उज्यालो*
*हो, ढाँटेर बुझ्ने सत्यहरू छन् मसँग*
*शरीरभित्रै छ तिमीले पुज्ने देउता*
*र मैले खोजेको ज्ञान ....... (पृष्ठ ९५ )*

आत्मज्ञानको खोजीमा हिँडेका कवि जीवन बुझ्न जीवनकै निकट पुगेका छन् । तर आजको मान्छे नजिकको तीर्थ धाउँदैन । खोज्छ ईश्वर बाहिर । हिँड्छ यात्रामा भौतारिँदै । कठै आफैंभित्रको ईश्वरले नित्य बोलाउँछ आफैंभित्र तर बाहिरी संसार जित्ने लहडमा ऊ हराउँछ बाहिर-बाहिरै । लुकाएर पनि देखिने यथार्थ हो मृत्यु । तर ज्ञान त छोपेर पनि देखिने उज्यालो हो । शरीरभित्रै छ देउता र ज्ञान तर मान्छेलाई विमूढताको आँधीले छोपेको छ ।

आजको प्रविधिको युगमा हामी अभ्यस्त हुँदैछौं लाइक, कमेन्ट, सेभ र डिलिटको संसारमा तर जीवनरूपी यो सुन्दर कम्प्युटरलाई सूचनाको भीडले ह्याङ पार्दैछौं । आधुनिक यन्त्रमा अभ्यस्त भएका हातहरू मस्तिष्कमा जम्मा भएका अनावश्यक कुराहरूलाई डिलिट गर्न बिर्सिएर बिरामी पर्दैछौं। कवि कल्पना गर्छन्, मान्छेको दुःख डिलिट गर्ने एउटा सूक्ष्म बटनको...

*हैरान र भयभीत छन् मानिसहरू*
*सम्बन्धको गहिरो घाउ छ सबैसँग*
*नयाँनयाँ आविष्कारसँगै बढ्दै गएको छ दुःखको आकार*
*आक्रान्त छन् मानिस*
*यही मानिस भनिने जीवको बीचमा*
*ऊ एक्लो छ र जुटिरहेको छ नयाँ आविष्कारमा ...*
*ऊ आविष्कारमा तल्लिन छ, नयाँ यन्त्रको*
*एउटा यस्तो यन्त्र, जसले*
*माउसको एक क्लिकमा*
*डिलिट गरोस् मानिसका सम्पूर्ण दुःख (पृष्ठ ९१)*

भर्खर मैले मृत्युको अघिल्तिर उभिएर जीवनलाई हेरेँ । जीवन उत्सव रहेछ । कवि मणि लोहनीको कवितामा जीवनको सौन्दर्य छ । समाज दर्शनको सुगन्ध छ । प्रेमको शाश्वत ध्वनि छ । परिस्थिति अनुसार बदल्न सक्ने मनस्थितिको उपचार छ ।

देश प्रेमका नाममा आठ वटा शक्तिशाली कविता छन् । प्रेमको लयमा तेह्र वटा कविता कोरिएका छन् र जीवनको उज्यालोमा एघार वटा कविता आलोकित छन् । यसरी ३२ वटा कविताहरूको सुन्दर सङ्ग्रह पठनीय हुनका साथै सङ्ग्रहणीय पनि रहेछ भन्ने लाग्यो । तीन खण्डमा सजिएका कविताहरू सरल छन् । सुललीत छन् ।

कविता उति साह्रो पढ्दिनँ तर अस्ति धुलिखेल जानुथियो । बाटो लामो छ । गाडी जाम हुँदा मन शान्त पार्न एउटा किताब राख्न खोजेँ । बिहेको पार्टीमा हिँडेको ब्याग अरू दिनको जस्तो फराकिलो थिएन । ब्याग सानो भएकोले २०७९ असोज ११ गते मेरो हातमा आएको मृत्युको अघिल्तिर कविता सङ्ग्रह राखेँ । सायद यो कविता सङ्ग्रह पढ्ने उपयुक्त समय आएको थियो । कविता पढ्दै गएँ, बानेश्वर पुग्दा जीवनको उज्यालो शीर्षकको कविताले मलाई बडो आकर्षित गरे । दङ्ग पनि परेँ गाडीको बाटोमा हिँड्दा पाइलाका आँखाहरूले पनि यति गहन कविताहरू बुझ्न सकिने रहेछ । लोहनीको कविता सङ्ग्रह पढ्न ढिलो गरेकोमा आफैँसँग खेद

प्रकट गरेँ ।

कविताहरू गम्भीर हुँदाहुँदै पनि बोधगम्य छन् । शीर्षक नै लोभलाग्दो छ । बडो दार्शनिक छ । वास्तवमा हामीले मृत्युको अघिल्तिर उभिने कला सिक्ने हो भने हामीलाई तत्त्वबोध हुने रहेछ । जीनव बाँच्ने कला त हरेक कुरालाई स्वीकार्दै अगाडि बढ्नुमा रहेछ ।जब जीवन विज्ञानले सुसज्जित हुन्छ मान्छे तब तमाम तनावहरू समाप्त हुने रहेछन्।

समस्याविहीन समाज त हुन सक्दैन । मान्छे समस्याहरूको घेरामै घेरिन्छ तर समस्यालाई हेर्ने सम्यक् दृष्टि बनाउन सके जीवन उत्सवमय बन्ने रहेछ । आफ्नै जीवन विश्वविद्यालय बन्ने रहेछ । आत्मज्ञान उद्घाटित हुनेरहेछ...

*उसले रङ्गहरू पोख्यो*
*क्यानभास जलायो*
*ब्रसहरू भाँचकुँच पार्‍यो र*
*भएका सम्पूर्ण पोट्रेटहरू फ्याँकिदियो ।*

*म छक्क परेँ,*
*यो महान कलाकारलाई के भएछ ?*

*बुझ्यौ मणि,*
*व्यर्थै मैले तीसतीस वर्ष खेर फालेँ*
*जीवनभन्दा शाश्वत रङ्ग*
*र दुःखभन्दा कालजयी चित्र*
*अहँ! अरू हुँदैहुँदैन रहेछ ! (पृष्ठ ९६)*

कविता पढिसकेपछि मैले पनि जीवनको शाश्वत रङ मिलाउँदै कालजयी चित्र हेरिरहेकी छु ।

❖ ❖ ❖

# शल्यक्रियाः माटो, पीडा र चेतनाको दस्तावेज

तोमनाथ उप्रेती

## १. विषय प्रवेश

नन्दलाल आचार्य समकालीन नेपाली साहित्यका एक सशक्त र संवेदनशील कथाकार तथा चिन्तनशील लेखकका रूपमा परिचित छन् । उनको लेखन सामाजिक यथार्थवाद, मनोवैज्ञानिक गहिराइ र अस्तित्ववादी चेतनाको संयोजनमा आधारित छ । उनी विशेषगरी मधेसको सामाजिक संरचना, जातीय विभेद, गरिबी, शिक्षा र मानवीय पीडालाई अत्यन्त तीक्ष्ण दृष्टिले उजागर गर्ने कथाकार हुन् । उनका कथाहरू चेतनाको शल्यक्रिया हुन्, जहाँ समाजका लुकेका घाउहरूलाई निर्भीकतापूर्वक चिरिन्छ ।

आचार्यको शैली सरल भए पनि गहिरो छ र उनी शब्दलाई सौन्दर्यभन्दा बढी सत्यको उपकरणका रूपमा प्रयोग गर्छन् । उनका लेखनमा टोनी मोरिसन, फ्रान्ज काफ्का र म्याक्सिम गोर्कीजस्ता विश्व साहित्यिक प्रभावसँग संवाद देखिन्छ, तर उनी पूर्ण रूपमा मौलिक नेपाली स्वर बोकेका लेखक हुन् । उनका कथाले पाठकलाई आत्मचिन्तन र नैतिक प्रश्नतर्फ डोऱ्याउँछन् । समकालीन नेपाली कथासाहित्यमा उनले सामाजिक यथार्थलाई दार्शनिक गहिराइसँग जोड्ने दुर्लभ क्षमता प्रदर्शन गरेका छन्, जसले उनलाई एक विशिष्ट साहित्यिक व्यक्तित्वका रूपमा स्थापित गर्छ ।

कहिलेकाहीँ पुस्तकहरू पठनका वस्तु मात्र हुँदैनन् । तिनमा चेतनाको भित्री तहसम्म प्रवेश गर्ने अस्तित्व रहन्छन् । ती आँखाबाट पढिँदैनन्, शरीरले ग्रहण गर्छ । छाला, नसा र स्मृतिका तह हुँदै ती मनको अँध्यारो र उज्यालो दुवै भागमा प्रवेश गर्छन् । यस्ता कृतिहरू सौन्दर्यको प्रदर्शन होइनन्, अस्तित्वको उद्घाटन हुन् । नन्दलाल आचार्यको कथासङ्ग्रह 'शल्यक्रिया' त्यही श्रेणीको दार्शनिक अनुभव हो । यहाँ कथा चेतनाको चिरफार हो । यहाँ शब्दहरू धारिला उपकरण हुन्, जसले समाजको आत्मामा गाडिएका अव्यक्त घाउहरूलाई उजागर गर्छन् । यो साहित्य रमणीयताको खोजी होइन, सत्यको अनावरण हो असहज, कठोर र अपरिहार्य सत्य, जसलाई कुनै सौन्दर्यले ढाक्न सक्दैन । यहाँ लेखन नैतिक हस्तक्षेप हो, जसले पाठकलाई संवेदनशील साक्षी बनाउँछ ।

यो कृति चेतनाको शल्यकक्ष हो, जहाँ समाजको संरचना खोलिन्छ र त्यसका भित्री अवयवहरूको परीक्षण गरिन्छ । यहाँ पीडालाई लुकाइँदैन, त्यसलाई निदान गरिन्छ । मौनतालाई आदर गरिँदैन, त्यसलाई चिर्ने साहस गरिन्छ । मधेसको भूगोल यहाँ भौतिक नक्सा होइन, ऐतिहासिक घाउको विस्तार हो । त्यो माटो स्मृतिको तहगत दस्तावेज हो- जहाँ श्रम, शोषण, मौनता र प्रतिरोध एकैसाथ बाँचिरहेका छन् । यहाँ प्रत्येक कथा कुनै घटना होइन, सामाजिक स्नायु प्रणालीको संवेदनशील प्रतिक्रिया हो । त्यसैले शल्यक्रिया पढ्दा पाठक बाहिरको संसारमा रहँदैन, ऊ आफ्नै चेतनाको परीक्षण कक्षमा प्रवेश गर्छ, जहाँ प्रश्नहरू उत्तरभन्दा गहिरा हुन्छन् र अनुभूति तर्कभन्दा भारी हुन्छ ।

यो लेखन अस्तित्वको पुनःपरिभाषा हो । यहाँ भाषा बोल्दैन, घाउ बोल्छ । शब्द बग्दैनन्, रक्तस्मृति बग्छ । यसले पाठकलाई कुनै निष्कर्ष दिँदैन, तर उसलाई आफ्नै भित्री अँध्यारोसँग सामना गर्न बाध्य बनाउँछ ।

**२. संरचना**

यस कृतिमा बीस कथा छन् । ती चेतनामा गरिएका बीस वटा मानसिक शल्यक्रिया हुन् । हरेक कथाले शिक्षा, जात, लिङ्ग, प्रेम, गरिबी, प्रवास र सत्ता समाजको कुनै न कुनै अङ्ग चिर्छ । यो संरचना विश्व साहित्यका महान् यथार्थवादी र आधुनिकतावादी लेखकहरूको परम्परासँग संवाद गर्छ । फ्रान्ज काफ्कामा जस्तै यहाँ पनि व्यक्ति प्रणालीभित्र थिचिन्छ, तर काफ्कामा व्यक्ति मौन रूपमा हराउँछ; यहाँ भने त्यो व्यक्ति पीडासहित प्रतिरोध गर्छ । काफ्काको द ट्रायलमा न्याय अस्पष्ट छ, तर आचार्यका कथामा अन्याय पहिचानयोग्य र प्रत्यक्ष छ, जसले पाठकलाई निष्क्रिय दर्शक होइन, साक्षी बनाउँछ ।

जर्ज ओरवेलको १९८४ सँग तुलना गर्दा, दुवै कृतिमा सत्ता र नियन्त्रणको आलोचना छ । तर ओरवेलले राजनीतिक तानाशाहीको बाहिरी संरचना देखाउँछन्, जबकि आचार्यले सामाजिक संरचनाभित्र लुकेको दैनिक दमन उजागर गर्छन् । यहाँ बिग ब्रदर अदृश्य छ, तर समाजका परम्परा, जातीयता र आर्थिक असमानतामा बाँचिरहेको हुन्छ । चिनुआ अचेबेको थिङ्स फल अपार्ट जस्तै, यहाँ पनि परम्परा र परिवर्तनबीचको द्वन्द्व छ, तर आचार्यको स्वर अझ आन्तरिक र मनोवैज्ञानिक छ, जहाँ विघटन समाजको मात्र होइन, चेतनाको पनि हुन्छ ।

टोनी मोरिसनको लेखनमा जस्तै, यहाँ पीडा व्यक्तिगत होइन, ऐतिहासिक र सामूहिक हुन्छ । मोरिसनले दासत्व र स्मृतिको घाउ लेखेझैं, आचार्यले मधेसको सामाजिक स्मृतिभित्र लुकेको पीडालाई उत्खनन गर्छन् । गेब्रियल गार्सिया मार्केसको जादू यथार्थवादमा जस्तै यहाँ पनि यथार्थ कहिलेकाहीं प्रतीकात्मक गहिराइमा बदलिन्छ, तर यहाँ जादूभन्दा बढी रक्तमय यथार्थ बोल्छ । यसरी हेर्दा 'शल्यक्रिया'

विश्व साहित्यका महान् लेखकहरूको परम्परासँग संवाद गर्ने कृति हो, तर नक्कल होइन । यो आफ्नै भूगोलको मौलिक आवाज हो । जहाँ काफ्काले मौनता लेखे, ओरवेलले नियन्त्रण लेखे, मोरिसनले स्मृति लेखिन्, आचार्यले प्रतिरोध लेख्छन् । यही प्रतिरोधले यस कृतिलाई चेतनाको वैश्विक दस्तावेज बनाउँछ ।

## ३. शैली

आचार्यको शैली न त सादा छ, न त अलङ्कृत । यो बीचको एक कठोर सन्तुलन हो, जहाँ भाषा उपकरण बन्छ । यसलाई 'क्लिनिकल यथार्थवाद' भन्न सकिन्छ, किनकि यहाँ लेखक चिकित्सकझैं समाजको घाउ छाम्छ, तर भावनालाई ढाक्दैन । जसरी शल्यचिकित्सकले घाउको सौन्दर्य होइन, घाउको सत्य हेर्छ, त्यसरी नै कथाकारले समाजको बनावटी अनुहार होइन, भित्री सङ्क्रमण देखाउँछ । यो शैली भावनात्मक चिच्याहट होइन यो नियन्त्रित, तर गहिरो वेदनाको दस्तावेज हो ।

यो शैलीलाई टोनी मोरिसनको सामाजिक पीडासँग तुलना गर्न सकिन्छ । मोरिसनले बिलभ्डमा स्मृतिको घाउलाई मिथक र इतिहासबीच राखिन्, जहाँ पीडा व्यक्तिगत नभई सामूहिक चेतना बन्छ । आचार्यको लेखन पनि त्यही दिशातर्फ जान्छ तर यहाँ मिथक कम छ र माटो बढी छ । मोरिसनको भाषा काव्यात्मक छ, आचार्यको भाषा बढी सर्जिकल छ । दुवैमा पीडा केन्द्रमा छ, तर अभिव्यक्तिको तापक्रम फरक छ एकमा काव्यिक आगो, अर्कोमा यथार्थको धारिलो चिसोपन छ ।

म्याक्सिम गोर्कीको श्रमिक यथार्थवादसँग पनि यसको सम्बन्ध देखिन्छ । गोर्कीले मदरमा श्रमिक वर्गको चेतना उठाए, संघर्षलाई साहित्यिक आवाज दिए । आचार्य पनि श्रम, गरिबी र सामाजिक अन्यायलाई केन्द्रमा राख्छन् । तर गोर्कीमा क्रान्तिको घोषणात्मक ऊर्जा छ । आचार्यमा मौन विद्रोहको सर्जिकल तीक्ष्णता छ । गोर्कीको पात्रहरू बाहिर चिच्याउँछन्, आचार्यका पात्रहरू भित्रै फुट्छन् र त्यो फुटाइ नै कथाको शक्ति बन्छ ।

तर यी सबै तुलना भए पनि आचार्य पूर्ण रूपमा कुनै परम्परामा सीमित छैनन् । उनको माटोको गन्ध बोकेको, पसिनाले भिजेको र आँसुमा भिजेको भाषा आफ्नै स्वर छ । यो स्वर कुनै आयातित साहित्यिक परम्पराको प्रतिलिपि होइन । यो स्थानीय अनुभवबाट जन्मिएको चेतना हो । यही मौलिकताले उनको शैलीलाई यथार्थवाद होइन, जीवित यथार्थ बनाउँछ जहाँ भाषा बोल्दैन मात्र, सास फेर्छ ।

## ४. विषयवस्तु

### ४.१. शिक्षाः अनुशासन कि दमन ?

'फूलकुमारी' जस्ता कथामा शिक्षा ज्ञानको प्रकाश होइन, दबाबको संरचना बनेर

देखापर्छ । यहाँ शिक्षा मुक्ति होइन, अनिवार्य अनुशासनको रूप लिन्छ । बाल चेतना खुल्ने होइन, सङ्कुचित हुने प्रक्रियामा प्रवेश गर्छ । अपेक्षा र डरको बीचमा बाल मनोविज्ञान बिस्तारै घाइते हुन्छ । सिकाइको ठाउँमा दबाब बस्छ र सिक्ने जिज्ञासाको ठाउँमा मौन स्वीकृति जन्मिन्छ । यसरी शिक्षा, जसलाई सामान्यतया भविष्यको आशा मानिन्छ, यहाँ वर्तमानको पीडामा रूपान्तरित हुन्छ ।

यो अवस्थालाई अस्तित्ववादी दृष्टिले हेर्दा अल्बर्ट कामुको दार्शनिक संवेदना सशक्त रूपमा स्मरण हुन्छ । कामुले जीवनलाई अर्थहीनता र अर्थ खोज्ने निरन्तर टकरावका रूपमा व्याख्या गरेका छन् । फूलकुमारीकी बालिका पनि त्यस्तै विसङ्गत संरचनाभित्र बाँचिरहेकी छ, जहाँ उसले भोगिरहेको प्रणाली उसको समझभन्दा ठूलो छ, तर उसैलाई त्यससँग अनुकूल हुन बाध्य पारिएको छ । यहाँ शिक्षा र स्वतन्त्रताको बीचको सम्बन्ध टुटिसकेको छ र जीवन नियमहरूको अनुशासनमा मात्र सीमित छ ।

कामुको 'द मिथ अफ सिसिफस'मा जस्तै यहाँ पनि मानिस निरन्तर एउटा भार बोकेर अघि बढ्छ, तर त्यो यात्राको अर्थ स्पष्ट हुँदैन । फूलकुमारीको अवस्था पनि त्यही हो, ऊ सिकाइको ढुङ्गा बोकिरहेकी छ, तर त्यो ढुङ्गाले उसलाई माथि उठाउँदैन, केवल थिच्छ । यो थिचाइ नै अस्तित्वको मूल प्रश्न बन्छ- किन सिक्ने ? कसका लागि सिक्ने ? र के सिकाइ वास्तवमै मुक्ति हो कि नयाँ प्रकारको दासत्व ?

यस कथामा शिक्षा प्रणाली एउटा तटस्थ संरचना होइन, बरु चेतनालाई आकार दिने शक्ति संरचना हो । यही कारण, बाल मनोविज्ञान यहाँ केवल व्यक्तिगत संवेदना होइन, सामाजिक निर्माणको परिणाम हो । कामुको दर्शनझैं, यहाँ पनि मानिस र प्रणालीबीचको दूरी कहिल्यै भरिँदैन, बरु त्यो दूरी नै चेतनाको केन्द्र बन्छ ।

## ४.२. जात र प्रेम

'नयाँ घाम' मा प्रेम सामाजिक संरचनामाथिको मौन विद्रोह हो । यहाँ प्रेम कुनै निजी अनुभूति मात्र रहँदैन, त्यो सार्वजनिक हस्तक्षेप बन्छ । जब दुई मनहरू जात, वर्ग वा परम्पराका अदृश्य पर्खाल पार गरेर भेटिन्छन्, तब प्रेम आफैँमा एक प्रकारको क्रान्ति बन्न पुग्छ । तर यही क्रान्ति समाजको स्थापित नैतिकता र शक्ति-संरचनासँग ठोक्किन्छ र प्रेमलाई अपराधको भाषा लगाइन्छ । यसरी भावना र व्यवस्थाबीचको द्वन्द्व यहाँ अत्यन्त तीक्ष्ण रूपमा प्रकट हुन्छ ।

यस अवस्थालाई ह्यार्लेम रेनेसान्सको सांस्कृतिक चेतनासँग तुलना गर्न सकिन्छ, जहाँ कला, कविता र प्रेम पहिचान र प्रतिरोधको माध्यम थिए । लाङ्स्टन ह्युज वा क्लाउड म्याक्केको लेखनमा जस्तै, ’नयाँ घाम÷ मा पनि प्रेमले दमनकारी संरचनामाथि प्रश्न उठाउँछ । तर यहाँ त्यो प्रश्न तीय वा सांस्कृतिक होइन, सामाजिक

नैतिकताको पुनःपरिभाषा हो । प्रेम यहाँ अस्तित्वको घोषणा हो ।

समाजले यस प्रेमलाई अपराध बनाउनु शक्ति र नैतिकताको सम्बन्धको आलोचना हो । जहाँ नियमहरू प्रेमभन्दा ठूला मानिन्छन्, त्यहाँ मानव सम्बन्ध स्वतन्त्र रहँदैन । नियन्त्रित हुन्छ । यही नियन्त्रणले प्रेमलाई अपराधमा रूपान्तरण गर्छ र अपराधलाई नै नैतिकताको नाम दिइन्छ । यसरी सत्य र स्वीकृति बीचको दूरी गहिरिँदै जान्छ ।

तर 'नयाँ घाम' को मूल चेतना निराशा होइन । यो प्रतिरोध हो । प्रेम यहाँ पराजित हुँदैन । बरु रूपान्तरण हुन्छ । ह्यार्लेम रेनेसान्सको जस्तै, यहाँ पनि प्रेमले सांस्कृतिक मौनता तोड्छ र नयाँ चेतनाको उज्यालो जन्माउँछ । यस उज्यालोमा प्रेम सामाजिक पुनर्संरचनाको सम्भावना बन्छ । यसरी कथा व्यक्तिगत सम्बन्धबाट उठेर सामूहिक चेतनाको राजनीति बन्न पुग्छ, जहाँ हृदय मात्र होइन, इतिहास पनि परिवर्तनको प्रश्नमा उभिन्छ ।

## ४.३. गरिबीः मौन युद्ध

'भोकयुद्ध'मा भोक सभ्यताको गहिरो संरचनामा लागेको अदृश्य घाउ हो । यहाँ भोक जैविक आवश्यकता मात्र होइन, सामाजिक असमानताको परिणाम बनेर उपस्थित हुन्छ । मानिसको शरीर मात्र होइन, उसको अस्तित्व नै लगातार प्रश्नमा राखिन्छ । बाँच्नुको अर्थ के हो ? यस कथामा भोक कुनै व्यक्तिगत समस्या होइन, सामूहिक विफलताको प्रमाण हो, जहाँ उत्पादन र वितरणको प्रणालीले मानवतालाई पछाडि छोडिदिन्छ ।

यो अवस्थालाई हेर्दा जोन स्टाइनबेकको द ग्रेप्स अफ राथसँग आत्मीय सम्बन्ध देखिन्छ । स्टाइनबेकले महामन्दीको समयमा विस्थापित किसानहरूको पीडा लेखे, जहाँ भोक खाद्यान्नको अभाव थिएन, प्रणालीगत अन्यायको परिणाम थियो । 'भोकयुद्ध' पनि त्यही दार्शनिक भूगोलमा उभिन्छ, जहाँ मानिस अर्थतन्त्रको विशाल मेसिनभित्र सानो दाँताजस्तै घुमिरहेको हुन्छ । तर स्टाइनबेकको कथा अमेरिकी औद्योगिक सङ्कटको ऐतिहासिक सन्दर्भमा सीमित छ भने, आचार्यको कथा अझ स्थानीय माटोमा जरा गाडेको छ । यहाँको भोक आर्थिक मात्र नभई सांस्कृतिक र सामाजिक पनि छ ।

यस कथाको पीडा अझ काँचो लाग्छ किनकि यहाँ दूरी कम छ । पाठक र पात्रबीच कुनै ऐतिहासिक पर्दा छैन । भोक यहाँ समाचार होइन, अनुभव हो । शरीर थाकेको छ, तर प्रणाली अझै चलिरहेको छ । यही विरोधाभासले कथा अझ तीक्ष्ण बनाउँछ । मानव अस्तित्व यहाँ अर्थशास्त्रसँग प्रत्यक्ष युद्धमा छ जहाँ एकातिर उत्पादनको गणित छ, अर्कोतिर जीवनको अपूरो सास ।

'भोकयुद्ध' को दार्शनिक शक्ति यही हो कि यसले भोकलाई जैविक अवस्थाबाट उठाएर सभ्यताको नैतिक प्रश्न बनाउँछ । जब समाजले मानिसलाई खान नपुग्ने अवस्थामा छोड्छ, तब विकास, प्रगति र सभ्यता जस्ता शब्दहरू खोक्रा प्रतीकमा बदलिन्छन् । स्टाइनबेकको संसारजस्तै यहाँ पनि पीडा मौन छैन, तर अझ नजिक, अझ स्पर्शनीय छ । यही नजिकोपनले यस कथालाई केवल साहित्य होइन, चेतनाको असहज ऐना बनाउँछ, जहाँ मानवता आफैं आफ्नो प्रतिबिम्बसँग असहज हुन्छ ।

## ४.४. नारी चेतनाः विद्रोहको पुनर्जन्म

'अहिलेकी सीता' मा नारी अब मिथकको स्थिर मूर्ति होइन । ऊ पूजा गर्ने वस्तु होइन, प्रश्न गर्ने चेतना हो । परम्पराले बनाएको आदर्श रूपभित्र सीमित सीता यहाँ मौन सहनशीलता होइन, सक्रिय असहमति बनेर उभिन्छिन् । उनी आफूलाई परिभाषित गर्ने बाह्य कथनहरूको विरुद्धमा आफ्नो अस्तित्व आफैं लेख्न खोज्छिन् । यसरी नारी यहाँ प्रतीक होइन, अनुभव हो र त्यो अनुभव लगातार संघर्ष, पुनःपरिभाषा र प्रतिरोधले बनेको छ ।

यस दृष्टिले हेर्दा यो कथा सिमोन द बोउवारको नारीवादी दर्शनसँग संवादमा प्रवेश गर्छ । बोउवारले भनेझैं नारी जन्मिँदैन, बनाइन्छ त्यही निर्माणको संरचना यहाँ प्रश्नको केन्द्रमा छ । 'अहिलेकी सीता' ले परम्परागत भूमिकालाई स्वीकार गर्दिनन्, बरु त्यसको निर्माण प्रक्रिया नै चुनौती दिन्छिन् ।

यहाँ दर्शन अनुभवको पीडा हो । रगत बोल्छ भन्ने वाक्यले यही सङ्केत गर्छ कि नारीवाद यहाँ पुस्तकको सिद्धान्त होइन, शरीरको संघर्ष हो । यो संघर्ष अस्तित्वगत हो । समाजले बनाएको आदर्श नारी छविसँग टकराउँदा उत्पन्न हुने पीडा यहाँ प्रतीकात्मक छैन, प्रत्यक्ष छ । यही प्रत्यक्षताले कथालाई दार्शनिक होइन, जीवन्त बनाउँछ ।

'अहिलेकी सीता' मा विद्रोह कुनै घोषणापत्र होइन । त्यो चुपचाप सुरु हुन्छ एक अस्वीकारबाट, एक प्रश्नबाट, एक नझुकेको दृष्टिबाट । यही सूक्ष्म विद्रोह विस्तारै सम्पूर्ण संरचनामाथि प्रश्न बन्न पुग्छ । बोउवारको नारीवादले चेतनाको स्तरमा मुक्ति खोज्छ भने, यहाँको सीता शरीर, सम्बन्ध र सामाजिक संरचनामै मुक्ति खोज्छिन् ।

## ५. प्रतीकहरू

यस कृतिमा प्रतीकहरू चेतनाका गहिरा तहहरू हुन्, जहाँ अर्थ प्रत्यक्ष रूपमा देखिँदैन, तर अनुभूत हुन्छ । प्रतीकहरू यहाँ वस्तु होइनन्, अवस्था हुन् । ती समाजको भित्री

मनोसंरचना हुन् । यसैले शल्यक्रियाका प्रतीकहरू सरल छैनन् ती मनोवैज्ञानिक छन्, अस्तित्वगत छन् र कहिलेकाहीँ दार्शनिक रूपमा असहज पनि छन् ।

'रातो झोला' अपराध र लोभको प्रतीक मात्र होइन । यो मानव आकांक्षाको अँध्यारो विस्तार हो । लोभ यहाँ व्यक्तिगत कमजोरी होइन, संरचनागत रोग हो । रातो रङ केवल खतरा होइन, आकर्षण पनि हो । यही द्वैतले मानव चेतनालाई निरन्तर द्वन्द्वमा राख्छ । झोलाभित्रको कुराभन्दा झोला स्वयम् नै मनोवैज्ञानिक बोझ बन्छ, जसले अपराधलाई बाह्य घटना होइन, आन्तरिक सम्भावना बनाउँछ ।

फक्रेको गुलाफ दलित चेतनाको रूपक हो, तर यो अस्तित्वको पुनःप्रस्तुति हो । गुलाफ यहाँ सुन्दरता र पीडाको एकैसाथ उपस्थित प्रतीक हो । फक्रिनु यहाँ स्वीकार होइन, संघर्ष हो । काँडाबीचको फूल जस्तो, यो चेतना पनि निरन्तर प्रतिरोधमा बाँच्छ । यसले सुन्दरता कहिल्यै निर्दोष हुँदैन, जबसम्म इतिहास अन्यायपूर्ण हुन्छ भन्ने देखाउँछ ।

छप्की दरबार इतिहासको विस्मरणको प्रतीक हो । दरबार स्मृतिको संरचना हो । तर त्यो स्मृति भत्किएको छ वा जानाजानी भुलाइएको छ । यहाँ इतिहास मौन छैन तर त्यसलाई मौन बनाइएको छ । दरबारको मौनता वास्तवमा शक्ति र स्मृतिबीचको संघर्ष हो । यसले देखाउँछ कि इतिहास केवल लेखिँदैन, मेटिन्छ पनि ।

बँधुवा श्रमको दासता होइन मात्र, मानव स्वतन्त्रताको विघटन हो । यहाँ श्रम अस्तित्वको कैद हो । बँधुवा अवस्था शरीरको होइन, चेतनाको बाँधिएको स्थिति हो । मानिस काम गर्छ, तर स्वामित्व गुमाउँछ, बाँच्दछ, तर स्वतन्त्रता हराउँछ । यही विरोधाभासले आधुनिक सभ्यताको नैतिक प्रश्न उठाउँछ ।

यी सबै प्रतीकहरू मिलेर एउटा मनोवैज्ञानिक नक्सा बनाउँछन् । जहाँ समाज बाहिरी संरचना मात्र होइन, आन्तरिक संघर्षको मैदान हो । शल्यक्रियाले देखाउँछ प्रतीकहरू वस्तु होइनन्, चेतनाका घाउहरू हुन् र ती घाउहरू बुझ्नु भनेको समाजलाई मात्र होइन, स्वयम्लाई पनि पढ्नु हो ।

## ६. दार्शनिक आधार : अस्तित्व, पीडा र प्रतिरोध

यो कृति अस्तित्ववादको दार्शनिक भूगोलसँग निकट उभिन्छ, जहाँ मानव जीवन स्वतन्त्रताको घोषणाभन्दा बढी अवस्थाको कैद हो । यहाँ मानिस पूर्ण रूपमा स्वायत्त छैन ऊ सामाजिक संरचना, वर्गीय व्यवस्था र ऐतिहासिक अनिवार्यताहरूको जालभित्र बाँधिएको छ । तर यही बन्धनभित्र पनि ऊ पूर्ण रूपमा पराजित हुँदैन । उसको अस्तित्व दुई शक्तिहरूबीच निरन्तर टकराइरहन्छ पीडा र प्रतिरोध । पीडा यहाँ निष्क्रिय अवस्था होइन; यो चेतनाको जागरण हो । र प्रतिरोध  अस्तित्वको निरन्तर पुष्टि हो ।

जीन-पल सार्त्रको 'मानिस स्वतन्त्र हुन बाध्य छ' सँग तुलना गर्दा, दुवैमा स्वतन्त्रता अनिवार्य भारको रूपमा उपस्थित छ । सार्त्रको दर्शनमा मानिस स्वतन्त्र हुन बाध्य छ र यही स्वतन्त्रता नै उसको जिम्मेवारी र पीडाको स्रोत हो । तर आचार्यको दृष्टिमा, यो स्वतन्त्रता दार्शनिक भार होइन, सामाजिक घाउले ढाकिएको अवस्था हो । यहाँ मानिस स्वतन्त्र हुनुको जिम्मेवारी मात्र बोकेको छैन, ऊ त्यो स्वतन्त्रताको मूल्यस्वरूप घाइते पनि छ । यसले अस्तित्ववादलाई केवल वैचारिक संरचनाबाट निकालेर सामाजिक यथार्थमा अवतरण गराउँछ ।

अल्बर्ट कामुको निरास मानवजस्तै यहाँ पनि जीवन अर्थहीन संरचनासँग संघर्ष गर्छ । तर कामुको सिसिफस जस्तै निरन्तर ढुङ्गा धकेल्ने प्रतीक यहाँ मात्र होइन यहाँ त्यो ढुङ्गा सामाजिक अन्यायले भारी बनाइएको छ । कामुमा विद्रोह अस्तित्वको स्वीकार हो । आचार्यमा विद्रोह अस्तित्वको आवश्यक उपचार हो । यसरी दर्शन भावनाबाट अलग छैन त्यो पीडाको अनुभवमा रूपान्तरित हुन्छ ।

फ्रान्ज काफ्काको संसारसँग तुलना गर्दा, काफ्कामा मानिस अदृश्य शक्तिहरूको प्रणालीमा हराउँछ, जहाँ उसले कारण बुझ्न सक्दैन । तर आचार्यको संसारमा कारणहरू स्पष्ट छन् दमन, असमानता, र ऐतिहासिक अन्याय । त्यसैले यहाँ अस्तित्व उजागर गरिएको अन्याय हो । काफ्काको मौन पात्रहरूको विपरीत, यहाँ पात्रहरू मौन छैनन् उनीहरू भित्रैबाट चिच्याइरहेका छन् ।

टोनी मोरिसनको लेखनमा जस्तै, यहाँ पीडा व्यक्तिगत होइन, सामूहिक स्मृतिको हिस्सा हो । र कामु तथा सार्त्रको दार्शनिक अस्तित्ववादभन्दा फरक, यहाँ मानिस स्वतन्त्र प्राणी मात्र होइन, घाइते अस्तित्व हो । यही घाइतेपनले आचार्यको दर्शनलाई विशिष्ट बनाउँछ जहाँ स्वतन्त्रता र पीडा अलग छैनन्, बरु एउटै चेतनाको दुई पक्ष हुन् । यसरी कृति अस्तित्ववादको निरन्तरता मात्र होइन, त्यसको सामाजिक पुनर्लेखन पनि हो ।

### ७. आध्यात्मिक दृष्टि : शल्यक्रिया र आत्मशुद्धि

'शल्यक्रिया' चेतनाको आध्यात्मिक अभ्यास पनि हो । यहाँ घाउ देखाउनु हिंसा होइन, सत्यप्रतिको साधना हो । लुकेको पीडालाई उजागर गर्नु कलह होइन, करुणाको गहिरो रूप हो । किनकि जुन कुरा दबाइन्छ, त्यो निको हुँदैन र जुन कुरा हेर्न डराइन्छ, त्यो चेतनामा विष बनेर रहन्छ । त्यसैले घाउ खोल्नु यहाँ विनाश होइन, पुनर्जन्मको पहिलो चरण हो ।

यो दृष्टिमा पीडा पाप होइन, शुद्धीकरणको द्वार हो । जसरी अग्निले अशुद्ध धातुलाई गलाएर शुद्ध बनाउँछ, त्यसरी नै पीडाले चेतनालाई गलाएर गहिरो बनाउँछ । योग दर्शनमा चित्त शुद्धि  भित्री अन्धकारसँगको साक्षात्कार हो । मनका

विकारहरूलाई लुकाउनु होइन, देख्नु नै साधना हो । 'शल्यक्रिया' त्यही साधनात्मक दृष्टिको विस्तार हो जहाँ समाजलाई बाहिरबाट सुधार्ने प्रयास मात्र होइन, भित्रबाट पुनर्गठन गर्ने प्रक्रिया चल्छ ।

उपनिषद्हरूको दार्शनिक धारा यहाँ प्रतिध्वनित हुन्छ । आत्मा ब्रह्म हो भन्ने अनुभूति अज्ञान, भ्रम र पीडाको तह चिरेपछि मात्र सम्भव हुन्छ । अज्ञान यहाँ व्यक्तिगत दोष होइन, सामूहिक अन्धकार हो । त्यसैले शल्यक्रिया केवल व्यक्तिगत आत्मशुद्धि होइन, सामाजिक चेतनाको रूपान्तरण पनि हो । जब समाजका संरचनागत भ्रमहरू चिरिन्छन्, तब मात्र सत्यको प्रकाश सम्भव हुन्छ ।

बौद्ध करुणाको दृष्टिले हेर्दा पनि, यो कृति पीडाबाट भाग्ने होइन, पीडालाई बुझ्ने अभ्यास हो । बुद्धले दुःखलाई अस्वीकार गरेनन् बरु त्यसलाई अस्तित्वको केन्द्रमा राखेर बुझ्न आग्रह गरे । दुःख छ भन्ने स्वीकार नै चार आर्य सत्यको पहिलो चरण हो । शल्यक्रियामा पनि यही दृष्टि छ पीडालाई नकार्नु होइन, स्वीकार्नु । किनकि अस्वीकार गरिएको पीडा अज्ञान बन्छ र स्वीकार गरिएको पीडा करुणा बन्छ ।

यहाँ मुक्ति भित्री रूपान्तरण हो । मुक्ति त्यहाँ सम्भव हुन्छ, जहाँ मानिस आफ्नै घाउसँग इमानदार हुन्छ । पीडाबाट भाग्नु होइन, पीडामा प्रवेश गर्नु नै चेतनाको विस्तार हो । यही कारण, यो कृति आध्यात्मिक रूपमा कठोर छ किनकि यसले सहज शान्ति होइन, असहज सत्यलाई मार्ग बनाउँछ ।

## ८. विश्व साहित्यसँग तुलना

आचार्यको 'शल्यक्रिया' विश्व साहित्यका महान् परम्पराहरूसँग संवाद गर्ने कृति हो । यो कुनै एक भौगोलिक सीमाभित्र बन्द छैन यसको चेतना अन्तर्राष्ट्रिय साहित्यिक चेतनासँग बहस गर्छ र आफ्नै मौलिक स्थान निर्माण गर्छ । यसलाई फ्रान्ज काफ्का, गेब्रियल गार्सिया मार्केस, चिनुआ अचेबे र लियो टोल्स्टोयसँग तुलना गर्दा यसको विशिष्टता अझ स्पष्ट रूपमा उजागर हुन्छ ।

फ्रान्ज काफ्काको संसारमा प्रणालीगत दमन गहिरो र अपरिहार्य छ । त्यहाँ मानिस अदृश्य नियमहरूको भूलभूलैयामा हराउँछ, जहाँ निराशा अन्तिम सत्यजस्तो स्थायी हुन्छ । काफ्काको पात्रले प्रश्न गर्छ, तर उत्तर भेट्दैन । तर आचार्यको कथन यहाँबाट अलग दिशामा मोडिन्छ । ’शल्यक्रिया÷ मा पनि प्रणालीगत दमन उपस्थित छ, तर यहाँ निराशा अन्तिम बिन्दु होइन । यहाँ प्रतिरोध बाँकी छ कहिलेकाहीँ मौन, कहिलेकाहीँ विस्फोटक । यसले काफ्काको अस्तित्ववादलाई पूर्ण अँध्यारोबाट निकालेर संघर्षको सम्भावनातर्फ लैजान्छ ।

गेब्रियल गार्सिया मार्केसको जादू यथार्थवादमा यथार्थ र कल्पनाबीचको

सीमाना धुमिल हुन्छ । 'शल्यक्रिया' मा भने जादू छैन, तर यथार्थ स्वयम् चमत्कारजस्तो तीक्ष्ण छ । यहाँ घटना असाधारण भएर होइन, अत्यन्त सामान्य भएर पनि गहिरो हुन्छ । पीडा, असमानता र मौनता कुनै अलौकिक घटनामा होइन, दैनिक जीवनको यथार्थमा लुकेका हुन्छन् । यसले देखाउँछ कि चमत्कार कल्पनामा होइन, काँचो यथार्थको गहिराइमा पनि हुन सक्छ ।

चिनुआ अचेबेको लेखनमा औपनिवेशिक अनुभव बाह्य शक्तिको रूपमा देखिन्छ, जसले समाजलाई विखण्डित गर्छ । तर शल्यक्रियाले औपनिवेशिकता भित्रतर्फ फर्काउँछ । यहाँ दमन बाह्य सत्ता मात्र होइन, आन्तरिक संरचनामा जरा गाडेको हुन्छ । समाज स्वयम् आफ्नो उपनिवेश बनेको छ परम्परा, जात, वर्ग र मौन स्वीकृतिहरूको माध्यमबाट । यसले कृतिलाई अझ आत्मविश्लेषणात्मक बनाउँछ, जहाँ शत्रु बाहिर होइन, भित्रै पहिचान हुन्छ ।

लियो टोल्स्टोयसँग तुलना गर्दा नैतिक प्रश्नहरूको साझा भूमि स्पष्ट हुन्छ । टोल्स्टोयमा करुणा धार्मिक र आध्यात्मिक स्रोतबाट उत्पन्न हुन्छ, त्यो मानव आत्माको परम शुद्धतासँग जोडिन्छ । तर शल्यक्रियामा करुणा सामाजिक हुन्छ । यहाँ करुणा कुनै आध्यात्मिक आदर्श मात्र होइन, प्रत्यक्ष पीडासँगको संवेदनशील सम्बन्ध हो । यो करुणा स्वर्गीय होइन, भुइँमान्छेको अनुभवमा आधारित छ ।

यसरी हेर्दा शल्यक्रिया विश्व साहित्यिक चेतनासँग संवाद गर्ने सशक्त दस्तावेज हो । यसले काफ्काको निराशालाई प्रतिरोधमा बदल्छ, मार्केसको जादूलाई यथार्थको गहिराइमा रूपान्तरण गर्छ, अचेबेको औपनिवेशिक विमर्शलाई आन्तरिक संरचनासम्म विस्तार गर्छ र टोल्स्टोयको करुणालाई सामाजिक यथार्थमा अवतरण गराउँछ । यही संवादले यस कृतिलाई वैश्विक साहित्यिक चेतनाको महत्त्वपूर्ण हिस्सा बनाउँछ ।

**९. भाषा**

शल्यक्रियाको भाषा सरल देखिन्छ, तर यसको सरलता सतही होइन । यो शान्त भाषिक सतह होइन यो भित्रभित्रै कम्पन गरिरहेको चेतना हो । यहाँ शब्दहरू अलङ्कारले भारी भएका छैनन्, तर अर्थले बोझिएका छन् । यही कारण, यो भाषा स्थिर छैन कहिले रोइरहेको आवाजझैं बग्छ, कहिले चिच्याउने पीडामा बदलिन्छ, र कहिले यति मौन हुन्छ कि मौनता स्वयम् अर्थ बन्न पुग्छ । यो भाषिक संरचना सुन्ने, महसुस गर्ने र भोगिने प्रकारको हो ।

यस दृष्टिलाई विश्व साहित्यसँग तुलना गर्दा अर्नेस्ट हेमिङ्वेको आइसबर्ग थ्योरीसँग आंशिक समानता देखिन्छ । हेमिङ्वेले कम शब्दमा धेरै अर्थ लुकाउने शैली अपनाए । शल्यक्रियामा पनि वाक्य छोटा छन्, तर ती वाक्यहरूभित्र

सामाजिक इतिहास, पीडा र प्रतिरोध लुकेका छन् । तर फरक के छ भने, हेमिङ्वेको भाषा नियन्त्रणमा हुन्छ, लगभग चिसो र संयमित जबकि आचार्यको भाषा भावनात्मक रूपमा जीवित र कम्पनशील छ ।

टोनी मोरिसनको लेखनसँग तुलना गर्दा, यहाँ भाषा स्मृतिको बोझ बोकेको देखिन्छ । मोरिसनले दासत्व र इतिहासलाई काव्यात्मक, गहिरो लयमा प्रस्तुत गरिन् जहाँ भाषा स्वयम् पीडाको सङ्गीत बन्छ । शल्यक्रियाको भाषा पनि त्यही दिशामा उभिन्छ, तर यहाँ सङ्गीतभन्दा बढी घाउको ध्वनि छ । मोरिसनको भाषा ऐतिहासिक स्मृतिमा डुब्छ भने, आचार्यको भाषा प्रत्यक्ष सामाजिक यथार्थको रगतसँग जोडिन्छ ।

फ्रान्ज काफ्काको मौन र असहज भाषासँग तुलना गर्दा, काफ्कामा भाषा ठोस तर भावनात्मक रूपमा बन्द हुन्छ; तर आचार्यको भाषा खुला छ, तर अस्थिर । काफ्काको मौनता प्रणालीगत डरको परिणाम हो; आचार्यको मौनता सामाजिक पीडाको विस्तार हो । यसरी शल्यक्रियाको भाषाशैली विश्व साहित्यका महान् परम्पराहरूसँग संवादमा छ, तर कुनै एक शैलीको अनुकरण होइन । यो भाषिक चेतना स्थानीय पीडाबाट जन्मिएको मौलिक अभिव्यक्ति हो, जहाँ भाषा एक जीवित, श्वास लिने सामाजिक अनुभूति हो ।

## १०. कृतिका सीमाहरू

कुनै पनि गम्भीर साहित्यिक कृति पूर्ण हुँदैन । पूर्णता प्रायः कलाको शत्रु हुन्छ । किनकि जहाँ जीवन छ, त्यहाँ अपूर्णता छ । जहाँ यथार्थ छ, त्यहाँ खोट, असन्तुलन र असहजता पनि हुन्छ । आचार्यको 'शल्यक्रिया' पनि यसको अपवाद होइन । यो कृति आफ्नो शक्ति र प्रभावका कारण उल्लेखनीय छ, तर केही साहित्यिक सीमाहरू पनि यसमा देखिन्छन् । यद्यपि ती सीमाहरू कृतिको मूल्य घटाउनेभन्दा पनि यसको प्रकृति बुझ्न सहयोग गर्ने पक्ष हुन् ।

सबैभन्दा पहिले, यो कृति अत्यन्त भावनात्मक रूपमा भारी छ । बीसवटै कथाहरू कुनै न कुनै प्रकारको पीडा, अन्याय, विभेद, शोषण वा सामाजिक विडम्बनाको वरिपरि घुम्छन् । पाठकले एउटा कथा समाप्त गर्दा राहत पाउँदैन अर्को कथा नयाँ घाउ लिएर उपस्थित हुन्छ । यसले कृतिलाई गहन बनाएको छ, तर कतिपय अवस्थामा भावनात्मक थकान पनि उत्पन्न गराउँछ । साहित्यमा संवेदनाको निरन्तर दबाब कहिलेकाहीँ पाठकीय ग्रहणशीलतालाई कमजोर बनाउने जोखिम हुन्छ । यही कारण, केही पाठकलाई यो कृति पढ्ने क्रममा श्वास फेर्ने ठाउँको अभाव महसुस हुन सक्छ ।

यस सन्दर्भमा लियो टोल्स्टोय स्मरणीय छन् । युद्ध र शान्ति वा अन्ना

करेनिना जस्ता कृतिहरूमा दुःख, नैतिक द्वन्द्व र सामाजिक आलोचना भए पनि टोल्स्टोयले बीचबीचमा सौन्दर्य, प्रकृति, प्रेम र आत्मिक शान्तिका क्षणहरू पनि दिएका छन् । ती क्षणहरूले पाठकलाई भावनात्मक विश्राम दिन्छन् । 'शल्यक्रिया' मा भने यस्तो विश्राम अपेक्षाकृत कम छ । यहाँ पीडा यति निरन्तर छ कि कहिलेकाहीँ सम्पूर्ण कृति एउटै भावनात्मक तापक्रममा बगेको जस्तो अनुभव हुन्छ ।

दोस्रो, कतिपय कथाहरूको विचारधारात्मक केन्द्र समान प्रकृतिको देखिन्छ । जातीय विभेद, सामाजिक अन्याय, लैङ्गिक असमानता, गरिबी र चेतनाको दमनजस्ता विषयहरू अत्यन्त महत्त्वपूर्ण भए पनि केही कथाहरूमा तिनको प्रस्तुति समान भावभूमिमा उभिएको अनुभव हुन्छ । परिणामस्वरूप कथा कथा बीचको वैचारिक दूरी कहिलेकाहीँ अपेक्षाकृत साँघुरो लाग्छ । पाठकलाई नयाँ संसारभन्दा एउटै संसारका फरक कोठाहरूमा यात्रा गरेको अनुभूति हुन सक्छ ।

यस दृष्टिले गेब्रियल गार्सिया मार्केस वा एलिस मन्रो जस्ता कथाकारहरू उल्लेखनीय छन् । उनीहरूले हरेक कथामा फरक मनोवैज्ञानिक र भावनात्मक बनावट सिर्जना गर्न सफल भएका छन् । 'शल्यक्रिया' मा विषयगत प्रतिबद्धता अत्यन्त सशक्त भए पनि शिल्पगत विविधता अझ विस्तार हुन सक्थ्यो । केही कथाहरूमा कथन शैली, दृष्टिकोण वा संरचनागत प्रयोगहरू अझ साहसी हुन सक्थे ।

तेस्रो, कृतिका कतिपय पात्रहरू प्रतीकात्मक शक्तिका कारण अत्यन्त प्रभावशाली छन्, तर त्यसै कारण कहिलेकाहीँ उनीहरूको व्यक्तिगत जटिलता सीमित भएको जस्तो लाग्छ । पात्रहरू सामाजिक वर्ग, पीडा वा प्रतिरोधका प्रतिनिधि बनेका छन्, तर केही ठाउँमा उनीहरू व्यक्तिगत अन्तर्विरोधका बहुआयामिक मानवीय अस्तित्वभन्दा बढी विचारको वाहक बनेको आभास दिन्छन् ।

यस सन्दर्भमा टोनी मोरिसन विशेष रूपमा स्मरणीय छन् । उनका पात्रहरू इतिहासका पीडित हुन्, तर उनीहरू केवल पीडित मात्र छैनन् । उनीहरू विरोधाभासी छन् । कमजोर पनि छन् । दोषी पनि छन् । महान् पनि छन् । शल्यक्रियाका केही पात्रहरूमा यस्तो जटिलता अझ गहिरो रूपमा विस्तार हुन सक्थ्यो ।

चौथो, कृतिको नैतिक आग्रह कहिलेकाहीँ यति स्पष्ट देखिन्छ कि कथा र विचारबीचको दूरी कम हुन जान्छ । महान् साहित्यले प्रश्न उठाउँछ उत्तर सधैँ दिँदैन । केही कथाहरूमा लेखकको नैतिक दृष्टिकोण अत्यन्त स्पष्ट भएकाले पाठकको स्वतन्त्र व्याख्याको क्षेत्र अलिक साँघुरिएको अनुभूति हुन सक्छ । फ्रान्ज काफ्का वा अल्बर्ट कामुका कृतिहरूमा प्रश्नहरू खुला रहन्छन् । पाठकलाई असहज अनिश्चिततामा छोडिन्छ । शल्यक्रियाका कतिपय कथाहरूमा भने नैतिक निष्कर्ष अपेक्षाकृत स्पष्ट देखिन्छ ।

तर यी सीमाहरूलाई केवल कमजोरी भनेर बुझ्नु पर्याप्त हुँदैन । वास्तवमा,

यी सीमाहरू नै कृतिको प्रकृतिसँग जोडिएका छन् । शल्यक्रियाको उद्देश्य सौन्दर्यात्मक मनोरञ्जन होइन । यसको ध्येय चेतनालाई झक्झक्याउनु हो । शल्यक्रियाको कोठामा फूलको सुगन्ध खोजिँदैन त्यहाँ सत्यको गन्ध हुन्छ । र सत्य प्रायः सहज हुँदैन ।

यही कारण, कृतिको भार नै यसको शक्ति हो । यसको पुनरावृत्ति नै यसको आग्रह हो । यसको असहजता नै यसको नैतिक साहस हो । जीवनका घाउहरू विविध रङका हुँदैनन् तिनमा एउटै रगत बग्छ । शल्यक्रियाले त्यही रगत देखाएको छ । त्यसैले कहिलेकाहीँ पाठक थाक्छ । कहिलेकाहीँ ऊ असहज हुन्छ । तर यही असहजताले कृतिलाई स्मरणीय बनाउँछ ।

महान् कृतिहरू सधैँ आफ्ना उज्याला मात्र होइन, आफ्ना छायाहरूका कारण पनि स्मरणीय हुन्छन् । नन्दलाल आचार्यको यो कृति त्यही अर्थमा एक महत्त्वपूर्ण साहित्यिक उपलब्धि हो जहाँ पूर्णताको दाबी छैन, तर सत्यप्रतिको प्रतिबद्धता अत्यन्त प्रखर छ ।

## ११. समग्र मूल्याङ्कन

शल्यक्रिया अनुभवात्मक चेतनाको प्रवेशद्वार हो । जब कुनै कृति पाठकलाई भित्र पस्न बाध्य बनाउँछ, तब त्यो साहित्यको सीमाभन्दा माथि उठेर अस्तित्वको अभ्यास बन्छ । यहाँ कथा बाहिर घट्दैन; कथा पाठकको भित्री संरचनामा घट्छ । त्यसैले यो कृति पढिँदैन यो भोगिन्छ, सहिन्छ र बिस्तारै आत्माको तहमा अवतरित हुन्छ ।

यो कृति मधेसको मात्र कथा होइन । मधेस यहाँ भौगोलिक सीमामा बाँधिएको ठाउँ होइन, यो ऐतिहासिक स्मृतिको घाउ हो । यो सामाजिक असमानताको जीवित अभिलेख हो । तर त्योभन्दा अझ गहिरो रूपमा, यो सम्पूर्ण मानव अवस्थाको रूपक हो । जहाँ पनि अन्याय छ, जहाँ पनि मौनता छ, जहाँ पनि पीडा संरचनागत छ त्यहाँ शल्यक्रियाको चेतना फैलिएको छ । यसैले यसको भूगोल स्थानीय भए पनि यसको दर्शन सार्वभौमिक छ ।

यस कृतिको मूल शक्ति यसको रूपान्तरणकारी प्रकृतिमा छ । पाठक यहाँ निष्क्रिय दर्शक रहँदैन । ऊ क्रमशः कथा भित्र तानिन्छ । सुरुमा ऊ बाहिरबाट हेर्छ, विश्लेषण गर्छ, तुलना गर्छ, मूल्याङ्कन गर्छ । तर बिस्तारै त्यो दूरी हराउँछ । कथा उसको आफ्नै स्मृतिसँग मिसिन थाल्छ । पात्रहरू बाहिरका रहँदैनन्, तिनीहरू उसको चेतनाभित्र प्रवेश गर्छन् ।

यस सन्दर्भमा 'शल्यक्रिया' आत्मसमीक्षाको अभ्यास हो । यो कृति बाहिरको समाज मात्र देखाउँदैन यो भित्रको समाज, मानिसको आफ्नै चेतनाभित्र लुकेको पूर्वाग्रह, मौन स्वीकृति र नैतिक द्वन्द्वको पनि उजागर गर्छ । त्यसैले यो पढाइ

एक प्रकारको आत्मअपरेशन हो, जहाँ पाठक आफैं चिकित्सक पनि हुन्छ र रोगी पनि ।

अन्त्यमा, जब पाठक यो कृतिबाट बाहिर निस्कन्छ, ऊ उही रहँदैन । उसको दृष्टि बदलिएको हुन्छ । उसको मौनता अब अज्ञान होइन, बुझाइको गहिराइ हुन्छ । उसले संसारलाई पहिलेभन्दा  अधिक संवेदनशील, अधिक सचेत, अधिक असहज तर अधिक साँचो रूपमा फरक रूपमा देख्न थाल्छ । यसैले शल्यक्रियाको अन्त्य पुनर्जन्म हो । यो त्यस्तो साहित्य हो, जसले पाठकलाई समाप्त गर्दैन, बरु पुनः सुरु गराउँछ । यहाँ पुस्तक बन्द हुँदैन यहाँ चेतना विस्तार हुन्छ ।

## १२. निष्कर्ष

नन्दलाल आचार्यले समाजका घाउहरू लुकाएका छैनन् उनले ती घाउहरूलाई भाषा दिएका छन्, आवाज दिएका छन् । मौन पीडा यहाँ बोल्न थाल्छ र दबिएको यथार्थ चेतनाको सतहमा उठेर प्रश्न बन्छ ।शल्यक्रियाको मूल दर्शन सजावटमा होइन, चिरफारमा आधारित छ किनकि समाज बुझ्न उसलाई सुन्दर बनाउनु होइन, उसको भित्री संरचना खोल्नु आवश्यक हुन्छ । यो कृति चेतनाको रक्तपुस्तिका हो, जहाँ प्रत्येक पृष्ठमा पीडा, प्रतिरोध र सत्य एकैसाथ बगिरहन्छ ।

❖ ❖ ❖

# 'नेपाल राष्ट्र बैंकमा तीन दशकः अनुभव तथा अनुभूति' को समयसान्दर्भिक विश्लेषण

✍ ठाकुर शर्मा भण्डारी

## स्रष्टा परिचय

पिता रामलाल श्रेष्ठ माता इन्द्रमाया श्रेष्ठका सुपुत्र भोलाराम श्रेष्ठको जन्म वकुटोल, बनेपा काभ्रे जिल्लामा भएको हो । उहाँ हाल बानेश्वर, काठमाडौंमा बसोबास रहेको छ । शिक्षामा एम.पी.ए., बी.कम.(फाइनान्स) र बी.ए. (अर्थशास्त्र) गरेका श्रेष्ठले कृषि विकास बैंक (२०३०-२०३६), नेपाल राष्ट्र बैंक (२०३६-२०६६), सञ्चालकः बैंकर्स क्लब (२०५५-२०५७), कृषि आयोजना सेवा केन्द्र (२०५७-२०६३), नेपाल धितोपत्र बोर्ड (२०६२-२०६६) मा यथासमयमा राष्ट्र बैंकको नियमानुसार रही कार्यसम्पादन गरेको देखिन्छ । नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघको अध्यक्ष (२०७१-२०७४), आजीवन सदस्यः नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, नेपाल जनप्रशासन संघ, पूर्व कर्मचारी समाज कृषि विकास बैंक, सार्वजनिक संस्था पूर्व कर्मचारी समाज आदिमा निजको संलग्नता रहेको छ ।

'नेपालको वित्तीय प्रणालीः एक पर्यावलोकन' (सामना बैंकिङ पुरस्कार २०६९ बाट सम्मानित) भोलाराम श्रेष्ठको पहिलो कृति थियो भने 'नेपाल राष्ट्र बैंकमा तीन दशक अनुभव र अनुभूति' (२०८२) दोस्रो संस्मरणात्मक कृति रहेको छ । यो कृति आफ्नो जागिरे जीवनको सम्पूर्णतालाई अवलोकन गरेर लेखिएको कृति हो । विभिन्न देशहरूको भ्रमणा अनुभूति र वित्तीय क्षेत्रमा आफ्नो संलग्नता रहँदा गरिएका सम्पूर्ण कार्यलाई समेटिएको छ ।

## द्रष्टादृष्टिमा स्रष्टालाई शुभकामना मन्तव्य

कृतिको प्रारम्भमा नेपाल राष्ट्र बैंकका वर्तमान गभर्नर प्रा.डा. विश्वनाथ पौडेलसँगै पूर्व गभर्नरहरू डा. भेषबहादुर थापा, गणेशबहादुर थापा, सत्येन्द्रप्यारा श्रेष्ठ, डा. तिलक रावल, दीपेन्द्रपुरुष ढकाल, विजयनाथ भट्टराई, दीपेन्द्रबहादुर क्षेत्री, डा. युवराज खतिवडा, डा. चिरञ्जीवी नेपाल र महाप्रसाद अधिकारी तथा पूर्व का.मु. गभर्नर कृष्णबहादुर मानन्धरबाट 'शुभकामना मन्तव्य'सँगै कृतिप्रतिको दृष्टिकोण र कृतिकारप्रतिको सत्प्रेमयुक्त भावना व्यक्त भएका छन् । पुस्तकमा पूर्व कार्यकारी

निर्देशक माधवप्रसाद भट्ट र पूर्व प्राध्यापक डा. टिकानाथ शर्माको शुभकामना मन्तव्य समेत समावेश छन् ।

'लेखकीय'मा कृतिकारको कृतिलेखन गर्नुको दृष्टिकोण यस्तो रहेको छः 'ओझेलमा परेका मेरा बाल्यकाल र जागिरसँगै जीवनयात्राका स्मृतिका पुराना पानालाई पनि यसै कृतिमार्फत पल्टाउने प्रयास गरेको छु । यसबाट आजका र भविष्यका पुस्तालाई दशकौं अघिको कालखण्डको सामाजिक तथा आर्थिक परिदृश्य र त्यससँग जोडिएका पक्षहरू केही हदसम्म छर्लङ्ग हुने आशा छ । यो विगतलाई वर्तमानसँग जोड्ने एउटा सानो प्रयासमात्र हो (अग्रलेखबाट) ।

## कृतिगत सङ्क्षिप्त विश्लेषण

'नेपाल राष्ट्र बैंकमा तीन दशक अनुभव र अनुभूति' (२०८२) एक संस्मरणात्मक कृति हो । करिब ५०४ (चित्रमय झलकसहित) पृष्ठको यो कृति सुन्दर राष्ट्र बैंकको अग्रभागमा राखिएको चित्र र पृष्ठभूमि (कार्यगत दृष्टिकोण रहेको) मा कृतिकारको पूर्णकदको तस्विर राखिएको छ । अत्यन्त प्रभावकारी ढङ्गबाट प्रस्तुत गरिएको संस्मरणमा देशको यथार्थ अवस्था र कृतिकारको इतिवृत्त आएकोले कृति महत्त्वपूर्ण रहेको छ । यस लेखनलाई दश खण्डमा विभाजित गरिएको छ ।

खण्ड एकमा 'ओझेलमा पर्न नसकेका झझल्काहरू' पहिलो मूल शीर्षक हो । यसअन्तर्गत मेरो जन्मस्थल उहिलेको बनेपा र म, ऐतिहासिक र सास्कृतिक सहर भक्तपुरमा एक दशक, संस्कृतिमा उहिलेको चलचित्र जगत्, फलामे ढोका, विश्वस्तरीय डिप्लोमा एनभीटीसीको गरी यी पाँचवटा उपशीर्षक रहेका छन् । तिनमा जन्मथलोको सांस्कृतिक, ऐतिहासिक, परम्परा, विकासको अभावमा हुने कठिनाइ, विविध चाडपर्व, व्यापारिक सहर आदिको वर्णन गर्दै पारिवारिक पृष्ठभूमि र विगत एवम् वर्तमानको अवस्थालाई राम्रोसँग वर्णन गरिएको छ भने एक दशकसम्म भक्तपुरमा बस्दाको सन्दर्भमा भनिएको छ :

'मेरो बाल्यकालदेखि किशोरावस्थासम्म एक दशकभन्दा बढी समय मल्लकालीन गौरवमय इतिहास बोकेको साँस्कृतिक सहर भक्तपुरमा बित्यो । सो क्रममा त्यहाँको विशिष्ट भाषा, संस्कृति र रहनसहनसँग प्रत्यक्ष भिज्ने मौका पाएँ । साथीहरूसँगको उठबसबाट मेरो बोलीचालीको नेवारी भाषाको शैली ठ्याक्कै भक्तपुरको रैथानेको जस्तै भएको थियो । पुख्यौंली घर बनेपामा जाँदा नातेदार साथीहरू मलाई 'तँ त भक्तपुरे नै भइस् नि !' भनेर जिस्क्याउने गर्दथे ।' (पृ.१६)

खण्ड दुईमा 'जागिरे जीवनको पहिलो सात वर्ष' मूल शीर्षक हो । यसमा आईएनजीओ र ट्राभल एजेन्सीदेखि कृषि विकास बैंकसम्म र कृषि विकास बैंकमा अविस्मरणीय छ वर्ष दुईवटा उपशीर्षक रहेका छन् । बुवा भक्तपुरको गुठी

संस्थानको जागिरे ऐतिहासिक थलो भक्तपुरमा बसेको सन्दर्भ उठाउँदै बनेपा र भक्तपुरको आवतजावत गर्दाको संस्मरणले जीवनको प्रारम्भिक अवस्थालाई जनाउँछ ।

आईएनजीओ र ट्राभल एजेन्सीदेखि कृषि विकास बैंकमा रहँदाको अवस्थामा भएगरेका काममा हतारको निर्णय, फुर्सदमा पछुतो, सकस बहिर्गमनको, अन्ततः कृषि विकास बैंकमा गएको सन्दर्भ, केही सम्झना, काठमाण्डू ट्राभल्सका विविधायुक्त सन्दर्भ र जागिरसँगै उच्च शिक्षाको निरन्तरता, एसियाली विकास बैंकको परियोजनामा पाँच महिना, एउटा अप्रत्यासित मोड जागिर छोड्नेसम्मको मनस्थितिका सन्दर्भहरू आएका छन् ।

काम गर्ने सन्दर्भमा अनावश्यक कुराले पनि मन दुख्ने कुरालाई यसरी व्यक्त गरिएको छः 'तालिम कार्यक्रम ठीकठाकसँग चलिरहेको थियो तर तेस्रो दिन दिवाखाजालाई लिएर एक जना सहभागीले कक्षामा हल्का टिप्पणी गरेछन् । यति सानो कुरामा संयोजक उपाध्यायले तालिमकक्षभित्रै मलाई उपस्थित गराई त्यसको जिम्मेवारी ममाथि थोपारे, सबैको सामु अपराधीलाई जस्तै व्यवहार गरे ।' (पृ.५६)

खण्ड तीनमा- 'आठ गभर्नरका साथ तीन दशक (२०३६-२०६६)' यसको मूल शीर्षक रहेको छ । यसमा जीवनका सबैभन्दा महत्त्वपूर्ण मोड र कोशेढुङ्गा, मैले सुनेको र देखेको उहिलेको नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयमा मेरा आरम्भिक दिनहरू, गभर्नरका साथ शाखा भ्रमणका अविस्मरणीय स्मृतिहरू, २०३८ वैशाख १४ सम्झना एउटा ऐतिहासिक दिनको, विदेशी बैंकसँगको संयुक्त लगानीमा पहिलो वाणिज्य बैंक, बैंकिङ सेवाको पहुँचसँगै विकासात्मक क्रियाकलाप, नेतृत्वमाथि कालो बादलको छायाँ, गभर्नर कल्याणविक्रम अधिकारीः मैले अनुभव गरेको व्यक्तित्व, गभर्नर गणेशबहादुर थापा, नेतृत्वमा चुनौती, गभर्नर हरिशङ्कर त्रिपाठी, ३०/५८ अवकाश नीति र त्यसले ल्याएको तरङ्ग, अप्रत्यासित घटनाक्रम, सिलसिला पुनर्नियुक्ति र राजीनामा, गभर्नर सत्येन्द्रप्यारा श्रेष्ठको व्यक्तित्वलाई नजिकबाट नियाल्दा, गभर्नर डा. तिलकबहादुर रावलः नियुक्तिदेखि आकस्मिक अवकाश र पुनर्नियुक्तिसम्म, गभर्नर दीपेन्द्रपुरुष ढकाल, गभर्नर विजयनाथ भट्टराईको नियुक्ति र निलम्बनदेखि अवकाशसम्म, सम्झनामा बैंकको स्वर्ण जयन्ती महोत्सव, पुनरावृत्ति दुर्भाग्यपूर्ण घटनाको, कायममुकायम गभर्नर कृष्णबहादुर मानन्धर, गभर्नर दीपेन्द्रबहादुर क्षेत्री आदि उपशीर्षक दिएर नेपाल राष्ट्र बैंकभित्र भएका समस्त क्रियाकलापलाई बडो रोचकताापूर्वक व्याख्या, विश्लेषण गरिएको छ ।

यस खण्डमा कृषि विकास बैंकको स्थायी जागिर छोडेर राष्ट्र बैंकमा पसेका भोलाराम श्रेष्ठले सर्वप्रथम कल्याणविक्रम अधिकारीको निजी सहायक (पिए) भएर प्रारम्भ गरेकोमा आखिर गभर्नरको कार्यालय आठजना गभर्नरसम्मको कार्यसम्पादनमा संलग्नता जनाउनु भनेको उनको सहिष्णुता, कार्यशैलीमा देखिएको कुशलतालाई

जनाउँछ । यसमा पहिलो पदस्थापन गभर्नर कार्यालयमा, कृषि विकास बैंकको झस्काउने त्यो पत्र, राष्ट्र बैंकको जागिरले दिएको त्यो खुसी, सम्झना अग्रजहरूका, मानवीय पुँजीको निर्माण र कर्मचारीको हितलक्षित व्यवस्थाहरू, गभर्नरको सेक्रेटेरियटमा हुने विविध कामहरू, बिर्सनै नसकिने केही प्रसङ्गहरू, विकासात्मक क्रियाकलापहरू, आन्तरिक प्रशासनतर्फ, वित्तीय उदारीकरणतर्फका पाइला, विकट आर्थिक स्थिति, लघुवित्त बैंकिङ पद्धतिको थालनी, वित्तीय सहकारीको प्रवेश, प्रशासनिक सुधार, अस्थिर राजनीतिमा उत्पन्न परिस्थिति, आन्तरिक प्रहासनमा सुधार, स्मारिका प्रकाशन, आन्तरिक कामकारवाही आदि अनेक कामहरूको विस्तृत जानकारी यसबाट पाउन सकिन्छ ।

भोलाराम श्रेष्ठको २०३६ देखि २०६६ सालसम्मको अवधिमा आठवटा गभर्नर आए, गए । धेरै काम पनि भए । वित्तीय क्षेत्रको सुधारमा र आन्तरिक प्रशासनको सुधारका साथै अनेक घटनाहरू घट्दाघट्दै पनि समयानुकूल नयाँनयाँ कार्यहरू भएको सन्दर्भमा जानकारी हुने कुरामा दुईमत छैन । कतिपय शीर्षकहरूमा राजनीतिक घटनाक्रमलाई पनि उजागर गरिएको छ अर्थात् कृतिले यस अवधिको सन्दर्भलाई राम्रोसँग व्याख्या-विश्लेषण गरेको छ ।

खण्ड चारमा 'बैंकिङ सङ्कट/वित्तीय क्षेत्र सुधार कार्यक्रम' यसको मूल शीर्षक रहेको छ । यसमा दुईवटा उपशीर्षक रहेका छन्- बैंकिङ क्षेत्रमा सङ्कट (२०५०-२०६६) र वित्तीय क्षेत्र सुधार कार्यक्रमः पृष्ठभूमि, कार्यान्वयन र उपलब्धि । यसमा वित्तीय प्रणालीमा सुधार ल्याउने हेतुले अनेक किसिमका कामहरू भएका थिए । नेपाल फाइनान्स, लुम्बिनी बैंक, नेपाल बङ्गलादेश बैंक, बैंक अफ काठमाण्डू, नेपाल विकास बैंकको स्थापना, वित्तीय क्षेत्रका सम्बन्धमा अध्ययनहरू, वित्तीय क्षेत्र सुधार कार्यक्रमको थालनी, नेपाल राष्ट्र बैंकको पुनर्संरचना, नेपाल बैंक र वाणिज्य बैंकको पुनर्संरचना, वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि, वित्तीय क्षेत्र सुधार कार्यक्रको उपलब्धिलाई यसअन्तर्गत वर्णन गरिएको छ ।

खण्ड पाँचमा 'विभिन्न कार्यालय तथा विभागमा काम गर्दाका अनुभूतिहरू' यसको मूल शीर्षक रहेको छ । यसमा पाँचवटा उपशीर्षक रहेका छन्- गभर्नरको निकट सहयोगीदेखि सञ्चालक समितिको सचिवसम्म, अविस्मरणीय कार्यकाल वित्तीय संस्था सुपरिवेक्षण विभागमा, निरीक्षण पद्धतिको आधुनिकीकरण, स्मृतिमा ठूला विकास बैंकहरूको स्थलगत निरीक्षण, 'मिनी सेन्ट्रल बैंक' मा अविस्मरणीय कार्यकाल, त्यस बेलाको पुँजीबजार फर्केर हेर्दा । यी उपशीर्षकहरूले त्यस अवधिमा भए गरेका वित्तीय सुधारहरूलाई सङ्केत गरेका छन् । अप्रत्यासित घटनाहरूको कुरा, नेतृत्व परिवर्तन, सञ्चालक समितिको बैठक काठमाडौं बाहिर भएको सन्दर्भ, कृतिकार गभर्नर कार्यालयबाट बिदा भई सुपरिवेक्षण विभागमा गएपछि फरक अनुभूति भएको कुरा, केही समय सिद्धार्थनगरको बसाइ र नेपाल धितोपत्र बोर्ड (सेबोन) को

सञ्चालकमा हुँदाको अनुभूति आदिलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ ।

खण्ड छमा 'टिपनटापन' यसको मूल शीर्षक राखिएको छ । यसमा छवटा उपशीर्षकहरू राखिएका छन्ः बहुआयामिक प्राज्ञिक थलोका रूपमा नेपाल राष्ट्र बैंक, सम्झनामा लघुवित्तका शिखर व्यक्तित्व डा. हरिहरदेव पन्त, कर्मचारी सङ्गठनको उदय, पत्रकारितादेखि आर्थिक पत्रकारितासम्म, फर्केर हेर्दा त्यस बेलाको सूचना र मनोरञ्जन जगत्, प्रविधिमा छलाङ । यी उपशीर्षकहरूले नेपालको केन्द्रीय बैंकमा बहुप्रतिष्ठित व्यक्तित्व हुने र वित्तीय क्षेत्रको सुधारमा धेरै काम भएको सन्दर्भलाई उजागर गरिएको छ र त्यस अवधिमा लघुवित्तको सोचमा डा. हरिहरदेव पन्तको योगदानलाई विशेष स्थान दिएर व्यक्त गरिएको छ ।

राष्ट्र बैंकबाट विभिन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय संस्थामा प्रतिनिधित्व भएको सन्दर्भ र साहित्यिक क्षेत्रमा पनि योगदान भएको, सङ्गीत कला क्षेत्रमा पनि योगदान रहेको, कर्मचारी सङ्गठनहरू खडा भएपछि आफ्ना कुरा राख्न पाउने थलो भएको सन्दर्भलाई प्राथमिकतााको आधारमा व्याख्या गरिएको छ, साथै आर्थिक पत्रकारिताको सन्दर्भलाई उजागर गर्ने हेतुले आर्थिक क्षेत्रमा दिने योगदान महत्वपूर्ण रहेको कुरालाई उल्लेख गरिएको छ ।

खण्ड सातमा 'यात्रा संस्मरण' यसको मूल शीर्षक हो । यसअन्तर्गत यात्रा संस्मरण यात्राको लागि गरिएको यात्रा नभई नेपाल राष्ट्र बैंकबाट विभिन्न विदेशी वा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्रसँग सम्बन्धित संस्थाहरूले समय-समयमा गर्ने गोष्ठी, सेमिनारमा भाग लिन गएको अवस्थालाई संस्मरणको रूपमा समावेश गरिएको छ, जसले आर्थिक गतिविधिलाई प्राथमिकता दिन्छ, त्यहाँ भ्रमण गरिएका ठाउँहरूको अनुभूति, संस्कृति, परम्परा, रहनसहन वा ऐतिहासिक पृष्ठभूमिलाई उजागर नगरी केवल आर्थिक समुन्नति र सुधारमा गरिने कार्यक्रमलाई प्राथमिकता दिने हुनाले साहित्यिकभन्दा पनि कार्यालयीय भ्रमणको खाका कोरेको देखिन्छ । अर्थात् नितान्त साहित्यिक नभई आर्थिक गतिविधिसँग सम्बद्ध रहेको छ ।

यसको प्रारम्भमा भनिएको छः आजको विश्वमा यात्रा मानव जीवनको अभिन्न अङ्गको रूपमा रहेको छ, चाहे त्यो व्यक्तिगत तवरमा होस् वा कुनै तालिम-सेमिनारमा भाग लिने क्रममा, स्वदेशमा होस् वा विदेशमा । नौलो स्थानमा पाइला टेक्दा र अवलोकन गर्दा यात्रीलाई ज्ञान र मनोरञ्जनसँगै छुट्टै रोमाञ्चक अनुभूति हुन्छ । (पृ.२९३)

यसमा तीसवटा उपशीर्षक रहेका छन् । जसले नेपाल राष्ट्र बैंकमा छँदा देश-विदेशको भ्रमण कति भयो र साथमा को को थिए, साल-तिथि-मितिसहित त्यहाँबाट प्राप्त अनुभवलाई विस्तृत रूपमा वर्णन गरिएको छ । ती उपशीर्षक हुन्- विषयप्रवेश, दक्षिण भारतमा एक महिना, समुद्रपारको पहिलो विदेशयात्राः दक्षिणपूर्वी

एसियाली, केन्द्रीय बैंकका गभर्नरहरूको सम्मेलनमा बैंकक, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सारकक्षमा जे देखें, त्रिभुवन विमानस्थल भीआईपी कक्षका ती अधिकृत, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको बैठकमा वासिङ्गटन डीसी, चीनको विशाल पर्खालमा टेक्दा, टोकियो डिज्निल्यान्डमा रोमाञ्चित हुँदा, दक्षिणपूर्वी एसियाली केन्द्रीय बैंकका गभर्नरहरूको सम्मेलनमा कोरिया, कङ्गारुको देशमा नौ महिना, टापूहरूको देश इन्डोनेसिया, लन्डनदेखि फ्रयाङ्कफर्टसम्म, दुई समृद्ध सहर फ्रयाङ्कफर्ट र म्युनिख, फ्रयाङ्कफर्टबाट र काठमाडौं, क्वालालम्पुरदेखि ताइपेइसम्म, बासेलको दोस्रो संस्करणसम्बन्धी सेमिनारमा मलेसिया, म्यास्ट्रिजदेखि न्यूयार्कसम्म, फेडरल रिजर्भ बैंकको सेमिनारमा न्यूयोर्क र वासिङ्गटन, न्यूयोर्कदेखि कोलोराडोसम्म नेपाल सम्झाउने कोलोराडो, डेनभर विमानस्थलमा गलफत्ती, युद्धविरामपछिको कोलम्बोमा, बासेल छोटो बसाइ छाप अमिट, ओलम्पिक सहर एटलान्टाः केही तीतामीठा अनुभूति, वाशिङ्गन डीसी, न्यूयोर्क र फोर्ट कोलिन्सका केही सम्झना, कहीं नभएको जात्रा डेनभर विमानस्थलमा, तनावकाबीच लसएन्जलसको पर्यटन, डचबुन्डेज बैंकको सेमिनारमा फ्रयाङ्कफर्ट, जीवनमें एकवार आना सिंगापुर आदि ।

उपर्युक्त उपशीर्षकले हवाइयात्राको अनुभव, सम्बन्धित सहरमा पुगेको सन्दर्भ, सम्मेलनको महत्त्व, भ्रमणको क्रममा भएका विविध घटनाका कुरा, चीनको पर्खालको चामत्कारिता, क्यानबेराको बसाइ र चेन्नेइमा बस्दाको सान्दर्भिकता, जकार्ता-बाली पुग्दाको अविस्मरणीय सम्झनाहरू, मुद्रा व्यवस्थापन र सुपरिवेक्षणको सन्दर्भहरूआदि संस्मरण समाविष्ट गरिएको छ ।

सिंगापुरको सन्दर्भमा भनिएको सन्दर्भलाई संस्मरणकारको शब्द-वाक्यमा राख्नु उपयुक्त हुन्छ । जस्तैः 'सिंगापुर विश्वका पर्यटकीय गन्तव्यस्थलमध्ये एक मानिन्छ । विगतमा निकै लामो समय मलेसियाको अधीनमा रहेको यो एक विपन्न राष्ट्र थियो । कालान्तरमा प्रधानमन्त्री लिक्वानको नेतृत्वमा छोटो अवधिमै सिंगापुरले तीव्र आर्थिक विकास गरेको थियो । आज सिंगापुरलाई दक्षिणपूर्वी एसियामा पर्ने टापूका रूपमा रहेको समृद्धशाली मुलुक विश्वका पर्यटकीय गन्तव्यस्थलमध्ये एक मानिन्छ, साथै एक महत्त्वपूर्ण ट्रान्जिट विन्दु पनि । (पृ.३८१)

खण्ड आठमा 'आफ्नै वरिपरिः जागिरसँगै जीवनयात्राका अविस्मरणीय दिनहरू' यसको मूल शीर्षक रहेको छ । यसअन्तर्गत पाँचवटा उपशीर्षक रहेका छन् । ती हुन्- घडेरीको चक्कर, युवावस्थाको सनक, नयाँसडकमा मोटरसाइकल बरालिँदा, पारिवारिक यात्रा, साक्षात्कार २०४४ फागुन २९ को प्राकृतिक विपद्को । उपर्युक्त शीर्षकहरूको सन्दर्भले बताउँछन् कि यो मानिस जागिरको क्रममा सहर पसेपछि अनेक झन्झट आउँछन् तथापि मानिसले अगाडि बढ्नु नै पर्छ भन्ने धारणाबाट अनेक ठाउँमा काम गर्दै काठमाडौंमा बस्ने भएपछिका विविध सन्दर्भ र पारिवारिक यात्राका कुरा पनि आएका छन् ।

खण्ड नौमा अन्तिम शीर्षक 'उपसंहार' मात्र राखिएको छ । राष्ट्र बैंकप्रति आभार व्यक्त गरिएको छ । त्यस सन्दर्भमा भनिएको छः बहुआयामिक बौद्धिक तथा प्राज्ञिक व्यक्तिहरूको कार्यस्थल रहेको राष्ट्र बैंकजस्तो विशिष्ट निकायमा मेरो जीवनको सबैभन्दा उर्वर र ऊर्जाशील सुनौला तीन दशक अर्पण गर्ने सुअवसर पाएँ । त्यस क्रममा धेरै जना गभर्नर, डेपुटी गभर्नर सञ्चालक लगायत धेरै जना अग्रज तथा सहकर्मीहरूसँग पारिवारिक स्नेहिल वातावरणमा काम गर्न पाएको अवसरलाई गर्वका साथ सम्झना गर्दछु (पृ.४०८) ।

यसरी सम्पूर्ण लेखनलाई टुङ्ग्याइसकेपछि पनि 'खण्ड दशमा 'वि.सं. २०६६ पछिको नेपाल राष्ट्र बैंकको नेतृत्व र विद्यमान वित्तीय परिदृश्य' भनेर थपिएको छ । यसमा आफूले अवकाश प्राप्त गरेपछिको परिदृश्यलाई देखाउने क्रममा गभर्नर डा. युवराज खतिवडा, गभर्नर डा. चिरञ्जवी वाग्ले, गभर्नर महाप्रसाद अधिकारी र गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको कार्यकालको विषय उठान गरिएको छ र अन्तमा वित्तीय प्रणालीको विद्यमान परिदृश्यलाई देखाइएको छ ।

## कृतिगत रूपमा देखिएका मुख्य सन्दर्भका बुँदाहरू

(१) कार्यालयमा काम गर्दाको क्षणमा सामान्य कुरालाई ठूलो बनाएर हतोत्साहित गर्ने हाकिमको सन्दर्भमा- कृषि विकास बैंकमा कार्यरत रहँदा विराटनगरको तालिममा भएको निष्ठा र स्वाभिमानमा ठेस पुगेको (पृ.५६) सन्दर्भले आफूले राम्रो गर्न खोज्दाखोज्दै पनि नराम्रो आइपरेर जागिरबाट हात धुनुपर्ने मनस्थिति भएको कुराले प्रायशः कर्मचारी वर्गलाई आहत पुर्याउने गरेको साङ्केतिक स्वरूपलाई दिएर कृतिकारको लेखनशैलीको स्पष्टता, निर्भीकतालाई देखाउँछ ।

(२) यसमा वित्तीय संस्थाका हज्जारौं व्यक्तिहरूको क्रियाकलाप, संलग्नता, कार्यशैलीका विषयमा विस्तृत चर्चा गरिएको छ । नेपाल राष्ट्र बैंक केन्द्रीय बैंक भएको नाताले यसले सरकारी कारोबारका साथै सम्पूर्ण वित्तीय क्षेत्रलाई हेर्नुपर्ने हुनाले कुनकुन समयमा कस्ता नियम-विनियम बने, त्यसको प्रभाव कस्तो रह्यो भन्ने कुराहरूको साङ्केतिक स्वरूप प्रदान पनि गरिएको छ ।

ग्रन्थकारमा आफ्ना कुरा नलुकाई भन्ने प्रवृत्ति पनि देखिन्छ । संवेदनशील ठाउँमा बसेपछि पाइला-पाइलामा सचेत हुनुपर्ने आवश्यकतालाई देखाइएको छ । जस्तैः एक दिन गभर्नरसँग भेट गर्न उहाँहरूमध्ये एक जना मात्र आउनुभयो । यसपटक उहाँले परिचय दिनुभएनः ..यस्तो स्थितिमा गभर्नरसमक्ष आगन्तुकको परिचय कुन रूपमा प्रस्तुत गर्ने ? तर धेरै सोच्ने समय थिएन । आखिरमा आफूलाई सम्हाल्ने कोसिस गर्दै गभर्नरज्यूसमक्ष 'लवराज शर्मा हो कि नवराज चालिसे ? भेट्न आउनुभएको छ ।' भन्न पुगेछु । त्यस बेला मैले यथासम्भव आफ्नो मुख लुकाउने प्रयास गरेको थिएँ । पदीय धर्म ठीकसँग निर्वाह गर्न नसकेकोमा निकै असहज

महसुस भइरहेको थियो तथापि गभर्नरको भद्रतासँग जानकार थिएँ । त्यसैले केही ढुक्क पनि थिएँ । त्यो दिन आगन्तुकको परिचय दिने मेरो शैली साविकभन्दा भिन्न थियो सम्भवतः गभर्नरले मैले सामना गरेको स्थितिलाई महसुस गर्नुभयो, मतिर हेर्दै मुसुक्क हाँस्दै सहज ढङ्गले भन्नुभयो- 'ठीक छ, पठाइदिनुहोस्, तपाईंको लवराज हो कि नवराजलाई ।' (पृ.८५)

(३) यसमा आर्थिक स्थितिका कुराहरूलाई स्पष्टतया बुझाउनुपर्ने ठाउँमा फुटनोटको माध्यमबाट पनि बुझाइएको छ । वित्तीय क्षेत्रको समय-समयमा हुने गरेका घटनाहरू (जस्तै- गलैंचाकाण्ड), नोट छपाइका सन्दर्भहरू वा अन्य छपाइका सम्बन्धमा गरिएका समिति गठनका कुरालाई, नाटकमञ्चनसम्बन्धी कुराहरू, एक अर्ब डलरकाण्डका कुरा आदि अनेक सन्दर्भका साथै पत्र-पत्रिकामा प्रकाशित कुराहरूको सन्दर्भमा र पारिवारिक र विभिन्न समयमा देश-विदेशको भ्रमणमा भएका आर्थिक गोष्ठी, सेमिनारका तस्विरहरू समाविष्ट गरेर कृतिलाई सजाइएको छ ।

(४) यस कृतिमा भोलाराम श्रेष्ठले आफ्नो नाउँ राखेर दुईवटा शीर्षक- लेखकीय र हार्दिक आभार तथा धन्यवाद राखिएको छ । यो लेखकीयमा नै समावेश गरिएको भए राम्रो हुन्थ्यो । यस्तो सुन्दर कृतिमा यस किसिमको दुई-दुई ठाउँमा राख्नुपर्ने आवश्यकता हुँदैन र यसले कृतिको गरिमालाई घटाउँछ । साथै यसमा कतिपय ठाउँमा व्याकरणिक दोषहरू पनि देखिएका छन् । जस्तैः नाम/सर्वनाम वा नामिकपदमा-उल्लेखित (हुनुपर्ने- उल्लिखित), हाँस्यास्पद (हुनुपर्ने- हास्यास्पद), तीब्र (हुनुपर्ने- तीव्र), दृष्य (हुनुपर्ने- दृश्य) आदि अनेक शब्दमा देखिन्छ ।

पदयोग/पदवियोगमा- भएपनि (हुनुपर्ने- भए पनि), दिनु भएन (हुनुपर्ने- दिनुभएन) जस्ता क्रियापदमा ख्याल नगरेको देखिन्छ भने ब-व/श, ष, स आदिमा- वहिर्गमन (हुनुपर्ने- बहिर्गमन), अव (हुनुपर्ने- अब), वित्दै (हुनुपर्ने- बित्दै) यस्ता काम गर्दागर्दै पनि हुने कुरा हुन्, मात्र यसमा ध्यान दिनुपर्ने देखिन्छ । स्वयम् कृतिकार भोलाराम श्रेष्ठ जहिले पनि भाषागत रूपमा विशेष ध्यान दिने व्यक्तित्व भएकोले उहाँले लेखेको किताबमा बाल-प्रौढ-वृद्ध सबैले ख्याल गर्छन् र ए ! यस्तो पो लेख्नुपर्ने रहेछ भनेर पछ्याउने काम गर्छन्, कृति पढ्नु भनेको भाषा-सिकाइ पनि हो । आफ्नो गरिमा बढाउनु पनि हो, त्यसैले विशेष ध्यान जानुपर्छ ।

(५) अन्तमा- 'नेपाल राष्ट्र बैंकमा तीन दशक अनुभव र अनुभूति' संस्मरणात्मक कृति अत्यन्त सुन्दर छ, उद्देश्यमूलक छ, सामान्य कुरालाई छाडेर परिष्कृत छ, वर्णनात्मक शैलीमा विषयवस्तुको व्यापकता रहेको छ । सबैलाई काम लाग्ने बैंकिङ क्षेत्रका अनेक व्यक्तित्वको कार्यशैली र व्यवहारलाई पनि उजागर गर्ने कृति सङ्ग्रहणीय र पठनीय रहेको छ । यसै सन्दर्भलाई हृदयङ्गम गरी कवितात्मक भावना व्यक्त गर्दै कृतिगत सङ्क्षिप्त लेखनलाई टुङ्ग्याउँछुः

*वित्तीय क्षेत्रको ज्योति केन्द्रीय बैंकमा बसी ।*
*विधि विधानको खाका खोलिएको मौद्रिकी ॥*
*आफ्नो कर्तव्यमा लाग्ने नचुक्ने व्यवहारमा ।*
*यथार्थपथमा लम्की बित्यो जीवन सारमा ॥ १ ॥*

*सबैका प्रिय साथी भै तीन दशक याममा ।*
*कर्मको मार्ग पैल्याई चलेको सुष्ठु साधना ॥*
*हुन् 'भोलाराम' संस्कारी आदर्श करुणा गुनी ।*
*व्यवहार छ गम्भीर देखिन्छ अर्थको ध्वनि ॥ २ ॥*

*बैंकिङक्षेत्रको सार खिचिएको छ कथ्यमा ।*
*आर्थिक-भावना-चित्र कोरिएको छ तथ्यमा ॥*
*वर्णनात्मक शैलीमा परिष्कृत छ वर्णन ।*
*सुन्दराकृतिमा देख्छु अर्थको रूप दर्शन ॥ ३ ॥*

*कतै छन् घटनाचक्र कतै अर्थ-सुधारमा ।*
*महिमा गाइएको छ कतै भाव-विचारमा ॥*
*गम्भीर रचना-सूत्र सङ्केतात्मक धारणा ।*
*अनेकौं व्यक्तिको चित्र-विचित्र बन्छ साधना ॥ ४ ॥*

*कतै आभार व्यक्तिन्छ कतै छन् अभिभावक ।*
*कतै सादर झल्किन्छ बन्दिन्छन् ती सुधारक ॥*
*खुला आकाश झैं लाग्ने 'भोलाराम' विचारक ।*
*अर्थ सौन्दर्यको भाका खुलाउने सुधारकै ॥ ५ ॥*

*जीवन्त-जीवनीभित्र सम्झनाको उचाइ छ ।*
*ऐतिहासिक सन्दर्भ सूक्ष्मताको रखाइ छ ॥*
*बाल्यावस्था कतै खुल्छ कतै यौवनका छिटा ।*
*देश-विदेश-यात्रा छन् आत्मीय भाव-बाछिटा ॥ ६ ॥*

*यस्तो सुन्दर सामर्थ्य व्यक्तिन्छ कृति सारमा ।*
*सङ्ग्रहणीय देखिन्छ वित्तीय व्यवहारमा ॥*
*सबैको जीवनीजस्तो पूर्णमा पूर्ण साधना ।*
*बधाई छ बधाई छ बधाई शुभकामना ॥*

*धुम्बाराही, काठमाडौं*

❖ ❖ ❖

# श्रुतिः कोमलताको उत्सव !

✍ रितु गुप्ता

सफलता र शालीनता एकापसमा शत्रु हुन् र ? उनी महत्त्वाकांक्षी र सफल भए ओभानो र कठोर हुन्छिन् ? अनि कोमल र सभ्य छिन् भने कमजोर वा गतिहीन नै हुन् त ? म बाल्यकालदेखि नै सधैं अचम्म मान्थें, मलाई किन सधैं यही कुरा सिकाइयो ? हाम्रा चलचित्र, परिवार, समाज र सुनिने कथाहरूले पनि सधैं यही भ्रमलाई मात्र दोहोऱ्याइरहे। यो सङ्कुचित सीमा कसले र किन तय गऱ्यो ? कसले हाम्रो मगजमा यो सोच हालिदियो कि एउटै नारी अस्तित्वभित्र प्रखर बौद्धिकता, अदम्य साहस, उच्च निर्णय क्षमता, गहिरो संवेदनशीलता र निष्कपट कोमलता सँगसँगै फक्रिन सक्दैनन् ? यो प्राकृतिक नियम विपरीतको अत्यन्तै साँघुरो मानसिकता हो र यस्तो गलत धारणालाई कहिल्यै सामाजिक सत्यको रूपमा स्वीकार गर्न मिल्दैन ।

मेरो बाल्यकालदेखिको यही अनुत्तरित प्रश्न र कौतुहलताले तब जीवन्त उत्तर पायो, जब मैले मेरी साथी श्रुतिलाई भेटें । उनी भर्खरै आफ्ना महिला मित्रहरूसँग अयोध्या, वाराणसी, प्रयागराज, वृन्दावन, ऋषिकेश र हरिद्वार जस्ता धार्मिक ठाउँहरूको भव्य आध्यात्मिक तीर्थयात्राबाट फर्किएकी थिइन् । यात्राका अनुभूतिहरू साटासाट गर्दागर्दै अचानक उनले यस्तो गम्भीर विषयलाई स्पर्श गरिन्, जसले मलाई महिनौंसम्म गहिरो आत्मसमीक्षामा धकेलिदियो किनकि यो ब्रह्माण्डको आधा जनसङ्ख्याको मौन यथार्थ थियो ।

त्यतिबेला मेरो मनमा भएको सचेत हलचलका केही लहरहरू म यस लेखका माध्यमबाट यहाँ प्रस्तुत गर्दैछु, यस आशाका साथ कि यसको प्रवाहले हजुरको मनको कुनै कुनालाई पक्कै स्पर्श गर्नेछ । आखिर जीवनको शाश्वत नियम पनि त यही हो, जब हामी कुनै सत्यलाई नलुकाई सहजै स्वीकार गर्छौं, तब समाधानका बाटाहरू आफैं खुल्दै जान्छन् ।

...... कफीको एउटा तातो चुस्की लिंदै उनी अचानक कता हो कता हराएजस्तै देखिइन् । कफी शपको भीडभाड र मान्छेहरूको हाँसोका बीचमा पनि उनको त्यो मौनता निकै गहिरो र अर्थपूर्ण देखिन्थ्यो । झ्यालबाट बाहिर व्यस्त सडकको ट्राफिकलाई टोलाएर हेरिरहेकी श्रुतिले कफीको कप टेबलमा राख्दै

सुनाइन्, "थाहा छ, त्यो यात्राबाट फर्किंदै गर्दा गाडीमा मेरी एउटी साथीले अचम्म मान्दै सोधेकी थिइन्- श्रुति ! तिमी यति धेरै सुन्दर छौ । पद, पैसा, प्रतिष्ठा सबथोक छ । जीवनमा रमाएर खेलकुद, नाचगान, आफ्ना शौक, घुमघाम र अध्यात्ममा पनि लागेकी छौ । मान्छेले जे-जे सपना बुन्छन्, ती सब तिमीले पाएकी छौ । म जान्न उत्सुक छु, तिमी जस्तो मान्छेले भगवान्सँग के माग्यौ होला ?"

मैले उनको कुरा काट्दै उत्सुकताका साथ सोधें, "अनि तिमीले के भन्यौ त श्रुति ? तिम्रो इच्छा सुन्न त म पनि उत्तिकै उत्सुक छु । मलाई पनि लाग्छ, तिमी जत्तिको स्थापित महिलासँग अब संसारबाट चाहने कुरा केही बाँकी छैन होला ।"

श्रुतिका आँखाहरू अचानक एउटा छुट्टै, रहस्यमयी चमकले चम्किए । उनको हाउभाउमा गज्जबको शालीनता र न्यानोपन अनि अनुहारमा परम शान्ति देखियो । उनले मतिर हेर्दै सुस्तरी भनिन्, "मैले लामो सास फेरें र मनले भन्यो- मैले बाहिरी उपलब्धिलाई नै अन्तिम गन्तव्य मान्दै आएँ, तर अब एउटी पूर्ण नारी बन्नु छ, मेरो नारीत्वलाई अँगाल्नुछ ।"

उनको यो जवाफ सुनेर म बेस्सरी हाँसें । त्यो हाँसोमा मेरो आफ्नै चेतनाको साँघुरोपन लुकेको थियो । श्रुतिले भनिन् कि उनको गाडीमा भएकी ती साथी पनि त्यसरी नै हाँसेकी थिइन् । तर श्रुति भने पूर्ण रूपमा गम्भीर र शान्त थिइन् । उनको ओठमा एउटा शालीन मुस्कान तैरिरहेको थियो । मैले आफ्नो हाँसो रोक्दै भनें, "लौ, यो त बडो रोचक कुरा गर्यौ श्रुति । मलाई अझै विस्तारमा भन न, सबथोक पाएकी तिमी जस्ती आधुनिक महिलाले फेरि कुन नारीत्वको कुरा गरेकी ? वास्तविकता के हो ? हामीले त सधैं स्वतन्त्र हुनु भनेको पुरुष जस्तै दह्रो हुनु हो भन्ने बुझ्यौं, अनि तिमी कोभन्दा कम छौ र ?"

"हेर न !" उनले कफीको कपलाई दुवै हातले सुस्तरी बेर्दै मतिर हेरेर भनिन्, "म सानैदेखि एउटा अनौठो र क्रूर दौडमा कुदाइएँ । पितृसत्तात्मक व्यवस्थालाई जित्नुपर्छ र आफूलाई कहिल्यै कम आँक्नुहुँदैन भन्ने सानैदेखिको सामाजिक स्कुलिङ थियो । घर, स्कुल र कलेज सबै ठाउँमा त्यही मन्त्र फुकिन्थ्यो । मैले त्यसै गरें । म कक्षाको पहिलो मनिटर भएँ, हरेक हाजिरीजवाफ, वक्तृत्वकला र वादविवाद प्रतियोगिता जितें; कलेज टप गरें र छात्रवृत्ति पाएँ । यसरी निरन्तर मिहिनेत गर्दै मैले नाम, दाम, स्थापित करिअर र आर्थिक आत्मनिर्भरताको त्यो शिखर चुमें, जहाँ पुग्ने सपना धेरैले बुन्छन् । तर यो बराबरीको दौड कति बिझाउने खालको थियो, कसैले बुझेन । बाहिरबाट हेर्दा म रूप, विवेक, पद र प्रतिष्ठाको एउटा पूर्ण मिश्रण जस्तै देखिन्थें, जो साहसी छ र जीवनमा समस्या होइन, सधैं समाधान उन्मुख छ । तर मैले पुरुष जस्तै दह्रो बन्न थाहै नपाई आफैंभित्रको कोमलतालाई हरेक दिन घाँटी थिचेर मारें ।"

उनको त्यो हेराइमा एउटा गहिरो, अनुत्तरित प्रश्न लुकेको थियो । उनले सुस्तरी भनिन्, "तर विचार गर त ! हामीले पुरुषहरूलाई जितेर जे-जे हासिल गर्यौं, के त्यसले साँच्चै हामीलाई बलियो बनायो ? कि हामीले कसैलाई हराएको नाटक गर्दागर्दै आफैंभित्र कतै न कतै आफैंलाई पो हार्दै थियौं कि ? के यो बराबरीको भारी बोक्नु नै स्वतन्त्रता हो ?"

उनले यो प्रश्न हावामै छाडिदिइन् । कफी शपको त्यो सानो कुनामा अचानक एउटा गहिरो सुनसान छायो र मेरो मनभित्र एउटा अनौठो छटपटी सुरु भयो, जसको जवाफ वास्तवमा मसँग थिएन- मैले कफीको कप हल्लाउँदै लवजमा समाजको जस्तै व्यङ्ग्य मिसाएर सोधें, "श्रुति, यो दर्शन र ठूला कुराहरू छाडिदेऊ न यार ! साँच्चै भन न, तिमीले बिहे चाहिँ कहिले गर्ने नि ? कि धेरै पढेर योग्यता अलि बढी भएपछि योग्य पुरुष भेटाउनै गाह्रो भएको हो ? मान्छेहरू भन्छन् नि, धेरै महत्त्वाकांक्षी महिलाहरूलाई कसैले धान्न सक्दैन, त्यस्तै भएको त होइन ? एउटी नारीको भित्री कोमलता जति नै समृद्ध भए पनि, त्यो नदीले आफ्नो पूर्ण अस्तित्व पाउन र सागर बन्न कतै न कतै पुरुषरूपी बलियो किनारकै सहारा चाहिन्छ भन्छन् नि, होइन र ?"

श्रुति कत्ति पनि विचलित भइनन् । उनले कफीको कप सुस्तरी टेबलमा राखिन्, उनको अनुहारको त्यो गहिरो शालीनता र मुस्कान झन् गाढा भयो । कफी शपको त्यो चर्किएको कडा हावामा वृन्दावनको मन्दिरमा बलिरहेको कपुर र ताजा तुलसीको जस्तो एउटा सुगन्धित हावाको झोक्का सुस्तरी तैरियो । यो बास्ना बाहिरबाट आएको थिएन, यो त उनकै भित्री चेतनाबाट बिस्तारै फैलिरहेको नारीत्वको एउटा गहिरो, नयाँ पाटो थियो ।

उनले मतिर गम्भीर भएर हेर्दै भनिन्, "मान्छेहरू सोच्छन् म धेरै छनोट गर्छु, म घमण्डी भएँ, बिहेको उमेर ढिलो भयो । तर वास्तविकता यो हो कि, आजका शिक्षित र आर्थिक रूपमा सक्षम महिलाहरू विवाहको निर्णय लिन किन अलि समय लगाउँछन्, यो समाजले कहिल्यै बुझ्न खोजेन । जोसँग समाजले विवाहको एउटा पुरातन घेराभित्र कैद गर्न खोज्दैछ, ती त्यही पुरुष वर्ग हुन् जसलाई ती महिलाहरूले हिजो आफ्नो अस्तित्व रक्षाका लागि सधैं प्रतिस्पर्धीको रूपमा देखे । स्कुलदेखि करिअरसम्म जसलाई हामीले प्रतिस्पर्धी मान्यौं, आज अचानक तिनैसँग हाँसीखुसी एउटै छतमुनि आफ्नो सिङ्गो जीवन समर्पण गर भन्दा कति जटिल महसुस हुन्छ, सोचेका छौ ? त्यसमाथि हाम्रो समाजमा सासू, ससुरा र परिवारको एउटा यस्तो पुरातन मानसिकता सजिएको हुन्छ, जहाँ एउटी शिक्षित र सक्षम बुहारीलाई उनीहरू सहजै स्वीकार गर्नै सक्दैनन् । मान्छेहरू समाजले बनाएका कतिपय बेकारका र साँघुरो परम्परालाई यति गहिरोसँग आफ्नो दिमागमा सजाएर राख्छन् कि उनीहरूलाई त्यही नै परम सत्य लाग्छ, चाहे त्यो भित्रभित्रै कति पनि खोक्रो किन नहोस् ।"

"म तिम्रो सफलताको कति ठूलो फ्यान हुँ, तिमीलाई थाहा छ श्रुति ? तर मलाई एउटा कुरा बुझाइदेऊ न, तिमी जस्ता पढेलेखेका, जान्नेबुझ्नेहरू आफ्नो कथनकथित विवेकबाट छानेकासँग विवाह गरेर पनि भित्रभित्रै रोइरहेका हुन्छन् नि, होइन र ? आफूले रोजेको मान्छेसँग त सुख पाउनुपर्ने हो, फेरि कहाँ गल्ती हुन्छ ? आखिर के पुग्दैन तिमीहरूलाई ?"

श्रुतिले कफीको कपलाई दुवै हातले समातिन्, मानौं उनी आफ्नो मनभित्रको पुरानो चिसोलाई तातो दिइरहेकी थिइन् । उनले टाढा कतै हेर्दै निकै आत्मीय स्वरमा भनिन्, "गल्ती त्यहीँ हुन्छ । जब हामी कसैलाई अगाध प्रेम गर्छौं नि, अन्जानमै उसको परिस्थितिलाई आफ्नो र उसको पीडालाई आफ्नो जिम्मेवारी ठान्न पुग्छौं । हामीलाई लाग्छ, हाम्रो निष्कपट मायाले उसको मूल संस्कार नै बदल्न सक्छ । हामी उसलाई एउटा यस्तो 'प्रोजेक्ट' ठान्छौं, जसलाई हामी आफ्नै हातले सुन्दर बनाउन सक्छौं । तर सत्य निकै निष्ठुरी हुन्छ । तिमी कसैको मूल चरित्र बदल्न सक्दैनौ । अरूलाई पूर्ण बनाउने र सुधार्ने चक्करमा महिलाहरू आफैंभित्र कतिखेर रित्तिइसकेका हुन्छन्, पत्तै पाउँदैनन् । कसैलाई सम्हाल्दा आफैं टुट्नु ! यो केवल एउटी श्रीमतीको मात्र कथा होइन । एउटी छोरी, एउटी आमा र प्रेममा चोट पाएकी हरेक नारीले अन्जानमै यही भ्रमको सबैभन्दा ठूलो मूल्य तिरिरहेका छन् ।"

"तिमीलाई एउटा ऐतिहासिक यथार्थ थाहा छ ?" श्रुतिले झ्याल बाहिरको अस्ताउँदै गरेको घामको लालीमालाई हेर्दै भनिन्, "मान्छेहरू सोच्छन् कि यो पुरुष र महिलाबीचको द्वन्द्व सधैं यस्तै थियो । तर भनिन्छ कि, मानव इतिहासको सुरुआती लामो समय अर्थात् सिकारी युगमा, समाज पूर्ण रूपमा समताको धरातलमा थियो । पुरुषहरू शिकार गर्थे, महिलाहरू फलफूल र कन्दमूल जम्मा गर्थे । घर चलाउने र दैनिक जीवन धान्ने अधिकांश खाद्यान्न महिलाले नै जुटाउने हुनाले उनीहरूको सामाजिक हैसियत पुरुष सरह बलियो, स्वतन्त्र र आदरयुक्त थियो । तर जब मान्छेले खेतीपाती गर्न थाले र निजी सम्पत्तिको जन्म भयो, तब सबै कुरा बदलियो । पुरुषहरूले शारीरिक श्रम र युद्धको बलमा जग्गामाथि कब्जा जमाए । अब आफ्नो त्यो सम्पत्ति आफ्नै जैविक छोरालाई मात्र हस्तान्तरण गर्नका लागि उनीहरूलाई एउटी महिलाको शरीरमाथि पूर्ण नियन्त्रण चाहिएको थियो, ताकि सन्तान आफ्नै हो भन्नेमा उनीहरू ढुक्क हुन सकून् । हो, त्यही विन्दुबाट महिलाहरू समान साझेदारबाट हटेर पुरुषको सम्पत्ति जस्तै बन्न पुगे । यो द्वन्द्व त्यही ऐतिहासिक सम्पत्तिको अहङ्कारबाट जन्मिएको रैछ ।"

मैले अचम्म मान्दै सोधें, "यो हजारौं वर्ष पुरानो कडी आज कसरी आधुनिक सम्बन्धहरूमा द्वन्द्व बनेर निस्किएको छ त ? आजको समाजले त समानताको कुरा गर्छ नि, होइन र ?" श्रुतिले मतिर गम्भीर भएर हेर्दै भनिन्, "किनभने आज त्यो

हजारौँ वर्ष पुरानो 'मौन सम्झौता' पूर्ण रूपमा टुटिसकेको छ । पुराना दिनहरूमा एउटा अलिखित सम्झौता थियो- 'म तिमीलाई आफ्नो स्वतन्त्रता सुम्पिन्छु, बदलामा तिमीले मलाई सुरक्षा र जीविकोपार्जन सुनिश्चित गर । तर यसमा महिला पीडित हुनुपर्ने वा समता विपरीत कुनै सर्त थिएन ।' तर आजको आधुनिक युगमा धेरै महिलाहरू शिक्षित छन्, उनीहरू आफ्नो खुट्टामा उभिएका छन् र आफ्नो जीविकोपार्जन आफैँ गर्न सक्छन् । उनीहरूलाई अब आर्थिक रूपमा पुरुषको सहारा चाहिँदैन । जब यो पुरानो सम्झौता टुट्छ, तब आफ्नो मानसिक र भावनात्मक चेतनामा काम नगरेका पुरुषहरू कतै न कतै अलमलिन्छन् । उनीहरूलाई एउटी आत्मनिर्भर महिलासँग बराबरीमा उभिएर सहयात्री बन्न सिकाइएकै हुँदैन, उनीहरू त केवल आफ्नो परम्परागत दायित्व र अहम् जोगाउने चौघेराभित्र मात्र सीमित रहन्छन् ।"

"तर वास्तविकता यो हो कि, एउटा परिपक्व, समझदार र आदरयुक्त पुरुषको छहारीमा एउटी महिला सधैँ सुरक्षित हुन्छिन् । त्यहाँ उनी आफूलाई 'उत्कृष्ट श्रीमती' वा 'उत्कृष्ट आमा' प्रमाणित गरिरहनुपर्ने कुनै दबाब र चरित्रको प्रमाणपत्र चाहिँदैन । त्यस्तो पवित्र सम्बन्धमा जब एउटी महिला आफ्नो श्रीमान् र परिवारको अगाडि झुक्छिन्, त्यो कुनै अन्धो सामाजिक रीतिरिवाज वा दबाबका कारण होइन, बरु उनीहरूले दिएको अथाह प्रेम र सुन्दर जीवनप्रतिको एउटा पवित्र कृतज्ञताको कारण । तर यो कुरा यो साँघुरो समाज र यसका परम्परागत मनहरूले सहजै आत्मसात् गर्न सायद सकिरहेका छैनन् ।"

"हाम्रा प्राचीन इतिहास र ग्रन्थहरूमा नारीत्वको कति भव्य व्याख्या गरिएको छ, थाहा छ ?" श्रुतिले आफ्नो लवजमा एउटा शान्त स्थिरता मिसाउँदै भनिन्, "प्राचीन समयमा नारीलाई केवल भान्साको परिधिमा होइन, ज्ञान, समाज र हरेक ठूला निर्णयको सर्वोच्च स्थानमा राखिएको थियो । पुर्खाहरूले बनाएका कतिपय रीतिरिवाजहरू सुरुमा महिलाको सुरक्षा र मर्यादाका लागि एउटा पवित्र कवचका रूपमा विकास गरिएका थिए । यसलाई एउटा सानो उदाहरणबाट बुझ न ! हामी एउटा सानो र कलिलो बिरुवालाई बाहिरी जनावर र आँधीबेहरीबाट जोगाउन त्यसको वरिपरि एउटा बलियो बार हाल्छौँ, सुरुमा त्यो बारले बिरुवालाई सुरक्षा दिन्छ । तर जब त्यो बिरुवा बढेर एउटा ठूलो, फैलिन खोज्ने रुख बन्न थाल्छ, तब त्यही पुरानो साँघुरो बारले उसको हाँगाबिँगा र जरालाई थिच्न थाल्छ । हो, ठ्याक्कै त्यस्तै भयो; सुरुमा सुरक्षाका लागि बनाइएका ती नियम र सिमानाहरू समयक्रममा महिलाको स्वतन्त्र अस्तित्व र क्षमताका लागि एउटा स्थायी पिँजडा र कारागार बन्न पुगे ।"

"प्राचीन कालमा पुरुषहरू दिनभरि जङ्गल, खेत र युद्धमैदानमा सङ्घर्ष गर्थे र घर महिलाको साम्राज्य हुन्थ्यो । जब पुरुष थकित भएर घर फर्कन्थ्यो, महिलाले घरको वातावरण शान्त र मधुर राख्थिन् ताकि उसको थाकेको मस्तिष्कले आराम

पाओस् र यो सन्तुलन थियो । तर समय बित्दै जाँदा, साँघुरो सोच भएका मान्छेहरूले ती नियमलाई बङ्ग्याए । उनीहरू आज पनि महिलाबाट त्यही प्राचीन समर्पण र सेवा मात्र चाहन्छन् ।"

"तर सोच त साथी- पुरुषले आफ्नो बाहिरी संसारको लडाइँ जितेर घर फर्कँदा सधैं शान्तिको अपेक्षा राख्यो, अनि आज जब महिला बाहिरको त्योभन्दा ठूलो युद्ध र प्रतिस्पर्धा जितेर घर फर्कन्छिन्, उनले घरको ढोकामा के पाउँछिन् ? के कसैले उनको थाकेको मस्तिष्कका लागि त्यो कोमलताको ओछ्यान तयार पारेको हुन्छ ? कि त्यहाँ अर्को एउटा चिसो र मौन युद्ध उनको पर्खाइमा हुन्छ ? के यो सुरक्षाका नाममा कोरिएको सिमाना हो, या मर्यादाको भेषमा सजाइएको एउटा सुन्दर कारागार हो, जसको उत्तर आज यो समाजका परम्परागत मनहरूले कहिल्यै खोज्न नै चाहेनन् ?"

मैले कफीको चुस्की लिँदै भनें, "तर श्रुति, यहाँ सहनशीलतालाई नै संस्कार हो भनिन्छ । समाजको डरले मात्र घरमा इज्जत दिएको नाटक पनि गरिन्छ । केही तलमाथि भयो भने माइतीले समेत स्वीकार गर्दैनन् । न्यूनतम माया र सम्मानमै चित्त बुझाउनुपर्ने ठाउँमा तिमी कुन सुरक्षा र स्वतन्त्रता खोज्दैछौ ? घरभित्रको टर्चर सहेर बस्नु त यहाँको नियम नै हो । तिमी कुन नयाँ संसार खोज्दैछौ ?"

श्रुतिले मलाई हेरिन् । कफीको कप राख्दै एकदमै शान्त स्वरमा भनिन्, "जसले आफ्ना बच्चाहरूको साँचो फिक्री गर्छन् नि, उनीहरू 'चार जना मान्छे' को फिक्री गर्दैनन् । पुस्तौंदेखिको यो ट्रमालाई मैले 'संस्कार' भनेर कहिलेसम्म बोकिरहने ? यदि म आफैंभित्र सुरक्षित छैन भने, समाजको यो पिँजडाको के अर्थ ? म कसैसँग लड्न गइरहेकी होइन । मेरा आँखाले बाहिर मात्र देखे, अब मभित्र हेर्न चाहन्छु । म त केवल ढुक्कले सास फेर्न र आफैंलाई प्रेम गर्न चाहन्छु । मलाई भन, यो कुन संस्कारको विरुद्धमा छ ?"

मैले कफीको अन्तिम चुस्की लिँदै श्रुतिको अनुहारमा हेरें । उनको त्वचामा एउटा अलौकिक कान्ति थियो, मानौं वृन्दावनको सात्विक ऊर्जा र ऋषिकेशको गङ्गा किनारको शीतल हावा अझै पनि उनको वरिपरि घुमिरहेको थियो ।

"तर श्रुति !" मैले आफ्नो स्वरलाई अलिकति नरम बनाउँदै भनें, "तिमीले भनेका कुराहरू सुन्दा त विवाह एउटा पवित्र बन्धनभन्दा बढी, दुई विपरीत सोचहरू बीचको अन्तहीन सङ्घर्ष र युद्धमैदान जस्तो मात्र देखियो । हाम्रा आमाहरूले पनि त लुगा धोएर, बच्चाको हेरचाह गरेर र श्रीमान्को खल्ती हेरेरै घर-व्यवहार कति सहज र खुसीका साथ सम्हालेका हुन्थे, होइन र ? के उनीहरूको त्यो सम्पूर्ण समर्पण र त्याग केवल एउटा लाचारी र कमजोरी मात्र थियो त ?"

श्रुतिको स्वरमा शालीन गम्भीरता थपियो, "मेरी आमा आफैंमा एउटा बलियो महिला हुनुहुन्छ, जसले समाजसँग लडेर मलाई पढ्ने र जागिर खाने वातावरण बनाइदिनुभयो, तर उहाँलाई मनाउन मलाई कहिल्यै सजिलो भएन । उहाँ मलाई अगाध माया त गर्नुहुन्छ, तर समाजको डरले उहाँको चेतनालाई कतै न कतै बाँधेको छ । मेरो बाल्यकालदेखि नै हरेक नयाँ इच्छाको अगाडि उहाँको एउटै वाक्य हुन्थ्यो, "तिमी छोरी मान्छे हौ, आफ्नो सीमामा बस्नुपर्छ ।" उहाँहरूको त्यो समर्पण लाचारी थिएन, तर उहाँहरूले आफ्नो अस्तित्वलाई ओत दिन जुन चौघेरा स्वीकार गर्नुभयो, आजको समयले त्यसलाई पर्याप्त मान्दैन ।"

"एउटा कुराले मलाई अझै पनि बिझाउँछ । जब म लोक सेवाको परीक्षा उत्तीर्ण गरेर अन्तर्वार्ताको तयारी गर्दै थिएँ, घरमा खुसीको माहौल हुनुपर्ने ठाउँमा एउटा मौन र निसासिँदो तनाव थियो । मेरै एकजना नजिकका आफन्तले आमाको अगाडि चियाको कप राख्दै भनेका थिए, "लोक सेवा पास गरेर ठूलो हाकिम त बन्ली, तर भोलि यसको ओहोदा र रवाफ धान्न सक्ने केटा कहाँबाट खोज्नुहुन्छ ? धेरै पढेकी र ठूलो पदमा भएकी महिलासँग बिहे गर्न कुनै पनि राम्रो केटाको अहम्ले मान्दैन । बरु बेलैमा भान्साको काम र समाजमा लचिलो हुन सिकाउनुस्, भोलि घर व्यवहार चलाउन काम लाग्छ ।" त्यो रात म आफ्नो कोठामा एक्लै बसेर अन्धकारमा सोचिरहेँ- मेरो योग्यता, मेरो मिहिनेत र मेरो बौद्धिकता मेरो सफलता हो कि मेरो जीवनको सबैभन्दा ठूलो अभिशाप ? वास्तवमा धेरैजना यस्ता थिए जो सधैं मेरो एउटा सानो गल्ती वा असफलताको पर्खाइमा गिद्धजस्तै आँखा गाडेर बसेका थिए, ताकि म कतै लडौं र उनीहरूले गर्वका साथ ताना मार्दै भन्न सकून्, "देख्यौ ? चरी जतिसुकै माथि उडे पनि आखिर आउने त धर्तीमै हो नि, खुब आकाश चुम्ने रहर गर्थी !"

"आधुनिक समाजको कस्तो पाखण्डपन हो यो !" श्रुतिले लवजमा अलिकति व्यङ्ग्य मिसाउँदै भनिन्, "उनीहरू शिक्षित र कमाउने बुहारी पनि चाहन्छन्, तर घरभित्र छिरेपछि उसले शतप्रतिशत एउटी पुरातन भान्सेको कडी सम्हालोस् भन्ने अपेक्षा पनि राख्छन् । समाजले अहिले महिलाका लागि 'सबै कुरामा सर्वगुणसम्पन्न' हुनैपर्ने एउटा नयाँ र झन् क्रूर भारी बोकाइदिएको छ । पहिले महिलाहरू केवल घरभित्र थुनिएका थिए, अहिले उनीहरूलाई बाहिर काम गर्ने स्वतन्त्रता त दिइयो, तर घरको सम्पूर्ण बोझ पनि उनकै काँधमा छाडियो । सधैंको तुलना र पूर्णताको दबाबले महिलालाई सशक्त होइन, झन् कमजोर र मानसिक रूपमा थकित बनाउँदै लगेको छ ।"

"आखिर यी महिलाहरू किन सधैं एउटा सुपरवुमन बन्ने दौडमा कुदिरहनुपर्ने ? न उनीहरू घरलाई पूरा समय दिन सक्छन्, न अफिसलाई, न आफैंलाई ! यो चक्करमा उनीहरूले आफ्नो स्वास्थ्य र मानसिक शान्ति पूर्ण रूपमा गुमाउँछन् ।

आजको संसारमा ढिलो विवाह हुनु, सम्बन्ध विच्छेदको दर बढ्नु वा समाज देखाउनका लागि मात्र एउटै घरमा निसास्सिएर बस्नुको मुख्य कारण नै यही हो कि पुरुषहरू महिलाको इच्छा विपरीत, विना कुनै तर्क वा न्याय सधैं उसको शोषण गर्न र जबरजस्तीको आदर माग्न खोज्छन् । अनि जब सम्बन्धहरूमा कोही खुसी हुँदैनन्, तब 'यो समाज नै यस्तै हो, विहेपछि यस्तै हुन्छ' भन्दै समाजको टाउकोमा दोष थुपारेर आफ्नो कमजोरी र साँघुरो सोच लुकाउन खोज्छन्, तर आफैँलाई बदल्न कहिल्यै काम गर्दैनन् ।"

"हामी दैनिक समाचारमा बुहारी जलाइएका, दाइजोका लागि पिटिएका र दाम्पत्य सम्बन्धहरू टुटेका खबरहरू पढ्छौं, जसको पीडा बयान गरिसाध्य छैन । तर अर्कोतिर, आजभोलि दिनहुँ यस्ता खबरहरू पनि सुनिन्छन् जसले गर्दा पुरुष र तिनका परिवारहरू बुहारी भित्र्याउनै डराउन थालेका छन्, जहाँ बुहारीहरूबाटै श्रीमान् र सिङ्गो परिवारको हत्या गरिएका, सासू-ससुरालाई क्रूर यातना दिइएका र सम्बन्धमा चरम धोका दिइएका घटनाहरू सार्वजनिक भइरहेका छन् । यी सबै कुराहरू पूर्ण रूपमा गलत हुन् । एउटी बुहारीलाई दाइजोका नाममा यातना दिनु जति क्रूर अपराध हो, एउटी महिलाले आफ्नो श्रीमान् र परिवारमाथि अत्याचार गर्नु र ज्यान लिनु पनि त्यत्तिकै ठूलो पाप हो । तर गहिरिएर हेर्ने हो भने, यो भयानक अराजकता वास्तवमा महिलाले युगौंदेखि भोगेको र सहेको त्यही असीमित दमनको एउटा मौन प्रतिशोधस्वरूप बनेर निस्किएको छ, जसले गर्दा आज सिङ्गो समाज नै एउटा कुरुप दलदलमा फस्दै गइरहेको छ ।"

मैले हाँस्दै सोधें, "बा..बा.. कत्ति विश्लेषण गरेकी ! केही समाधान पनि देख्छौ कि तिमीले ?" उनले 'हो' भावमा टाउको हल्लाउँदै भनिन्, "यसको एउटा असाध्यै सजिलो र दैनिक जीवनको समाधान छ लाग्छ मलाई । जसरी एउटा चरालाई आकाशमा उड्नका लागि उसका दुवै पखेटा उत्तिकै बलिया र स्वतन्त्र हुनुपर्छ, एउटा पखेटालाई बाँधेर चरा कहिल्यै उड्न सक्दैन । यसै गरी, जबसम्म पुरुषहरूले घरभित्र आफ्नो परम्परागत अहम् र नियन्त्रण गर्ने सोच त्यागेर महिलालाई आफ्नो कमैया होइन, बराबरीको पखेटा र सहयात्री मान्दैनन् र जबसम्म महिलाहरूले पनि आफ्नो स्वतन्त्रताको मर्यादा बुझ्दैनन्, तबसम्म कुनै पनि घरमा वास्तविक शान्ति आउनै सक्दैन ।"

"यदि यो समाजले सुरुदेखि नै महिलालाई उचित, आदरयुक्त र न्यायपूर्ण व्यवहार गरेको भए, आज महिलाले पुरुष वा अन्य महिलालाई आफ्नो नारीत्वका लागि 'खतरा'को रूपमा हेर्ने नै थिएनन् । वास्तविकता यो हो कि, आज यो समाजको एउटा हिस्सा अर्थात् महिलाले आफ्नो क्षितिजलाई फराकिलो बनाए, आफूलाई हरेक क्षेत्रमा विकास गरे र समयसँगै धेरै अगाडि बढे । तर अर्को हिस्सा कि त पुराना सोचमै अल्झिएर बसिरह्यो वा समयसँग तालमेल मिलाउन नसक्ने गरी निकै सुस्त

गतिमा बदलियो । जब सधैँ शिक्षितले शिक्षित र स्थापितले स्थापित सहयात्री नै खोज्छ भने, आजकी सक्षम महिलाले आफ्नो चेतना, मूल्य मान्यता र विचारको गहिराइमा समयसँगै अगाडि बढिसकेको परिपक्व पुरुषको साथ खोज्दा के गल्ती भयो र ? तर पुरुषवर्गको त्यो हिस्सा आफ्नो पुरानो अहम् र साँघुरो घेरा बदल्न यति धेरै प्रतिरोधी साबित भयो कि आजका सम्बन्धहरूमा भयानक घर्षण जन्मिन पुग्यो ।"

उनले आफ्नो कुरा यहीँ टुङ्ग्याएर मतिर एउटा चिसो सुस्केरा फ्याँकिदिइन् । उनको त्यो शालीन नारीत्वको बास्ना हावामा अझै तैरिरहेको थियो, तर उनले छोडेको एउटा गहिरो प्रश्न मेरो चेतनामा गुञ्जिरह्यो । उनले भनिन्, "हामी महिलालाई 'सबै क्षेत्रमा पर्फेक्ट' हुन सिकाउने यो आधुनिक समाजले कहिल्यै पुरुषहरूलाई पनि एउटी सफल र स्वतन्त्र महिलाको ओहोदा स्वीकार गर्न र घरभित्र आफ्नो फितलो अहम् त्यागेर सहयात्री बन्न सिकायो त ? कि केवल छोरीहरूलाई मात्र हरेक युगमा नयाँ-नयाँ पिँजडाहरू उपहार दिइरहियो ?"

श्रुतिका कुराहरूले मभित्र एउटा गम्भीर मन्थन सुरु गराइसकेको थियो । कफी शपको त्यो सानो टेबल अब दुई साथीको गफगाफको थलो मात्र रहेन, त्यो त आधा जनसङ्ख्याको सिङ्गो इतिहास र मनोविज्ञानको पाठशाला बनिसकेको थियो । बाहिर साँझ छिप्पिँदै जाँदा कफी शपको हावामा चन्दन र कपुरको बास्नासँगै कतैबाट एउटा कडा, अलि तीखो तर अचम्मको जङ्गली जडिबुटीको जस्तो सुगन्ध फैलियो । यो सुगन्धमा एउटा फरक रहस्य थियो, मानौँ यसले सत्यको त्यो पाटोलाई ब्युँझाउन खोज्दैथियो, जसलाई मान्छेहरू सधैँ छोप्न खोज्छन् ।

मैले कफीको कपलाई टेबलमा राख्दै सोधेँ, "श्रुति, तिमीले समाज र पुरुषको सोचको त यति गहिरो चिरफार गर्यौ । तर के महिलाहरू सधैँ निर्दोष मात्र छन् ? के यो लडाइँ र जटिलतामा उनीहरूको आफ्नै स्वभावको कुनै भूमिका छैन ? तिम्रो कुरा त बुझेँ । तर आजभोलि स्वतन्त्रताको नाममा कतिपय महिलाहरू अलि बढी नै आक्रामक भएका, आफ्नो सीमा भुलेर रुखो व्यवहार गरेका पनि देखिन्छन् नि श्रुति ! अधिकार खोज्दा आफ्नो स्त्रीत्व नै बिर्सिएको जस्तो देखिँदैन र ?"

श्रुति बिस्तारै मुस्कुराइन् । उनको अनुहारमा कुनै आक्रोश थिएन, मात्र एउटा गहिरो आत्मीयता थियो । उनले मलाई हेर्दै निकै शान्त स्वरमा भनिन्, "त्यो रुखोपन होइन, वर्षौँदेखिको मौनतापछि आफ्नो आवाज भेट्दाको सुरुवाती छटपटी हो, एउटा 'ट्रायल एण्ड एरर' । यसलाई यसरी बुझ न, पहिलो पटक स्कुटी सिक्ने महिला सुरुमा कहिलेकाहीँ लड्छिन्, कहिले ब्यालेन्स मिल्दैन, कहिले कतै ठोक्काउली जस्तो गर्छिन् । सुरुसुरुमा उनि अलि अनियन्त्रित देखिन सक्छिन् । तर जब नी पर्फेक्ट हुन्छिन् नि, तब उनी कसैलाई चोट नपुर्याई धेरै टाढासम्मको यात्रा सहजै गर्न सक्छिन् । त्यसपछि उनले लाइसेन्स पाउँछिन् र सबैले सम्मान गर्छन् । अहिले महिलाहरूको रूपान्तरणको समय हो । उनीहरूले आफ्नो स्वतन्त्रता र स्त्रीत्वलाई

सँगसँगै कसरी अँगाल्ने भनेर भर्खर सिक्दैछन् । हिँड्न सिक्दा सुरुमा खुट्टा अलिकति डगमगाउनु स्वाभाविक हो । हावा यही दिशामा चल्दैछ, थोरै समय देऊ । जब उनीहरू यो बाटोमा अभ्यस्त हुनेछन्, तब उनीहरू न कसैलाई चोट पुर्याउनेछन्, न आफ्नो मर्यादा भुल्नेछन् ।"

श्रुतिको अनुहारमा गज्जबको शालीनता देखियो । उनले मतिर हेर्दै भनिन्, "तर जहिले पनि समाज वा पुरुषलाई मात्र दोष दिएर आफैंलाई सधैं निर्दोष देखाउन मिल्दैन । यदि हामी साँचो अर्थमा प्रबुद्ध बन्न चाहन्छौं भने, हामीले ऐनामा महिला अस्तित्वको त्यो अँध्यारो पाटोलाई पनि नलुकाई हेर्नुपर्छ । इतिहासदेखि नै जब महिलालाई शारीरिक र संस्थागत शक्तिबाट अलग राखियो, तब उनीहरूको रक्षात्मक प्रणाली भावनात्मक र मानसिक रूपमा विकास भयो । जब एउटी महिला असुरक्षित वा ईर्ष्यालु हुन्छिन्, उनी कहिल्यै पुरुष जस्तो सिधा शारीरिक टकरावमा उत्रिँदिनन् । बरु, उनी सामाजिक बहिष्कार, पिठ्युँ पछाडि कुरा काट्ने, चरित्र हत्या र मानसिक प्रहार जस्ता अदृश्य हतियारहरू प्रयोग गर्न थाल्छिन्, जसलाई 'सम्बन्धपरक आक्रामकता' भनिन्छ । के यो तिमी र मैले कतै न कतै भोगेका छैनौं र ? जानी-नजानी यसरी भित्री मन दुखाउनेहरू आज हाम्रो वरिपरि धेरै छन् ।"

उनको स्वर अझ नरम र गम्भीर भयो, "र अझ बढी महसुस हुने कुरा त के हो भने, कतिपय अवस्थामा महिलाहरूले आफ्ना आँसु र कमजोरीलाई नै हतियार बनाउँछन् । आफैंले गल्ती गर्ने, तर जब जवाफदेहिताको कुरा आउँछ, तब रुने र पीडितको रूप लिएर पुरुषमाथि वा समाजमाथि मानसिक दबाब सिर्जना गर्ने र आफ्नो जिम्मेवारीबाट उम्कन खोज्ने । यसले साँचो समताको मर्यादालाई झन् धमिलो बनाएको छ । र सबैभन्दा दुःखद कुरा त के हो भने, यो पितृसत्तात्मक सोचलाई घरभित्र सबैभन्दा बढी कडा रूपमा लागू गर्ने र महिलालाई साँघुरो घेरामा बाँध्ने काम प्रायः उमेर पुगेका पुराना महिलाले नै गरिरहेका हुन्छन् । उनीहरू ईर्ष्या वा आफ्नो पुरानो अस्तित्व रक्षाको गलत प्रयासका कारण आफैं जस्तै अर्की महिलाको स्वतन्त्रताको पहिलो बाधक बन्छन् । एउटी सासूले बुहारीलाई त्यही साँचोमा कस्न खोज्छिन्, जुन साँचोमा हिजो उनी आफैं कस्सिएकी थिइन् । यदि यो सत्यलाई हामीले स्वीकार गरेनौं भने, हाम्रो बुझाइ सधैं अपूर्ण रहनेछ ।"

मैले उनको कुरामा घोत्लिँदै भनें, "सायद त्यही भएर तिमी कतिपय अवस्थामा अलि बढी आक्रामक र रिसाहा देखिएकी हौ कि श्रुति ? तिमीले पनि त आफ्नो वरिपरि एउटी बलियो र कडा पर्खाल उठाएकी छौ नि, जसलाई तोडेर भित्र छिर्न कसैलाई सहज छैन ।"

"हो", श्रुतिले आत्मविश्वासका साथ मुस्कुराउँदै स्वीकार गरिन्, "आफूलाई स्वार्थी र नराम्रा मान्छेहरूबाट जोगाउनका लागि म बिस्तारै एउटी ठूलो स्वरले बोल्ने र आक्रोशले भरिएकी महिलामा परिणत भएँ । तर त्यो रिस मेरो स्वभाव वा लाचारी

थिएन, त्यो त मेरो साम्राज्यको रक्षा गर्ने एउटा हतियार मात्र थियो । मेरो कोमलतालाई कसैले कुल्चन नसकोस् भनेर मैले आफ्नो वरिपरि आक्रोशको पर्खाल उठाएकी थिएँ । किनभने जब एउटी महिलाले आफ्नो सुरक्षा आफैं गर्नुपर्ने स्थिति आउँछ नि, तब उनले कोमलता त्यागेर चण्डीको रूप धारण गर्नैपर्छ । तर ऋषिकेशको गङ्गा किनारमा जब म साँझको आरती हेरिरहेकी थिएँ, र वृन्दावनको कुञ्ज गल्लीहरूमा राधा-कृष्णको निश्छल प्रेमको भजन गुञ्जिरहेको थियो, त्यतिबेला मेरो भित्री फलामे कवच कताकता पग्लियो । त्यो यमुनाको शान्त पानी र मन्दिरको सुगन्धित हावाले मलाई एउटा नयाँ सत्यको साक्षात्कार गराइदियो । मलाई महसुस भयो- मैले लड्नुपर्ने जति सबै युद्धहरू जितिसकें । अब मलाई कसैसँग केही प्रमाणित गर्नु छैन । मेरो कोमलता मेरो कमजोरी होइन, यो त मेरो विजयको पुरस्कार हो ।"

श्रुति अचानक मौन भइन् र आफ्नो कफीको कपलाई हातमा लिएर टोलाइरहिन् । कफी शपको मधुर प्रकाशमा उनको अनुहारमा एउटा गहिरो र मधुर सुस्केरा तैरिरहेको थियो । उनले मतिर हेर्दै सुस्तरी भनिन्, "तर सोच त साथी ! हामी महिलाले सुरक्षाका लागि उठाएको यो आक्रोशको पर्खालभित्र कतै हाम्रै आफ्नै कोमलता निसास्सिएर मरिरहेको त छैन ? र पुरुषहरूले आफ्नो अहम् जोगाउन बनाएको कठोरताको किलाभित्र कतै उनीहरूको आफ्नै मानवीय संवेदना दमन भइसकेको त छैन ? आखिर हामी कहिलेसम्म आफैंले बनाएका यी रक्षात्मक हतियारहरूको कैदी बनिरहने होला ?"

"तर श्रुति, बाहिरी छविको मात्र कुरा होइन नि । घरभित्र एउटी नारीले नै अर्की नारीलाई सबैभन्दा बढी चोट पुर्याइरहेकी हुन्छिन् । अनि यो चक्र कहिल्यै सकिएला जस्तो लाग्दैन पनि मलाई ।" श्रुतिले टेबलमा रहेको मेरो हातमाथि आफ्नो हात राखिन् र गम्भीर हुँदै भनिन्, "त्यही त विडम्बना हो । एउटी नारीले अर्की नारीको पीडा तब मात्र बुझ्छिन्, जब उनी आफैं त्यो आगोबाट गुज्रिसकेकी हुन्छिन् । पुस्तौंदेखि आफूले जे सास्ती भोगिन्, अन्जानमै उनले अर्कीलाई पनि त्यही सिकाउन खोज्छिन् । मैले भगवान्सँग यही चक्र तोड्न मागेकी हुँ- एउटा यस्तो नयाँ संसार, जहाँ परिवार जोगाउनका लागि मात्र एउटी नारीले सधैं पीडा सहनु नपरोस् । लाजसरम हाम्रो गहना हो, यसलाई शोषण सहने कमजोरी नबनाइयोस् । म चाहन्छु- महिलाहरूले पुस्तौंदेखिको यो मानसिक आघातबाट मुक्त भएर राहतको सास फेर्न सकून् । बिना कुनै डर, मनभरी प्रेम बोकेर साँचो मुस्कानका साथ मुस्कुराउन पाउनु नै वास्तविक स्वतन्त्रता हो ।"

"मैले श्रुतिलाई हेरिरहें । मलाई महसुस भयो सबैभन्दा बलियो र दयालु मन भएकाहरूलाई पनि प्रेम र समर्थनको खाँचो हुँदो रहेछ ।"

"त्यसो भए तिमी बिहे नै नगरी बस्छौ त श्रुति ?" मैले कफी शपको मधुर

प्रकाशमा उनको हातलाई आफ्नो हातले सुस्तरी छुँदै एकदमै गम्भीर भएर सोधेँ ।

श्रुतिले आफ्नो ओठमा एउटा कञ्चन मुस्कान सजाउँदै भनिन्, "म आफैं विवाह बन्धनमा त छैन, तर मैले आफ्नो वरिपरि विवाह बन्धनमा बाँधिएका जोडीहरूको जीवनलाई धेरै नजिकबाट नियालेकी छु । म स्पष्ट देख्न सक्छु कि विवाहको त्यो सामाजिक साँचोभित्र बाँधिएका धेरै मान्छेहरू भित्रभित्रै कति रित्ता र दुःखी छन् । उनीहरू समाजका अगाडि हाँस्ने नाटक गर्छन्, तर घरभित्र एउटा मौन युद्ध लडिरहेका हुन्छन् । मलाई दृढ विश्वास छ, आज म यो समाजका धेरै विवाहित महिलाहरूभन्दा धेरै गुणा बढी सुखी, स्वतन्त्र र शान्त छु । मेरो खुसी कुनै वैवाहिक प्रमाणपत्र वा कसैको स्वीकृतिको मोहताज छैन । तर यसको अर्थ म विवाहको विरोधी चाहिँ होइन ।"

"म सधैंभरि यो युद्धको कमान्ड सम्हालेर मात्र बस्न चाहन्नँ," उनले झ्याल बाहिर घाम ढल्कँदै गरेको सिन्दुरे आकाशतिर हेर्दै, आफ्नो भित्री मर्म खोलिन् । "म पनि विवाह गर्न चाहन्छु, तर कुनै सामाजिक बन्धन, बाध्यता वा अरूका अगाडि चोखो देखिने चरित्रको प्रमाणपत्रका लागि होइन, बरु साँचो माया, आदर र सुरक्षाको अनुभूतिका लागि । म जीवनका सङ्घर्षहरूलाई अस्वीकार गरिरहेकी छैन, सङ्घर्ष त जीवनको अकाट्य नियम नै हो; तर म यो जान्न र महसुस गर्न चाहन्छु कि एउटा साँचो, परिपक्व पुरुष र आदरयुक्त परिवारको न्यानो साथमा यो जीवन कति भव्य र सुन्दर हुन सक्छ । म त जीवनमा एउटा यस्तो पुरुष चाहन्छु, जो आफैंभित्र यति दृढ, परिपक्व र मानसिक रूपमा बलियो होस्, जसले मेरो यो बाहिरी चमकलाई होइन, मेरो अन्तरआत्मालाई प्रेम गरोस् र मेरो सफलताबाट कत्ति पनि नडराओस् । मलाई मेरो जीवन चलाइदिने मान्छे चाहिएको होइन, म त हाम्रो जीवनको स्टेरिङ आफैं सम्हाल्न सक्ने र आफ्नो निर्णयमा दृढ रहने क्षमता भएको एउटा सक्षम पुरुषको पर्खाइमा छु, जसको उपस्थितिको न्यानो भरोसामा मैले विना कुनै मानसिक थकान आफ्नो गहुँगो फलामे कवचलाई फाल्न सकूँ । अनि एउटा लामो शुकुनको सास फेर्दै, ढुक्क भएर उसको छेउको प्यासेन्जर सिटमा बस्न सकूँ ।"

श्रुतिको अनुहार अचानक कञ्चन भावले भरियो, मानौं यो यात्रापछि उनले आफैंभित्र पुस्तौंदेखि निदाइरहेको एउटा पवित्र झरनालाई सुस्तरी बग्न छोडिदिएकी थिइन् । कफी शपको त्यो छिप्पिँदै गएको साँझमा उनको आँखामा कुनै हतारो वा बेचैनी थिएन, बरु त्यहाँ एउटा गहिरो, ढुक्क र मिठो प्रतीक्षाको शालीनता थियो । उनले आफ्ना भावनाको यो नयाँ सुगन्धलाई बिस्तारै मनन गर्दै सुस्तरी भनिन्, "थाहा छ, मलाई अब कतै दौडिनु छैन, कसैलाई केही प्रमाणित गर्नु छैन । मलाई त केवल आफैंभित्र ब्युँझिएको यो कलिलो र शालीन नारीत्वको हरेक रङलाई सुस्तरी महसुस गर्नु छ । म कतै हतारमा छैनँ, म त यो सुन्दर भावनाको छहारीमा आनन्दले विश्राम गरिरहेकी छु । मलाई हरेक बिहानको पहिलो किरणसँगै विना

कुनै युद्धको तनाव, ओछ्यानमा कफीको सुगन्ध लिँदै शान्त मनले मुस्कुराउनुछ । मलाई आफ्नो खुला कपालमा सुस्तरी बगेको हावाको न्यानोपनलाई स्पर्श गर्नुछ । मलाई एउटा सुन्दर साडी पहिरिएर, ऐनाको अगाडि घण्टौं उभिएर, आफ्नै कोमलता र सौन्दर्यलाई नियाल्दै विना कुनै हतार आफैँसँग प्रेम गर्नुछ । मलाई कसैको सुरक्षित र आदरयुक्त आँखामा आफ्नो सम्पूर्ण संसारलाई सुस्तरी तैरिरहेको हेर्नु छ र विना कुनै डर आफ्नो भित्री निश्छलपनलाई बाहिर निकाल्नु छ । मलाई आमा बन्नुछ, मातृत्वको त्यो अदृश्य, दिव्य दुखाइ र सुखलाई एकदमै धैर्यताका साथ भोग्नु छ, जहाँ म एउटा नयाँ जीवनलाई आफ्नै कोमलताको न्यानो ओत दिएर हुर्काउन सकूँ । मलाई घर सजाउनु छ, भान्सामा कसैका लागि मायाले परिकार पकाउनु छ, तर दायित्वको दबाब वा आफैँलाई योग्य प्रमाणित गर्ने थकानमा होइन, बरु प्रेमको अथाह गहिराइबाट सुस्तरी बग्दै । मलाई कसैको सुख-दुःखमा उसको ओठको मुस्कुराउने कडी बन्नुछ र कोमलताको त्यो सिङ्गो आकाशलाई आफ्नो अँगालोमा समेट्नु छ । हो, मलाई यी साना र पवित्र क्षणहरूको सौन्दर्यलाई कति पनि हतार नगरी, स्वाद लिई लिई जिउनु छ, किनभने यही त नारीत्वको वास्तविक गहिराइ र शान्ति हो । म प्यासेन्जर सिटको झ्यालबाट बाहिरको सुन्दर संसार र जीवनको दृश्यलाई ढुक्क भएर नियाल्न चाहन्छु । मलाई कमान्डर होइन, अब एउटा सच्चा सहयात्री चाहिएको छ ।"

उनको त्यो कथा सिद्धिएपछि कफी शपको त्यो सानो कुनामा एउटा परम शान्त र गम्भीर मौनता छायो । हामी बाहिर निस्कँदा रात छिप्पिइसकेको थियो । सडकमा गाडीहरूको ट्राफिक र मान्छेहरूको भीडभाड अझै पनि आफ्नै धुनमा गुडिरहेको थियो ।

उनीसँग बोलिरहँदा मलाई अचानक एउटा गहिरो सत्यको बोध भयो- यो समाज र यसका पुराना नियमहरूलाई दोष दिएर मात्र अब केही हुन्न, यसलाई त यसकै साँघुरो रूपमा सहजै स्वीकारिदिनुपर्छ; किनभने जब हामी कुनै सत्यलाई नलुकाई सहजै स्वीकार गर्छौं, तब समाधानका बाटाहरू आफैँ खुल्दै जान्छन् ।

गाडीको स्टेरिङ सम्हाल्ने श्रुतिका हातहरू अझै पनि दह्रै थिए- तर ती हातहरू अब कुनै युद्ध लड्नका लागि होइन, आफैँ आर्जेको साम्राज्यको उत्सव र आनन्द मनाउनका लागि तयार हुँदै थिए । उनी अब त्यो निरन्तरको दौडबाट विश्राम लिएर, केवल नारीत्वका मिठामिठा क्षणको प्रतीक्षामा थिइन्- पूर्ण गरिमा, निश्चल शान्तिका साथ । श्रुतिले यति सहज, मिठो र शालीन तरिकाले मेरो चेतनामा जमेको परम्परागत फोहोरलाई सफा गरिदिएकी थिइन् कि म निःशब्द भएँ । मलाई मेरै साँघुरो र परम्परागत सोचमाथि एउटा मिठो लाज लागेर आयो । त्यो कञ्चन ऐनामा मैले आफ्नो मात्र होइन, धेरैको अनुहार प्रष्ट देखिरहेको थिएँ । मेरा आँखामा खुसी, गहिरो समझ र स्पष्टताका पवित्र तरङ्गहरू सुस्तरी पौडी खेलिरहेका थिए र

ओठमा एउटा आल्हादित मुस्कान थियो । मलाई महसुस भयो- हाम्रो संवाद कुनै लाचारीको रोदन होइन, यो त सफलताको सिँढी चढेर आफ्नो वास्तविक स्वरूपमा फर्कने र आफ्ना हरेक रूपलाई गर्वका साथ स्वीकार गर्ने एउटा गौरवशाली घोषणा थियो ।

जब हामी सत्यलाई त्यसको समग्रतामा स्वीकार गर्छौं, प्राकृतिक नियमअनुसार निकास आफैं निस्किन्छ । तर उनलाई हेरिरहँदा मभित्र एउटा असाध्यै लोभलाग्दो हुटहुटी जाग्यो- "सबैले किन श्रुतिले जस्तै आफ्नो नारीत्वलाई पूर्ण गरिमा र पवित्रताका साथ अँगाल्न सक्दैनन् त ? यो तीर्थयात्रापछि श्रुति जे बनेकी छिन्, उनले जस्तै दृढ हुनु र उनले जस्तै आफैंभित्रको त्यो कञ्चन कोमलतालाई सुरक्षित राखेर महसुस गर्न पाउनु कति गौरवमय, शीतल र लोभलाग्दो रैछ ! काश म पनि नारी हुन्थे !"

"कतै यो समाजका बन्धनभन्दा बढी हाम्रै आफ्नै मानसिकतामा कुँदिएका साँगुरा सिमानाले हामीलाई रोकिरहेका त छैनन् ? यो फोहोर ऐना सफा भइसकेको छ, तर के हाम्रो समाज, परिवार र यसका महिला पुरुषहरू एक पटक मात्र भए पनि आफ्नो अहम् र पुराना पर्खाललाई पार गरेर, आफैंले आफैंलाई यसरी आदरका साथ नियाल्न र बदल्न भित्रैदेखि तयार होलान् त ?"

"के यो आधुनिक समाजले कहिल्यै सफलताको त्यो चम्किलो सिँढी चढिसकेका छोरीहरूलाई विना कुनै त्रास, आफ्नो वास्तविक र शान्त अस्तित्वको उत्सव मनाउने अधिकार देला त ?"

❖ ❖ ❖

# नुन कि सुन ?

✍ सुमनकुमार नेपाल

शब्दकोशका पानाहरू पल्टाएर हेर्दा संस्कृतमा लवण भनिने प्रायः दाल, तरकारी आदिलाई स्वादिष्ट बनाउन प्रयोग गरिने, समुद्री पानीबाट वा खानीबाट निस्कने एक प्रकारको क्षार पदार्थ; निमक; लवण भनी नुनलाई र संस्कृतमा सुवर्ण भनिने, खिया नपर्ने, नखिइने र पग्लने, पहेँलो रङको बहुमूल्य उज्ज्वल धातु; गहनागुरिया बनाइने सोही प्रसिद्ध मूल्यवान् धातु; सुवर्ण भनी सुनलाई भनेको पाइन्छ । हो त्यही नुन र सुनको प्रयोग र कारोबार हामीकहाँ शब्दकोले भनेभन्दा अलिक फरक तरिकाले कतै धार्मिक कारणले त कतै बिरालो बाँध्ने परम्परालाई अँगालेर वा विशेष परिस्थिति, अवस्था र कारण देखाउँदै नुन-पानी, सुन-पानी खाने र खुवाउने गरिन्छ । अब यहाँनिर बिरालो बाँध्ने परम्परालाई बताउन नपर्ला किनकि हामीकहाँ बिरालो बाँध्ने र श्राद्ध गर्ने कुरा धेरै पहिलेदेखि चलिआएको कथा हो । जुन सबैका लागि शिक्षाप्रद छ । जसबाट हामीले धेरै कुराहरूको बारेमा बुझ्न र बुझाउन सकिन्छ ।

'नुन-पानी' र 'सुन-पानी' किन खाने र खुवाउने गरिन्छ त्यो सम्बन्धित व्यक्तिले नै जानुन् । यो विषयमा अहिलेलाई योभन्दा पर नजाऊँ। नुन सबैले खान्छन् । सुन सबैले खाँदैनन् । सुन खानेको कुरा कति गर्ने किन गर्ने ? यी कानुनभन्दा माथिका मान्छे हुन् रे ! यिनका कुरा काटेर केही लछारपाटो लगाउन सकिन्न । तसर्थ सुन खानेको कुरा नगरौँ । यिनीहरू सुन खानको लागि भनेरै कुनै अर्को ग्रहबाट पृथ्वीमा आएको हुनुपर्छ पनि भन्न सकिन्छ ।

एकै व्यक्ति वा फरकफरक व्यक्तिका लागि भए पनि नुन र सुन दुवै हामीलाई चाहिने वस्तु हुन् । नुन नभई नहुने वस्तु हो । यो मामलामा नुन बराबर सुन हो कि होइन किटानीसाथ भन्न सकिँदैन किनकि विलासी वस्तुको महत्त्व कसलाई कति छ भन्ने कुरा मान्छेको आर्थिक हैसियत र सोचले प्रभाव पारेको हुन्छ । त्यसैले आर्थिक हैसियत, आ-आफ्नो रुचि र सोचको आधारमा कसैले धेरै सुन र कसैले थोरै सुन खोज्ने गर्दछन् भने सुन नखोज्नेले पनि नुन खोज्ने गर्दछन् भन्ने कुरा सबैलाई जानकारी भएको विषय हो । तर सुनको खोजाइ र नुनको खोजाइमा फरकफरक कारण र आसय लुकेर बसेको हुन्छ । अचेल मानिसहरूले नुन धेरै संग्रह गर्दैनन् तर सुन कसैले ३२ किलो लुकाउँछन् भने कसैले ६० किलो

लुकाउँछन् । कसैले योभन्दा कम बेसीमा पनि चित्त बुझाउँछन् । चाहिने भएरै होला यी दुवै वस्तुहरूको जोहो गरेर आ-आफ्नो घरमा राख्ने र लुकाउने गरिन्छ ।

राख्ने, लुकाउने र प्रयोग गर्नेलाई आधार मान्दा नुन र सुन हाम्रा लागि महत्त्वपूर्ण वस्तुहरू हुन् । कसलाई कुन महत्त्वपूर्ण वस्तु हो । त्यसको वर्णन छुट्टै गर्नुपर्ला अहिलेलाई त्यतातिर नलागी यस्ता महत्त्वपूर्ण वस्तुको एक आपसमा कुनै साइनो, नाता वा सम्बन्ध होला कि नहोला ? भन्नेतिर लाग्दा त्यो चाहिँ ठ्याक्कै भन्न सकिँदो रहेनछ । किन भन्न सकिएन भन्नु होला त्यसको एउटै कारण छ । यी दुवै वस्तुको तीनपुस्ते भिडयाउने वंशावली फेला पार्न सकिएन । वंशावलीको अभावमा नाता सम्बन्ध जोड्न र फुकाउन सकिँदैन । अर्कोतिर यी पर्यायवाची शब्द पनि होइनन् । यसर्थ नाता र सम्बन्ध पक्कै पर्दैन भनेर अनुमान लगाउन सकिन्छ तर ठोकुवा गर्न सकिँदैन । जे होस् बोल्दा, भन्दा वा उच्चारण गर्दा नुन र सुन जुम्ल्याहा सन्तान गङ्गा-यमुना वा लव-कुश जस्तै हुन् कि भन्ने लाग्छ । यो आधारमा भने यी दुईबीच पक्कै पनि रगतको नाता छ भनेर अनुमान लगाउँदा हुन्छ । तर अर्कोतिर उच्चारण गर्दा उस्ताउस्तै लयमा सुनिए तापनि, गङ्गा-यमुना जस्तो मानिए तापनि नुन र सुनको खोजी, खरिद, बिक्री, प्रयोग, सञ्चय, ओसारपसार, सुरक्षा, मूल्य, कारोबारको, कानुनी प्रावधान आदि कामकुरालाई मनन गर्दा यी दुईबीच आकाश जमिनको फरक देखिन्छ । यसर्थ, यी दुईबीच नाता सम्बन्ध केही पर्दैन भनेर ठोकुवा गर्न सकिन्छ ।

नुन र सुनप्रति मानिसबाट गरिने व्यवहार र कारोबारको तरिका हेर्दा नुन अति सामान्य वस्तु हो । जसलाई सामान्य तरिकाले किन्ने र राख्ने गरिन्छ । सुन अलि विशेष वस्तु हो विशेष तरिकाले किन्ने र अरुले नदेख्ने गरी, थाहा नपाउने गरी, नभेट्टाउने राख्ने गरिन्छ । त्यही सुनको गहना बनाएर लगाएपछि भने नाक फुलाउँदै, घमण्ड गर्दै मै हुँ मसँग सुन र सुनको गहना छ भनेर घाँटीमा झुन्ड्याएर, हालमा लगाएर, औँलामा सजाएर देखाउँदै हिँड्ने गरिन्छ । राख्दा भने बैंकको लकरमा वा बाकसको पीँधमा लुकाएर राख्ने गरिन्छ । यहाँनिर के पनि भन्न सकिन्छ भने नुनले बैंकको लकर देख्दै देख्दैन भने सुनले लकर छोड्दै छोड्दैन । त्यस्तै, बैंकमा सुन धरौटी राखेर नुन किन्न सकिन्छ तर नुन धरौटी राखेर सुन किन्न सकिँदैन । यस आधारमा बैंक र सुनबीचको सम्बन्ध गहिरो देखिन्छ । यी दुईबीचमा आउने जाने भइरहेको देखिन्छ भने नुनसँगको नाता न आमातिरको न बाउतिरको भन्ने भनाई चरितार्थ हुने खालको देखिन्छ ।

नुन दाल, तरकारी, अचार जस्ता खानामा राखेर स्वादिष्ट बनाएर खाइन्छ र वर्षौं वर्षको लागि जम्मा गरिँदैन भने सुन गहना बनाएर लगाइन्छ र वर्षौंवर्षको लागि जम्मा गरेर समेत राख्ने गरिन्छ । सामान्यतया मानिसले सुन खान्नन् वा सुन खाइन्न भनिन्छ तर निन्दार्थमा भने फलानाले सुन खायो, हसुऱ्यो, घिच्यो, सुन डकाऱ्यो, सुन पचायो, काट्टो खाएझैं एक्लै खायो भन्ने गरिन्छ । त्यही भएर होला

नुन धेरै भयो भनिन्छ तर सुन धेरै भयो भनिँदैन । उल्टै कसरी धेरैभन्दा धेरै जम्मा गर्न सकिन्छ, कमाउन सकिन्छ, थुपार्न सकिन्छ, लुकाएर राख्न सकिन्छ, भन्दै सुनको पछि दौडने गरिन्छ । नुन धेरै भयो भने मान्छेलाई हो कि बोकालाई ? भन्दै सोध्ने गरिन्छ तर सुन धेरै भएको कुरा सामान्यतया बाहिर आउँदैन ।

खै कुन्नि किन हो सुनको कारोबारमा कानुनले अकुत सम्पत्ति कमायो भन्देला भन्ने डर पनि मान्दैनन् । जतिसुकै सुन काण्डका समाचार बाहिर आओस् मानिस सुनको पछि लाग्न डराउँदैनन् । यस्तो क्षमता मान्छेको हो कि सुनको छुट्याउन कठिन छ । जति धेरै सुन भयो त्यति नै धेरै शक्तिशाली भइन्छ । जति धेरै सुन जम्मा गर्न सक्यो त्यति नै धेरै जुठोपुरो खानेलाई पछि लगाउन सकिन्छ, जति धेरै सुनको कारोबार गर्न सक्यो त्यति नै धेरैलाई फनफनी घुमाउन सकिन्छ । हिजोको दिनमा भएको यही हो रे !

क्षमताको कुरा गर्दा बहुगुणी, बहुमूल्य, बहुरूपी हुने क्षमता सुनमा छ । नुनमा छैन । यसका बारेमा प्रसस्तै छलफल गर्न सकिन्छ । नुन सिधा बाटो मात्र हिँड्छ भने सुन बाङ्गोटिङ्गो, सुनको यो क्षमता संसारमा भन्दा भन्सारमा वढी देखिन्छ । योभन्दा बाहिर यसले खासै क्षमता देखाएको देखिँदैन । भन्सारमा सुनले म सुन हुँ भन्दै भन्दैन त्यहीँ भएर यसलाई भन्सारमा पहिचान गर्न सकिँदैन । भन्सारमा सुनले कहिले लसुन हुँ भन्छ, कहिले प्याज, कहिले हुक्काको टोटी भन्छ त कहिले बेसारको रोटी हुँ भन्छ, कहिले लौरो बन्छ, कहिले जुत्ताको सोल, कहिलेकाहीँ सुन जस्तो देखिने पहेलो धातु पनि बन्छ । पहिचानको मामलामा हामी साँच्चै सिधासाधा छौँ । लप्पनछप्पन जान्दैनौँ । जे भने पनि विश्वास गर्छौं । पछिल्लोपटक सुन स्कुटर, मोटर बाइकको ब्रेकशु बनेर भन्सारबाट फुत्त बाहिर निस्कियो । जसको चर्चा-परिचर्चा मुलुकभित्र अरू बेलाभन्दा बढी भयो । यो चर्चा परिचर्चा पनि विमानस्थलदेखि सिनामङ्गलसम्म मात्र हो । योभन्दा पर पुग्दै पुग्दैन । पुगिहाल्यो भने पनि पशुपतिसम्म यसको चर्चा-परिचर्चा हुने गरेको छ । योभन्दा पर शून्य भने पनि बिग्रदैँन । यदि पशुपतिमा जलहरी नभएको भए यसको चर्चा त्यहाँसम्म पनि पुग्दैनथ्यो भनेर ढुङ्गामा लेख्न सकिन्छ । सुन सबैले चाहने वस्तु हो । यसर्थ यो जता पनि जाने र लैजाने गरिन्छ । तर किन पशुपतिभन्दा पर जाँदैनथ्यो भनेको होला त्यसको भित्री रहस्य के हो ? सोको बारेमा जान्नबुझ्न जाँचबुझ आयोग नै गठन गर्नुपर्छ ।

सुनको क्षमता पनि अचम्मको छ । जसको बयान गरिसाध्य छैन । यसले आफ्नो क्षमता कहाँ कसरी देखाउँछ । त्यसको पूर्वानुमान गर्न सकिँदैन तर हिजो के के गरेको थियो त्यसको नालिबेली मात्र बताउन सकिन्छ । भोलि त्यहीँ कामकुरा दोहोरिन्छ कि दोहोरिन्न भन्न सकिँदैन । जे होस् यही क्षमताका कारण सुनको विश्व भ्रमण गर्ने तरिका पनि अचम्मको छ । जुन चरित्र नुनमा देखिँदैन । भनिन्छ, नुनमा

होइन सुनमा कली बसेको छरे त्यही भएर होला सुन मान्छेको विभिन्न अङ्गप्रत्यङ्गमा लुक्दै वा ढुङ्गा, माटो, काठ दाउरा, लौरो, पहेलो रोटी, टोटी, ब्रेकशु जस्ता नाम राखेर भन्सारबाट फुत्त निस्केर औंठी, फुली, सिक्री, बाला, हार, रानीहार, ब्रासलेट, तिलहरी, टप, ढुङ्ग्री, माडवारी, जस्ता नाम राखेर हिंड्छ । नुन भान्छाघरमा पुगेर स्वाहा ! सुनमा अर्को एउटा गज्जबको क्षमता छ । सुनसँग भिसा र पासपोर्ट भएन भने अध्यागमनबाट नुन बनेर बाहिर निस्कन सक्छ किनकि नुनलाई भिसा चाहिँदैन । तर नुन कहिल्यै पनि सुन बन्दैन । यसलाई बनाउने चेष्टा पनि गरिँदैन ।

सुनको प्रकार खोज्दा असली र तेजाबी भनेर क्यारेटको आधारमा छुट्याउने गरिन्छ र आवश्यकता र कामअनुसार यसको प्रयोग गरिन्छ । यस आधारमा सुन दुई प्रकारको हुन्छ तर नुनलाई बनोट रङ र प्राप्तिको आधारमा सिधे नुन, भोटे नुन, बिरे नुन, समुन्द्री नुन, खानीको नुन, धुलो नुन, ढिके नुन, कालो नुन, सेतो नुन आदिआदि तरिकाले औंल्याउन सकिन्छ । सुनमा मिसावट भएको राम्रो मानिँदैन तर नुनमा आयोडिन र आवश्यकता मिसिएको हुन्छ । सुनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा गरी सम्पत्ति, नैतिकता, धाक, रवाफ, घमण्ड, पाप, धर्म, शक्ति मिसिएको हुन्छ । संसारभर नै नुन र सुनको प्रयोग गरिन्छ । सुन नखानेले पनि नुन खान्छ तर पनि नुनकोभन्दा सुनको चर्चा बढी छ । के कारणले यस्तो हुन्छ बताउने आधार कारण भनी साध्य र गनीसाध्ये छैन । तैपनि मान्छे एक दुई तीन गर्दै आधार र कारण बताउने गर्दछन् । मान्छे नुन र गुनको पछि होइन सुनको पछि लागेको देखिन्छ । खै कुन्नि किन हो ! सुन नखानेले पनि नुन खान्छ । तर पनि सुनको जति चर्चा-परिचर्चा नुनको हुँदैन ।

सुनको बारेमा धेरै भनाइ, कथा, कविता, प्रश्नहरू बनेका छन् । कहाँ कहिले कसलाई काम लाग्छ भन्न सकिँदैन । एउटा गोप्य कुरा खुसुक्क भन्छु । जानी राखे राम्रो ! त्यसको प्रयोग गर्ने नगर्ने विचार तपाईं, हजुरको । तैपनि समयको कुनै कालखण्डमा कसैले तपाईंलाई नुन र सुनको छोटो चर्चा गर वा फरक छुट्याउ भन्यो भने उत्तर दिँदा महाकाव्य तयार हुन सक्छ तर त्यसको गाँठी कुरा बाहिर नआउन सक्छ । त्यसकारण यसबारे चर्चा गर्न त्यति सजिलो छैन । तसर्थ जानी राखे राम्रो । जनश्रुतिलाई आधार मानेर के भन्न सकिन्छ भने सुन चिल्लो र चिप्लो हुन्छ त्यही भएर यो भन्सारबाट चिप्लिन्छ । नुन नुनिलो र गुनिलो हुन्छ तर चिप्लिँदैन भने पुग्छ । कुन देशको भन्सारबाट चिप्ल्याइयो र चिप्लियो त्यो चाहिँ तोकेरै भन्नुपर्दैन । इतिहास पढे पुग्छ । ल यही आधारमा भन्नुस् हजुरलाई नुन चाहियो कि सुन ?

*चिदीपानी, पाल्पा*

❖ ❖ ❖

Mirmire February 2026 - July 2026 (Vol. 54 No. 364)
Half Yearly
का.जि.प्र.का. द.नं. ३।०३९।०८०
मूल्य रू. ७५/-

## नेपाल राष्ट्र बैंकको अनुरोध

- आधुनिक प्रविधिको प्रयोग गरी समय र लागत कम लाग्ने विद्युतीय बैंकिङ कारोबार गरौँ ।
- राजस्व, बिल/महसुल, आवेदन शुल्क, दस्तुर आदिको भुक्तानी विद्युतीय माध्यमबाट घरैमा बसेर गर्न सकिन्छ ।
- QR Code वा डेबिट/क्रेडिट कार्डबाट निःशुल्क तथा कम शुल्कमा पैसा भुक्तानी गर्न सकिन्छ ।
- डिजिटल कारोबार गर्दा पैसा बोक्नुपर्ने झन्झट नहुने, रकम चोरी हुने/हराउने समस्या रहँदैन ।
- नोटको प्रयोग कम हुने भएकोले नोट छपाइ तथा व्यवस्थापन खर्च कम हुन्छ ।
- आफ्नो बैंक खाता रहेको बैंक वा वित्तीय संस्थाबाट विद्युतीय कारोबारसम्बन्धी जानकारी लिऊँ ।
- डिजिटल कारोबारमा विद्युतीय माध्यमबाट हुनसक्ने ठगीबारे सजग बनौँ ।
- विद्युतीय कारोबार गर्दा प्रयोग हुने Personal ID, Password, Pincode, कसैलाई पनि नदिऊँ ।

मुद्रणः नेपाल राष्ट्र बैंक प्रेस